महालेखापरीक्षकको

पचपन्नौं वार्षिक प्रतिवेदनसंग सम्बन्धित



संगठित संस्थाको लेखापरीक्षण

प्रतिवेदन

२०७४



महालेखापरीक्षकको कार्यालय

ववरमहल, काठमाडौं

नेपाल

प्राक्कथन

नेपालको संविधान, लेखापरीक्षण ऐन र प्रचलित कानुनले महालेखापरीक्षकलाई जायजेथा र सम्पत्तिमा नेपाल सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्थाको लेखापरीक्षण गर्ने एवं अधिकांश स्वामित्व भएका संगठित संस्थाको लेखापरीक्षक नियुक्तिमा परामर्श उपलब्ध गराउने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले प्रचलित कानुन र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम संगठित संस्थाहरुको वित्तीय व्यवस्थापन, संस्थाहरुको सञ्चालन नतिजा, सुधार गर्नुपर्ने क्षेत्रहरु पहिचान गरी सुधारका लागि सुझाव सहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनबाट प्रवाह हुने सेवा तथा कार्यहरु चुस्त र प्रभावकारी ढङ्गले सम्पादन गर्न सार्वजनिक प्रतिष्ठान तथा संस्थानहरुको स्थापना गरिएको हुन्छ । त्यस्ता संस्थानहरु प्रचलित कानुन र विधिसम्मत ढङ्गले सञ्चालन हुनुपर्दछ । सार्वजनिक निकायहरुले जिम्मेवारी अनुसार आम्दानी खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आर्थिक कारोबारको लेखापरीक्षण गराउनु पर्ने कानुनी व्यवस्था छ । पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनीयता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ । आफ्नो काम प्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र संगठित संस्थाको आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने संस्था नियमनकारी निकाय तथा सरोकारवाला सबैको ध्यान पुग्नु जरुरी छ ।

यस वर्ष सबै सार्वजनिक संस्थानको लेखापरीक्षण गर्ने कार्यायोजना रहेकोमा कतिपय संस्थाले लेखा स्रेस्ता पेश नगरेको कारण लेखापरीक्षण हुन सकेन । सार्वजनिक निकायहरुले आर्थिक कारोबारको परीक्षण गराई फरफारक लिनु पर्दछ । लेखापरीक्षण सम्पन्न भएका निकायहरुमा जोखिमको पहिचान गरी योजना/कार्यक्रम तर्जुमा, प्रवेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण संकलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलब्ध गराइएको छ । कानुन बमोजिम फछ्यौंट नभई बाँकी रहेका व्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

संगठित संस्थाहरुले गरेको वित्तीय, व्यवस्थापकीय र उद्देश्य अनुरुपका सेवामूलक कार्य र सोबाट प्राप्त उपलब्धि सरोकारवाला समक्ष पुऱ्याउने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई संगठित संस्थाको आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाईट www.oagnep.gov.np मा समेत राखिएको छ ।

प्राक्कथन

नेपालको संविधान, लेखापरीक्षण ऐन र प्रचलित कानुनले महालेखापरीक्षकलाई जायजेथा र सम्पत्तिमा नेपाल सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्थाको लेखापरीक्षण गर्ने एवं अधिकांश स्वामित्व भएका संगठित संस्थाको लेखापरीक्षक नियुक्तिमा परामर्श उपलब्ध गराउने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले प्रचलित कानुन र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम संगठित संस्थाहरुको वित्तीय व्यवस्थापन, संस्थाहरुको सञ्चालन नतिजा, सुधार गर्नुपर्ने क्षेत्रहरु पहिचान गरी सुधारका लागि सुझाव सहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनबाट प्रवाह हुने सेवा तथा कार्यहरु चुस्त र प्रभावकारी ढङ्गले सम्पादन गर्न सार्वजनिक प्रतिष्ठान तथा संस्थानहरुको स्थापना गरिएको हुन्छ । त्यस्ता संस्थानहरु प्रचलित कानुन र विधिसम्मत ढङ्गले सञ्चालन हुनुपर्दछ । सार्वजनिक निकायहरुले जिम्मेवारी अनुसार आम्दानी खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आर्थिक कारोबारको लेखापरीक्षण गराउनु पर्ने कानुनी व्यवस्था छ । पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनीयता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ । आफ्नो काम प्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र संगठित संस्थाको आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने संस्था नियमनकारी निकाय तथा सरोकारवाला सबैको ध्यान पुग्नु जरुरी छ ।

यस वर्ष सबै सार्वजनिक संस्थानको लेखापरीक्षण गर्ने कार्यायोजना रहेकोमा कतिपय संस्थाले लेखा स्रेस्ता पेश नगरेको कारण लेखापरीक्षण हुन सकेन । सार्वजनिक निकायहरुले आर्थिक कारोबारको परीक्षण गराई फरफारक लिनु पर्दछ । लेखापरीक्षण सम्पन्न भएका निकायहरुमा जोखिमको पहिचान गरी योजना/कार्यक्रम तर्जुमा, प्रवेश बैंठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण संकलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलब्ध गराइएको छ । कानुन बमोजिम फछ्यौंट नभई बाँकी रहेका व्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

संगठित संस्थाहरुले गरेको वित्तीय, व्यवस्थापकीय र उद्देश्य अनुरुपका सेवामूलक कार्य र सोबाट प्राप्त उपलब्धि सरोकारवाला समक्ष पुऱ्याउने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई संगठित संस्थाको आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाईट www.oagnep.gov.np मा समेत राखिएको छ ।

विषय सूची

खण्ड क (पूर्ण स्वामित्वका संस्थाहरु)

१. आरविवि मर्चेन्ट बैकिङ्ग लिमिटेड (२०७३।७४)
२. उदयपुर सिमेन्ट उद्योग लिमिटेड (२०७१।७२)
३. औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (२०७२।७३)
४. कर्मचारी सञ्चय कोष (२०७३।७४)
५. काठमाडौ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड (२०७२।७३)
६. काठमाडौ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड (२०७३।७४)
७. कानून किताब व्यवस्था समिति (२०७३।७४)
८. कृषि सामग्री कम्पनी लिमिटेड (२०७३।७४)
९. गुठी संस्थान (२०७२।७३)
१०. गोरखापत्र संस्थान (२०७१।७२)
११. गोरखापत्र संस्थान (२०७२।७३)
१२. जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड (२०७१।७२)
१३. जनक शिक्षा सामग्री केन्द्र लिमिटेड (२०७१।७२)
१४. जनक शिक्षा सामग्री केन्द्र लिमिटेड (२०७२।७३)
१५. जनकपुर चुरोट कारखाना लिमिटेड (२०७१।७२)
१६. जनकपुर चुरोट कारखाना लिमिटेड (२०७२।७३)
१७. जनकपुर चुरोट कारखाना लिमिटेड (२०७३।७४)
१८. तनहुँ हाइड्रोपावर लिमिटेड (२०७३।७४)
१९. तारागाँउ विकास समिति (२०७२।७३)
२०. द टिम्बर कर्पोरेसन अफ नेपाल लिमिटेड (२०७३।७४)
२१. दुग्ध विकास संस्थान (२०७२।७३)
२२. नागरिक लगानी कोष (२०७१।७२)
२३. नागरिक लगानी कोष (२०७२।७३)
२४. नेपाल औषधि लिमिटेड (२०७१।७२)
२५. नेपाल टेलिभिजन (२०७२।७३)
२६. नेपाल दूरसञ्चार प्राधिकरण (२०७३।७४)
२७. नेपाल धितोपत्र बोर्ड (२०७३।७४)
२८. नेपाल नागरिक उड्डयन प्राधिकरण (२०७१।७२)
२९. नेपाल नागरिक उड्डयन प्राधिकरण (२०७२।७३)
३०. नेपाल पशु चिकित्सा परिषद् (२०७३।७४)
३१. नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड (२०७२।७३)
३२. नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड (२०७३।७४)
३३. नेपाल राष्ट्र बैंक (२०७३।७४)
३४. नेपाल रेल्वे कम्पनी (२०६९।७०)
३५. नेपाल रेल्वे कम्पनी (२०७०।७१)
३६. नेपाल रेल्वे कम्पनी (२०७१।७२)
३७. नेपाल वायुसेवा निगम (२०७२।७३)
३८. नेपाल विद्युत प्राधिकरण (२०७३।७४)
३९. नेशनल ट्रेडिङ्ग लिमिटेड (२०७०।७१)
४०. नेशनल ट्रेडिङ्ग लिमिटेड (२०७१।७२)
४१. नेशनल ट्रेडिङ्ग लिमिटेड (२०७२।७३)
४२. प्रेस काउन्सिल नेपाल (२०७३।७४)
४३. राष्ट्रिय आवास कम्पनी (२०७३।७४)
४४. राष्ट्रिय बीउ बिजन कम्पनी लिमिटेड (२०७३।७४)
४५. राष्ट्रिय वाणिज्य बैंक लिमिटेड (२०७३।७४)
४६. राष्ट्रिय समाचार समिति (२०७३।७४)

४७. राष्ट्रिय सहकारी विकास बोर्ड (२०७२।७३)
४८. वन पैदावार विकास समिति (२०७३।७४)
४९. सांस्कृतिक संस्थान (२०७२।७३)
५०. हेटौडा सिमेन्ट उद्योग लिमिटेड (२०७२।७३)

खण्ड ख (अधिकांश स्वामित्वका संस्थाहरु)

१. अपर तामाकोशी हाइड्रोपावर लिमिटेड (२०७२।७३)
२. एन.सि.डि.आई.डेभलपमेन्ट बैक लिमिटेड (२०७३।७४)
३. एनइए इन्जिनियरिङ्ग कम्पनी (२०७३।७४)
४. औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड (२०७३।७४)
५. कृषि विकास बैंक (२०७३।७४)
६. चिलिमे जलविद्युत कम्पनी लिमिटेड (२०७३।७४)
७. जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड (२०७३।७४)
८. त्रिशुली जलविद्युत कम्पनी लिमिटेड (२०७३।७४)
९. नलगाड हाइड्रोपावर कम्पनी लिमिटेड (२०७३।७४)
१०. निक्षेप तथा कर्जा सुरक्षण कोष (२०७३।७४)
११. नेपाल आयल निगम (२०७३।७४)
१२. नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (२०७३।७४)
१३. नेपाल बैंक लिमिटेड (२०७३।७४)
१४. नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (२०७३।७४)
१५. राष्ट्रिय बीमा संस्थान (२०६६।६७)
१६. राष्ट्रिय बीमा संस्थान (२०६७।६८)
१७. राष्ट्रिय बीमा संस्थान (२०६८।६९)
१८. बुटवल धागो कारखाना लिमिटेड (२०७३।७४)
१९. विद्युत उत्पादन कम्पनी लिमिटेड (२०७३।७४)
२०. साझा स्वास्थ्य सेवा (२०७२।७३)
२१. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड (२०७३।७४)

खण्ड क

आर.वि.वि. मर्चेन्ट बैंकिङ्ग लिमिटेड (२०७३।७४)

१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन

हामीले आर.वि.वि. मर्चेन्ट बैंकिङ्ग लि.को २०७४ आषाढ मसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण, संलग्न अनुसूचीहरु र तत्सम्बन्धी संलग्न लेखा नीति तथा टिप्पणी सहितको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्बन्धित ऐन लगायत अन्य ऐन, नियम, कानुन अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय बिवरण जालसाजी, त्रुटि लगायत सारभूत रुपमा गलत आँकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमान लागु गर्ने कार्य पर्दछन् ।

३. लेखापरीक्षको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । हामीले नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शन बमोजिम लेखापरीक्षण सम्पन्न गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार हामीलाई व्यवसायिक आचार संहिताको पालना गर्ने तथा वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटिरहित भएको बारेमा मनासिब आश्वास्तता प्राप्त गर्न लेखापरीक्षणको योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लेखित रकम र खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याँई गर्ने यथेष्ठ प्रमाण प्राप्त गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा संग्लन हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडा प्रस्तुती हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयार गरी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

लेखापरीक्षणमा प्राप्त प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. कैफियत सहितको राय व्यक्त गर्ने आधार

लेखापरीक्षण ऐन, २०४८ को दफा ६ अनुसार महालेखा परीक्षक वा महालेखा परीक्षकबाट सहायकका रुपमा नियुक्ती भएका लेखापरीक्षकबाट लेखापरीक्षण गर्नुपर्नेमा आर्थिक वर्ष २०७२।७३ को लेखापरीक्षकमा संस्थाले सुजन काफ्ले एण्ड एसोसियट्सलाई उक्त कानूनी प्रावधान विपरीत नियुक्ती गरी लेखापरीक्षण गर्ने कार्य भएको देखियो । यसरी लेखापरीक्षण गरिएको वित्तीय विवरण अनुसार गत आर्थिक वर्षका अन्तिम मौज्दातहरु यस आर्थिक वर्षमा जिम्मेवारी सारिएका छन् ।

५. व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

६. लेखापरीक्षकको राय

हाम्रो रायमासंलग्न वित्तीय विवरणहरुले माथि बुदाँ नं. ४ कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेखित व्यहोराले पार्न सक्ने असर बाहेक आर.वि.वि. मर्चेन्ट बैंकिङ्ग लिमिटेडको २०७४ आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा र नगद प्रवाहको नेपाल वित्तीय विवरण स्तर तथा नेपाल लेखामान बमोजिम सहि र यथार्थ चित्रण गर्दछ । साथै वित्तीय विवरणहरु कम्पनी ऐन, धितोपत्र सम्बन्धी ऐन तथा नियमावली, धितोपत्र बोर्डले समय समयमा जारी गरेका मापदण्ड र निर्देशनहरु अनुसार तयार गरिएको छ ।

७. कम्पनी ऐन २०६३ को प्रावधानहरु पालना सम्बन्धी प्रतिवेदन

(क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफ माग भएकै समयमा पाएका छौं ।

(ख) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा यस संस्थाको हिसाब किताब प्रचलित ऐन कानून बमोजिम ठिकसंग राखिएको छ ।

(ग) संलग्न वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा संलग्न अनुसूचीहरु कम्पनी ऐन, २०६३ को प्रावधान अनुसार तयार भएको तथा कम्पनीले राखेको हिसाब किताब अभिलेखन र विवरणहरु दुरुस्त छन् ।

(घ) हामीलाई उपलब्ध गराइएको जानकारी तथा स्पष्टीकरणको आधारमा संचालक समिति वा कुनै संचालक वा कर्मचारीले कानूनको प्रावधान विपरित वा अनियमित कार्य गरेको कुरा हाम्रो जानकारीमा आएन ।

(ङ) हाम्रो प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका बाहेक अन्य सवालहरुमा प्रचलित कानून तथा नियमको पालना गरेको देखिन्छ ।

(च) यस संस्थाले प्रत्यक्ष रुपमा आफ्ना ग्राहक तथा लगानीकर्ताको हित संरक्षण विरुद्ध गलत मनशाय राखि कार्य गरेको देखिएन ।

(छ) यस संस्थाले गरेको कार्य आफ्नो कार्यक्षेत्र तथा उद्देश्य भित्रनै गरेको पाइयो ।

उदयपुर सिमेन्ट उद्योग लिमिटेड (२०७१।७२)

१. वित्तीय विवरण उपर प्रतिवेदन

हामीले यसैसाथ संलग्न उदयपुर सिमेन्ट उद्योग लिमिटेडको २०७२ आषाढ मसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्बन्धित ऐन लगायत प्रचलित अन्य ऐन, नियम, अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटिलगायत सारभूतरुपमा गलत आंकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमान लागू गर्ने कार्य पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरुउपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा हामीले लेखापरीक्षण गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूतरुपमा गलत आंकडारहित प्रस्तुती भएको छ भन्नेकुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याइका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूतरुपमा गलत आंकडा प्रस्तुती हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्यांकन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तताबारेमा परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्तगर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै, वित्तीय विवरणको समग्र स्थितिको मूल्याकन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्नें आधार :

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पर्ने व्यहोरा निम्नानुसार छन् :

४.१ प्रबन्धपत्र तथा नियमावली : उद्योगको प्रबन्ध पत्र तथा नियमावली, २०४४ अनुसार उद्योगको अधिकृत पूँजी रु.४ अर्ब तथा जारी तथा चुक्ता पूँजी रु.३० करोड रहेकोमा साधारण शेयर रु.४४ करोड ३७ लाख ५१ हजार तथा १० प्रतिशत रिडिमेवल अग्राधिकार शेयर रु.३ अर्ब २० करोड ४३ लाख गरी कम्पनीको शेयर पूँजी रु. ३ अर्ब ६४ करोड ८० लाख ५१ हजार देखिएको छ । प्रबन्ध पत्र तथा नियमावलीमा उल्लेख भएको भन्दा जारी तथा चुक्ता शेयर पूँजी बढी रकमको कायम गरी देखाइएको अवस्थामा प्रबन्धपत्र तथा नियमावलीमा शेयर पूँजी सम्बन्धी दफा संशोधन हुनुपर्नेमा हालसम्म पनि सो भएको छैन । त्यस्तै उद्योगको नियमावलीको बुँदा नं. १५.१ अनुसार आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र साधारण सभा सम्पन्न गर्नु पर्ने व्यवस्था भएकोमा उद्योग स्थापना देखि यस वर्षसम्मको साधारण सभा गरेको छैन । कानूनको पालना नगर्नेलाई जिम्मेवार वनाउनु पर्दछ ।

४.२ ऋण : महालेखा नियन्त्रक कार्यालयको २०६६।०७।०९ को पत्रबाट २०६६ आषाढ मसान्तमा उद्योगसंग लिन बाँकी रु. २ अर्ब २२ करोड ५० लाख देखाएकोमा उद्योगले उक्त अवधिसम्म रु. १ अर्ब ७२ करोड ५० लाख मात्र तिर्न बाँकी देखाएकोले दुई निकायको बीच रु. ५० करोड फरक परेको देखिन आएको छ । उद्योगले भुक्तानी गर्न बाँकी देखाएको ऋण रकमलाई महालेखा नियन्त्रक कार्यालयबाट समर्थन नलिएकोले ऋण हिसाव समायोजन समेत गरेको छैन । उपरोक्त अनुसारको ऋण रहेको सम्बन्धमा कुनै आधिकारिक प्रमाण देखिएन ।

४.३ स्थिर सम्पत्ति : मिति२०५७।०५।१५ मा रु.३ अर्ब लाई स्थिर सम्पत्तिमा लेखाङ्कन गर्ने, बाँकी रु. ३ अर्ब २० करोड ४३ लाखलाई एकमूष्ठ निर्माणाधीन सम्पत्ति (Capital Work in Progress)मा लेखाङ्कन गर्ने र लेखाङ्कन गरेको तेह्रौ बर्षमा उक्त निर्माणाधीन सम्पत्तिलाई पनि स्थिर सम्पत्तिमा समावेश गर्ने निर्णय भएको थियो । उद्योग पूर्ण रुपमा सञ्चालनमा आइ सक्दा पनि रु. १० लाख ९३ हजार निर्माणाधीन सम्पत्ति जनाएको तथा निर्माणाधिन सम्पत्तिहरुको विस्तृत विवरण तयार नगरी एकमुष्ठ रकम देखाएको कुरा नेपाल लेखामान ६ विपरित रहेको छ ।

हाल सम्म पनि स्थिर सम्पत्तिको भौतिक परीक्षण नगरेको हुनाले सम्पत्तिको संरक्षण र उपयोगको अवस्था उल्लेख गर्न सकिएन । कतिपय काम नलाग्ने तथा जिर्ण भइसकेका सम्पत्तिहरु पनि वासलातमा जनाई राख्दा सो रकमले यथार्थ चित्रण नगर्ने देखिएको छ ।

४.४ **अल्पकालीन ऋण लगानी :** उद्योगको लेखा अनुसार २०५१।७।७ मा रु.२४ लाख दृष्टिबन्धक र २०५२।६।३१ मा रु. १० लाख गरी रु. ३४ लाख पछि जुट सप्लाइ गर्ने गरी विराटनगर जुट मिललाई उपलब्ध गराएको ऋण रकम उद्योगले लगानी शीर्षक अन्तर्गत लेखाङ्कन गरी राखेकोले लेखाको सामान्य सिद्धान्त र नेपाल लेखामान अनुसार देखिदैन । उक्त रु. १० लाख करारनामा वेगरनै ऋण उपलब्ध गराएकोमा ऋण असूल भएको पनि छैन । उक्त रु. २४ लाखको सांवा व्याज दुबै असूल भएको छैन । त्यो रकम असूल गर्न मिलले राखेको घितो लिलाम गर्ने तर्फ कानूनी प्रकृया अगाडी बढाएको छैन । त्यस्तै पटक पटक गरी सामान सप्लाई वापत उक्त मिललाई १५ वर्ष अगाडी रु. ११ लाख १३ हजार पेश्की उपलब्ध गराएकोमा हालसम्म पनि फछ्यौंट नभई पेश्की हिसाव बाँकी नै देखाएको छ ।

५. व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा दर्शाइएको छ ।

६. लेखापरीक्षकको राय

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा अनुच्छेद ४ मा औंल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्ने असरबाहेक, संलग्न वित्तीय विवरणले उदयपुर सिमेन्ट उद्योग लिमिटेडको २०७२ आषाढ मसान्तको वित्तीय स्थिति, सोही मितिमा समाप्त भएको वर्षको संचालन नतिजा र नगद प्रवाह विवरणको नेपाल लेखामान बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

७. कम्पनी ऐन, २०६३ को प्रावधानको पालना सम्बन्धी प्रतिवेदन

७.१ लेखापरीक्षणको लागि हाम्रो जानकारी तथा विश्वास अनुसार आवश्यक सूचना एवं स्पष्टिकरण प्राप्त भयो ।

७.२ पेश भएको वासलात एवं नाफा नोक्सान हिसाव उद्योगले राखेको श्रेस्तासँग दुरुस्त रहेको छ ।

७.३ उद्योगको हिसाब किताव एवं श्रेस्ता लेखापरीक्षणको अन्तिम प्रतिवेदनमा उल्लेख्य भएका टिप्पणी वाहेक प्रचलित कानून बमोजिम राखिएका छन् ।

७.४ हामीलाई प्राप्त भएको विवरण गरिएको सोधनी तथा हामीलाई उपलब्ध गराएको सूचनाको आधारमा उद्योगका कर्मचारी तथा सञ्चालकले उद्योगलाई हानी नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएको छैन ।

औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (२०७२।७३)

१. बार्षिक वित्तीय विवरण उपर प्रतिवेदन

हामीले औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको २०७३ आषाढ मसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय व्यय विवरण, नगद प्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तनको विवरण र तत्ससम्बन्धि लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण गरेका छौं ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्बन्धित ऐन, नियम, कानून अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटी लगायत सारभूत रुपमा गलत आंकडा रहित प्रस्तुतिकरण, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमानहरु लागू गर्ने कार्य पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा हामीले लेखापरीक्षण गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडारहित प्रस्तुती भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्ने लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याईका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएतापनि यस्तो आन्तरिक नियन्त्रण प्राणालीको प्रभावकारीता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखाअनुमानको उपयुक्तताको साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत रुपमा असर पर्ने व्यहोरा निम्नानुसार छन् :

४.१ अवकाश दायित्व : नेपाल लेखामान १ तथा १२ बमोजिम वित्तीय विवरण सही र दुरुस्त हुनको लागि सबै किसिमका दायित्व समावेश गर्नुपर्नेमा प्रतिष्ठानले कर्मचारी दायित्व मध्ये कर्मचारी अवकाश भएका वखत भुक्तानी गर्नुपर्ने दायित्व वासलातमा समावेश गरेको तर त्यसको लागि पर्याप्त कोष खडा गरेको छैन । २०७२/७३ को अन्त्यसम्ममा कुल अवकाश दायित्व रु.२करोड ९५ लाख २४ हजार रहेको छ ।

४.२ आम्दानी लेखाङ्कन : प्रतिष्ठानले अवलम्बन गरेको प्रोदभावी लेखाङ्कन विधि अनुरुप यो वर्ष जारी भएको विजक रकम रू.३ लाख ५३ हजारलाई यस आर्थिक वर्षमा आम्दानीमा जनाएको पाइएन ।

४.३ सम्पत्तिको ह्रास कट्टी : आर्थिक वर्ष २०७२/७३ मा खरिद गरेको स्थिर सम्पत्ति यसै सालमा प्रयोगमा ल्याएको भएतापनि उक्त सम्पत्तिसँग सम्बन्धित ह्रास कट्टीको खर्च नेपाल लेखामान ६ मा गरिएको व्यवस्था अनुसार यस आर्थिक वर्षमा लेखाङ्कन गरेको पाइएन ।

५. व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा दशाईएको छ ।

६. लेखापरीक्षकको राय

हाम्रो रायमा, माथि अनुच्छेद ४ मा औल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्न सक्ने असर बाहेक, संलग्न वित्तीय विवरणले औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको २०७३ आषाढ मसान्तको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको सञ्चालन नतिजा, नगद प्रवाह र ईक्विटीमा भएको परिवर्तनको विवरणको नेपाल लेखामान बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

कर्मचारी सञ्चय कोष (२०७३।७४)

१. वित्तीय विवरण उपर प्रतिवेदन

हामीले कर्मचारी सञ्चय कोष (कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापित) को २०७४, आषाढ मसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आ.ब. २०७३।०७४ को आय विवरण, नगद प्रवाह विवरण तथा मुनाफाबाट सिर्जित कोषहरुमा भएको परिवर्तनको विवरण र प्रमुख लेखानीति तथा लेखाटिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

प्रचलित कानुन, नेपाल लेखामान कोषको लेखा निर्देशिका तथा विनियमावली एवं अन्य ऐन नियम अनुरुप वित्तीय विवरणको तयारी एंव प्रस्तुतिकरण गर्ने जिम्मेवारी कोषको व्यवस्थापनमा रहेको छ । यस उत्तरदायित्व अन्तर्गत वित्तीय विवरण गलत आंकडा, जालसाजी वा त्रुटी रहित छ भनि तयारी र प्रस्तूतिकरण गर्ने कार्यसंग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, लागु गर्ने तथा अद्यावधिक बनाई राख्ने, उपयूक्त लेखानीतिको छनौट गर्ने तथा उपयुक्त अनुमानहरु गर्ने कार्य पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

लेखापरीक्षणको आधारमा कोषबाट प्रस्तुत वित्तीय विवरणहरु उपर राय व्यक्त गर्नु हाम्रो जिम्मेवारी हो । नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्ग दर्शनका आधारमा लेखापरीक्षण कार्य सम्पन्न गरिएको छ । लेखापरीक्षणमान तथा मार्ग दर्शन अनुसार व्यबसायिक आचार संहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा आंकडा रहित प्रस्तुती भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्ने लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा प्रस्तुत गरिएका रकम तथा खुलासा गरिएका अन्य विवरण बारे यथेष्ठ लेखापरीक्षण प्रमाणहरु प्राप्त गर्ने कार्य लेखापरीक्षणमा समावेश हुन्छन् । कोषले अबलम्बन गरेको लेखा नीति, व्यवस्थापनले गरेका महत्वपूर्ण अनुमान एवं वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मूल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएको कार्यविधिमा वित्तीय विवरणमा जालसाजी वा त्रुटी बाट सारभूत रुपमा गलत प्रस्तुति हुन सक्ने जोखिम मूल्यांकन सहित निर्धारण गर्नुपर्छ । यस्तो कार्य लेखापरीक्षकको व्यवसायिक दक्षता एंव विवेकमा भर पर्छ । जोखिम मूल्यांकन गर्ने क्रममा वित्तीय विवरणको तयारी र यथार्थ प्रस्तुतीकरण गर्न आवश्यक पर्ने आन्तरिक नियन्त्रणको प्रभावकारिता बारे परीक्षण गरिन्छ । वित्तीय विवरण तयार गर्दा प्रयोग भएका लेखानीतिको औचित्यताको विश्लेषण र व्यवस्थापनले गरेको लेखा अनुमानको मनासिवताका साथै वित्तीय विवरणहरुको समग्र प्रस्तुतिको विश्लेषण समेत लेखापरीक्षणमा समावेश हुन्छ ।

४. लेखापरीक्षण रायव्यक्तगर्ने आधार

कोषले लेखापरीक्षणका लागि वित्तीय विवरण उपलब्ध गराउने, वित्तीय विवरण माथिको लेखापरीक्षण पछि लेखापरीक्षकले प्रारम्भिक प्रतिवेदन पेश गर्ने, त्यसमा कोषको सञ्चालक समितिबाट जवाफ प्राप्त भए पछि समायोजित वित्तीय विवरण बनाउने गरेको छ । त्यसै अनुसार यस बर्ष कोषले अन्तिम वित्तीय विवरण तयार गरेको छ साथै मिति २०७४।११।२८ को पत्र मार्फत हामीलाई सञ्चालक समितिको जवाफ पेश गरेको छ ।

आ.ब.२०७३।०७४ को वित्तीय विवरण उपर कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पर्ने व्यहोरा शीर्षगत रुपमा निम्नानुसार रहेका छन् ।

४.१ बैंक खाता तथा हिसाब मिलान

बैंक हिसाब मिलानको स्थिति प्रभावकारी नरहेकाले यस बर्षको अन्त्य सम्ममा बैंक हिसाब मिलान हुन बांकी रु. १ अर्ब ९० करोड ८८ लाख (गतवर्ष रु.१ अर्ब ५६ करोड ३२ लाख) देखिएको छ । हिसाब मिलान हुन नसकी बर्षौं देखि वक्यौता रहेका रकमहरु समेत माथि उल्लेखित रकममा समावेश भएको तर हिसाब मिलान नभएको रकमको आयुगत विवरण कोषमा उपलब्ध नभएकाले सो रकमले कोषको सम्पत्ति, दायित्व, आय तथा व्ययमा पर्ने असर यकिन गर्ने अवस्था छैन ।

४.२ निबृत्तिभरण र कर्मचारी जीवन सुरक्षण

बीमाङ्कीय मूल्याङ्कन अनुसार निवृत्तिभरण सम्बन्धी व्यवस्था, कर्मचारी जीवन सुरक्षण सम्बन्धी व्यवस्था, संचित बिदाको तलब र औषधोपचार व्यवस्था वापत आवश्यक रकम रु. १ अर्ब ९३ करोड १६ लाख कायम हुनु पर्नेमा कोषले पूरै व्यवस्था नगरी स्थगन सम्बन्धी निती लिएर रु. १ अर्ब ६३ करोड ४८ लाख मात्र व्यवस्था गरेको छ । कोषले नेपाल लेखामान विपरित दायित्वलाई स्थगन गरेकाले रु. २९ करोड ६८ लाख कम व्यवस्था गरेको पाईयो ।

४.३ कर्जा जोखिम ब्यवस्था

घर कर्जा, शैक्षिक कर्जा र सरल चक्र कर्जामा कोषको लगानी नीति, २०७१ को परिच्छेद ५ को व्यवस्था अनुसार खराब तथा शंकास्पद ऋणमा समेत २ प्रतिशत ले मात्र जोखिम ब्यवस्था गरेको पाइयो । साथै नेपाल राष्ट्र बैंक एवं प्रचलित नर्मस् अनुसारको जोखिम ब्यवस्था भएको पाईएन । कोषले एक देखि तीन वर्ष सम्म कर्जामा ब्याज नतिर्ने ऋणीलाई समेत असल कर्जा मानेर कर्जा जोखिम ब्यवस्था गरेको पाईयो । केन्द्रीय बैंकको नियम वा प्रचलित नर्मस अनुसार कोषले लगानी नीति पुनरावलोकन गरी कर्जा वर्गीकरण र कर्जा नोक्सानी ब्यवस्था गरी वित्तीय विवरणमा लेखाङ्कन गर्नु पर्ने देखिन्छ ।

४.४ नेपाल वित्तीय प्रतिवेदनमान पालना

नेपाल चार्टर्ड एकाउण्टेण्ट संस्थाद्धारा जारी गरिएका सूचना अनुसार यस आ.व. २०७३।७४ देखिका बार्षिक वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप तयार गरी पेश हुनु पर्नेमा सो बमोजिम प्रस्तुत भएको छैन ।

४.५ आयकर

कोषले आयकर ऐन, २०५८ तथा आयकर नियमावली, २०५९ बमोजिम स्थायी लेखा नम्बर प्राप्त गरी आय विवरण पेश गर्नु पर्नेमा गरेको छैन ।

४.६ सन्चयकर्ता कर्जाको जोखिम आंकलन

सूचना प्रविधिको लेखापरीक्षण प्रतिबेदनमा सी एम एस सफ्टवेयरमा सुधार कार्य अगाडि बढाउने सुझाव दिएकोमा हालसम्म यसतर्फ उल्लेख्य कार्य गरेको छैन । कोषले प्रवाह गरेको सञ्चयकर्ता सापटिमा निहित जोखिम निम्न कारणले यकिन गर्न सकिएन :

- ऋणीले भुक्तानी गरेको मिति,रकम स्पष्ट हुने गरी विवरण राखेको छैन ।
- ऋणीलाई भुक्तानी गरिएको मिति, रकम र व्याज निजको खातामा डेविट गरेको तथा ऋणीको कति असूल गर्न बांकी रहेको हो सो सम्वन्धी विस्तृत तथ्याङ्क प्राप्त गर्न नसकिएको ।
- कर्जा प्रवाह गर्दा लिइएको धितोको बार्षिक रुपमा वीमा नविकरण गर्नु पर्ने व्यवस्था भएता पनि वीमा नविकरण गरिएका कर्जाको विवरण उपलब्ध नगराएको ।
- कोषको सम्बन्धित बिभाग आफैले आवश्यक रिपोर्टहरु सी एम एस बाट प्राप्त गर्न नसक्ने तथा रिपोर्टका लागि सूचना प्रविधि निर्माणमै निर्भर रहनु पर्ने अवस्था रहेको ।

५. व्यवस्थापन पत्र

कर्मचारी लगायतका दक्ष सेवा प्रदान गर्ने पेसाकर्मीको लागि आचारसंहिताको व्यवस्था रहेको हुन्छ । आचारसंहितामा त्यस्ता व्यक्तिले गर्न नहुने कार्य तथा आफ्नो पेसागत निष्ठा कायम गर्नको लागी सजग भै पालना गर्नुपर्ने विषयवस्तु उल्लेख गरेको हुन्छ । यस्ता विषयवस्तुमा स्वार्थ बाझिने कार्य पनि पर्दछ । जस अनुसार आफ्नो पेसागत कार्यमा विभिन्न तरिकाले प्रभावित पार्न सक्ने कार्यबाट टाढा रहने वा त्यस्ता कार्यलाई हतोत्साही गर्ने कुरालाई जोड दिएको हुन्छ ।
कर्मचारी सञ्चय कोषले संयुक्त पुँजी कम्पनी माथिल्लो तामाकोशी, रसुवागढी र सान्जेन जलविद्युत कम्पनीलाई ऋण प्रदान गरेबापत कोषमा कार्यरत कर्मचारीलाई ती संयुक्त पुँजी कम्पनीले अरु व्यक्तिलाई भन्दा विशेष महत्व दिई प्रति व्यक्ति ठूलो परिमाणका साधारण शेयर खरिद गर्ने अवसर दिने गरी कम्पनीको शेयर पुँजी संरचना तयार गरी शेयर वाँडफाँड गरेको छ । यसरी कर्मचारीबाट हुने ऋण प्रस्ताव तथा धितो प्रयाप्तता मूल्याङ्कन, ऋण रकम र त्यसको व्याँज असुली सम्बन्धी कार्य प्रभावित हुनसक्ने अवस्था आउने गरी ऋण प्रदायक संस्थाका कर्मचारीलाई विशेष महत्वका साथ ठूलो परिमाणमा शेयर बाँडफाँड गरिएको कार्य उचित देखिएन ।

व्यवस्थापनले सुधाार गर्नुपर्ने अन्य थप व्यवहोरा यसै साथ संलग्न व्यवस्थापन पत्रमा दर्शाईएको छ ।

६. लेखापरीक्षकको राय

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधरका रुपमा, हाम्रो रायमा बूंदा नं. ४.१ देखि ४.६ सम्म व्याख्या गरिएका बिषयबस्तुको कारण समायोजन हुन सक्ने बाहेक, हाम्रो रायमा कोषको संलग्न वित्तीय विवरणले २०७४ आषाढ मसान्तको वित्तीय स्थिति, सो मितिमा समाप्त भएको आ.ब को आय विवरण, नगद प्रवाह विवरण तथा मूनाफा बाट सृजित कोषहरुमा भएको परिवर्तनको विवरणको नेपाल लेखामान बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन वोर्ड (२०७२।७३)

१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन

हामीले काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन वोर्डको यसै साथ संलग्न २०७३ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र लेखा सम्बन्धि नीति तथा टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तिय विवरणहरु प्रतिको उत्तरदायित्व काठमाण्डौं उपत्यका खानेपानी व्यवस्थापन वोर्डको व्यवस्थापनमा रहेको छ । बोर्ड व्यवस्थापनले तयार गरेका ती वित्तिय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्बन्धित ऐन, नियम, कानुन अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटी लगायत सारभूत रुपमा गलत आंकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यन्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीति छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमान लागू गर्ने कार्य पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तिय

विवरणहरु सारभुत रुपमा गलत आंकडा रहित प्रस्तुती भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्ने लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याईका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभुत रुपमा गलत आंकडा प्रस्तुती हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मुल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ ।

लेखापरीक्षणबाट जोखिम मुल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतीकरणको लागी आवश्यक पर्ने आन्तरीक नियन्त्रण प्रणालीको प्रभावकारीता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखाअनुमानको उपयुक्तताको साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा प्रयाप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. **कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार**–कैफियत सहितको लेखापरीक्षणबाट राय व्यक्त गर्ने आधारका रुममा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसारका छन् :

४.१. **वित्तीय विवरण :** नेपाल लेखामान १ अनुसार वित्तीय विवरणको अभिन्न अंग रहेको इक्विटीमा भएको परिवर्तनको विवरण बोर्डले वित्तीय विवरणमा समावेश गरेको छैन ।

४.२. **दायित्व व्यवस्था**–अवकाश कोष व्यवस्था वापत रु.१२ करोड ८७ लाख १८ हजार तथा जीवन बीमा कोष वापत रु.१ करोड ९० लाख १ हजार समेत रु.१४ करोड ७७ लाख २० हजार रहेको छ । तत्कालिन नेपाल खानेपानी संस्थानमा कार्यरत कर्मचारी बोर्ड हुंदै काठमाण्डौं उपत्यका खानेपानी लिमिटेडका हस्तान्तरण भईसकेको भएतापनि कर्मचारी अवकाश हुंदाको समयमा हाल खाई पाई आएको तलवमानको आधारमा बोर्डबाट भूक्तानी हुने गरेको छ । तत्कालिन तलवको आधारमा व्यवस्था भएको दायित्वको भुक्तानी हालको तलवको आधारमा हुने भएकोले दायित्व व्यवस्था पर्याप्त रहेको छैन ।

४.३. **अचल सम्पत्ति**-बोर्ड र काठमाण्डौं उपत्यका खानेपानी लिमिटेड बीच २०६४ माघ २० मा भएको सम्झौता बमोजिम नेपाल खानेपानी संस्थानको स्वामित्वमा रहेका जग्गा तथा सो मा निर्मित सम्पत्तिहरु मध्ये संस्थानको नाममा जग्गाधनी प्रमाण पूर्जा भएका र जग्गाधनी प्रमाण पूर्जा लिने क्रममा भएका जग्गाहरु तत्कालिन भौतिक योजना तथा निर्माण मन्त्रालयको सम्वन्धित मालपोत कार्यालयहरुलाई सिफारिस गरी बोर्डको नाममा नामसारी गर्नुपर्ने प्रावधान भएता पनि हालसम्म सम्पूर्ण जग्गाहरु बोर्डको नाममा नामसारी भएर आएको पाइएन ।

४.४. **निर्माणधिन सम्पत्ति**-काठमाण्डौं उपत्यका खानेपानी लिमिटेडबाट प्राप्त एकमुष्ठ विवरणको आधारमा बोर्डले २०७२।७३ को अन्त सम्ममा रु.६ अर्ब ९६ करोड ६४ लाख ९८ हजार निर्माणाधिन सम्पत्तिमा लेखांकन गरेको छ जसमध्ये यस वर्ष रु.६ अर्ब ७९ करोड ८ लाख १७ हजार थप भएको देखिन्छ । उक्त निर्माणाधिन सम्पत्तिहरु पूंजीकरण नभएका कारणले सम्पत्तिहरु प्रयोग गरे वापत काठमाण्डौं उपत्यका खानेपानी लिमिटेडबाट भएका खर्चहरुको लेखाकंन बोर्डमा हुने तर उक्त खर्चहरुको विधि, प्रक्रिया तथा पुष्ट्याई गर्ने सम्वन्धी सम्पूर्ण कागजातहरु काठमाण्डौं उपत्यका खानेपानी लिमिटेडमा नै रहने भएकोले निर्माणाधिन सम्पत्ति शीर्षकमा समावेश रकमहरुको यथार्थता यकिन गर्न सकिएन ।

४.५. **आसामी** - नेपाल खानेपानी संस्थानको २०६४ आषाढ मसान्तसम्मको उठ्नबांकी असामी मध्ये २०७२।७३ को अन्तसम्ममा रु.६८ करोड ७५ लाख ५१ हजार रहेको छ । यस आर्थिक वर्षमा रु.४४ लाख ८९ हजार मात्र

असुली /अपलेखन भएको देखिन्छ । आसामी मध्ये ०.६४ प्रतिशत मात्र असूली/ अपलेखन भएको र शंकास्पद आसामी व्यवस्था वापत आसामीको १० प्रतिशत रकम मात्र व्यवस्था भएकोले उक्त व्यवस्था रकम पर्याप्त छैन ।

४.६. **पेश्की तथा धरौटी -** पेश्की तथा धरौटी तथा धरौटी शीर्षक अन्तर्गत अग्रिम कर भुक्तानी वापत रु.५ करोड ८८ लाख १० हजार लेखाकंन भएको छ । वोर्डले प्राप्त गरेको व्याज आम्दानीमा विभिन्न बैंक तथा वित्तीय संस्थाहरुले श्रोतमा करकट्टी गरेको रकमलाई विगत २ वर्ष भन्दा वढी अवधि देखि सार्दै आएको र आयकर ऐनको दफा ११३ बमोजिम श्रोतमा करकट्टी भएको मितिबाट २ वर्ष व्यतित भइसकेको अवस्थामा फिर्ता पाउने कानूनी आधार नरहने भएकोले अग्रिम कर भुक्तानी रकम यस शीर्षकमा लेखाकंन गरेको उचित देखिदैन ।

त्यस्तै काठमाडौं उपत्यका खानेपानी लिमिटेडसंग लिनु पर्ने रकम २०७२।७३ को अन्तसम्ममा रु.१ अर्ब ३२ करोड ७८ लाख २५ हजार रहेको देखिन्छ । काठमाण्डौं उपत्यका खानेपानी लिमिटेड संग विभिन्न वजेट शीर्षकमा प्रदान गरिएको पेश्की, लिनुपर्ने लीज फी, अनुमति दस्तुर, असुली भएको असामी रकम, अवकाश कोष भुक्तानी तथा निर्माणाधिन सम्पत्तिकोरकमहिसाव मिलान गरी बांकी रहेको भएतापनि काठमाण्डौं उपत्यका खानेपानी लिमिटेडको अभिलेखसंग भिडान नगरी वित्तीय विवरणमा प्रस्तुत गरिएकोमा उक्त रकमको यथार्थता यकिन गर्न सकिएन ।

५. व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार, नियमित तथा असुल गर्नुपर्ने थप व्यहोराहरु यसै साथ व्यवस्थापन पत्रमा दर्शाइएको छ ।

६. कैफियत सहितको राय

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा हाम्रो रायमा, माथि वुंदा नं.४.१ देखि ४.६सम्म औल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्ने असर बाहेक, संलग्न वित्तीय विवरणले काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन वोर्डको २०७३ असार मसान्तको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको वर्ष नाफा नोक्सान हिसाव र नगद प्रवाहको नेपाल लेखामान वमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड(२०७३।७४)

१. बार्षिक वित्तीय विवरण उपर प्रतिवेदन

हामीले काठमाडौ उपत्यका खानेपानी व्यवस्थापन बोर्डको (यसपछि वोर्ड भनिएको) यसै साथ संलग्न २०७४ आषाढ मसान्तको वासलात, सोहि मितिमा समाप्त आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखासँग सम्बन्धित टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तिय विवरण उपर व्यवस्थापनको जिम्मेवारी :

नेपाल लेखामान अनुरुप यथार्थ र उचित चित्रण गर्ने तथा नेपाल वित्तीय विवरण प्रतिवेदनमान अनुरुप वित्तिय विवरणहरु तयारी एवं प्रस्तुति गर्ने जिम्मेवारी काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्डको व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तिबाट होस, सारभुत किसिमले त्रुटिरहित, वित्तिय विवरण सम्बन्धि आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, सञ्चालन र कार्यान्वयन गर्ने कार्य, नेपाल वित्तीय विवरण प्रतिवेदनमानका आधारमा लेखा नीतिहरुको छनोट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धि महत्वपुर्ण अनुमान गर्नु पर्दछ ।

३. लेखापरीक्षकको जिम्मेवारी :

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरुउपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । हामीले नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौ । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक नैतिकताको पालना गर्ने तथा बित्तिय

विवरणहरु सारभूत रुपमा त्रुटीरहित भएको बारेमा मनासिब आश्वासन प्राप्त गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याँई गर्ने यथेष्ट प्रमाण प्राप्त गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा संग्लन हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडा प्रस्तुती हुन सक्ने कुरामा अवलम्बन गरीने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तिय विवरण तयार गरी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परिक्षण गरिएको छ । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, बिश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीयविवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नुपर्ने समेतलेखापरीक्षण अन्तर्गत पर्दछ ।

लेखापरीक्षणमा प्राप्त प्रमाणरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी बिश्वस्त छौं ।

४. लेखापरीक्ष०ा राय व्यक्त गर्ने आधार

लेखापरीक्षण बाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तिय बिवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन् :

४.१ दायित्व व्यवस्थाः

अवकाश कोष व्यवस्था वापत रु. ४ करोड १ लाख ५३ हजार तथा जीवन विमा कोष वापत रु. १ करोड, १७ लाख ५५ हजार गरी कुल ५ करोड १९ लाख ८ हजार रहेको छ । तत्कालिन नेपाल खानेपानी संस्थानमा कार्यरत कर्मचारीहरु बोर्ड हुँदै काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडमा स्थानान्तरण भइसकेका भएतापनि उक्त कर्मचारीहरु अवकाश हुँदाको समयमा हाल खाइपाइ आएको तलबमानको आधारमा बोर्डबाट भुक्तानी हुने गरेको छ । तत्कालिन तलबको आधारमा व्यवस्था भएको दायित्वको भुक्तानी हालको तलबको आधारमा हुने भएकोले बाँकी रहेको दायित्व व्यवस्था पर्याप्त रहेको देखिएन ।

४.२ स्थिर सम्पत्तिः

बोर्ड र काठमाडौ उपत्यका खानेपानी लिमिटेड बीच २०६४ माघ २० मा भएको सम्झौता बमोजिम नेपाल खानेपानी संस्थानको स्वामित्वमा रहेका जग्गा तथा सोमा निर्मित सम्पत्तिहरु मध्ये संस्थानको नाममा जग्गाधनी प्रमाण पूर्जा भएका र जग्गाधनी प्रमाण पूर्जा लिने क्रममा भएका जग्गाहरु तत्कालिन भौतिक योजना तथा निर्माण मन्त्रालयले सम्बन्धित मालपोत कार्यालयहरुलाई सिफारिश गरी बोर्डको नाममा नामसारी गनुपर्ने प्राबधान भएता पनि हालसम्म सम्पूर्ण जग्गाहरु बोर्डको नाममा नामसारी भएर आएको पाइएन । उपभोगमा रहेका सम्पत्तिहरु मध्ये बोर्डको नाममा सम्पत्ति हस्तान्तरण भएका र नभएका सम्पत्तिहरुको विवरण सहितको अद्यावधिक सम्पत्ति रजिष्टर नभएकाले के कति सम्पत्तिहरु बोर्डको स्वामित्वमा छन, यकिन नहुँदा काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड बाट पाउनु पर्ने लीज फी वापतको आम्दानीमा नोक्सानी भइरहेको देखिन्छ ।

४.३ निर्माणाधिन सम्पत्तिः

काठमाडौ उपत्यका खानेपानी लिमिटेडबाट प्राप्त एकमुष्ठ विवरणको आधारमा बोर्डले आर्थिक वर्ष २०७३।७४ को अन्तसम्ममा रु. ९ अर्ब १४ करोड ९३ लाख ३७ हजार निर्माणाधिन सम्पत्तिमा लेखाङ्कन गरेको छ जसमध्ये आर्थिक वर्ष २०७३।७४ मा मात्रै रु. २ अर्ब ४३ करोड २६ लाख ९१ हजार थप भएको देखिन्छ । उक्त निर्माणाधिन सम्पत्तिहरु पुँजीकरण नभएकोा कारणले उक्त सम्पत्तिहरु प्रयोग गरे वापत काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडबाट पाउनु पर्ने लीज फी (पार्ट वि: सिक्स पर्सेन्ट अफ सर्भिस एसेट) आम्दानी

नोक्सान भइरहेको छ । काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडबाट भएका खर्चहरुको लेखाङ्कन बोर्डमा हुने तर उक्त खर्चहरुको विधि, प्रकृया तथा पुष्ट्याईं गर्ने सम्बन्धि सम्पूर्ण कागजातहरु काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडमा नै रहने भएकोले निर्माणाधिन सम्पत्ति शिर्षकमा समावेश रकमहरुको यथार्थता यकिन गर्न सकिएन ।

४.४ **आसामीः**

नेपाल खानेपानी संस्थानको काठमाडौ उपत्यकाभित्रका कार्यालयहरुको २०७४ आषाढ मसान्तसम्मको उठ्न बाँकी आसामी मध्ये आ.व. २०७३।७४ को अन्तसम्ममा रु. ६७ करोड २४ लाख ४५ हजार (गत वर्ष रु. ६८ करोड ७५ लाख ५१ हजार) रहेको छ । यस आर्थिक वर्षमा कुल रु. १ करोड १ लाख ४० हजार मात्र असुली र रु. २४ लाख ८८ हजार अपलेखन भएको देखिन्छ । कुल आसामी मध्ये ०.०१९ प्रतिशत मात्र असुली र अपलेखन भएको र शंकाष्पद आसामी व्यवस्था वापत कुल आसामीको १० प्रतिशत रकम मात्र व्यवस्था भएकोले उक्त व्यवस्था रकम पर्याप्त छ भन्न सकिने अवस्था छैन ।

४.५ **पेश्की तथा धरौटीः**

(क) पेश्की तथा धरौटी शिर्षक अन्तर्गत अग्रिम कर भुक्तानी वापत रु. १० करोड ७८ लाख २५ हजार (गत वर्ष ५ करोड ८८ लाख १० हजार) लेखाङ्कन भएको देखिन्छ । बोर्डले प्राप्त गरेको व्याज आम्दानीमा विभिन्न बैंक तथा वित्तीय संस्थाहरुले श्रोतमा करकट्टी गरेको रकमलाई विगत २ वर्षभन्दा बढी अवधिदेखि नै सार्दै आएको र आयकर ऐनको दफा ११३ बमोजिम श्रोतमा करकट्टी भएको मितिबाट २ वर्ष व्यतित भइसकेको अवस्थामा फिर्ता पाउने कानूनी आधार नरहने भएकोले २ वर्षभन्दा बढी अवधिदेखिको अग्रिम कर भुक्तानी रकम यस शिर्षकमा लेखाङ्कन गरेको उचित देखिदैंन ।

(ख) काठमाण्डौ उपत्यका खानेपानी लि. सँग लिनु पर्ने रकम आ.व. २०७३।७४ को अन्तसम्ममा रु. १ अर्ब ६२ करोड ८२ लाख २६ हजार (गत वर्ष रु. १ अर्ब ३२ करोड ७८ लाख २५ हजार) रहेको देखिन्छ । काठमाण्डौ उपत्यका खानेपानी लि. सँग विभिन्न बजेट शिर्षकमा प्रदान गरिएको पेश्की, लिनुपर्ने लीज फी, अनुमति दस्तुर, असुली भएको आसामी रकम, अवकाश कोष भुक्तानी तथा निर्माणाधिन सम्पत्तिको रकम हिसाब मिलान गरी बाँकी रहेको भएतापनि काठमाण्डौ उपत्यका खानेपानी लि. को अभिलेखसँग रुजु र भिडान नगरी वित्तीय विवरणमा प्रस्तुत गरिएकोमा उक्त रकमको यथार्थता यकिन गर्न सकिएन ।

४.६ **अर्थ मन्त्रालयको निर्देशन**

अर्थ मन्त्रालयको मिति २०७४।०६।३१ च.न. ७७।०७४-७५ अनुसार रु. ७२२,८५१,०००।०० रकम ऋणका रुपमा लेखाङ्कन गर्न निर्देशन प्राप्त भएता पनि सो रकमबाट श्रृजित सम्पत्ति समेत यकिन नभएकोले बोर्डको सम्भावित दायित्व र सो बराबरको सम्भावित सम्पत्ति लेखाङ्कन भएको छैन ।

५. **नेपाल वित्तीय प्रतिवेदन लेखामान पालना** :

नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाले आर्थिक वर्ष २०७३।७४ देखि नेपाल सरकारको स्वामित्व भएका संस्थाहरुलाई समेत लागु हुने गरी प्रभावकारी वित्तीय रिपोर्टिङ्ग रुपरेखा नेपाल लेखामानबाट नेपाल वित्तीय विवरण प्रतिवेदन मान (NFRS)मा जाने निर्णय गरेकोमा सो अनुरुप वित्तीय विवरण तयार गरिएको छैन । नेपाल वित्तीय विवरण प्रतिवेदनमान बमोजिम वित्तीय सुचनाहरुको पहिचान पुर्नलेखन, प्रस्तुतिकरण र खुलासाहरु नगरिंदा सो को वित्तीय विवरणमा पर्ने समष्ठिगत प्रभाव अनिश्चित रहेको छ र त्यो प्रभाव महत्वपूर्ण र व्यापक हुन सक्दछ ।

६. **व्यवस्थापन पत्र :** व्यवस्थापनले सुधार गर्नु पर्ने थप व्यहोरा यसै साथ संलग्न व्यवस्थापन पत्रमा दर्शाइएको छ ।

७. लेखापरीक्षकको राय

हाम्रो रायमा कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा बुंदा नं. ४ र ५ अन्तर्गत औंल्याइएका विषयले वित्तिय विवरणहरुमा पर्ने असर बाहेक वित्तिय विवरणले बोर्डको २०७४ आषाढ मसान्तको वित्तिय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह, इक्वीटीमा भएको परिवर्तनको विवरण र अन्य खुलासाहरुले सहि र यथार्थ चित्रण गर्दछ ।

कानून किताब व्यवस्था समिति (२०७३।७४)

१. वित्तीय विवरण उपर प्रतिवेदन

हामीले कानून किताब व्यवस्था समितिको यसैसाथ संलग्न २०७४ आषाढमसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय विवरण, नगद प्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तनको विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान सम्बन्धित ऐन र अन्य ऐन, नियम, कानून अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एबं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटि लगायत सारभूत रुपमा गलत आंकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमानलागू गर्नेकार्य पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरुउपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचार संहिताको पालना गर्नेर वित्तीय विवरणहरु सारभूत रुपमा गलत आंकडारहित प्रस्तुती भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याइका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूतरुपमा गलत आंकडा प्रस्तुती हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्यांकन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसैसाथ संलग्न व्यवस्थापन पत्र मा उल्लेख गरिएको छ ।

५. लेखापरीक्षकको राय

हाम्रो रायमा संलग्न कानून किताब व्यवस्था समितिको२०७४ आषाढ मसान्तको वित्तीय विवरणले सो संस्थाको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको संचालन नतिजा, नगद प्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तनको विवरण को नेपाल लेखामान बमोजिम सहि र यथार्थ चित्रण गर्दछ ।

कृषि सामग्री कम्पनी लिमिटेड (२०७३।७४)

१. बार्षिक वित्तीय विवरण उपर प्रतिवेदन

हामीले कृषि सामग्री कम्पनी लि.को यसै साथ संलग्न २०७४ साल आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय विवरण, नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तन र तत्सम्वन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. आर्थिक विवरणहरू प्रति व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्वन्धित ऐन र अन्य नियम, कानुन, अभ्यास अनुरूप वित्तीय विवरणहरू तयार पार्ने तथा यथोचित प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । उक्त जिम्मेवारीमा वित्तीय विवरणहरू तयार पार्ने तथा वित्तीय विवरणहरूको प्रस्तुतीकरणसंग सम्वन्धित आन्तरिक नियन्त्रण प्रणालीको खाका तयार गर्ने, कार्यान्वयन गर्ने तथा त्यसको प्रभावकारिता कायम राख्ने कार्यहरू पर्दछन् जसमा वित्तीय विवरणहरू त्रुटी तथा जालसाजीको कारणले सारभूत रूपमा गलत आंकाडासहित छैनन् भन्ने कुरामा विश्वस्त हुने, उपयुक्त लेखा नीतिहरूको छनौट र कार्यन्वयन गर्ने, आवश्यकता अनुसार लेखा अनुमानहरू गर्ने कार्यहरू समेत पर्दछन ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो लेखापरीक्षणको आधारमा वित्तीय विवरणहरू उपर मन्तव्य व्यक्त गर्नु हाम्रो जिम्मेवारी हो । हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान बमोजिम सम्पन्न गर्‍यौं । यी मानले हामीलाई व्यावसायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरू सारभूत रूपमा त्रुटिरहित भएको बारेमा मनासिब आश्वासन प्राप्त गर्न हामीलाई लेखापरीक्षणको योजना बनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउछन् ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लेखित रकम र खुलासालाई पुष्टि गर्ने प्रमाण प्राप्त गर्ने सम्बन्धी सम्पादन कार्यविधि संलग्न हुन्छ । यसरी छनौट गरिएको कार्यविधि चाहे जालसाजी वा गल्तीबाट होस, सारभुत रूपमा त्रुटियुक्त प्रस्तुती हुन सक्ने जोखिमको लेखाजोखा सहित हाम्रो व्यावसायिक निर्णयमा आधारीत छ । त्यसरी जोखिमको लेखाजोखा गर्ने क्रममा, हामीले कम्पनीको आन्तरिक नियन्त्रण उपर नै राय व्यक्त गर्ने उद्देश्यले नभै, परिस्थिति अनुसार हाम्रो लेखापरीक्षण कार्यविधि तयार गर्दा, कम्पनीले वित्तीय विवरण तयार एवं प्रस्तुती गर्ने क्रममा अवलम्वन गरेका आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गरेका छौं । लेखापरीक्षणमा व्यवस्थापनद्धारा प्रयोगमा ल्याइएका लेखा सिद्धान्तहरू एवं गरिएका महत्वपूर्ण अनुमानहरूको उपयुक्तताको तथा

मुल्याङकनका साथै समग्र वित्तीय विवरण प्रस्तुतीको लेखाजोखा समेत समावेश हुन्छ । हाम्रो लेखापरीक्षणले हाम्रो मन्तव्यलाई प्रयाप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

४. कैफियत सहितको राय व्यक्त गर्ने आधार

लेखापरीक्षणबाट कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तिय विवरणहरुमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार रहेका छन् :

४.१ नेपाल सरकारको स्वामित्वमा रहेका कम्पनीहरुको वित्तिय विवरणहरु मिती २०१६ जूलाइ १६ देखी नेपाल लेखामान बोर्ड बाट जारी भएको नेपाल वित्तिय प्रतिवेदन मान अनूसार तयार गर्नूपर्ने मा कृषि सामग्री कम्पनी लिमिटेडले उपरोक्त वित्तिय विवरणहरु सो अनुरुप तयार गरिएको छैन ।

४.२ सटही घटबढ खर्च रु. २,२२,०१५।८४ लाई खर्च शिर्षकमा लेखाङ्कण गर्नु पर्नेमा सो नगरी खरिद हिसाबमा समायोजना गरिएको छ ।

४.३ कर्मचारीहरुको आम्दानी तर्फ आयकर गणना गर्दा आ.व.२०६८।६९ तथा २०६९।७० को नपुग आयकर रु.५७,७५,००६।०० सम्बन्धित कर्मचारीहरुबाट असूल नगरी यस वर्षको कम्पनीले व्यहोर्ने खर्च देखाएको छ । यसै शीर्षक अन्तर्गत विगत आ.व.२०७२।७३ सम्ममा कम्पनीले व्यहोर्ने खर्च देखाएको छ

४.४ खरिद सामान प्राप्ती तर्फ प्रायजसो स्थानहरुमा करार बमोजिमको परिमाण तोकिएको स्थानमा नबुझाएता पनि सो बारे हर्जानाको व्यवस्था समेत नरहेको देखिन्छ । उपरोक्त कारणले कम्पनी स्वयमले पुनः उक्त स्थानहरुम ढुवानी गराउनुपर्ने भई थप व्ययभार व्यहोर्नु परेको देखिन्छ । हाम्रो छड्के परिक्षणमा यसै कारण भैरहवामा कम सामान बुझाएको कारणले यस वर्ष बिरगंज बाट भैरहवा २४४९ मे.टन मल ढुवानी गरे वापत रु.३०,७३,६५६।०० भुक्तानी भई कम्पनीलाई थप भार पर्न गएको देखिन्छ । संस्थालाई वढी व्ययभार पार्ने पदाधिकारीलाई जिम्मेवार वनाई यस्तो रकम असुल गर्नु पर्दछ ।

४.५ अन्तिम मौज्दातको लेखाकंन गर्दा विक्रीका बखत प्रदान गरिने विक्री कमिशन प्रति मे.टन रु.२५०।०० मौज्दात मूल्यमा न्यून गरी मौज्दातको अन्तिम मूल्य लेखाकंन गरेको हुंदा यसले अन्तिम मौज्दातको मुल्यकंनमा रु.१,९९,२०,५८७।५० ले कम हुन गई आय व्यय विवरणमा असर पर्न गएको छ ।

४.६ भारत सरकारले तोकेको आपूर्तिकर्ताबाट जि.टू.जि. अन्तर्गत रु.३,३७,५८४,८०८।०० को युरिया तथा रु.३१,८२,५९,१९५।२० को डि.ए.पि.विना टेण्डर सिधै खरिद गरेको छ ।

४.७ नेपाल सरकारले दिने गरेको अनुदान हिसाबमा गत वर्षको घटवढ लाई समायोजन गरी फर फारक गर्ने गरेबाट हरेक वर्ष अनुदान हिसाबमा आम्दानी देखाउने रकम तथा उक्त वर्ष नेपाल सरकारबाट प्राप्त अनुदान रकम फरक फरक उल्लेख हुने गरेको छ । गत वर्ष अनुदान वापत नेपाल सरकारबाट रु.३,८६,६०,२९,९७८।०० प्राप्त भएता पनि रु.३,३९,७७,०६,७२४।३३ आम्दानी देखाइएको तथा यस वर्ष रु.३,३२,०७,३०,०००।०० प्राप्त भएता पनि रु.३,५२,७२,७१,२४८।३२ आम्दानीमा देखाएको छ ।

नेपाल सरकारलाई गत वर्ष अनुदान वापत बढी देखाइएको रु.१९,७०,३३,६५६।९६ फिर्ता भुक्तानी गनुपर्ने र यस वर्ष अन्य शीर्षकमा प्राप्त रु.४०,००,००,०००।०० लाई तिर्नुपर्ने हिसावमा देखाउनुपर्नेमा यस वर्ष कम अनुदान प्राप्त भएको रु.२०,८७,५७,१९५।१५ समायोजन गरी जम्मा रु.३८,८२,७६,५६१।८१ मात्र तिर्नुपर्ने हिसाबमा देखाइएको छ ।

४.८ प्रतितपत्र हिसाब अन्तर्गत हिमालयन बैंक लिमिटडले विक्रेतालाई गलत तरिकाले भूक्तानी दिएको रु. ७२,२२,९०० धेरै बर्षहरुदेखी अशूली बिना लिनूपर्ने देखाइएको छ। यस सम्बन्धमा सर्वोच्च अदालतबाट यस कम्पनीको पक्षमा फैसला भएको भएतापनि सो रकम हाल सम्म अशूली गर्न सकेको छैन । अदालतको फैसला कार्यान्वयन नगर्ने पदाधिकारीलाई जिम्मेवार वनाउनु पर्दछ ।

४.९ कृषि सामग्री कम्पनी लिमिटेडले बिदेशबाट करार सम्झौता गरी आयात गरेको मलहरुको भूक्तानीमा आयकर ऐनको दफा ८९ को उपदफा ३ क अनुसार भूक्तानी रकममा ५ प्रतिशत अग्रीम आयकर कट्टी गर्नुपर्नेमा सो गरेको छैन। यस बर्षको खरिद रु.८,५९,५०,४२,६७३।१९ मा ५ प्रतिशत ले हूने रु.४२,९७,५२,१३३।६६ कर कट्टी नगरि पूरा भूक्तानी भएको हूदा सो बराबरको रकमको थप दायित्व सिर्जना भएमा सो को लागी हिसाबमा कूनै व्यवस्था गरिएको छैन ।

४.१० विशेष सापटी अन्तर्गत कम्पनीमा कार्यरत स्थायी कर्मचारीहरुलाई रु. ५,००,०००।०० (पाँच लाख) उपलव्ध गराउने निर्णय गरेकोमा कम्पनीको नियमावलीको दफा २१.४ बमोजिम सो को नेपाल सरकारबाट स्वीकृत लिएको पाइएन । यस आ.ब.को अन्त्यसम्म उपरोक्त शिर्षक अन्तर्गत कर्मचारीहरुबाट रु. ५,६५,९६,२४२।६३ असूली बांकी देखिएको छ । कानूनको पालना नगर्ने पदाधिकारीलाई जिम्मेवार वनाउनु पर्दछ ।

४.११ धरौटी, पेश्की तथा सापटी रु. ११,१८,२२,३४९।६५ को आयूगत बिवरण तथा सम्बन्धित पार्टीहरुबाट समर्थन पत्र समेत उपलव्ध नभएबाट सो रकमहरुको वास्तविक स्थिती यकिनका साथ भन्न सकिएन ।

४.१२ चालु दायित्व तर्फको रु. १,०१,२८,२१,७९९।७३ को आयूगत बिवरण तथा सम्बन्धित पार्टीहरुबाट समर्थन पत्र समेत उपलव्ध नभएबाट सो रकमहरुको वास्तविक स्थिती यकिनका साथ भन्न सकिएन ।

४.१३ कम्पनीको बिभिन्न स्थानमा रहेका जग्गाहरुको मुल्य यकिन गरि नराखेबाट सो जग्गाहरुको वास्तविक अवस्था तथा मुल्य यकिनका साथ भन्न सक्ने अवस्था छैन ।

४.१४ घर जग्गाको सम्पती कर कून कून कार्यालयले कहिले सम्म तिरेको सो को आध्यावधिक विवरण तयार नभएबाट यस्ता तिर्न बाकी रहेका करहरुको दायित्वका लागी हिसाबमा यथेष्ठ व्यवस्था भएको छैन ।

४.१५ कम्पनीको स्वामित्वमा रहेको भवनहरुको नक्सापास नगरिएको कारणले भवन शिर्षक अन्तर्गत देखाइएको ह्रास कट्टी पछीको मूल्य रु. २०,०६,०५,७१९।२० यकिन गर्ने कूनै कानुनी आधार छैन ।

४.१६ कम्पनीका कर्मचारीहरुको उपदान तथा निवृति भरण कोष र जीवन वीमा कोष तथा निवृति भरण वापत को रकम अनूमानित आधारमा खर्च लेख्ने व्यवस्था कायम रहेको छ । नेपाल लेखा मान अनुसार यस्ता रकमहरु एक्चूरीयल पद्धतीको आधारमा व्यवस्था हुनु पर्नेमा अनुमानित आधारमा रकमको व्यवस्था गरेबाट यसको पर्याप्ततावारे हामी यकिन गर्ने अवस्थामा छैन ।

४.१७ आ.ब २०६६।६७ सम्मको नाफामा ८ प्रतिशतले हुने बराबरको रकम मात्र बोनस वापत छूट्याउनू पर्नेमा १० प्रतिशतले छूट्याएको हुंदा सो अनुसार रु. २६,४०,१३२।४४ बढी भएकोमा सो रकम तिर्नुपर्ने बोनस हिसाबमा समायोजन गरेको छैन । सो वर्षको वोनस व्यवस्था वितरणका लागि अर्थ मन्त्रालयबाट समेत स्वीकृती पायको छैन ।

४.१८ कम्पनीले सहकारी मार्फत बिक्री गरिएको मलखादहरु सो सहकारीहरुले बिक्री गरेको किसानको नाम तथा मात्रा उल्लेख गरी विवरण बुझाउनुपर्नेमा त्यस्ता विवरणहरुमा कतिपय अवस्थामा यस्ता विवरणहरु प्राप्त नभएको तथा प्राप्त भएको विवरणहरुको समेत विश्वसनियता यकिन गर्ने आधार नभएको देखिन्छ ।

५. नेपाल वित्तीय प्रतिवेदन लेखामान पालना :

नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाले आर्थिक वर्ष २०७३।७४ ९द्दण्ज्ञटरज्ञठ० देखि नेपाल सरकारको स्वामित्व भएका संस्थाहरुलाई समेत लागु हुने गरी प्रभावकारी वित्तीय रिपोर्टिङ्ग रुपरेखा नेपाल लेखामानबाट नेपाल वित्तिय विवरण प्रतिवेदन मान ९ल्ँच्क० मा जाने निर्णय गरेकोमा सो अनुरुप वितिय विवरण तयार गरिएको छैन । नेपाल वित्तीय विवरण प्रतिवेदनमान ९ल्ँच्क० बमोजिम वित्तीय सुचनाहरुको पहिचान पुर्नलेखन,

प्रस्तुतिकरण र खुलासाहरु नगरिंदा सो को वित्तीय विवरणमा पर्ने समष्ठीगत प्रभाव अनिश्चित रहेको छ र त्यो प्रभाव महत्वपूर्ण भए पनि व्यापक नहुन सक्दछ ।

६. **व्यवस्थापन पत्र :**
व्यवस्थापनले थप सुधार गर्नु पर्ने व्यहोरा यसै साथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

७. **लेखापरीक्षकको राय:**
कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा बुंदा नं. ४ र ५ अन्तर्गत औंल्याइएका विषयले वित्तिय विवरणहरुमा पर्ने असर बाहेक वित्तिय विवरणले संस्थाको २०७४ आषाढ मसान्तको वित्तिय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह, इक्वीटीमा भएको परिवर्तनको विवरण र अन्य खुलासाहरुले सहि र यथार्थ चित्रण गर्दछ ।

गुठी संस्थान (२०७२।७३)

१) वार्षिक वित्तीय विवरण उपर प्रतिबेदन

हामीले गुठी संस्थानको २०७३ आषाढ मसान्तको वासलात एंव सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय विवरण, नगद प्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तन विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण गर्नको लागि संस्थानले वित्तीय बिवरण तयार नगरेकाले नगद आधारमा लेखा राखी तयार गरेको आर्थिक विवरणको मात्र लेखापरीक्षण गरेको छौं ।

२) वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्वन्धित ऐन लगायत प्रचलित अन्य ऐन, नियम, अभ्यास अनुरुप वित्तीय विवरण तयारी गर्ने एवं उचितरुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रृटिलगायत सारभुतरुपमा गलत आंकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरीक नियन्त्रण प्रणाली निरन्तर प्रमावकारी रुपमा कार्यान्वयन हुने गरी स्थापीत गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमान लागु गर्ने कार्य पर्दछन् ।

३) लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी व्यवस्थापनद्धारा प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखा परीक्षण गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदशन अनुसार व्यावसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूतरुपमा गलत आंकडारहित प्रस्तुती भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजाना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएको सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याईका यथेष्ठ प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएको लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूतरुपमा गलत आंकडा प्रस्तूती हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मुल्याङ्कन व्यवसायिक बिबेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मुल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तताबारेमा परीक्षण गरीएको छ तापनी त्यस्तो आन्तरिक नियत्रण प्रणलीको

प्रभावकारिताको बारेमा लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेको लेखा नीतिको सान्दर्भिकता, बिश्लेषण र लेखा अनुमानको उपयक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तरर्गत पर्दछ । हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्द्रर्भमा पर्याप्त र उपयुक्त आधार प्रधान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौ ।

४) कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन :

4=1 **cfly{s ljj/)fsf] (f]rf M** ;+:yfgn] g]kfn n]vfdfg tyf n]vfsf] k|rlnt cEof; cg';f/ cf=a=sf]= cGTodf ;+:yfgsf] ;Dklt tyf bfloTjsf] oyfy{ l:ylt lrq)f ug]{ jf;nft tyf cf=a=sf] ;+rfng glthf lrq)f ug]{ gfkmf gf]S;fg lx;fa, gub k|jfx lrq)f ug]{ gub k|jfx ljj/)f / OlSj^Ldf ePsf] kl/jt{g lrq)f ug]{ OlSj^Ldf ePsf] kl/jt{g ;DalGw ljj/)f tof/ u/]sf] %}g . n]vfk/LIf)fsf nflu k]z ePsf] cfly{s ljj/)fdf ;+:yfgsf] cfly{s l:ylt tyf ;+rfng lrq)f ug]{ ljj/)f ;dfj]z ePsf] %}g . ;fy} ;+:yfgn] cfly{s ljj/)fsf] tof/Lsf] cfwf/, n]vf gLlt tyf k|:t'lt ;DaGwL v'nf;f u/]sf] %}g .

4=2 **n]vf k|)ffnLM** ;+:yfgn] sf/f]af/sf] ef}r/ tof/ ubf{ bf]xf]/f] n]vf k|)ffnL cjnDag u/]sf] ePtf klg sltko ;DklQ, bfloTj, vr{ tyf cfDbfgLsf] jlxvftf tof/ gu/]sf], ef}r/ cg';f/ alxvftfdf k|lji^L gePsf], ;Gt'ng k/LIf)f tof/ gu/]sf] sf/)f ;+:yfgsf] n]vf bf]xf]/f] n]vf k|)ffnLsf] cfwf/df /flvPsf]df ljZj:t x'g ;lsPg . To:t} ;+:yfgn] ;Dklt, bfloTj, cfDbfgL, vr{ / OlSj^Lsf] n]vf]g gLlt tof/ u/]sf] kfOPg . h;n] ubf{ cfly{s ljj/)fdf k|:t't /sdx?sf] dfkg, n]vf]g cfwf/, gLlt tyf k|:t'lts/)f plrt eP gePsf] olsg ug{ ;lsPg .

4=3 **l:y/ ;DklQ** M ;+:yfgn] cfkm\gf]] :jldTjdf ePsf] sfof{no pks/)f, ejg, hUuf tyf cGo l:y/ tyf crn ;DklQsf] nut b'?:t tyf cwfjlws /fv]sf] kfOPg . ;+:yfgn] cfkm\gf] ;DklQsf] ;+/If)fsf tyf tyf lgoGq)fsf nflu ef}lts k/LIf)f, ;+s]t ;lxtsf] nut /fVg] h:tf cEof; nfu" u/]sf] b]lvPg . ;+:yfn] cfly{s ljj/)fdf l:y/ ;DklQ k|:t't u/]sf] %}g .

4=4 **cfDbfgL M**;+:yfgsf] cFDbfgL;+u ;DjGwL n]vf k|efjsf/L /x]sf] kFOPg . ;+:yfgn] #/ k;n axfn, t}gfyL hUuf, au}+rf, kf]v/L cflbsf] &]Ssf afkt k|fKt ug{ af]sL /sd b'?:t b]lvg] u/L lx;fa /fv]sf] %}g h;af^ ;+:yfgsf] cfo k|f]befjL cfwf/df n]vf]g ePsf]df ljZj:t x"g ;lsPg . To:t} ;+:yfgn] cfly{s ljj/)fdf zfvf tyf dfnkf]t sfo{noaf^ lgsf;f lkmtf{ ePsf] /sdnfO{ ;d]t cfosf] ?kdf k|:t't u/]sf] % . ;+:yfgn] ;dodfg} a}+s lx;fa ldnfg ljj/)f tof/ gug]{ tyf cfjZos lx;fa ;dfof]hg gug]{ tyf s'g} cfwf/ lagf >f]t gv"n]sf a}+s bflvnf /sdnfO{ cfly{s ljj/)fdf c:ki^ cfDbfgL n]vf]g u/]sf] b]lvG% eg] cly{s ljj/)fdf cfosf] n]vf]gsf] cfwf/ v'nf;f u/]sf] %}g . o;af^ cfly{s ljj/)fdf k|:t't cfon] ;+:yfgsf] cfosf] lrq)f ug]{df ljZj:t x'g ;lsPg .

4=5 **vr{ M**;+:yfgn] ljleGg vr{sf] lglDt e"Qmfg u/]sf] k]ZsL /sdnfO{ ;d]t vr{ n]vf]g u/]sf] b]lvG% eg] vr{sf] n]vf]g gLlt ;d]t v'nf;f u/]sf] %}g .

4=6 lgsf;f M;+:yfgn] ljlgof]hg sf]ifsf] cfly{s ljj/)f -cfly{s ljj/)fsf] cg';"rL 9_df lgsf;f lbPsf] ;Dk")f{ /sdnfO{ vr{ b]vfO{ af̈sL lkmtf{ u/]sf] /sdnfO{ k'gM cfDbfgL hgfpg] u/]sf] b]lvG% .

५. **व्यवस्थापन पत्रः** व्यवस्थापनले सुधार गर्नु पर्ने थप व्यहोरा यसै साथ संलग्न व्यवस्थापन पत्रमा दर्शाइएको छ ।

६ **लेखापरीक्षकको राय**

हाम्रो रायमा कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा बुंदा नं. ४.१ देखि ४.६ अन्तर्गत औंल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्ने असरबाहेक, समष्ठिगत आर्थिक विवरणले संस्थानको २०७३ आषाढ मसान्त तथा सो मितिमा समाप्त भएको आर्थिक वर्षको संम्वन्धित ऐन नियम र कानून अनुसार आय व्यय स्थितिको सहि र यथार्थ चित्रण गर्दछ । तर नेपाल लेखामान अनुसार वित्तीय स्थिति संञ्चालन नतिजा, नगद प्रवाह, ईक्विटीमा परिवर्तन र आवश्यक लेखानीति टिप्पणी तथा खुलासाको सही र यथार्थ चित्रण गर्दैन ।

गोरखापत्र संस्थान (२०७१।७२)

१. **वार्षिक वित्तीय विवरण उपर प्रतिवेदनः**

हामीले यसैसाथ संलग्न गोरखापत्र संस्थानको २०७२ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय विवरण, नगद प्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तनको विवरण र तत्सम्बन्धी लेखा नीति तथा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी :**

नेपाल लेखामान, सम्बन्धित ऐन लगायत प्रचलित अन्य ऐन, नियम, कानून अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटि लगायत सारभूत रुपमा गलत आँकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमानहरु लागू गर्ने कार्यहरु पर्दछन् ।

३. **लेखापरीक्षकको जिम्मेवारी :**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरुउपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनको आधारमा लेखापरीक्षण गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडारहित प्रस्तुति भएको छ भन्ने यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याँइका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्वन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूतरुपमा गलत आँकडा प्रस्तुति हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यर्थाथ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएकोभएतापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता,

विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. **कैफियत सहितको राय व्यक्त गर्ने आधार :**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन् :

४.१. **संस्थानको निरन्तरता :** संस्थानको आर्थिक अवस्थालाई विश्लेषण गर्दा यस बर्षमा रु.३ करोड ८७ लाख ३७ हजार खुद नाफा देखाएता पनि हाल सम्ममा उपदान मा रु.५० करोड ४२ लाख ६२ हजार घटी व्यवस्था गरेको, शंकास्पद आसामीको पर्याप्त व्यवस्था नगरेको, कुल प्रत्यक्ष आम्दानीको अत्याधिक प्रतिशत कर्मचारी खर्च हुनु साथै नेपाल सरकारको ऋणको भाका नाघेको साँवा तथा व्याज रकमको भुक्तानी गर्न नसक्नाले संस्थानसरकारी सहयोग वेगरनिरन्तररुपमा संचालन हुन सक्ने अवस्था रहेको पाइएन ।

४.२. **उपदान व्यवस्था** : संस्थानले चालू वर्षसम्ममा रु.६ करोड १० लाख ९१ हजार मात्र कर्मचारी उपदान व्यवस्था गरेको छ । संस्थानमा कार्यरत स्थायी कर्मचारीलाई कर्मचारी शर्त विनियमावली अनुसार यस आर्थिक बर्षको अन्त्य सम्ममा उपदान वापत रु.५६ करोड ५३ लाख ५३ हजार दिनुपर्ने हुन आउँछ । अतः उपादान वापत दिनुपर्ने रकम रु.५० करोड ४२ लाख ६२ हजारले घटी व्यवस्था गरेको पाइयो ।

४.३. **कर्मचारी खर्च अनुपात :** संस्थानको २०७१।७२ को कर्मचारी सम्वन्धी खर्चलाई विश्लेषण गर्ने हो भने कुल प्रत्यक्ष आम्दानी रु.४४ करोड ८९ लाख रहेको देखिन्छ भने कुल कर्मचारी सम्बन्धी खर्च रु.२२ करोड ६६ लाख रहेको छ जुन कुल प्रत्यक्ष आम्दानीको ५०.४७ प्रतिशत हुन आँउछ । यस बाहेक संस्थानले कर्मचारीको उपदान कोष एवं बिदा बापतको पाउने रकमलाई उपार्जनको आधारमा व्यवस्था गरेमा संस्थानको आम्दानीले कर्मचारीको खर्च मात्रै धान्न पनि गाह्रो पर्ने देखिन्छ । यसलाई मध्यनजर राखेर कर्मचारी व्यवस्थापन नगर्ने हो भने संस्थाको घाटामा वृद्धि भै संस्था वन्द गर्नपर्ने अवस्थामा पुग्ने देखिन्छ ।

४.४. **शंकास्पद आसामी :** संस्थानको आर्थिक विवरण अनुसार यस वर्षसम्ममा आसामी अन्तर्गत कुल लिनुपर्ने रकम रु.२३ करोड १९ लाख रहेको मध्ये ३६५ दिन भन्दा पुराना रु.१३ करोड ९७ लाख रहेको छ । जुन कूल आसामी रकमको ६०.२४ प्रतिशत हुन आँउछ जसको असूल हुने सम्भावना न्यून भएको देखिन्छ । उक्त पुरानो रकमलाई शंकास्पद आसामीमा वर्गिकरण गरी सो वापत नाफा नोक्सान हिसाबमा खर्च जनाउँदा संस्थानको नाफा नोक्सानमा सारभुत रुपमा प्रतिकूल असर पर्ने देखिन्छ । सम्वन्धीत पदाधिकारीलाई जिम्मेवार वनाई यस्तो रकम असुल गर्नुपर्दछ ।

४.५. **आयकर पेश्की :** संस्थानको वासलात अनुसार २०७१।७२ को आयकर पेश्कि रु.१ करोड ८४ लाख ४४ हजार देखाइएको तर आन्तरिक राजश्व कार्यलयमा बुझाउने आय विवरण को अनुसूची १० मा जम्मा रु.१ लाख ५५ हजार मात्रै दावि गरेको पाइएकोले फरक परेको रकम रु.१ करोड ८२ लाख ८९ हजार आगामी बर्षमा दावी नपाउने भएकोले सोलाई नाफा नोक्शान खातामा समायोजन गर्दा संस्थानको हालको नाफामा सारभूत रुपमा प्रतिकूल असर पर्ने देखिन्छ । कर मिलानको लागि दावी नगर्ने पदाधिकारीलाई जिम्मेवार वनाउनु पर्दछ ।

४.६. **मूल्य अभिवृद्धि कर :** संस्थानले मूल्य अभिवृद्धि कर दायित्वमा यस वर्षको वासलातमा रु.५० लाख ६८ हजार देखाएको र संस्थानको भ्याट विवरणमा उक्त रकम रु.५९ लाख ३ हजार रहेको पाईयो । तसर्थ संस्थानले आफ्नो खातामा रु.८ लाख ३५ हजार कम दायित्व लेखाङ्कन गरेको देखियो ।

संस्थानले मूल्य अभिवृद्धि कर प्राप्त रकम भनि यस बर्षको वासलातमा रु.९ लाख १३ हजार देखाएको र संस्थानले बुझाएको विवरणमा उक्त रकम रु.३ लाख ९० हजार रहेको पाईयो । अतः संस्थानले आफ्नो खातामा रु.५ लाख २३ हजार बढी लेखाङ्कन गरेको देखियो । विवरण बुझाएको मिति पश्चात् पनि विभिन्न खरिद लेखाकंन गरेको र सो को दावी गर्ने एक बर्षको म्याद समेत गुज्रीसकेकोले सो रकम समयमै दावी नगर्ने जिम्मेवार कर्मचारीवाट असुल गर्नु पर्दछ ।

४.७. **कर्मचारी बोनस व्यवस्था :** संस्थानले २०७१/७२ को वित्तीय विवरणमा कर्मचारी बोनस बापत रु.४६ लाख २८ हजार व्यवस्था गरेको पाइयो । संस्थाले कर्मचारी उपदान कोष एवं शंकास्पद आसामीको प्रचलित व्यवस्था नगरि बोनसको व्यवस्था गरेको छ । सबै कोषमा गर्नुपर्ने व्यवस्था (Provision)नगरी बोनस व्यवस्था गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई यस्तो कार्य वन्द गर्नु पर्दछ ।

५. **व्यवस्थापन पत्र :**

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा दर्शाइएको छ ।

६. **लेखापरीक्षकको राय :**

कैफियत सहितको लेखापरिक्षण राय व्यक्त गर्ने आधारका रुपमा हाम्रो रायमा माथि उल्लेखित बुँदा नं. ४ मा औंल्याइका बिषयले वित्तीय विवरणहरुमा पर्ने असरबाहेक, संलग्न वित्तीय विवरणले गोरखापत्र संस्थानको २०७२ आषाढ मसान्तको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह र ईक्विटीमा भएको परिवर्तनको विवरणको नेपाल लेखामान बमोजिम सहि र यथार्थ चित्रण गर्दछ ।

गोरखापत्र संस्थान (२०७२।७३)

१ वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन

हामीले यसैसाथ संलग्न गोरखापत्र संस्थानको २०७३ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय विवरण, नगद प्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तनको विवरण र तत्सम्बन्धी लेखा नीति तथा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्बन्धित ऐन लगायतप्रचलित अन्य ऐन, नियम, कानून अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटि लगायत सारभूत रुपमा गलत आँकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमानहरु लागू गर्ने कार्यहरु पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरुउपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनको आधारमा लेखापरीक्षण गरेका छौ । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडारहित प्रस्तुति भएको छ भन्ने यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याइका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूतरुपमा गलत आंकडा प्रस्तुति हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएकोभएतापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने

उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्यांकन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. कैफियत सहितको राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन् :

४.१ **संस्थानको निरन्तरता :** संस्थानको आर्थिक अवस्थालाई विश्लेषण गर्दा यस बर्षमा रु.४ करोड ८२ लाख ८५ हजार खुद नाफा देखाएता पनि हाल सम्ममा उपदान बापत खर्चको व्यवस्थामारु.४४ करोड ८९ लाख ६० हजारले कम गरेको, यस बर्षको अन्त्यसम्म लिनु पर्ने आसामी रकममा शंकास्पद आसामीको पर्याप्त ब्यवस्था नगरेको, कूल प्रत्यक्ष आम्दानीको अत्याधिक प्रतिशत कर्मचारी खर्च हुनु साथै नेपाल सरकारको ऋण को भाका नाघेको सांवा तथा ब्याज गरी रु.२ करोड ५६ लाख ५९ हजार भुक्तानी गर्न नसक्नाले संस्थानको निरन्तररुपमा अनन्तकालसम्म सरकारी सहयोग बेगर संचालन हुन सक्ने अवस्थामा सन्देह रहेको छ ।

४.२ **उपदान व्यवस्था :** संस्थानले चालु वर्षसम्म रु.६ करोड ५४ लाख ८७ हजार कर्मचारी उपदान व्यवस्था गरेको छ । संस्थानमा कार्यरत स्थायी कर्मचारीलाई कर्मचारी सेवा शर्त विनियमावली अनुसार यस आर्थिक बर्षको अन्त्य सम्ममा उपदान वापत दिनुपर्ने रु.५१ करोड ४४ लाख ४८ हजार हुन आउंदछ ।

४.३ **प्रतिकूल कर्मचारी खर्च अनुपात :** संस्थानको आ.व. २०७२।७३ को कर्मचारी सम्बन्धी खर्चलाई विश्लेषण गर्ने हो भने कुल प्रत्यक्ष आम्दानी रु. ४७ करोड ५८ लाख रहेको देखिन्छ भने कुल कर्मचारी सम्बन्धी खर्च रु. २६ करोड ५२ लाख रहेको छ जुन कुल प्रत्यक्ष आम्दानीको ५५.७३ प्रतिशत हुन आंउछ । यस बाहेक संस्थानले कर्मचारीको उपदान कोष एवं बिदा बापतको पाउने रकमलाई उपार्जनको आधारमा ब्यवस्था गरेमा संस्थाको आम्दानीले कर्मचारीको खर्च मात्रै धान्न पनि गाह्रो पर्न जान्छ । यसलाई मध्यनजर राखेर कर्मचारी ब्यवस्थापन नगर्ने हो भने संस्थाको घाटामा बृद्धि भई संस्था बन्द गर्नुपर्ने अवस्थामा पुग्ने देखिन्छ ।

४.४ **शंकास्पद आसामी:** संस्थानको आर्थिक विवरण अनुसार यस वर्षसम्ममा आसामी अन्तर्गत कूल लिनुपर्ने रकम रु. १७ करोड ६७ लाख रहेको मध्ये ३६५ दिन भन्दा पुराना रु. १५ करोड २४ लाख रहेको छ । जुन कूल आसामी रकमको ८६.२५ प्रतिशत हुन आउंछ जसको असूल हुने सम्भावना न्युन भएको देखिन्छ । उक्त पुरानो रकमलाई शंकास्पद आसामीमा वर्गिकरण गरी सो वापत नाफा नोक्सान हिसाबमा खर्च जनाउदा संस्थानको नाफा नोक्सानमा सारभुत रुपमा प्रतिकुल असर पर्ने देखिन्छ । सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई यस्तो रकम असूल गर्नु पर्दछ ।

४.५ **आयकर पेश्की :** संस्थानको वासलात अनुसार २०७२।७३ को आयकर पेश्की रु. २ करोड ८७ लाख ११ हजार देखाइएको तर आन्तरिक राजश्व कार्यलयमा बुझाउने आय विवरण को अनुसुचि १० मा जम्मा रु. १ लाख १६ हजारमात्रै दावि गरेको पाइएकोले फरक परेको रकम रु. १ करोड ७० लाख ८४ हजार आगामी बर्षमा दावी नपाउने भएकोले सोलाई नाफा नोक्सान खातामा समायोजन गर्दा संस्थानको हालको नाफामा सारभूत रुपमा प्रतिकुल असर पर्ने देखिन्छ । साथै कर मिलानको दावी नगर्ने जिम्मेवार पदाधिकारी लाई कारवाही गर्नु पर्दछ ।

४.६ **मूल्य अभिवृद्धि कर दायित्व :**संस्थानले मूल्य अभिवृद्धि कर दायित्वमायस बर्षको वासलातमा रु. ३४ लाख ८ हजार देखाएको र संस्थाको मूल्य अभिवृद्धि कर विवरणमा उक्त रकम रु. ५१ लाख ६ हजार रहेको पाईयो । तसर्थ संस्थानले आफनो खातामा रु.१६ लाख ९८ हजार कम दायित्व लेखाङ्कन गरेको देखियो ।

संस्थानले मू.अ.कर प्राप्य रकम भनी यस बर्षको वासलातमा रु. १३ लाख ४६ हजार देखाएको र संस्थानले बुझाएको मू.अ.कर विवरणमा उक्त रकम रु.४ लाख २ हजार रहेको पाईयो । यसले संस्थानले आपनो खातामा रु. ९ लाख ४४ हजार बढी लेखाङ्कन गरेको देखियो । विवरण बुझाएको मिति भन्दा पश्चात पनि विभिन्न खरिद लेखांकन गरेको र सो को दावी गर्ने एक बर्षको म्याद समेत गुज्रीसकेकोले सो रकम समयमै दावी नगर्ने कर्मचारी लाई जिम्मेवार वनाई असूल गर्नु पर्दछ ।

४.७ **कर्मचारीको बोनस ब्यवस्था:**संस्थानले २०७२/७३ को वित्तीय विवरणमा कर्मचारी बोनस बापत रु. ४६ लाख २८ हजार व्यवस्था गरेको पाइयो । संस्थानले कर्मचारी उपदान कोषको पर्याप्त ब्यवस्थाएवं शंकास्पद आसामीको ब्यवस्था नगरी बोनसको ब्यवस्था गरेको छ । यसर्थ यसरी बोनस ब्यवस्था गर्नेकार्य बन्द गरी यस्तो किसिमले निर्देशन दिने सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

५. **व्यवस्थापन पत्र**

व्यवस्थापनले सुधार गर्नुपर्ने व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा दर्शाइएको छ ।

६. **लेखापरीक्षकको राय**

कैफियत सहितको लेखापरिक्षण राय ब्यक्त गर्ने आधारको रुपमा हाम्रो रायमा माथि उल्लेखित वुदा नं. ४ मा औल्याइका बिषयले वित्तीय विवरणहरुमा पर्ने असरबाहेक, संलग्न वित्तीय विवरणले गोरखापत्र संस्थानको २०७३ आषाढ मसान्तको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह र ईक्विटीमा भएको परिवर्तनको नेपाल लेखामान बमोजिम सही र यर्थाथ चित्रण गर्दछ ।

जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड (२०७१।७२)

१. **वार्षिक वित्तिय विवरण उपर प्रतिबेदन**

हामीले जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको यसै साथ संलग्न २०७२ आषाढ मसान्तको वासलात सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाव नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन र लेखा सम्वन्धि टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेकाछौ ।

२. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल लेखामान, सम्बन्धित ऐन लगायतप्रचलित अन्य ऐन, नियम, कानून अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटि लगायत सारभूत रुपमा गलत आँकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमानहरु लागू गर्ने कार्यहरु पर्दछन् ।

३. **लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरुउपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनको आधारमा लेखापरीक्षण गरेका छौ । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडारहित प्रस्तुति भएको छ भन्ने यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याइका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूतरुपमा गलत आंकडा प्रस्तुति हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएकोभएतापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्यांकन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४ कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तिय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन :

४.१ कम्पनीको पूँजी आ.व. २०७०/७१ मा, शेयर पूँजी रु.२ करोड ७५ लाख १७ हजार र यू.एन.डि.पी. र यू.नि.डो. को अनुदान रु.४ लाख २ हजार गरी रु.२ करोड ७९ लाख १९ हजार रहेकोमा संचित नोक्सानी रु.२० करोड ९१ लाख २८ हजारले शेयरधनीको स्वामित्व ऋणात्मक रहेको छ । यस आ.व. २०७१/७२ मा शेयर पूँजी रु.२ करोड ७५ लाख १७ हजार र यू.एन.डि.पी. र यू.नि.डो. को अनुदान रु.३ लाख ५९ हजार समायोजन गरी रु.२२ करोड ४३ लाख १९ हजार ले शेयरधनीको स्वामित्व ऋणात्मक रहेकोले कम्पनीको शेयरधनी लगानीको ९.१७ गुणाले संचित नोक्सानी रहेकोले कम्पनीको खस्कदो अवस्था इंगित गर्दछ ।

४.२ कम्पनीको समग्र आर्थिक, वित्तिय, संचालन तथा नगद प्रवाहको अवस्थाको अध्ययन गर्दा यस आ.ब. २०७१/७२ को आषाढ मसान्तसम्म सुरक्षित ऋण रु.२ करोड ४२ लाख ४५ हजार र असुरक्षित ऋण रु. ४ करोड ९३ लाख ४९ हजार गरि जम्मा ऋण रु.७ करोड ३५ लाख ९४ हजार भुक्तानी गर्नु पर्ने र उक्त ऋणको व्याज वापत भुक्तानी गर्नु पर्ने रु. ७ करोड ९ लाख २ हजार रहेको छ । कम्पनीको कुल ऋण तथा व्याज वापत दायित्व रु.१४ करोड ४४ लाख ९६ हजार रहेको छ । कम्पनीले तत्कालीन श्री ५ को सरकार, अर्थ मन्त्रालयबाट बिभिन्न मितिमा असुरक्षित ऋण रु.४ करोड ९३ लाख ४९ हजार लिएकोमा ऋण सम्झौता अनुसार कुनै सांवा तथा व्याज भुक्तानी गर्ने नगरेको र उक्त ऋणको सांवा रु.४ करोड ९३ लाख ४९ हजार र व्याज वापत रु.६ करोड ४८ लाख ९५ हजार भुक्तानी गर्नु पर्ने दायित्व व्यवस्था अर्न्तगत देखाएको छ ।

कम्पनीको आ.ब. २०७१/७२ सम्म कर्मचारीहरुलाई भुक्तानी गर्न बाँकी उपदान तथा औषधि उपचार वापतको व्यवस्था रु.१२ करोड ६३ लाख ९२ हजार रहेकोमा कम्पनीले कुनै कोष खडा गरेको छैन ।

४.३ कम्पनीको अधिकृत पूँजी रु. ५ करोड र जारी पूँजी रु.३ करोड ८६ लाख मध्ये नेपाल सरकारबाट चुक्ता हुन बाँकी रु. ७० लाख ६१ हजार, श्री बन पैदावार बिकास समितीबाट रु.३ लाख २ हजार र सर्वसाधारणलाई वितरण गर्न छुट्टाईएको रु. ३७ लाख २० हजार बराबरको शेयर गरी जम्मा रु.१ करोड १० लाख ८३ हजार चुक्ता हुन बाँकी संम्बन्धमा यस आ.ब २०७१/७२ आषाढ मसान्त सम्म कुनै कारवाही भएको छैन ।

४.४ कम्पनीको स्थिर सम्पत्ति रु.१ करोड ७९ लाख ५७ हजार मध्ये शाखा कार्यालय, तामागढी, बाराको ५०० बिघा र शाखा कार्यालय, तरहरा, ईटहरीको २५ हेक्टर जग्गाको लालपूर्जा लिन बांकी रहेको छ ।

४.५ कम्पनीको जडीबुटी प्रशोधन यन्त्र मिती २०७०/०८/१२ मा बिना धरौटी श्री आङ निमा शेर्पासँग सम्झौता गरी यन्त्र उपभोग गरे बापत वार्षिक रु. ५ हजार र धसिने तेल तथा अन्य उत्पादित तेलहरु कम्तीमा ५० देखी ७५ केजी कम्पनीको मूल्यमा उपलब्ध गराउनु पर्ने शर्त अनुसार उक्त यन्त्र संचालन गराइएकोमा निज श्री आङ निमा शेर्पाबाट आ.ब २०७१/७२ मा पनि निज श्री आङ निमा शेर्पाबाट कुनै तेल उपलब्ध तथा रकम असुल भएको गरिएको पाइएन ।

४.६ कम्पनीको जिन्सी सामानहरु आर्थिक बर्षको अन्त्यमा जिन्सी सामानहरुको निरीक्षण गरी ठीक दुरुस्त भए नभएको कार्यालय प्रमुखबाट समेत प्रमाणित गर्ने नगरेकोले वासलातमा देखाएको जिन्सी मौज्दात ठिक, दुरुस्त छ भन्ने आधार नरहेको ।

४.७ कम्पनीको मिति ई.स. २०११.१०.०५ मा नेपाल ईन्भेष्टमेन्ट बैङ्कसंग प्रतित पत्र खोले वापत राखेको Margin रकम रु. ३ लाख ७८ हजार ५०० हालसम्म पनि फुकुवा भएको पाईएन ।

४.८ कम्पनीको चालु दायित्व शिर्षकमा रु.८ करोड ७२ लाख ६९ हजार रहेकोमा बिस्तृत विवरण प्राप्त नभएकोले सो दायित्व कति समय अघि सृजना भएको एकिन गर्न सकिएन ।

४.९ कम्पनीले यस आ.व. २०७१/७२ (मिति २०७२/०३/३०) मा रु. १२ लाख ९९ हजार लागत मुल्य भएको जग्गा काठमाडौं उपत्यका बिकास प्राधिकरणलाई १३–१४–०–० जग्गा रु. ५७ करोड ७२ लाखमा बिक्री गरी रु. ५७ करोड ५९ लाख नाफा गरेको र कम्पनीको लेखा प्रोदभावी आधारमा राख्ने गरेता पनि कम्पनीले उक्त बिक्री रकमलाई त्यस आर्थिक वर्षको आम्दानीमा लेखाङ्कन नगरेकोले कम्पनीले तयार गरेको आय व्यय हिसाब तथा वासलातले कम्पनीको यथार्थ चित्रण गर्न सक्छ भन्ने अवस्था छैन ।

५. **व्यवस्थापन पत्र :**

व्यवस्थापनले सुधार गर्नु पर्ने थप व्यहोरा यसै साथ संलग्न व्यवस्थापन पत्रमा दर्शाइएको छ ।

६. **लेखापरीक्षकको राय :**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा हाम्रो रायमा माथि वुंदा नं. ४ मा औंल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्ने असर बाहेक, समष्ठिगत आर्थिक विवरणले लिमिटेडको २०७२ आषाढ मसान्तको वित्तिय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको नाफानोक्सान हिसाब, नगद प्रवाह र इक्वीटीमा भएको परिवर्तनले सही र यथार्थ चित्रण गर्दछ ।

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड (२०७१।७२)

१. **वार्षिक वित्तीयविवरण उपर प्रतिवेदन**

हामीले जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको २०७२ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्तभएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब,नगद प्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्वन्धीविवरण र तत्सम्बन्धी लेखानीतितथा लेखा टिप्पणी समावेश भएको वित्तीयविवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल लेखामान, सम्बन्धित ऐन लगायत प्रचलित अन्य ऐन, नियम, कानून अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटि लगायत सारभूत रुपमा गलत आँकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमानहरु लागू गर्ने कार्यहरु पर्दछन् ।

३. **लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरुउपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनको आधारमा हामीले लेखापरीक्षण गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडारहित प्रस्तुति भएको छ भन्ने यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याँइका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूतरुपमा गलत आँकडा प्रस्तुति हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएको भएतापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. **कैफियतसहितको राय ब्यक्त गर्ने आधार**:

कैफियतसहितको लेखापरीक्षण राय ब्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पर्ने व्यहोरा निम्नानुसार छन् :

४.१. **नेपाल लेखामानको पालना :** संस्थाले पालना नगरेका केही लेखामानको संक्षिप्त विवरण यसप्रकार छन् :

४.१.१. संस्थाले आयरु.९८ हजार र व्यय रु. ६४ हजारको छुटै लेखाङ्कन नगरी खुद आय रु.३४ हजार लेखांकन गरेको, अग्रिम बिमा खर्च रु. ३ लाख ९२ हजारलाई खर्च लेखाङ्कन गरेको, आर्थिक वर्ष २०७०/७१ संग सम्बंधित खर्च रु.९ लाख ७९ हजार यस आर्थिक वर्षमा लेखाङ्कन गरेको, अग्रिम कर रु.३ लाख ७० हजार आर्जनको आधारमा लेखाङ्कननगरेको, विगत आर्थिक वर्ष देखिका उपदान र विदा वापतको रकम यस आर्थिक वर्षमा व्यवस्था गरी नाफा नोक्सान हिसाबमाखर्च लेखेकोजस्ता कारणले संस्थाले नेपाल लेखामान १ को पालना गरेको पाइएन ।

४.१.२. नेपाल लेखामान २० अनुरुप बिगतका वर्षहरुमा अनुदान वापत प्राप्त मेसिनहरूको बार्षिक ह्रास कट्टीका आधारमा क्रमशः सो अनुदान रकमलाई आम्दानीमा लेखाङ्कन गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।

४.१.३. नेपाल लेखामान १२ ले आयकर खर्चमा यस वर्षको कर (current tax)र स्थगन करको जोड लेख्नुपर्ने व्यवस्था भएकोमा संस्थाले स्थगन कर सम्पत्ति वा दायित्व गणना गरेको छैन ।

४.१.४. नेपाल लेखामान १६अनुसार स्थिर सम्पत्तिको बिक्रीबाट भएको खुद नाफा वा नोक्सानी आफ्नो नाफा नोक्सान हिसाब मा लेखांकन गरी सो सम्पत्ति को किताबी मूल्य स्थिर सम्पत्ति को जम्मा परल मूल्यबाट घटाउनु पर्नेमा संस्थाले बिगतका वर्षहरुमा लिलाम बिक्री गरिएका सम्पत्तिहरु हालसम्म पनि नघटाएर ती सम्पत्तीहरुको पनि ह्रासकट्टी हुदै आएको छ ।

४.१.५. आयकर ऐन अनुसार श्रोतमा कट्टी गर्नुपर्ने रकम कट्टी नगरेको साथै कट्टी गरेको रकम लाई सम्बन्धित राजस्व कार्यालयमा ढीला गरी दाखिला गरको हुनाले उक्त रकमको ब्याज, शुल्क तथा जरिवानाको गणनागरी नेपाल लेखामान ३७ अनुसारको ब्यवस्था एवं सम्भावित दायित्वको उचित मूल्याङ्कन तथा प्रस्तुति गरेको पाइएन । आयकर ऐनको पालना नगर्ने पदाधिकारीलाई जिम्मेवार वनाउनु पर्दछ ।

४.२. **अविच्छिन्नता**:यो संस्था २०६३।६४ देखि निरन्तर नोक्सानीमा रही २०७१।७२ सम्म संचित नोक्सानी र १ अर्व ५७ करोड ४ लाख ८ हजार ८३ रुपैंया पुगेको देखिन्छ । समयमा वजेट तयार नगर्ने व्यवसायिक योजना तयार नगर्ने, प्रमुख कच्चा पदार्थ कागज खरिदको खरिद योजना नवनाउने, शैक्षिक शत्र वारे जानकारी हुँदा हुदै समयमै छपाईको लागि कागजात खरिद नगर्ने, कागजको गुणस्तर नभएमा कारण उत्पादन नोक्सानी वढी हुने, हिसाव किताव अद्यावधिक गर्न सूचना प्रविधिको यथोचित प्रयोग नहुने आदि कारणले २०७१।७२ सम्म ऋणात्मक नेटवर्थ रु.१ अर्ब ४ करोड ६९ लाख ७० हजार पुगेको छ । संस्थाको व्यवस्थापन पक्षको योजनागत दूरदर्शिता र प्रभावकारी कार्यान्वयनको अभावले गर्दा संस्थाको अविच्छिन्नतामा असर पर्न सक्ने देखिएको छ । जिम्मेवारी पूरा नगरी संस्थाको नेटवर्थ ऋणात्मक बनाउने सम्वन्धित पदाधिकारीलाई जिम्मेवार वनाउनु पर्दछ ।

४.३. **अनुदान** : विगतका वर्षहरुमा निर्वाचन आयोगबाट संविधानसभा निर्वाचनको मतपत्र छपाईका लागि प्राप्त भएको वेभटेक प्रिन्टिंग मेसिन र सोको स्पेरपार्ट्सहरु केन्द्रले मूल्य नराखिकन स्टोर दाखिला गरेकाले लेखामा लेखाङ्कन गरेको छैन । संस्थाले प्राप्त गरेको जापानी मेशीन वापतको अनुदानवित्तीय विवरणमा उल्लेख गरेको नदेखिएको तर स्थिर सम्पत्तिमा जापानी मेसिन को मुल्य (ह्रासकट्टी पछिको रकम) रू.६१ लाख ५० हजार कायम रहेको पाइएयो ।

४.४. **लगानी** : नागरिक लगानी कोषमा रहेको केन्द्रको स्वीकृत अवकाश कोषको खातामा रु.१४ लाख ९६ हजार मौज्दात रहेको भनी लेखा टिप्पणीमा उल्लेख गरेतापनि वित्तीय विवरणमा सो रकम प्रस्तुत भएको पाइएन । लेखापरीक्षणको क्रममा संस्थाले गरेको लगानी विवरण तथा मौज्दातको समर्थन पत्र पनि उपलब्ध भएन । पर्याप्त खुलासा नगरी वित्तीय विवरण तयार गर्ने कर्मचारीलाई जिम्मेवार वनाउनु पर्दछ ।

४.५. **जिन्सी मौज्दात** : छपाई कार्य गर्न आवश्यक मेशिनरी,कागज,मसी लगायतका कच्चा पदार्थ र मर्मत तथा सम्भारमा प्रयोग हुने सामानहरु भण्डारमा ठीकसँग पहिचान हुने गरी राखेको छैन । साथै संस्थाले उपलब्ध गराएको जिन्सी मौज्दात मूल्याङ्कन र संस्थाको वित्तीय विवरणमा उल्लेखित अन्तिम मौज्दातको विवरण तुलना गर्दा वित्तीय विवरणमा देखाएको भन्दा जिन्सी मौज्दात मूल्याकंनमा रु.७७ लाख ४९ हजार घटी देखिएको छ । मौज्दात घटीको छानविन गरी जिम्मेवार व्यक्तिबाट असूल गर्नु पर्दछ ।

रु.२ करोड ३१ लाख ८२ हजार बराबरको खपत नभएका सामानहरु जिन्सी मौज्दात २०७०/७१ बाटअगाडी ल्याइएको भनिएता पनि उक्त मौज्दातको उचित व्यवस्थापन नभएको साथै सम्भावित नोक्सानी व्यवस्था गर्ने तर्फ पनि कुनै कारबाही नभएको पाइयो ।

४.६. **व्यापारिक तथा अन्य प्राप्य रकम** : विगत १० वर्षभन्दा अघिदेखिको जिम्मेवारी सारेकोरु. ३७ लाख ४३ हजार बराबरको आसामी असुली हुन सक्ने अवस्था नदेखिएतापनि सम्भावित नोक्सानी व्यवस्था गर्ने तर्फ कुनै कारबाही गरेको छैन ।

संस्थाले आम्दानी लेखाङ्कन गर्दा आय आर्जनको आधारमा गर्ने गरेको, तर आम्दानी लेखाङ्कनका बखत आसामीबाट कर कट्टी हुनुपर्ने रकमलाई अग्रिम करको रूपमा नदेखाई सम्पूर्ण रकमलाई प्राप्त हुनुपर्ने भनी देखाएको छ ।

४.७. **नगद तथा बैंक मौज्दात :** वित्तीय विवरण अनुसार क्षेत्रीय कार्यालयका बैंकका चल्ती खातामा रु.१ करोड ४४ लाख ८७ हजार मौज्दात रहेकोमा सो मौज्दात क्षेत्रीय कार्यालयको बैंक हिसाव विवरण भन्दा रु.५३ लाख ४२ हजारले कम रहेकोले छानविन गरी जिम्मेवार पदाधिकारीबाट असूल गर्नु पर्दछ ।

४.८. **व्यापारिक तथा अन्य भुक्तानी :** व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्नेरु.४ करोड १५ लाख ९९ हजार को आयुगत विवरण उपलब्ध भएन । भुक्तानी गर्न बाँकी हिसाबमा साहु रकम रू.३ करोड ६ लाख ७७ हजार, तिर्न बाँकी ब्याज तथा बैंक कमिसन रू.३करोड १६लाख ६० हजार, क्षेत्रीय कार्यालयको तिर्न बाँकी भनी देखाइएका रकमहरु रू. १ करोड ६ लाख २८ हजार सम्बन्धी विस्तृत विवरण उपलब्ध भएन ।

४.९. **बिक्री रकममा एकरुपता नभएको** :संस्थाको बजार व्यवस्था बिभागले तयार पारेको बिक्री खाताको रकम रु. ६८ करोड ६२ लाख २९ हजार, लेखा शाखाले तयार पारेको बिक्री खाताको रकम रु. ६१ करोड ६ लाख ३९ हजार तथा मूल्य अभिबृद्धि कर विवरणमा देखाइएको बिक्री रकम रु.३५ करोड ८५ लाख ८० हजारको हिसाब मिलान गरेको छैन ।

४.१०. **कागज खरिद :** लेखा शाखा को विवरण अनुसार कागज खरिद रु.३३ करोड ४५ लाख ५८ हजार र मूल्य अभिबृद्धि कर विवरण अनुसारको कागज खरिद रकम रु.३३ करोड ३६ लाख ७६ हजार रहेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग मातहत रहेका कागज खरिदका कागजातहरु परिक्षणार्थ उपलब्ध गराईएता पनि बोलपत्र सम्बन्धी कागजातहरु उपलब्ध नहुँदा निर्णय प्रक्रिया सम्बन्धमा राय दिन सकिएन ।

४.११. **कर्मचारीको तलबमा कर कट्टी :**संस्थाले कर्मचारीहरु को तलब माआयकर ऐन, २०५८ अनुसार कर कट्टि गरेको पाइन । संस्थालेआर्थिक वर्ष २०७१/७२ मा कर्मचारीको पारिश्रमिक कर रु.५८ लाख ५३ हजार कट्टी गरेकोमारु.५७ लाख ४ हजार मात्र राजश्व दाखिला गरेको छ ।ढीला बुझाए वापत लाग्ने व्याज तथा जरिवानाको व्यवस्था गरेको छैन । यसरी आयकर ऐन अनुसार कर कट्टी नगर्नु तथा कट्टी गरेको कर समयमा दाखिला नगर्ने कर्मचारीलाई जिम्मेवार बनाई कर दाखिला गर्नु पर्दछ ।

५. व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा दर्शाइएको छ ।

६. लेखापरीक्षककोराय

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा हाम्रो रायमा, माथि उल्लेखित बुँदा नं. ४ मा औंल्याइएकाविषयले वित्तीयविवरणहरुमा पर्ने असरबाहेक, संलग्न वित्तीय विवरणले जनक शिक्षा सामग्री केन्द्र लिमिटडको २०७२ आषाढमसान्तको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको संचालन नतिजा र नगद प्रबाहको नेपाल लेखामानबमोजिम सहि र यथार्थ चित्रण गर्दछ।

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड (२०७२।७३)

१. बार्षिक वित्तीय विवरण उपर प्रतिवेदन

हामीले यसैसाथ संलग्न जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको २०७३ आषाढमसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय विवरण, नगद प्रवाह विवरण तथा इक्विटीमा भएको परिवर्तनको विवरण,तत्सम्बन्धी लेखानीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

२. वित्तीय बिवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्बन्धित ऐन र अन्य ऐन,नियम,कानुन अभ्यास अनुरुप यी वित्तीय विवरण तयार गर्ने एवं उचित रुपमा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटी लगायत सारभूतरुपमा गलत आंकडारहित प्रस्तुतीकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुनेगरी स्थापित गर्ने,उपयुक्त लेखा नीतिको छनौटतथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसारउचितलेखाअनुमानलागुगर्नेकार्यपर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणका आधारमा राय व्यक्त गर्नु हो ।हामीले नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शनअनुसार व्यवसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूतरुपमा गलत आँकडारहित प्रस्तुति भएको छभन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सुचनालगायत अन्य विवरणका बारेमा पुष्टयाँइका यथेष्टप्रमाण संलकन गर्ने,प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ।यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरणमा जालसाजी वा त्रुटिबाटसारभूतरुपमा गलत आँकडा प्रस्तुति हुनसक्ने कुरामा अबलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन ब्यावसायिक बिबेकमा निर्भर हुन्छ ।लेखापरीक्षणबाटजोखिम मूल्यांकन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतिकरणका लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएको छतापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उदेश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता, बिश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्यांकन गर्नु समेत लेखापरीक्षणकार्य अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियतसहितको लेखापरीक्षण राय ब्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी बिश्वस्त छौं ।

४. कैफियतसहितको राय ब्यक्त गर्ने आधार

कैफियतसहितको लेखापरीक्षण राय ब्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पर्ने व्यहोरा निम्नानुसार छन् । निम्न लिखित अवस्थाको कारण केन्द्रको वित्तीय विवरणमा पर्ने असर यकिन हुन सकेन ।

४.१ लेखामानको पालना

संस्थाले प्रचलित लेखा सिद्धान्त एवं लेखामानको पूर्ण पालना गरेको पाइएन ।संस्थाले पालना नगरेका केही लेखामानको संक्षिप्त विवरण यसप्रकार छन् ।

४.१.१ हामीले लेखापरीक्षण गरेको हदसम्म, संस्थाले नागरिक लगानी कोष मा रहेको रु. २,०३६,६१०। बराबरको लगानी वित्तीय विवरण मा उल्लेख नगरेको, अग्रिम बिमा खर्च रु. ३४२,६०३। लाई खर्च लेखांकन गरेको, आर्थिक वर्ष २०७१/७२ सँग सम्बंधित विभिन्न शीर्षक अन्तर्गतकोखर्च रु. १,३१३,५८३।आर्थिक वर्ष २०७२/७३ मा लेखांकन गरेको, अग्रिम कर रु. ३२,६३६। आर्जन को आधार मा लेखांकन नगरेको, गत बर्षसँग सम्बन्धित

कर तिरो खर्च भनी लेखांकन गरेको रकम रु.६५,३२७,६५९। मा रु.४,८५४,३३६।कर्मचारीहरुको तलव तथा आपूर्तिकर्ताहरुको भुक्तानीमा कट्टा गरेको कर दायित्वसँग संस्थाको आफ्नै अग्रीम कर रु.७०,१८१,९९५। मिलान गरी समायोजन गरेको जस्ता कारणहरुले संस्थाले नेपाल लेखामान १, को परिपालना गरी लेखा राखेका पाइएन ।

४.१.२ नेपाल लेखामान २ अनुसार जिन्सी मौज्दातको मूल्यांकन"लागत"अथवा"खुद प्राप्य मूल्य" मध्ये जून कम हुन्छ सो रकममा गर्नुपर्नेमा सो नगरी संस्थाले जिन्सी मौज्दातको मूल्यांकन रु. ६,६६७,२९४ ले बढी गरेको साथै संस्थामा रहेका पाठ्यक्रम परिवर्तन भै थन्काईएका पाठ्यपुस्तकको नेपाल लेखामान २ अनुसार हुनआउने मूल्य पनि वित्तीय विवरणमा प्रस्तुत गरेका छैन ।

४.१.३ नेपाल लेखामान १२, अनुसार संस्थाले स्थगनकर सम्पत्ति वा दायित्व गणना गर्ने गरेको पाईएन ।

४.१.४ नेपाल लेखामान १६,अनुसार स्थिर सम्पत्तिको बिक्रीबाट भएको खुदनाफा वा नोक्सानी संस्था ले आफ्नो नाफानोक्सान हिसाब मा लेखांकन गरी सो सम्पत्ति को किताबी मूल्य स्थिर सम्पत्ति को जम्मा carrying valueबाट घटाउनु पर्नेमा संस्थाले बिगतका वर्षहरुमा लिलाम बिक्री गरिएका सम्पत्तिहरु हालसम्म पनि नघटाएकाले निसर्ग भैसकेका सम्पत्तिहरुको पनि ह्रासकट्टी हुदै आएको ।साथै, संस्थाले खरिद गरिएका सामानहरुमा कुल ह्रास आधार जनाउदा आयकर ऐन २०५८ अनुसार दुई तिहाई र एक तिहाइको नीति लिएको हुनाले नेपाल लेखामान १६ अनुसारको ह्रास कट्टी गणना भएको छैन ।

४.१.५ नेपाल लेखामान २०,अनुरुप बिगतका वर्षहरुमा अनुदान वापत प्राप्त मेसिनहरूको बार्षिक ह्रास कट्टीका आधारमा क्रमशः सो अनुदान रकमलाई आम्दानीमा लेखांकन गर्नुपर्नेमा संस्थाले लेखामान अनुसार गरेको पाइएन। संस्थाले प्राप्त गरेको जापानी अनुदानको रकम वित्तिय विवरणमा देखिँदैन तर स्थिर सम्पत्तिमा जापानी मेसिन(ह्रासकट्टी पछिको रकम) रू.५,२२७,८९७। रहेको छ ।संस्थाले प्राप्त गरेको डेनिडा अनुदानको मेसिनमा यस बर्ष रू. १,२२९,६९०। ह्रासकट्टीगरेको पाईयो तरह्रासकट्टी बराबरको रकम वित्तिय विवरणमाआम्दानी बाँधेको पाईएन ।साथै,संस्थाले निर्वाचन आयोगबाट प्राप्त अनुदानमा नियमानुसार अघिल्लो आ.व. बाट जिम्मेवारी सरिआएको स्थगन आयलाई आम्दानीबाँधेको पाईएन ।

४.१.६ संस्थाले श्रोतमा कट्टी गर्नुपर्ने कर रकम आयकर ऐन अनुसार कट्टी नगरेको साथै कट्टी गरेको रकम लाई सम्बन्धित राजस्व कार्यालयमा ढिला गरी दाखिला गरेको हुनाले उक्त रकमको ब्याज, शुल्क तथा जरिवानावापत हुन आउने रकम रु. ६,१९१,९९४।को ब्यवस्थानगरेकाले नेपाल लेखामान३७, अनुसारको ब्यवस्था एवम् सम्भावित दायित्वको उचित मूल्यांकन तथा प्रस्तुतिनगरेको पाईयो।

४.२ अनुदान

संस्थाले प्राप्त गरेको जापानी अनुदानको रकम वित्तिय विवरणमा उल्लेख गरेको नदेखिएको तर स्थिर सम्पत्तिमा जापानी मेसिन(ह्रासकट्टी पछिको रकम) रू. ५२,२७,८९७कायम रहेको पाइएको ।संस्थाले प्राप्त गरेको डेनिडा अनुदानको मेसिनमा यस बर्ष रू. १,२२९,६९०। ह्रासकट्टीगरेको पाईयो तरह्रासकट्टी बराबरको रकम वित्तिय विवरणमाआम्दानी बाँधेको पाईएन ।साथै,संस्थाले निर्वाचन आयोगबाट प्राप्त अनुदानमा नियमानुसार अघिल्लो आ.व. बाट जिम्मेवारी सरिआएको स्थगन आयलाई आम्दानीबाँधेको पाईएन ।

४.३ लगानी

नागरिक लगानी कोषमा रहेको केन्द्रको स्वीकृत अवकाश कोषको खातामा रु. २,०३६,६१०। मौज्दात रहेकोभनीलेखा टिप्पणीमा उल्लेख गरेतापनि वित्तीय विवरणमा समावेश गरेको छैन ।

४.४ जिन्सी मौज्दात

छपाई कार्य गर्न आवश्यक मेशिनरी,कागज,मसी लगायतका कच्चा पदार्थ र मर्मत तथा सम्भारमा प्रयोग हुने मौज्दातमा देखिएका सामानहरु भण्डारणमा पहिचान हुने गरी राखेको पाइएन ।साथै संस्थाले उपलब्ध गराएको

जिन्सी मौज्दात मूल्यांकन विवरण र संस्थाको वित्तीय विवरणमा उल्लेखित अन्तिम मौज्दातको तुलना गर्दा वित्तीय विवरणमा रु. ६,६६७,२९४। ले अधिकदेखिएको छ ।

४.५ व्यापारीक तथा अन्य प्राप्य रकम

संस्थाले लिनूपर्ने आसामीको विस्तृत आयूगत विवरण तयार नगरेको, असूल नहूने रकम असूल नगरेको, कर वापतको रकम प्रमाण लिई मिलान नगरेको, आसामी बाँकी रकमको समर्थन पत्र लिने नगरेको र आ.व २०५६/५७ देखिका आसामीहरुको रकम फरफारकगरेको पाइएन ।

साझा प्रकाशनसँग गत आर्थिक बर्षको अन्तसम्ममा प्राप्त गर्नुपर्ने रकम रु.१८१,०६७,२९८।रहेकोमा यस वर्षकोअन्तसम्ममा व्याजसहित रु.२१२,११०,९५६।असूल गर्न बाँकी रहेको छ । सोको समर्थन पत्र लिएको छैन । यस आ.व.मा पुनः सोही संस्थालाई रु.१०,०३७,५७५। पेश्की प्रदान गरेको छ ।असूल गर्न वाँकी रहेको संस्थालाई पुनः पेश्की रकम स्विकृत गर्ने लाई जिम्मेवार बनाई आसामी असूल गर्नु पर्दछ ।

४.६ नगद तथा बैंक मौज्दात

क्षेत्रीय कार्यालय विराटनगरकोनेपाल बैंक लि. फिदिम शाखामा रु.१७३,३९४।बराबरको रकम लेखा हिसाब भन्दा बैंक खातामा कम रहेको पाइएकाले सो सम्वन्धमा छानवीन गर्नुपर्दछ ।

४.७ बिक्री रकममा एकरुपता नभएको

संस्थाको बजार व्यवस्था बिभागले तयार पारेको बिक्री खाताको रकम रु. ८३६,८३७,९०५। लेखा शाखाले तयार पारेको बिक्री खाताको रकम रु. ८३५,९२८,९१८।तथा मूल्य अभिवृद्धि कर विवरणमा देखाइएको बिक्रि रकम रु. ९९५,५४८,९६९। को हिसाब मिलानगर्नु पर्दछ ।

४.८ विगत बर्षहरुको कर फछ्यौंट

संस्थाको आ.व. २०५७/५८ देखि २०६६/६७ सम्मको आयकर बापत हुन आउने सम्पूर्ण दायित्व कर फर्छ्यौट आयोगको मिति २०७२/०६/२१को निर्णय अनुसार संस्थाले आ.व. २०६६/६७ सम्म भुक्तानी गरेको आयकर रकमतथा कर कट्टी रकम समायोजन तथा रु.५०,००,०००।थप कर तिर्ने शर्तमा मिनाहा भएकोर संस्थाले यस समायोजन को लेखा प्रविष्टि गर्दा अग्रीम कर रु.७०,१८१,९९५। (डे) संग टि डि एस रकम रु.४,८५४,३३६। (के) समायोजन गरी खूद रकम रु.६५,३२७,६५९।लाई गत बर्षसँग सम्बन्धित कर तिरो खर्च भनी लेखांकन गरेको छ । यसरी गरिएको प्रविष्टि रकम आयकर ऐन २०५८ को दफा ९० तथा नेपाल लेखामान १ अनुसार भएको पाइएन । मिनाहा भएकोटि डि एस बापतको दायित्वको रकम रु. ४,८५४,३३६। आम्दानीमा लेखांकन गर्नु पर्दछ ।

५. व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा समावेश छ ।

६. मन्तब्य

सम्पन्न गरिएको परीक्षणको आधारमा देहायको प्रतिवेदन पेश गर्दछौं :

क) लेखापरीक्षण प्रतिवेदन को बुंदा न. ४.१ देखि ४.८सम्मउल्लेखित कैफियतहरु बाहेकहामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफ पाएका छौं ।

ख)लेखापरीक्षण प्रतिवेदन को बुंदा न. ४.१ देखि ४.८सम्मउल्लेखित कैफियतहरु बाहेकहामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा कम्पनीको हिसाब किताब,ऐन बमोजिम ठिक संग राखिएको छ।

ग)लेखापरीक्षण प्रतिवेदन को बुंदा न. ४.१ देखि ४.८ सम्मउल्लेखित कैफियतहरु बाहेक यो प्रतिबेदनसंग सम्बन्धित संलग्न वासलात, नाफानोक्सान हिसाब, नगद प्रवाह विवरण कम्पनीले राखेको हिसाब किताब , बहीखाता श्रेस्ता र लेखासंग दुरुस्त रहेका छन् ।

घ) हाम्रो लेखापरीक्षणको समयमा कम्पनीको संचालक समितिका पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन बिपरित लेखासम्बन्धी कुनै काममा अनियमित कार्य गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीको हानी/नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।

ङ) कम्पनीले गरेको कार्य आफ्नो कार्यक्षेत्र भित्र रहेको पाईयो । र

च) कम्पनीमा लेखा सम्बन्धी कुनै जालसाजी गरेको हाम्रो जानकारीमा आएन।

७. लेखापरीक्षककोराय

हाम्रो रायमा, माथि बुँदा नं. ४ मा औंल्याइएका बिषयले वित्तीय विवरणहरुमा पर्ने असरबाहेक, संलग्न वित्तीय विवरणले जनक शिक्षा सामग्री केन्द्र लिमिटडको २०७३ आषाढमसान्तको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको संचालन नतिजा र नगद प्रवाहको नेपाल लेखामानबमोजिम सहि र यथार्थ चित्रण गर्दछ।

जनकपुर चुरोट कारखाना लिमिटेड (२०७१।७२)

१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन

हामीले जनकपुर चुरोट कारखाना लिमिटेडको २०७२ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरणतथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरणकोर तत्सम्बन्धी लेखानीतितथा लेखा टिप्पणी समावेश भएकावित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्बन्धित ऐन, नियम, कानून अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटी लगायत सारभूत रुपमा गलत आँकडारहित प्रस्तुतिकरण, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमानहरु लागु गर्ने पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । हामीले नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडारहित प्रस्तुती भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्ने लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याईका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएतापनि यस्तो आन्तरिक नियन्त्रण प्राणालीको प्रभावकारीता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने प्रयोजन राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखाअनुमानको उपयुक्तताको साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. कैफियत सहितको राय व्यक्त गर्ने आधार:

कैफियतसहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पर्ने व्यहोरा निम्नानुसार छन् :

४.१ **ऋण** :यस वर्ष कारखानालाई नेपाल सरकारले रु.२१ करोड ९३ लाख ९१ हजार थप ऋण लगानी प्रदान गरेको छ । विगत वर्षहरुको ऋण समेत गरेर नेपाल सरकारसँग कुल ऋण रु.२ अर्ब ३८ करोड ८० लाख

रहेको छ । कारखानाले ऋण तमसुक बमोजिम व्याज खर्चको भुक्तानी गरेको छैन तथा वित्तीय विवरणमा लेखाङ्कन समेत गरेको छैन । ऋणको तुलनामा कारखानाको आम्दानीबाट हुने नगद प्रवाह न्यून रहेकाले भुक्तानी हुने अवस्था देखिँदैन ।

४.२ **स्थिर सम्पत्ति :** कारखानाको देश भरका विभिन्न २१ स्थानमा जग्गा तथा भवन रहेको छ । जनकपुर स्थित मुख्य कार्यालय रहेको घर जग्गा कर अद्यावधिक भएतापनि अन्य स्थानमा रहेको घर जग्गाहरुमा लाग्ने करको व्यवस्था तथा लेखाङ्कन नभएकोले हिसाब अद्यावधिक गर्नुपर्दछ ।

४.३ **नेपाल लेखामानको पालना :**यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन् :

४.३.१ नेपाल लेखामान २ अनुसार अन्तिम मौज्दातको मूल्याङ्कन परल मूल्य र खूद प्राप्य मूल्य मध्ये कममा गर्नु पर्नेमा गत वर्षको मौज्दात रु.९ करोड १ लाख ५५ हजारलाई अ.ल्या. गरेको नेपाल लेखामान अनुरुप रहेको छैन ।

४.३.२ नेपाल लेखामान बमोजिम एक आर्थिक वर्ष भन्दा बढी समय उपयोग हुने सामानहरुको उचित आयु अनुमान गरी सुरु खर्च पूँजीकरण गरी हरेक वर्ष ह्रास कट्टा गर्दै जानु पर्दछ । जनकपुर स्थित जमिनमा पर्खाल निर्माण कार्यका लागि यस वर्ष खर्च गरिएका रु.३२ लाख ७२ हजार पूँजीकरण नगरी खर्च लेखेको नेपाल लेखामान अनुरुप रहेको छैन ।

४.३.३ कारखानाले नेपाल लेखामान बमोजिम सम्पत्तिमा हुने क्षयिकरणको गणना नगरेकोले सो वापत वित्तीय विवरणमा पर्न जान सक्ने असरको बारे यकिन गर्न सकिएन । कारखानामा रहेका बहुमूल्य मसिनेरी औजारहरु कारखाना बन्द भए देखि प्रयोगमा नरहेको तथा नियमित मर्मत संभार नहुँदा हाल उपयोग र संरक्षण सम्बन्धमा यकिन गर्न सकिएन ।

४.३.४ नेपाल लेखामान १२ बमोजिम स्थगन करको व्यवस्था गरेको छैन ।

४.४ **खर्च लेखाङ्कन** : विगत आर्थिक वर्षहरुका खर्च तथा आम्दानीहरु नाफा तथा नोक्सान हिसाबबाट समायोजन गर्नुपर्नेमा आम्दानी तर्फ रु.६ लाख ८७ हजार तथा खर्च तर्फ रु.१७ करोड ९७ लाख ६ हजार छुट्टै शीर्षकमा लेखाङ्कन गरिएको छ । सो रकमहरु नाफा नोक्सान हिसाब अर्न्तगत देखाइएको छ । त्यसै गरीविगत वर्षका वित्तीय विवरणमा समावेश नभएको एभेरेष्ट बैंकमा रहेको घर जग्गा ऋण भुक्तानी रकम रु.३ करोड २२ लाख १० हजार यस वर्ष लेखाङ्कन गरिएको छ ।

४.५ **कम्पनी ऐन, २०६३ को पालना** : यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन् :

४.५.१ ऐनको दफा ३(२) बमोजिम पब्लिक कम्पनी लिमिटेडको शेयरधनी संख्या ७ जना हुनु पर्नेमा जम्मा ४ शेयरधनी मात्र रहेको पाइयो ।

४.५.२ दफा ७६(१) बमोजिम पब्लिक कम्पनीले आर्थिक वर्ष पुरा भएको ६ महिना भित्र बार्षिक साधारण सभा गर्नुपर्नेमा २०५८ देखि बार्षिक साधरण सभा गरेको पाइएन । त्यसै गरी दफा ७८ र ८० बमोजिम कम्पनी रजिष्ट्रार कार्यालयमा बार्षिक रुपमा बुझाउनुपर्ने कागजातहरुको अवस्था बारे यकिन हुन सकेन ।

४.५.३ ऐनको दफा ८६(२) अनुसार पब्लिक कम्पनीमा कम्तीमा ३ जना सञ्चालक हुनुपर्ने व्यवस्था छ भने दफा ८७ अनुसार सञ्चालकको नियुक्ति साधारण सभाले गर्ने व्यवस्था छ । सो प्रावधान विपरीत नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७०।०३।२० को निर्णय अनुसार उद्योग मन्त्रालयको सह सचिवलाई महाप्रबन्धक तथा सञ्चालक समितिको अध्यक्ष रहने गरी नियुक्ति गरेको छ ।

४.५.४ दफा १६४ अनुसार रु.३ करोड वा सो भन्दा बढी चुक्ता पुँजी भएको सूचीकृत कम्पनी वा नेपाल सरकारको पूर्ण वा अर्ध स्वामित्वमा रहेको कम्पनीले दैनिक कार्यसञ्चालन वा व्यवस्थापनामा संलग्न नरहेको सञ्चालको अध्यक्षतामा कम्तीमा तीनजना सदस्य रहेको लेखापरीक्षण समिति गठन गर्नुपर्ने व्यवस्था छ । कारखानाले लेखापरीक्षण समिति गठन गरेको छैन तथा हाल १ जना मात्र सञ्चालक रहेकोकोले सो दफाको पालना हुने देखिँदैन ।

४.६ **व्यवस्था :** यस शीर्षक अन्तर्गत२०६७६८ देखि आयकर व्यवस्था गरेको रु.१ करोड २३ लाख ९२ हजार, थप कर व्यवस्था रु.१ लाख ५१ हजार र बोनस व्यवस्था रु.११ लाख १७ हजार गत वर्षहरु देखि मौज्दात सार्दै ल्याएको हुनाले हिसाब राफसाफ गर्न सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ । बोनस ऐन, २०३० को दफा ९(२) अनुसार आर्थिक वर्ष समाप्त भएको आठ महिना भित्र बोनस वितरण गर्नुपर्नेमा तोकिएको अवधिमा बोनस वितरण नगरेकोले सो बोनस रकम पुनः आम्दानी बाँध्नुपर्दछ ।

५. व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

६. लेखापरीक्षकको राय

हाम्रो रायमासंलग्न वित्तीय विवरणहरुले माथि अनुच्छेद ४ मा उल्लेखित व्यहोराले पार्न सक्ने असर बाहेक जनकपुर चुरोट कारखाना लिमिटेडको २०७२ आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा, नगद प्रवाहको विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरणको नेपाल लेखामान बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

७. कम्पनी ऐन २०६३ को प्रावधानहरु पालना सम्बन्धी प्रतिवेदन

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना तथा स्पष्टीकरणहरु पाएका छौं ।

ख) अनुच्छेद ४ मा उल्लेख गरिए बाहेक कम्पनीले आफ्नो हिसाव किताब र अभिलेखहरु प्रचलित कानुन बमोजिम राखेको छ ।

ग) संलग्न वासलात, आय विवरण, नगद प्रवाह विवरण कम्पनी ऐन, २०६३ को प्रावधान अनुसार तयार भएको तथा कम्पनीले राखेको हिसाब किताब, श्रेस्ता र लेखासँग दूरुस्त रहेका छन् ।

घ) हामीलाई उपलब्ध गराइएको सूचना तथा स्पष्टिकरणको आधारमा अनुच्छेद ४ मा उल्लेख गरेको बाहेक, संचालक समिति वा कुनै संचालक वा कर्मचारीले कानूनको प्रावधान विपरित वा अनियमित कार्य गरेको वा कम्पनीको हानी नोक्सानी गरे गराएको कुरा हाम्रो जानकारीमा आएन ।

जनकपुर चुरोट कारखाना लिमिटेड (२०७२।७३)

१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन

हामीले जनकपुर चुरोट कारखाना लिमिटेडको २०७३ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरणतथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखानीतितथा लेखा टिप्पणी समावेश भएकावित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्बन्धित ऐन, नियम, कानून अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटी लगायत सारभूत रुपमा गलत आँकडारहित प्रस्तुतिकरण, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमानहरु लागु गर्ने पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । हामीले नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडारहित प्रस्तुती भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्ने लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याईका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएतापनि यस्तो आन्तरिक नियन्त्रण प्राणालीको प्रभावकारीता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने प्रयोजन राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखाअनुमानको उपयुक्तताको साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. कैफियत सहितको राय व्यक्त गर्ने आधार:

कैफियतसहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पर्ने व्यहोरा निम्नानुसार छन् :

४.१ **ऋण** :यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :

४.१.१ यस वर्ष कारखानालाई नेपाल सरकारले रु.३८ करोड ३५ लाख २९ हजार थप ऋण लगानी गरेको छ । विगत वर्षहरुको ऋण समेत गरेर नेपाल सरकारसँग कुल ऋण रु.२ अर्ब ७७ करोड १५ लाख रहेको छ । कारखानाले ऋण तमसुक बमोजिम व्याज खर्चको भुक्तानी गरेको छैन तथा वित्तीय विवरणमा लेखाङ्कन समेत गरेको छैन । ऋणको तुलनामा कारखानाको आम्दानीबाट हुने नगद प्रवाह न्यून रहेकाले भुक्तानी हुने अवस्था देखिँदैन ।

४.१.२ बैंक ओभरड्राफट अन्तर्गत राष्ट्रिय वाणिज्य बैंकमा रहेको हाइपोथिकेशन कर्जा रु.५ करोड ७४ लाख ७८ हजार वापतको साँवा मात्र लेखाङ्कन भएको छ तर व्याज लेखाङ्कन गरिएको छैन । सो ऋण २०७४ श्रावणमा रु.७ करोड ९९ लाख ५६ हजार भुक्तानी गरी राफसाफ भएको छ । व्याजको लेखाङ्कन नगरिएकाले वित्तीय विवरणले उचित चित्रण गरेको पाइएन ।

४.२ **स्थिर सम्पत्ति** : कारखानाको देश भरका विभिन्न २१ स्थानमा जग्गा तथा भवन रहेको छ । जनकपुर स्थित मुख्य कार्यालय रहेको घर जग्गा कर अद्यावधिक भएतापनि अन्य स्थानमा रहेको घर जग्गाहरुमा लाग्ने करको व्यवस्था तथा लेखाङ्कन नभएकोले हिसाब अद्यावधिक गर्नुपर्दछ ।

४.३ **नेपाल लेखामानको पालना** :यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन् :

४.३.१ नेपाल लेखामान २ अनुसार अन्तिम मौज्दातको मूल्याङ्कन परल मूल्य र खूद प्राप्य मूल्य मध्ये कममा गर्नु पर्नेमो गत वर्षको मौज्दात रु.९ करोड १ लाख ५५ हजारलाई अ.ल्या. गर्दै ल्याएको नेपाल लेखामान अनुरुप रहेको छैन ।

४.३.२ नेपाल लेखामान बमोजिम एक आर्थिक वर्ष भन्दा बढी समय उपयोग हुने सामानहरुको उचित आयु अनुमान गरी सुरु खर्च पूँजीकरण गरी हरेक वर्ष ह्रास कट्टा गर्दै जानु पर्दछ । जनकपुर स्थित जमिनमा पर्खाल निर्माण कार्यका लागि यस वर्ष खर्च गरिएका रु.४३ लाख ८९ हजार पुँजीकरण नगरी खर्च लेखेको नेपाल लेखामान अनुरुप रहेको छैन ।

४.३.३ कारखानाले नेपाल लेखामान बमोजिम सम्पत्तिमा हुने क्षयिकरणको गणना नगरेकोले सो वापत वित्तीय विवरणमा पर्न जान सक्ने असरको बारे यकिन गर्न सकिएन । कारखानामा रहेका बहुमूल्य मसिनेरी औजारहरु कारखाना बन्द भए देखि प्रयोगमा नरहेको तथा नियमित मर्मत संभार नहुँदा हाल उपयोगर संरक्षण सम्वन्धमा यकिन गर्न सकिएन ।

४.३.४ नेपाल लेखामान १२ बमोजिम स्थगन करको व्यवस्था गरेको छैन ।

४.४ **कम्पनी ऐन, २०६३ को पालना** : यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन् :

४.४.१ ऐनको दफा ३(२) बमोजिम पब्लिक कम्पनी लिमिटेडको शेयरधनी संख्या ७ जना हुनु पर्नेमा जम्मा ४ शेयरधनी मात्र रहेको पाइयो ।

४.४.२ दफा ७६(१) बमोजिम पब्लिक कम्पनीले आर्थिक वर्ष पूरा भएको ६ महिना भित्र बार्षिक साधारण सभा गर्नुपर्नेमा २०५८ देखि बार्षिक साधरण सभा गरेको पाइएन । त्यसै गरी दफा ७८ र ८० बमोजिम कम्पनी रजिष्ट्रार कार्यालयमा बार्षिक रुपमा बुझाउनुपर्ने कागजातहरुको अवस्था बारे यकिन हुन सकेन ।

४.४.३ दफा ८६(२) अनुसार पब्लिक कम्पनीमा कम्तीमा ३ जना सञ्चालक हुनुपर्ने व्यवस्था छ भने दफा ८७ अनुसार सञ्चालकको नियुक्ति साधारण सभाले गर्ने व्यवस्था छ । सो प्रावधान विपरीत नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७०।०३।२० को निर्णय अनुसार उद्योग मन्त्रालयको सह सचिवलाई महाप्रबन्धक तथा सञ्चालक समितिको अध्यक्ष रहने गरी नियुक्ति गरेको छ ।

४.४.४ दफा १६४ अनुसार रु.३ करोड वा सो भन्दा बढी चुक्ता पुँजी भएको सूचीकृत कम्पनी वा नेपाल सरकारको पूर्ण वा अर्ध स्वामित्वमा रहेको कम्पनीले दैनिक कार्यसञ्चालन वा व्यवस्थापनामा संलग्न नरहेको सञ्चालको अध्यक्षतामा कम्तीमा तीनजना सदस्य रहेको लेखापरीक्षण समिति गठन गर्नुपर्ने व्यवस्था छ । कारखानाले लेखापरीक्षण समिति गठन गरेको छैन तथा हाल १ जना मात्र सञ्चालक रहेकोकोले सो दफाको पालना भएको देखिँदैन ।

४.५ **व्यवस्था :** यस शीर्षक अन्तर्गत२०६७६८ देखि आयकर व्यवस्था गरेको रु.१ करोड २३ लाख ९२ हजार, थप कर व्यवस्था रु.१ लाख ५१ हजार र बोनस व्यवस्था रु.११ लाख १७ हजार गत वर्षहरु देखि मौज्दात सार्दै ल्याएको हुनाले हिसाब राफसाफ गर्न सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ । बोनस ऐन, २०३० को दफा ९(२) अनुसार आर्थिक वर्ष समाप्त भएको आठ महिना भित्र बोनस वितरण गर्नुपर्नेमा तोकिएको अवधिमा बोनस वितरण नगरेकोले सो बोनस रकम पुनः आम्दानी बाँध्नुपर्दछ ।

५. व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

६. लेखापरीक्षकको राय

हाम्रो रायमासंलग्न वित्तीय विवरणहरुले माथि अनुच्छेद ४ मा उल्लेखित व्यहोराले पार्न सक्ने असर बाहेक जनकपुर चुरोट कारखाना लिमिटेडको २०७३ आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा, नगद प्रवाहको विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरणको नेपाल लेखामान बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

७. कम्पनी ऐन २०६३ को प्रावधानहरु पालना सम्बन्धी प्रतिवेदन

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना तथा स्पष्टीकरणहरु पाएका छौं ।

ख) अनुच्छेद ४ मा उल्लेख गरिए बाहेक कम्पनीले आफ्नो हिसाव किताब र अभिलेखहरु प्रचलित कानुन बमोजिम राखेको छ ।

ग) संलग्न वासलात, आय विवरण, नगद प्रवाह विवरण कम्पनी ऐन, २०६३ को प्रावधान अनुसार तयार भएको तथा कम्पनीले राखेको हिसाब किताब, श्रेस्ता र लेखासँग दूरुस्त रहेका छन् ।

घ) हामीलाई उपलब्ध गराइएको सूचना तथा स्पष्टिकरणको आधारमा अनुच्छेद ४ मा उल्लेख गरेको बाहेक, संचालक समिति वा कुनै संचालक वा कर्मचारीले कानूनको प्रावधान विपरित वा अनियमित कार्य गरेको वा कम्पनीको हानी नोक्सानी गरे गराएको कुरा हाम्रो जानकारीमा आएन ।

जनकपुर चुरोट कारखाना लिमिटेड (२०७३।७४)

१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन

हामीले जनकपुर चुरोट कारखाना लिमिटेडको २०७४ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरणतथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखानीतितथा लेखा टिप्पणी समावेश भएकावित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्बन्धित ऐन, नियम, कानून अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटी लगायत सारभूत रुपमा गलत आँकडारहित प्रस्तुतिकरण, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमानहरु लागु गर्ने पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । हामीले नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडारहित प्रस्तुती भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्ने लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याईका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएतापनि यस्तो आन्तरिक नियन्त्रण प्राणालीको प्रभावकारीता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने प्रयोजन राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखाअनुमानको उपयुक्तताको साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. कैफियत सहितको राय व्यक्त गर्ने आधारः

कैफियतसहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पर्ने व्यहोरा निम्नानुसार छन् :

४.१ **ऋण :** यस वर्ष कारखानालाई नेपाल सरकारले रु.७ करोड ९९ लाख ५६ हजार थप ऋण लगानी गरेको छ । विगत वर्षहरुको ऋण समेत गरेर नेपाल सरकारसँग कुल ऋण रु.२ अर्ब ८५ करोड १५ लाख रहेको छ । कारखानाले ऋण तमसुक बमोजिम व्याज खर्चको भुक्तानी गरेको छैन तथा वित्तीय विवरणमा लेखाङ्कन समेत गरेको छैन । ऋणको तुलनामा कारखानाको आम्दानीबाट हुने नगद प्रवाह न्यून रहेकाले भुक्तानी हुने अवस्था देखिँदैन ।

४.२ **स्थिर सम्पत्ति :** कारखानाको देश भरका विभिन्न २१ स्थानमा जग्गा तथा भवन रहेको छ । जनकपुर स्थित मुख्य कार्यालय रहेको घर जग्गा कर अद्यावधिक भएतापनि अन्य स्थानमा रहेको घर जग्गाहरुमा लाग्ने करको व्यवस्था तथा लेखाङ्कन नभएकोले हिसाब अद्यावधिक गर्नुपर्दछ ।

४.३ नेपाल लेखामानको पालना : यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन् :

४.३.१ नेपाल लेखामान २ अनुसार अन्तिम मौज्दातको मूल्याङ्कन परल मूल्य र खूद प्राप्य मूल्य मध्ये कममा गर्नु पर्नेमो गत वर्षको मौज्दात रु.९ करोड १ लाख ५५ हजारलाई अ.ल्या. गरेको नेपाल लेखामान् अनुरुप रहेको छैन ।

४.३.२ नेपाल लेखामान बमोजिम एक आर्थिक वर्ष भन्दा बढी समय उपयोग हुने सामानहरुको उचित आयु अनुमान गरी सुरु खर्च पूँजीकरण गरी हरेक वर्ष ह्रास कट्टा गर्दै जानु पर्दछ । जनकपुर स्थित जमिनमा पर्खाल निर्माण कार्यका लागि यस वर्ष खर्च गरिएको रु.३५ लाख ३३ हजार पूँजीकरण नगरी खर्च लेखेको नेपाल लेखामान अनुरुप रहेको छैन ।

४.३.३ नेपाल लेखामान १२ बमोजिम स्थगन करको व्यवस्था गरेको छैन ।

४.३.४ कारखानाले नेपाल लेखामान १८ बमोजिम सम्पत्तिमा हुने क्षयिकरणको गणना नगरेकोले सो वापत वित्तीय विवरणमा पर्न जान सक्ने असरको बारे यकिन गर्न सकिएन । कारखानामा रहेका बहुमूल्य मसिनेरी औजारहरु कारखाना बन्द भए देखि प्रयोगमा नरहेको तथा नियमित मर्मत संभार नहुँदा हाल उपयोग र संरक्षण सम्वन्धमा यकिन गर्न सकिएन ।

४.४ **कम्पनी ऐन, २०६३ को पालना** : यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन् :

४.४.१ ऐनको दफा ३(२) बमोजिम पब्लिक कम्पनी लिमिटेडको शेयरधनी संख्या ७ जना हुनु पर्नेमा जम्मा ४ शेयरधनी मात्र रहेको पाइयो ।

४.४.२ दफा ७६(१) बमोजिम पब्लिक कम्पनीले आर्थिक वर्ष पूरा भएको ६ महिना भित्र बार्षिक साधारण सभा गर्नुपर्नेमा २०५८ देखि बार्षिक साधरण सभा गरेको पाइएन । त्यसै गरी दफा ७८ र ८० बमोजिम कम्पनी रजिष्ट्रार कार्यालयमा बार्षिक रुपमा बुझाउनुपर्ने कागजातहरुको अवस्था बारे यकिन हुन सकेन ।

४.४.३ ऐनको दफा ८६(२) अनुसार पब्लिक कम्पनीमा कम्तीमा ३ जना सञ्चालक हुनुपर्ने व्यवस्था छ भने दफा ८७ अनुसार सञ्चालकको नियुक्ति साधारण सभाले गर्ने व्यवस्था छ । सो प्रावधान विपरीत नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७०।०३।२० को निर्णय अनुसार उद्योग मन्त्रालयको सह सचिवलाई महाप्रबन्धक तथा सञ्चालक समितिको अध्यक्ष रहने गरी नियुक्ति गरेको छ ।

४.४.४ दफा १६४ अनुसार रु.३ करोड वा सो भन्दा बढी चुक्ता पूँजी भएको सूचीकृत कम्पनी वा नेपाल सरकारको पूर्ण वा अर्ध स्वामित्वमा रहेको कम्पनीले दैनिक कार्यसञ्चालन वा व्यवस्थापनामा संलग्न नरहेको सञ्चालको अध्यक्षतामा कम्तीमा तीनजना सदस्य रहेको लेखापरीक्षण समिति गठन गर्नुपर्ने व्यवस्था छ । कारखानाले लेखापरीक्षण समिति गठन गरेको छैन तथा हाल १ जना मात्र सञ्चालक रहेकोकोले सो दफाको पालना भएको देखिँदैन ।

७.१ **व्यवस्था :** यस शीर्षक अन्तर्गत२०६७६८ देखि आयकर व्यवस्था गरेको रु.१ करोड २३ लाख ९२ हजार, थप कर व्यवस्था रु.१ लाख ५१ हजार र बोनस व्यवस्था रु.११ लाख १७ हजार गत वर्षहरु देखि मौज्दात सार्दै ल्याएको हुनाले हिसाब राफसाफ गर्न सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ । बोनस ऐन, २०३० को दफा ९(२) अनुसार आर्थिक वर्ष समाप्त भएको आठ महिना भित्र बोनस वितरण गर्नुपर्नेमा तोकिएको अवधिमा बोनस वितरण नगरेकोले सो बोनस रकम पुनः आम्दानी बाँध्नुपर्दछ ।

५. व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

६. लेखापरीक्षकको राय

हाम्रो रायमासंलग्न वित्तीय विवरणहरुले माथि अनुच्छेद ४ मा उल्लेखित व्यहोराले पार्न सक्ने असर बाहेक जनकपुर चुरोट कारखाना लिमिटेडको २०७४ आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको

आर्थिक वर्षको संचालन नतिजा, नगद प्रवाहको विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरणको नेपाल लेखामान बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

७. कम्पनी ऐन २०६३ को प्रावधानहरु पालना सम्बन्धी प्रतिवेदन

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना तथा स्पष्टीकरणहरु पाएका छौं ।

ख) अनुच्छेद ४ मा उल्लेख गरिए बाहेक कम्पनीले आफ्नो हिसाव किताब र अभिलेखहरु प्रचलित कानुन बमोजिम राखेको छ ।

ग) संलग्न वासलात, आय विवरण, नगद प्रवाह विवरण कम्पनी ऐन, २०६३ को प्रावधान अनुसार तयार भएको तथा कम्पनीले राखेको हिसाब किताब, श्रेस्ता र लेखासँग दूरुस्त रहेका छन् ।

घ) हामीलाई उपलब्ध गराइएको सूचना तथा स्पष्टिकरणको आधारमा अनुच्छेद ४ मा उल्लेख गरेको बाहेक, संचालक समिति वा कुनै संचालक वा कर्मचारीले कानूनको प्रावधान विपरित वा अनियमित कार्य गरेको वा कम्पनीको हानी नोक्सानी गरे गराएको कुरा हाम्रो जानकारीमा आएन ।

तनहुँ हाइड्रोपावर लिमिटेड (२०७३।७४)

1. **Report on Annual Financial Statements**

We have audited the accompanying Statement of Financial Position of Tanahu Hydropower Limited as of 31st Ashadh, 2074 (15th July, 2017), the related Income Statement, Statement of Cash Flows and Statement of Changes in Equity for the year then ended and a summary of significant accounting policies and other explanatory notes forming part of the financial statements.

2. **Management's Responsibility for the Financial Statements.**

Management is responsible for the preparation and fair presentation of these financial statements in accordance with Nepal Accounting Standards and for such internal control systems as management determines necessary to enable the preparation of financial statements that are free from material misstatements, whether due to fraud or error.

3. **Auditor's Responsibility**

Our responsibility is to express an opinion on these financial statements based on our audit. We conducted our audit in accordance with the Nepal Standards on Auditing (NSA) and relevant practices wherever applicable, and the audit guidelines issued by the Office of the Auditor General of Nepal. Those standards or relevant practices require that we plan and perform the audit to obtain reasonable assurance about whether the Financial Statements are free of material misstatement.

An audit involves performing procedures to obtain audit evidence about the amounts and disclosures in the financial statements. The procedures selected depend on the auditor's judgment, including the assessment of the risks of material misstatement of the financial statements, whether due to fraud or error. In making those risk assessments, the auditor considers internal control relevant to the entity's preparation and fair presentation of the Financial Statements in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of

the entity's internal control. An audit also includes evaluating the appropriateness of accounting policies used and the reasonableness of accounting estimates made by management, as well as evaluating the overall presentation of the financial statements.

We believe the audit evidence that we obtained is sufficient and appropriate to provide a basis for a qualified audit opinion.

4. **Basis for qualified opinion**

4.1 Under the provisions of section 4,5,13 and 19 of Land Acquisition Act 2034, approval of the Government which government body has autuornty for providing approval ratner than minestry of watev verources? GON is collective name. of Nepal has to be obtained for the acquisition of Land and due procedures for determining and distributing compensation has to be followed. Despite that, 1828 Ropani land was acquired based on the approval of Minister of Water Resources. Rates of compensation were determined by a sub-committe constituted under the chairmanship of the Chief District Officer. Rs.451 million 940 thousand was paid in FY 2073/74 (2016/17) and Rs.392 million 892 thousand was paid up to FY 2072/73 (2015/16) totaling Rs.844 million 833 thousand by the District Administration Office as compensation for land acquisition. Decision of the Board of Directors regarding the issue was not submitted for audit. Such payment of compensation was found not in compliance with the provisions of Land acquisition Act, 2034.

4.2 During registration of Tanahu Hydropower Ltd in the Office of Company Registrar, the Memorandum of Understanding of shareholders was not prepared and submitted along with the Memorandum of Association and Articles of Association. However, pre-incorporation expenses of Rs.4 million 229 thousand was paid to the Nepal Electricity Authority (NEA), the sole shareholder which was written off as expenses in 2073/74 (2016/17). Such expenses is not lawful and should be recovered from NEA.

4.3 Contrary to the provisions of Nepal Accounting Standards NAS-14 (IAS-19), Employee Retirement Benefits, for making appropriate provision for the employee retirement benefit by keeping some amount in retirement fund beyond the control of the employer; and besides the payment of retirement benefits made to the employees of NEA on deputation to Tanahu Hydropower Ltd; Rs. 10 million 36 thousand for FY 2073/74 (2016/17) and Rs.13 million 392 thousand for FY 2071/72 & 2072/73 (2014/15 & 2015/16) totaling Rs 23 million 428 thousand were paid to NEA as overhead administrative expenses and therefore, such payments were found not in compliance with NAS.

4.4 For environment study activities Rs.6 million 335 thousand were paid under Capital Work-in-Progress to NEA Engineering Service Directorate Lab Testing Unit without obtaining VAT Tax Invoice. According to the provision of section 88 of the Income Tax Act-2058, tax deduction at source (TDS) at the rate of 15 percent was required to be deducted from the payments, but TDS at the rate of only 1.5 percent was only deducted. Therefore, the less deducted Rs. 855 thousand needs to be recovered and deposited into government treasury.

4.5 According to section 91 of the Company Act, 2063, board meeting fees, travel expenses and other facilities shall be provided to directors according to decision of the Annual

General meeting. However, such decision of Annual General Meeting was not submitted for the audit. Therefore, Rs.128 thousand paid to directors in FY 2073/74 (2016/17) was not found to be in compliance with law.

4.6 According to Section 108 and 109 of Company Act, 2063, accounts and financial statements of the company shall be in consonance with the accounting standards enforced by Institue of Chartered Accountants of Nepal. Financial statements of FY 2073/74 (2016/17) of Tanahu Hydropower Ltd. were found not appropriately complied with the provisions of Nepal Accounting Standards NAS-1, 2, 4, 5, 6, 9, 10, 12, 14 and 18 i.e Presentation of Financial Statements, Accounting Policies, Change in Accounting Estimates and Errors, Inventories, Events After the Balance Sheet Date, Property, Plant and Equipment, Income Taxes, Provisions, Contingent Liabilities and Contingent Assets, Employee Benefits and Impairment of Assets.

4.7 According to the provision of section 32 of the Company Act, 2063, there shall be at least seven shareholders for incorporation of a public limited company. Despite this legal requirement, Tanahu Hydropower Ltd. was registered by the Office of the Company Registrar with the single shareholding of Nepal Electricity Authority.

5. **Auditor's opinion**

In our opinion, except for the possible effects of the matters described in the bases for qualified opinion paragraphs 4.1 to 4.7, the financial statements give a true and fair view of the financial position of Tanahu Hydropower Limited as at 31 Asadh, 2074 (15th July, 2017) and its financial performance, its cash flows and statement of changes in equity for the year then ended in accordance with Nepal Accounting Standards and relevant provisions of Company Act, 2063.

6. **Emphasis of matters**

Without affecting our above qualified opinion we draw your attention to the followings:

6.1 According to the provision of section 95 of the Company Act, 2063, directors of the company are required to exercise their authority and perform their duties collectively in managing the affairs of the company. However, significant transactions were executed without decision of the Board; for example taking temporary loan of Rs.600 million from Government of Nepal and executing significant transactions of the project, board decisions or approvals were not taken.

6.2 As required in the provision of section 165 of the Company Act, 2063: specifically 165.1a. b .c. the Audit Committee has not been effectively performing in regard to implementation of effective internal control in the transactions of the company, financial statements, execution of the capital work in progress, cost control supervision and, overviewing the various aspects of the implementation of the budget programme; also in reviewing and supervising the factual performance of internal audit.

6.3 As per section 86.3 of the Company Act, 2063, at least one person with required qualification and knowledge has to be appointed as independent director. But our audit found non compliance of this provision.

6.4 Without having obtained the Electricity Distribution and Power Purchase Agreement as required under section 3 of Electricity Act, 2049 and section 5, 6 and 12 of the Electricity Rules 2050, the execution of a big hydropower project is not appropriate.

6.5 Wage payments of Rs.9 million 889 thousand was undertaken in FY 073/074 (016/017) (previous year Rs.2 million 428 thousand), without having issued appointment lettersas per section 4, 9, 20 of Labour Act 2048 and section 5 of labour rules. Comprehensive Accident Insurance of employees was not undertaken.

6.6 Property register having important information and details in appropriate design for the fixed assets of the company was not kept, obsolete fixed assets were not written off, evaluation impairment of fixed assets and provision thereof was not made at the end of each financial year, insurance coverage against fire and other risks has not been taken for the fixed assets other than land and vehicles.

7. **Reporting as per provision of Company Act, 2063**

In the course of audit we also report that:

(a) All information and explanations have been made available as were required for the completion of audit except for those mentioned in para 4 and 6;

(b) The books of account as required by this act have been properly maintained by the company in a manner to reflect the real affairs of its business;

(c) The balance sheet, profit and loss account and cash flow statement have been prepared in compliance with the accounting standards prescribed under the prevailing law and such statements are in agreement with the books of account maintained by the company;

(d) In the opinion of the auditor, based on the explanations and information made available in the course of auditing, the present balance sheet properly reflects the financial situation of the company, and the profit and loss account and cash flow statement for the year ended on the same date properly reflect the profit and loss, cash flow of the company;

(e) The board of directors or any representative or any employee has not acted contrary to law or misappropriated any property of the company or caused any loss or damage to the company;

(f) No accounting fraud has been committed to our knowledge in the company.

तारा गाउँ विकास समिति (२०७२।७३)

१ वार्षिक वित्तीयविवरण उपर प्रतिवेदन

हामीले तारा गाउँ विकास समितिको यसैसाथ संलग्न २०७३ आषाढ मसान्तको वासलात सोहीमितिमा समाप्तभएको आर्थिक वर्षको आयविवरण तथानगदप्रवाहविवरण र तत्सम्बन्धी लेखानीतितथा लेखा टिप्पणी समावेश भएको वित्तीयविवरणको लेखापरीक्षण सम्पन्न गरेका छौ ।

२ वित्तीयविवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्बन्धित ऐन लगायतप्रचलितअन्य ऐन, नियम, कानूनअभ्यास अनुरुप वित्तीय विवरण तयारी गर्ने एवम् उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीयविवरण जालसाजी, त्रुटि लगायत सारभूतरुपमागलत आँकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यकआन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारीरुपमाकार्यान्वयनहुनेगरी स्थापितगर्ने, उपयुक्त लेखानीति तथा लेखाअनुमानको छनौट तथाकार्यान्वयनगर्ने कार्य पर्दछन् ।

३ लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुतवित्तीयविवरणहरुउपर लेखापरीक्षणको आधारमा रायव्यक्तगर्नु हो । हामीले हाम्रो लेखापरीक्षण नेपाललेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनकाआधारमा लेखापरीक्षण गरेका छौं । ती लेखापरीक्षणमान तथामार्गदर्शन अनुसार व्यवसायिक आचारसंहिताको पालनागर्ने र वित्तीयविवरणहरु सारभूतरुपमागलत आँकडारहित प्रस्तुतीभएको छ भन्ने कुरामायथोचितआश्वस्तताप्रदानगर्न लेखापरीक्षण योजनातर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्नगर्ने कार्य पर्दछन् ।

वित्तीयविवरणमा उल्लेखित रकमतथाखुलासागरिएका सूचनालगायतअन्यविवरणका बारेमा पुष्ट्याइएकायथेष्ट प्रमाण संकलनगर्ने, प्रमाणको पूर्ण वाआंशिकवा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बनगरिएका लेखापरीक्षण कार्यविधिमावित्तीयविवरण जालसाजीवा त्रुटिबाट सारभूतरुपमागलत आँकडा प्रस्तुतीहुन सक्ने कुरामाअवलम्बनगरिने लेखापरीक्षणको जोखिममूल्याकंनव्यवसायिकविवेकमानिर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिममूल्याकंनगर्ने क्रममानिकायको वित्तीयविवरण तयारी तथायथार्थ प्रस्तुतिकरणको लागिआवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तताबारेमा परीक्षण गरिएको छ तापनित्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षणबाट रायव्यक्त गर्ने प्रयोजन राखिएको छैन ।

व्यवस्थापनले वित्तीयविवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता, प्रयोजन,विश्लेषण र लेखाअनुमानको उपयुक्तताका साथै वित्तीयविवरणको समग्र स्थितिको मूल्याकंनगर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ।हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण रायव्यक्तगर्ने सन्दर्भमापर्याप्त र उपयुक्तआधार प्रदानगर्दछ भन्ने कुरामाहामीविश्वस्त छौं ।

४ लेखापरीक्षणको कैफियत सहितको रायव्यक्तगर्ने आधार

वित्तीयविवरणमा उल्लेखित रकम र खुलाईएकाअन्यविवरणलाई पुष्टयाई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश गरेका छौ । लेखापरीक्षणले हाम्रो मन्तव्यलाई प्रर्याप्तआधार प्रदानगर्ने कुरामाहामीविश्वस्त छौं ।

लेखापरीक्षणबाट कैफियत सहितको रायव्यक्तगर्ने आधारका रुपमावित्तीयविवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

४.१ जग्गा भाडा

समिति र नेपाल खानेपानी संस्थान बीच २०४९ पौष २९ गते मा समितिको बौद्ध स्थित ६ रोपनी जग्गा भाडामा उपलब्ध गराउने सम्बन्धमा भएको लिज सम्झौताको दफा ५ अनुसार नेपाल खानेपानी संस्थानले प्रत्येक १० वर्षमा बार्षिक मूल्य बृद्धीको औषत आधारमा हुन आउने रकम वा प्रति रोपनी रू. १००,००० मध्ये जुन बढी हुन आउँछ सो रकम भुक्तानी गर्नु पर्ने देखिन्छ । यसैगरी दफा ७ अनुसार उक्त रकम १० वर्ष पूरा भएको ३ महिना भित्र तिर्नुपर्ने देखिन्छ । तर समितिले उक्त रकम २०६९ चैत्र २९ गते सम्म प्राप्त गरी सक्नुपर्नेमा आ. व. २०७२/७३ को २०७२/०५/२४ मितिमा मात्र प्राप्त गरेको देखियो जुन प्रोदभावी आधारमा लेखांकन नगरी नगद प्राप्तिको आधारमा लेखांकन गरेको पाइयो । जसले गर्दा २०७२/७३ मा रू. ६००,००० बराबरको आम्दानी बढी लेखांकन भएको छ।

४.२ पसल भाडा

समितिको नयाँ सडक स्थित व्यापारिक क्षेत्रको भवनगृहमापसलभाडाबक्यौता रकमपिंकी इन्टरनेशनल, अजन्ता इन्टरप्राइजेज र सुलक्स सेन्टरबाट क्रमशः रु. १५,९७,७२६.८४, रु. ४,६०,०७५.०० र रु. १८,१९,१९०.२० गरी जम्मा रु. ३८,७६,९९२.०४ बक्यौता रहेको छ । भाडा सम्झौता तथा प्रचलित कानून अनुसार कारबाही गरी रकम असूल गर्न व्यवस्थापनलाई जिम्मेवार बनाउनु पर्दछ ।

४.३ जग्गाको प्रतिफल

समितिको लगानीमा संचालनमा रहेको तारा गाउँ रिजेन्सी होटल्स् लि. मा भएको लगानी दीर्घकालिनलगानीभएकोले हालसम्म प्रतिफलप्राप्तहुननसकेतापनिवर्तमानअवस्थामापर्यटन क्षेत्रमा देखिएको सुधारलाई हेर्दा र तारा गाउँ रिजेन्सी होटल्स् लिमिटेडले हालकावर्षहरुमानाफाआर्जन गरी विगतको नोक्सानी घटाउदै आएको र आगामीवर्षहरुमाखुद संचितनाफाआर्जन हुने विश्वास गरिएको छ । साथै समितिले हालतारा गाउँ रिजेन्सी होटल्स् लि. लाई पट्टा भाडामा दिएको समितिको स्वामित्वमा रहेको जग्गाको पुनःमुल्यांकनकालागि पर्यटन मन्त्रालयमा पत्राचार भएतापनिहालसम्म कुनै प्रगति हुन सकेको छैन । रिजेन्सी होटल्स् लि. का सम्बन्धमाआवश्यक सम्पूर्ण पक्षमा बरबुझारथ गर्न संचालक समितिबाट एक छानविन उप समिति समेत गठन गरिसकिएको छ । समितिले २०५०/०५१ मा तारा गाउँ रिजेन्सी होटल लिमिटेडको साधारण शेयरमा रु. १७ करोड (१५० रोपनीजग्गाको मूल्य १५ करोड र घरको मूल्य रु.२ करोड) लगानी गरेको भएतापनिहाल सम्मउक्तलगानीवापत समितिलाई कुनै प्रतिफल प्राप्त भएको पाइएन ।

तारा गाउँविकास समितिको शुरुमा ३९.७७% शेयर लगानी तारा गाउँ रेजेन्सी होटल्स लि.मा रहेकोमा २०७१/७२ को तारा गाउँ रेजेन्सी होटल्स लि. को लेखापरीक्षणको वित्तीयविवरण अनुसार वर्तमान खूद सम्पत्ति मूल्य रू. १९१ करोड मध्ये तारा गाउँविकास समितिको शेयर लगानी ९.०१% वा रू. १७.२३ करोड मात्रदेखिन्छ । लगानी गरेको २५ वर्षसम्मकुनै पनिलाभ समितिले लिन सकेको छैन । खुद सम्पत्तिमा बृद्धि हुन सकेको देखिदैन तर शेयरहोल्डिंग क्रमशः कमहुँदै गएको देखिन्छ । यस सम्बन्धमा छानविन गरी सम्बन्धित पदाधिकारीहरुलाई जिम्मेवार बनाउनु पर्दछ ।

बौद्ध स्थित अधिग्रहणबाट प्राप्त ३०४ रोपनीजग्गामध्ये १५० रोपनीजग्गाउक्तहोटलको शेयरमालगानी गरेको छ । उक्तहोटेलसँगभएको सम्झौताअनुसार बाँकी १५४ रोपनीजग्गापनिहोटल संचालनभएको ५ वर्ष भित्र सोही होटलबाट निष्कासित १७प्रतिशत संचय योग्यअग्राधिकार शेयर वा साधारण शेयरमालगानीगर्नुपर्ने व्यवस्था रहेकोमाप्रतिनिधि सभा सार्वजनिक लेखा समितिको २०५०/०९/२१ र २०५०/१२/१८ को निर्देशनअनुसार जग्गाको पुर्नमूल्याङ्कन गरी उपयोग गर्न भनिएकोमा २४ वर्ष बिति सक्दापनि सो अनुसार कार्यान्वयनभएको देखिदैन । उक्त लगानीको मूल्याङ्कनको लागि उचितपहल नगर्ने सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।

४.४ जग्गाको पुनःमूल्यांकन

तत्कालिनप्रतिनिधि सभा सार्वजनिक लेखा समितिको २०५०/९/२१ र २०५०/१२/१५ को बैठकको निर्णय अनुसार घर जग्गाको यथार्थ मूल्यांकन हुन नसकेको देखिएतापनि १५० रोपनी जग्गामा संचालन गर्ने भनी प्रस्ताव गरिएको अन्तराष्ट्रिय स्तरको होटेल संचालन गर्न इच्छुक पार्टीले समितिले तोकेको मूल्याांकनलाई स्वीकार गरी प्रचलित नियम बमोजिम होटेल संचालन गर्न समितिसंग सम्झौता पनि गरिसकेको देखिएकोले समितिले आफ्नो हितलाई ध्यानमा राखी कारवाही अगाडी बढाउनु पर्ने आवश्यक देखिन्छ । बाँकी १५४ रोपनी जग्गाको हकमा उचित तवरले पुनःमूल्यांकन गरी उपयोग गर्न निर्देशन दिईन्छ " भन्ने उल्लेख भएको थियो । उक्त १५४ रोपनीजग्गामा साबिकबौद्ध वडा नं ६ (क) कित्ता नं २२ को ४-०-०-० को विवादित क्षेत्रफल समेत समावेशभएको पाइयो र उक्तजग्गाको समेत पूनःमुल्यांकन हुन नसकेकोमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।

४.५ शेयर स्वामित्व घटाइएको

समितिले तारागाँउ रिजेन्सी होटेल लिमिटेडलाई २०५०/५१ मा दिएको १५० रोपनी जग्गाको तत्कालीन मूल्य रु १५ करोड र घरको मूल्य रु २ करोड समेत रु १७ करोड लगानी गरी होटेलको **३९.७७** प्रतिशत शेयर स्वामित्व ग्रहण गरेकोमा अन्य अँशियारले थप लगानी गरेकोले हाल समितिको **९.०१** प्रतिशत मात्र शेयर स्वामित्व उल्लेख गरेको देखिन्छ । उक्त होटेलले प्रकाशित गरेको २०७२/७३ को वित्तीय विवरण अनुसार होटेलको शेयर पूँजी रु १,८८,६६,५४,०००।- को ९.०१ प्रतिशतले रु १६,९९,८८,०००।- मात्र समितिको शेयर लगानी देखिएकोले पनि जग्गाको२४ बर्ष अघि यथार्थ मूल्याँकन हुन नसकेको अवस्थामा पनि हालसम्म यथार्थ रुपमा पुनमूल्याँकन नभएको अवस्था देखिन्छ । समितिले होटेललाई शेयर वापत दिएको उक्त घर र जग्गाको यथार्थ मूल्याँकन हुन नसकेको तर होटेल सञ्चालन गर्न सम्झौता भैसकेकोले तारागाँउ विकास समितिले आफ्नो हितलाई ध्यानमा राखी कारबाही अगाडी बढाउन भनी २०५०/९/२१ र २०५०/१२/१५ को सार्वजनिक लेखासमितिको बैठकले निर्णय गरी निर्देशन भएको देखिन्छ । तारागाँउ विकास समितिले सार्वजनिक लेखा समितिको निर्देशन अनुसार आफ्नो हितलाई ध्यानमा राखेर यस सम्वन्धमा कुनै कारवाही अगाडि बढाएको पाइएन । यसर्थ घर जग्गाको यथार्थ मूल्याँकन हुन नसकेको व्यहोरा सार्वजनिक लेखा समितिको निर्णयमा उल्लेख गरेको र नेपाल सरकारले तारागाँउ विकास समिति मार्फत होटेललाई ३९.७७ प्रतिशत शेयर वापत दिएको घर तथा जग्गाको बजार मूल्यको आधारमा विशेषज्ञबाट पुनर्मूल्याँकन नगरेकोले ३९.७७ प्रतिशत तथा मनासिव कारण बेगर थप लगानी नगरी सोबाट घटाएर ९.०१ प्रतिशत तारागाँउ विकास समितिको शेयर स्वामित्व कायम गरेको सार्वजनिक लेखासमितिको निर्णय बमोजिम र सिद्धान्ततः समेत अनुपयुक्त देखिएको छ ।

यसैले घर र जग्गाको यथार्थ मूल्याँकन नगर्ने नगराउने सम्वन्धित जिम्मेवार व्यक्तिलाई कारवाही गरी तारागाँउ विकास समितिले उक्त होटेलको शेयर लिएवापत दिएको घर र जग्गाको नेपाल लेखामान अनुसार यथार्थ मूल्याँकन गरी हुने घर र जग्गाको मूल्यको आधारमा थप शेयर प्राप्त गरी सार्वजनिक लेखासमितिको निर्देशन तथा नेपाल लेखामानको पालना गर्न गराउन समेत सञ्चालक समितिलाई जिम्मेवार बनाउनु पर्ने देखियो ।

४.६ विवादित जग्गा

समितिको बौद्ध स्थित केहीजग्गाहरु विवादभई मुद्दाहरु हाल सम्मपनिचलिरहेको पाईयो ।

४.७ जग्गाको विवरण

तारागाउँविकास समितिको गठन विकास समिति ऐन-२०१३ अन्तर्गत २०३४/०७/०१ मभएको देखिन्छ । उक्त समय देखि हालसम्मविभिन्नमितिमा यस समितिको जग्गाको खरिदतथाबिक्रीभएको पाइन्छ । समितिबाट उपलब्ध गराएको जग्गाको विवरण अनुसार बौद्धमा १५४-६-०-१५ र न्यूरोडमा ०-३-२-० रोपनीजग्गा रहेको पाइयो । जसमध्ये बौद्धको १-१-९-१ रोपनीजग्गामिति २०६३/०२/१४ गते समितिको १७५ औँ बैठक बमोजिमबिक्रीगरिएको पाइयो । यसकारण यस समितिको सुरुदेखि हालसम्मकतिजग्गाकहाँथियो र कतिजग्गाखरिद तथाबिक्रीभयो भन्ने यथार्थ विवरण सम्बन्धित निकायबाट प्रमाणित जग्गाविवरण लेखापरीक्षणमा पेश भएन । संस्थाको सम्पत्तिको अभिलेख व्यवस्थित नगरी सम्पत्तिको सँरक्षण हुन नसकेकोमा सम्वन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

४.८ अग्रीम कर समयमै भुक्तानी नगरेको

आयकर ऐन, २०५८ को दफा ९० को उप-दफा १ बमोजिम अग्रिम कर कट्टी गर्नु पर्ने प्रत्येक व्यक्तिले महिना समाप्त भएको मितिले २५ दिन भित्र आन्तरिक राजस्व कार्यलयमा विभागले तोकेको तरिका र ढाँचा बमोजिम विवरण दाखिला गर्नु पर्ने उल्लेख छ तर समितिले यस बर्षमा अग्रिम कर तथा कर कट्टीको विवरण बुझाईएको छैन । जसले गर्दा आयकर ऐन २०५८ को दफा ११७ र ११९ बमोजिम शुल्क तथा जरिवाना पर्न

जाने देखिन्छ । साथै आयकर ऐन २०५८ को दफा ८७, ८८, ८९ र ८९(क) बमोजिम हुन आउने अग्रीम कर, आयकर ऐन २०५८ को दफा ९० को उपदफा १ बमोजिम अग्रिम कर कट्टी गर्नु पर्ने प्रत्येक व्यक्तिले महिना समाप्त भएको मितिले २५ दिन भित्र आन्तरिक राजस्व कार्यलयको खातामा भुक्तानी गरेको हुनु उल्लेख छ । तर समितिले अग्रीम कर रकम रु.१,०४,९८९।४८ सामाजिक सुरक्षा कर र रु.५०,२५०।- पारिश्रमिक कर गरी रु १,५५,२३९।४८ दाखिला गरेको छैन आयकर ऐन २०५८ को दफा ११७ र ११९ बमोजिमशुल्कतथा जरिवाना पर्न जाने रकम सम्वन्धित पदाधिकारीबाट असुल गरी सो समेत कर रकम राजस्व दाखिला गर्नु पर्दछ ।

४.९ दोहोरीने क्रम

माथि उल्लेखित मध्ये अधिकाँस व्यहोराहरु गत विगत बर्षमा झै पुनः यस वर्षमा समेत दोहोरीएका छन् र तारा गाउँ विकास समितिको यस्तै स्थितिले यस समितिको मुख्य उद्देश्य नै जोखिममा पर्नेस्थिति देखिन्छ । सम्बन्धित सरकारी निकायले यस समितिको मुख्य उद्देश्यको प्राप्तिको लागि सीघ्र ठोस कदम चाल्नु आवश्यक देखिन्छ ।

५ व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसै साथ सँलग्न व्यवस्थापन पत्रमा दर्शाइएको छ ।

६ लेखापरीक्षकको कैफियत सहितको राय

हाम्रो रायमा, माथि कैफियत सहितको राय व्यक्त गर्ने आधार अनुच्छेद **४.१ देखि ४.९** सम्ममा उल्लेख गरी औंल्याइएकाविषयले बित्तियविवरणहरुमा पर्ने असर बाहेक, संलग्नबित्तियविवरणले नेपाल लेखामान र महालेखापरीक्षकको कार्यालयले जारी भएको मार्गदर्शनको आधारमा तारा गाउँ विकास समितिको २०७३ आषाढ मसान्तको बित्तीय स्थिति र सोहीमितिमा समाप्तभएको वर्षको संचालननतिजा र नगदप्रवाहको यथार्थ चित्रण गर्दछ ।

द टिम्बर कर्पोरेसन अफ नेपाल लिमिटेड (२०७३।७४)

१. वित्तीय विवरण उपर प्रतिवेदन

हामीले द टिम्बर कर्पोरेसन अफ नेपाल लिमिटेडको २०७४ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको आय व्यय विवरण, नगद प्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र प्रमुख लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरणहरु उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल प्रतिवेदन मान (NFRS), सम्वन्धित ऐन, नियम, कानून अभ्यास अनुरुप यी वित्तीय विवरण तयार गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटि लगायत सारभूत रुपमा गलत आँकडारहित प्रस्तुतिकरण गर्ने, प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमानहरु लागू गर्ने पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवरी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौ । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तीय

विवरणहरु सारभूत रुपमा गलत आँकडारहित प्रस्तुती भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याँईका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूतरुपमा गलत आँकडा सहित प्रस्तुती हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याकन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्यांकन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक लेखापरीक्षण कार्यविधि निर्धारण एवं परीक्षण गर्ने भएतापनि आन्तरिक नियन्त्रण प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्यांकन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ । हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. कैफियत सहितको राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन् :

४.१. सरकारी स्वामित्वमा रहेका संस्थान (State Owned Organization)मा नेपाल वित्तीय प्रतिवेदनमान १६ जुलाई २०१७ लागु भएको छ । नेपाल लेखामान नेपाल वित्तीय प्रतिवेदन मानमा (NFRS)परिवर्तन भएकाले १६ जुलाई २०१५ देखि हालको वित्तीय प्रतिवेदन खाकालाई नेपाल वित्तीय प्रतिवेदन मानहरु(NFRS) अनुसार परिवर्तन गर्नुपर्ने र कम्तिमा तीन वित्तीय स्थितिको विवरण, दुई विस्तारित आयको विवरण, दुई आयको विवरण, दुई नगद प्रवाहको विवरण, दुई इक्युटिमा भएको परिवर्तनको विवरण प्रस्तुत गर्नु पर्ने, तर यस संस्थाले आफ्ना वित्तीय विवरणहरु परिवर्तित नेपाल वित्तीय प्रतिवेदन मानहरु (NFRS) बमोजिम तयार नगरिएको साथै नयाँ लेखा सिद्धान्त अनुरुप चाहिने वित्तीय सूचनाको पहिचान, यसको पुनर्लेखन, प्रस्तुति र खुलासा पनि गरिएको पाइएन ।

४.२ कर्पोरेसनले जिन्सी मौज्दात सम्बन्धी कारोबारको उपयुक्त तथा समुचित अभिलेख राखेको छैन । भण्डार दाखिला, जिन्सीको विक्री बिल, माग फारम, जिन्सी खर्च आदिको आधारमा परिमाण तथा लागत परल मोलमा दैनिक कारोबार देखिने गरी लेखांकन नगरेको तथा सो अभिलेखहरु रीतपूर्वक नराखेको तथा भौतिक परीक्षण उपयुक्त तरिकाबाट सम्पादन नगरेकाले कम्पनीको जिन्सी मौज्दात रु.३८ करोड ६८ लाख ५५ हजारको यथार्थ स्थिति यकिन गर्न सकिएन । सो व्यहोरा २०७२।७३ को लेखापरीक्षणप्रतिवेदनमाउल्लेख गरिएतापनि यस बर्ष कुनै कारवाही भएको पाइएन । कानून बमोजिम गर्नुपर्ने काम नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

४.३ केन्द्रीय कार्यालय तथा शाखाहरु बिचको आवधिक रुपमा हिसाब मिलान नगर्ने परिपाटीले २०७४ आषाढ मसान्तमा रु.१७ लाख ९२ हजारको शाखा हिसाब मिलान भएको छैन । सो व्यहोरा २०७२।७३ को लेखापरीक्षणप्रतिवेदनमाउल्लेख गरिएतापनि यस बर्ष कुनै कारवाही भएको पाइएन । कानून बमोजिम गर्नुपर्ने काम नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

४.४. कम्पनीको स्थिर सम्पत्ति रु.१ करोड ८२ लाख ९४ हजार तथा जिन्सी मौज्दात रु.३८ करोड ६८ लाख ५५ हजारको विभिन्न जोखिमबाट सुरक्षित राख्नको लागि बीमा नगराईएकोले यी स्थिर सम्पति तथा जिन्सी

मौज्दातहरु सुरक्षित रहेको देखिएन । गर्नुपर्ने कार्य नगरी संस्थालाई हानी नोक्सानी पुग्न गएमा संस्थान प्रमुखलाई जिम्मेवार बनाउनु पर्दछ ।

४.५ असूल फछ्र्यौट गर्न बाँकी रु.१ करोड ५५ लाख २० हजार तथा पेस्की, सापटी, धरौटी तथा असूल गर्न बाँकी रु.७ करोड ५८ लाख १३ हजार गरी जम्मा रु.९ करोड १३ लाख ३३ हजार को नाम सहितको बर्षानुगत विवरण तथा सम्बन्धित पक्षहरुबाट मौज्दात समर्थन पत्र नलिइएकोले सो को यथार्थ स्थिति यकिन गर्न सकिएन । सो व्यहोरा २०७२।७३ को लेखापरीक्षणप्रतिवेदनमाउल्लेख गरिएतापनि यस बर्ष कुनै कारवाही भएको पाइएन । गर्नुपर्ने काम नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

४.६ भुक्तानी गर्नुपर्ने रु.६ करोड ३४ लाख ७४ हजार को नाम सहितको बर्षानुगत विवरण तथा मौज्दात समर्थन पत्र नरहेकोले उक्त तिर्नु पर्ने रकम तर्फको कम्पनीको दायित्वको यथार्थ स्थिति यकिन गर्न सकिएन । सो व्यहोरा २०७२।७३ को लेखापरीक्षणप्रतिवेदनमाउल्लेख गरिएतापनि यस बर्ष कुनै कारवाही भएको पाइएन । राख्नु पर्ने हिसाब विवरण नराख्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

४.७ बार्षिक विवरणहरुमा असूल गर्न बाँकी हिनामिना रकमको लागि शंकास्पद आसामी खर्च व्यवस्था गरिएको रु.८८ लाख ४८ हजार असूल उपर गर्न संचालक समितिको मिति २०७३।०१।०५ मा बसेको १६०१ औं बैठकको निर्णय अनुसार कानून बमोजिम अबिलिम्ब उक्त रकम जम्मा गर्न लगाउने प्रक्रिया आगाडी बडाउन व्यवस्थापनलाई निर्देशन दिइएकोमा कुनै कारवाही भएको पाइएन । निर्णय कार्यान्वयन नगर्ने संस्थान प्रमुखलाई जिम्मेवार बनाई असूल गर्नुपर्दछ ।

५. लेखापरीक्षकको राय

कैफियत सहितको लेखापरिक्षण राय व्यक्त गर्ने आधारको रुपमा हाम्रो रायमा माथि वुदा नं. ४ मा औल्याईएका बिषयले वित्तीय विवरणहरुमा पर्ने असरबाहेक, संलग्न वित्तीय विवरणले द टिम्बर कर्पोरेसन अफ नेपाल को २०७४ आषाढ मसान्तको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह र ईक्विटीमा भएको परिवर्तनको नेपाल लेखामान बमोजिम सही र यर्थाथ चित्रण गर्दछ ।

६. कम्पनी ऐन, २०६३ को प्रावधानहरुको पालना सम्बन्धी प्रतिवेदन

(क) हामीले सोधनी तथा कैफियत तलब गरेका कुराहरुको जवाफ यथाशीघ्र पायौं ।

(ख) कम्पनीले आफ्नो हिसाब किताब र अभिलेखहरु प्रचलित कानून बमोजिम राखेको छ ।

(ग) संलग्न वासलात, आय विवरण, तथा नगद प्रवाह विवरण कम्पनी ऐन, २०६३ को प्रावधान अनुसार तयार भएको तथा कम्पनीले राखेको हिसाब किताब अभिलेखन र विवरणहरु दुरुस्त छन् ।

(घ) हामीलाई उपलब्ध गराइएको जानकारी तथा स्पष्टीकरणको आधारमा पहिले हिनामिनाको कारबाहीमा परेको बाहेक, संचालक समिति वा कुनै संचालक वा कर्मचारीले कानुनको प्रावधान विपरीत वा अनियमित कार्य गरेको कुरा हाम्रो जानकारीमा आएन ।

(ङ) संलग्न वासलात, आय विवरण तथा नगद प्रवाह विवरण कम्पनी ऐन, २०६३ को प्रावधान अनुसार तयार भएको तथा कम्पनीले राखेको हिसाब किताब अभिलेखन र विवरणहरु दुरुस्त छन् ।

७. व्यवस्थापनले महत्व दिनुपर्ने विषयहरु :

कम्पनी ऐन, २०६३को दफा ९७(२) बमोजिम पब्लिक कम्पनीको सञ्चालक समितिको बैठक वर्षमा कम्तीमा छ(६)पटक बस्नु पर्नेछ र दुई बैठकको बीचको अन्तर तीन महिनाभन्दा बढीहुननहुने भएता पनि, सो बैठकहरू बीच को अन्तर चार महिना रहेको पाइयो । ऐनको दफा १६४ अन्तर्गत २०७३।७४ मा लेखापरीक्षण समिति गठन गरिएता पनि सो प्रावधानहरुको कार्यान्वयनको लागि आफ्नो कार्यविधि नियमित नगरेको, आन्तरिक लेखापरीक्षक एक जना कर्मचारी रहेता पनि कार्य समापन गर्न ढीलाई भएको पाइयो । लेखापरीक्षण समितिले

आन्तरिक लेखापरीक्षणको बार्षिक लेखापरीक्षण कार्यक्रम र कार्यविधि बनाएको पाइएन । दक्ष तथा अनुभवि कर्मचारी, कार्यविधि सम्बन्धी नियमावलिहरुको अभावले आन्तरिक नियन्त्रण कमजोर रहेको छ ।

दुग्ध विकास संस्थान (२०७२।७३)

१. **वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन**

हामीले दुग्ध विकास संस्थानको २०७३ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौ ।

२. **वित्तीय विवरणहरुप्रति व्यवस्थापनको जिम्मेवारी**

नेपाल लेखामान, सम्बन्धित ऐन लगायत प्रचलित अन्य ऐन, नियम, कानुन अभ्यास अनुरुप यी वित्तीय विवरण तयार गर्ने एबं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनको रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रृटि लगायत सारभुत रुपमा गलत आंकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यन्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यन्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमान लागु गर्ने कार्य पर्दछन् ।

३. **लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । हामीले नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शन बमोजिम लेखापरीक्षण सम्पन्न गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार हामीलाई व्यवासायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटीरहित भएको बारेमा मनासिब आश्वासन प्राप्त गर्न लेखापरीक्षणको योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लेखित रकम र खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याइँ गर्ने यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडा सहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारे परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षण बाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीयविवरण तयार गर्दा प्रयोग गरेको लेखानीतिको सान्दर्भिकता, विश्लेषण र लेखाअनुमानको उपयुक्तता साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्ने कार्य समेत लेखापरीक्षकको जिम्मेवारी अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. **कौफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार**

लेखापरीक्षणबाट कौफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभुत असरपर्ने व्यहोरा निम्नानुसार छन् :

४.१. **लगानी :** विगत वर्षहरु देखि चितवन मिल्क लिमिटेडमा रु.२ करोड र कृषि सामग्री कम्पनी लिमिटेडमा रु.२० लाख २ हजार शेयर लगानी गरेकोमा चितवन मिल्क लिमिटेडबाट शेयर प्रमाणपत्र प्राप्त गरेको छैन ।

संस्थानले उक्त लगानीबाट हालसम्म लाभांश प्राप्त गरेको पनि देखिएन । यस समबन्धमा गत विगतको प्रतिवेदनमा उल्लेख गरेकोमा कुनै कारबाही नगरी स्थिति यथावत रहेकोले लगानी गरेको रकम सुरक्षित एवं उपलब्धिमुलक रहेको नपाइएकोले संस्थानका प्रमुखलाई जिम्मेवार बनाउनुपर्दछ ।

४.२. **लेखापरीक्षण :** दुग्ध विकास संस्थानको २०७०।०१।२५ को सञ्चालक समितिको बैठकबाट दोलखा दुग्ध उद्योग लिमिटेडको चुक्ता पूँजी रु.२ करोड ५० लाख मध्ये ५१ प्रतिशतले हुन आउने रकम रु.१ करोड २७ लाख ५० हजारको शेयर पूँजी दुग्ध विकास संस्थानले लगानी गर्न अर्थ मन्त्रालयको स्वीकृतिको लागि कृषि विकास मन्त्रालयमा लेखी पठाउने निर्णय भएको देखियो । अर्थ मन्त्रालयबाट सो उद्योग मा लगानीको लागि स्वीकृति गरिएको कागजात हाल सम्म उपलब्ध भएको छैन । शेयरमा लगानी रकम मध्ये यस आर्थिक वर्षमा रु.५७ लाख समेत जम्मा रु.१ करोड ७ लाख भुक्तानी गरिसकेको र रु.२० लाख ५० हजार भुक्तानी गर्न बाँकी दायित्वको रुपमा संस्थानले देखाएको छ ।

४.३. आर्थिक वर्ष २०७०।७१ देखि नै दुग्ध विकास संस्थानले कबोल गरेको शेयर लगानी उक्त उद्योगको चुक्ता पूँजीको ५० प्रतिशत भन्दा बढी रहेको देखिन्छ । सो अनुसार उक्त दोलखा दुग्ध उद्योग लिमिटेड नेपाल सरकारको अधिकांश स्वामित्वमा परेको हुनाले सो उद्योगको लेखापरीक्षकको नियुक्ती लेखापरीक्षण ऐन, २०४८ को दफा ७ अनुसार महालेखा परीक्षकको परामर्शमा हुनुपर्नेमा परामर्श बेगर नियुक्ती गरी आर्थिक वर्ष २०७०।७१, २०७१।७२ र २०७२।७३ को लेखापरीक्षण गरेको नियम संगत देखिएन । यसर्थ लेखापरीक्षण नियम अनुसार गराउन सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

४.४. **मुद्दती रकम :** संस्थानको राष्ट्रिय वाणिज्य बैंकमा भएको ३ मुद्दती खातामा रु.२ करोड २६ लाख मौज्दात रहेको छ । ती खाताहरुको मुद्दती म्याद २०६५ भाद्र १६ मा सकिएकोमा नविकरण गरिएको छैन । सो मुद्दतीको रसिद पनि संस्थानमा नराखी बैंकलाई नै बुझाएको जानकारी हुन आयो । त्यस सम्बन्धमा आवश्यक कारवाही गरी संस्थानले बैंकमा जम्मा गरेको रकम बैंकमा सुरक्षित रहेको छ भन्ने प्रमाण संस्थान संग रहनु पर्दछ । सो रकमको ब्याज पनि प्राप्त गर्न आवश्यक कारवाही गर्नुपर्ने देखिन्छ । यो व्यहोरा गत वर्षको प्रतिवेदनमा पनि औंल्याएकोमा कुनै कारवाही गरेको नपाइएकोले संचालक समिति एवं व्यवस्थापन प्रमुखलाई जिम्मेवार बनाई असूल गर्नु पर्दछ ।

४.५. **उपदान कोष तथा संचित बिदाको रकम :** संस्थानले अवकाश कोषमा प्रत्येक कर्मचारीको खाता खोलेर उपदान व्यवस्था गरेको रकम जम्मा गर्नु पर्नेमा संस्थानले त्यसो गरेको छैन । संस्थानले उपदान वापत व्यवस्था गरेको रु.७६ करोड ३८ लाखमध्ये रु.८ करोड १० लाख (१०.६० प्रतिशत) मात्र नागरिक लगानी कोषमा रहेको अवकाश कोष खातामा मौज्दात रहेको देखिन्छ । संस्थानको सञ्चित नोक्सान रकम रु.३३ करोड ३४ लाखभन्दा बढी भएको अवस्था रहेकोले आर्थिक स्थिति मजबुत देखिँदैन । संस्थानमा आधा भन्दा बढी कर्मचारीहरुको सेवा अवधी २० वर्ष पुगेको देखिन्छ । ती कर्मचारीहरु अवकाश हुँदा संस्थानले ठूलो आर्थिक भार वहन गर्नुपर्दा थेग्न नसक्ने स्थिति आउने देखिन्छ । अतः समयमा नै सो कोषको रकम अद्यावधिक गर्न विगत देखिको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख हुँदै आएकोमा अवस्था यथावत छ । संस्थानले संचित बिदा बापत रु.१८ करोड १२ लाख व्यवस्था गरेको छ । सो व्यवस्थाको रकम स्वीकृत अवकाश कोष खातामा राख्नु पर्नेमा राखेको छैन । कानुनको पालना नगर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

४.६. **अन्तर आयोजना हिसाब :** संचालक समितिको ८३२ औं बैठकको निर्णय अनुसार अन्तर आयोजना कारोवारमा क्षति नदेखिएको हुँदा क्षतिको व्यवस्था गर्न नपर्ने निर्णय गरेको छ । संचालक समितिको मिति २०६९।०९।१९ को बैठकको निर्णय अनुसार दूध नोक्सान गरेको जिम्मेवारी आयोजना प्रमुखको हुनेछ । लुम्बिनी दुग्ध वितरण आयोजनाले नेपालगञ्ज दुग्ध वितरण आयोजनालाई पठाएको र प्राप्तीमा देखिएको फरक रु.२ लाख ४९ हजार, लुम्बिनी दुग्ध वितरण आयोजनाले जनकपुर दुग्ध वितरण आयोजनालाई पठाएको र प्राप्तीमा देखिएको फरक रु.३ हजार, धनगढी दुग्ध वितरण आयोजनाले नेपालगञ्ज दुग्ध विकास आयोजनालाई र लुम्बिनी दुग्ध विकास आयोजनालाई पठाएको र प्राप्तीमा देखिएको फरक कुल रु. १ लाख

५५ हजार हेटौंडा दुग्ध वितरण आयोजना, लुम्बिनी दुग्ध वितरण आयोजना र नेपालगञ्ज दुग्ध वितरण आयोजनाले सुजल डेरीलाई पठाएको र प्राप्तीमा देखिएको फरक १ करोड ८० लाख ७३ हजार रकम छानविन गरी जिम्मेवार व्यक्तिबाट असूलउपर गर्नुपर्ने व्यहोरा गत विगत वर्षको प्रतिवेदनमा औंल्याएकोमा कुनै कारवाही गरेको नपाइएकोले व्यवस्थापन प्रमुखलाई जिम्मेवार बनाई असूल गर्नु पर्दछ ।

४.७. **प्रतिस्पर्धा नगराई दाउरा खरिद :** दुग्ध विकास संस्थानको आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०६६ को विनियम ४६ मा एक पटकमा १ लाख ५० हजार रुपैँया सम्मको सोझै बजारबाट खरिद गर्न सकिने एक पटकमा दश लाख रुपैयाँ सम्मको सिलबन्दी दरभाउ पत्रद्धारा खरिद गर्न सकिने र दश लाखभन्दा बढीको जतिसुकै रुपैयाँको भए पनि बोलपत्र वा घटाघट बाट खरिद गर्न सकिने व्यवस्था उल्लेख छ । बुटवल दुग्ध वितरण आयोजनाले गरेको दाउराको खरिद लागत अनुमानमा १५ हजार के.जी मासिक आवश्यक पर्ने उल्लेख गरिएको र खरिद गर्दा मासिक रु.१ लाख ५० हजार रुपैँया (वार्षिक रु.१८ लाख) मा नबढ्ने गरी खरिद गर्ने गरी प्रशासन प्रमुखबाट स्वीकृत गरिएको छ । सो खरिद कार्य गर्न बोलपत्र आह्वान गरी खरिद गर्नुपर्नेमा रु.२३ लाख ८४ हजार रुपैयाँको दाउरा सोझै बजारबाट खरिद गरिएको देखियो । साथै विभिन्न तीन सप्लायर्ससँग आलोपालो खरिद गर्ने गरेको पाइयो । विनियमावलीको पालना नगर्ने पदाधिकारीलाई जिम्मेवार वनाउनु पर्दछ ।

४.८. **दूध ढुवानी :** संस्थानको आर्थिक प्रशासन सम्बन्धी विनियमावली २०६६ को विनियम ५० अनुसार कार्यालयले १० लाख रुपैयाँभन्दा बढीको मालसामान वा सेवा खरिद वा निर्माण कार्य गराउँदा बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । काठमाडौं दुग्ध वितरण आयोजनाले एक निर्माण सेवासंग रुट (क) र रुट (ख) को सम्झौता समाप्ती पश्चात् बोलपत्रको माध्यमबाट बोल कबोल नगराई सोझै दुवै संस्थासंग साविकको दर रेट प्रति लिटर रुट (क) को रु १।०३ र रुट (ख) को रु ०।९९ मा ५ प्रतिशत वृद्धि गरी डिष्ट्रिव्युटरलाईरुट (क) र रुट (ख) मा क्रमशः रु १।०८१ र १।०३९ ढुवानी खर्च तय गरी सम्झैता नविकरण गरेको पाइयो । उक्त डिष्ट्रिव्युटरहरु सम्झैता नविकरण पश्चात् जेष्ठ र असार महिनामा रु. ३९ लाख ८४ हजार र अर्कोलाई रु.४३ लाख १४ हजार गरी कुल रु. ८२ लाख ९८ हजार भुक्तानी गरेको पाइयो । डिष्ट्रिव्युटर मार्फत दूध बिक्री वितरणमा इन्धनको मूल्यको घटी/बढीले प्रत्यक्ष असर पार्दछ । साविकको इन्धनको मूल्य रु ९९।०० भन्दा सम्झैता नविकरण गर्दा इन्धनको मूल्य रु ७५।०० हुँदा समेत ५ प्रतिशतले वृद्धि गरी सम्झौता नविकरण गर्नु उपयुक्त देखिँदैन । सो सम्झौता अनुसार भुक्तानी भएको रकम रु.८२ लाख ९८ हजारमा ५ प्रतिशतले हुने रकम रु.३ लाख ९१ हजार बढी भुक्तानी भएको देखिन्छ । बढी भुक्तानी भएको रकम छानविन गरी जिम्मेवार व्यक्तिबाट असूल गर्नुपर्दछ ।

त्यसैगरीविराटनगर दुग्ध वितरण आयोजनाले तिनपैनी रुट,तिनटोलिया रुट, रानी रुटको साविकको भाडा दरमा क्रमशः रु.३ हजार २ सय ९९ रुपैयाँ, ३ हजार ३ सय १५ रुपैयाँ ५२ पैसा, र ३ हजार ४ सय ९९ रुपैयाँ मा १०% ले वृद्धि गरी रु ३ हजार ६ सय १७रुपैयाँ ७९ पैसा, ३ हजार ६ सय ४७रुपैयाँ ७ पैसा र ३ हजार ९ सय ३७रुपैयाँ ४० पैसा कायम गरी सम्झैता नविकरण गरेको पाइयो । सम्झैता नविकरण पश्चात्भुक्तानी गरेको रकम रु. ११ लाख १५ हजारमा १०% को रकम १ लाख १ हजार बढी भुक्तानी भएको देखिन्छ । उक्त बढी भुक्तानी गरिएको रकम छानविन गरी जिम्मेवार व्यक्तिवाट असूल गर्नुपर्दछ ।

४.९. **प्याकिङ्गसामान बढी खपत :** संस्थानले गरेको अन्तराष्ट्रिय वोलपत्रको बूँदा V(a)उपबुँदा १० मा प्रति के.जी प्याकिङ्ग सामानबाट कम्तीमा ३८८ दूध प्याकेट दूध प्याकिङ्ग हुनुपर्ने उल्लेख रहेको छ । साथै संस्थान बाट निर्धारित नर्म्स अनुसार दही रिल प्रति के.जी. बाट ३०० प्याकेट दही प्याकिङ्ग हुनुपर्ने उल्लेख रहेको छ । सोही आधारमा दूध तथा दही प्याकेट बन्नुपर्नेमा संस्थानका आयोजनाहरुमा निर्धारित नर्म्स भन्दा निकै कम प्याकेट प्याकिङ्ग हुने गरेको पाइयो । प्याकिङ्ग सामानमा विभिन्न आठ आयोजनाहरुमा रु.१ करोड ७ लाख १७ हजार बराबरको बढी खपत गरीइको पाइयो । नर्म्स विपरित खपत भएको सम्बन्धमा छानविन गरी सम्बन्धितबाट असुल गर्नु पर्दछ । यदि संस्थानले खपत गरेको प्याकिङ्ग सामान अनुसारको प्याकेट संख्या सही

छ भने सो प्याकेट संख्या अनुसारको दूध तथा दही बिक्री आम्दानी घटी उल्लेख गरेको देखिन्छ । यसर्थ प्याकिङ्गमा खर्च भएको सामान अनुसार उत्पादित सामानको मूल्य असुल नभएकोले प्राविधिक लेखापरीक्षण गराई आवश्यक कारवाहि गर्नुपर्ने देखिन्छ ।

४.१०. **बिजक :** बिक्री गरेको दूध तथा दुग्ध पदार्थको बिल बिजक खरिदकर्ताको नाममा जारी गर्नु पर्दछ । काठमाण्डौं दुग्ध वितरण आयोजनाले १ हजार ३ सय ३२ को संख्यामा रहेका बुथहरुलाई दूध बिक्रीमा सम्बन्धित खरिद कर्तालाई बिजक जारी गर्नुपर्नेमा दैनिक बिक्रीको एक मुष्ठ विभिन्न खरिदकर्ता भनेर बिल बिजक जारी गर्ने गरेको पाइयो । वार्षिक दूध बिक्रीको रकम रु.२ अर्ब ७० करोड ४१ लाख ८८ हजारको सम्बन्धित खरिद कर्तालाई बिजक जारी नगरी विभिन्न खरिदकर्ता लेखेर बिजक जारी गरेको देखियो । बिल बिजक जारी नगर्दा सम्बन्धित खरिदकर्ताहरुको खरिद नदेखिने हुँदा राजश्व चुहावट हुने देखिन्छ । संस्थानले अनिवार्य रुपमा सम्बन्धित खरिदकर्तालाई बिजक जारी गर्नु पर्दछ ।

४.११. **वित्तीय विवरण** : नेपाल लेखामान बमोजिम तयार गर्नुपर्ने वित्तीय विवरणमा दुग्ध विकास संस्थानले ईक्विटिमा भएको परिवर्तन सम्बन्धि विवरण बनाएको छैन ।

५. **व्यवस्थापन पत्र**

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यससाथै संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

६. **कैफियत सहितको राय**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा हाम्रो रायमा, माथि बुँदा नं. ४.१ देखि ४.१० सम्म औल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्ने असर बाहेक, संलग्न वित्तीय विवरणले दुग्ध विकास संस्थानको २०७३ असार मसान्तको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको आर्थिक वर्षको सञ्चालन नतिजा र नगद प्रवाहको नेपाल लेखामान बमोजिम समग्रमा सही र यथार्थ चित्रण गर्दछ ।

नागरिक लगानी कोष (२०७१।७२)

१. **वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन**

हामीले यसै साथ नागरिक लगानी कोषको २०७२ आषाढ मसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा ईक्विटीमा परिवर्तन सम्बन्धि विवरण र तत्सम्बन्धि संलग्न लेखा नीति तथा टिप्पणी सहितको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल लेखामान, सम्बन्धित ऐन लगायत अन्य ऐन, नियम, कानुन अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवम् उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय बिवरण जालसाजी, त्रुटि लगायत सारभुत रुपमा गलत आँकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमान लागु गर्ने कार्य पर्दछन् ।

३. **लेखापरीक्षको जिम्मेवारी**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरुउपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । हामीले नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शन बमोजिम लेखापरीक्षण सम्पन्न गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार हामीलाई व्यवासायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटीरहित भएको बारेमा मनासिब आश्वासन प्राप्त गर्न लेखापरीक्षणको योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लेखित रकम र खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याँई गर्ने यथेष्ठ प्रमाण प्राप्त गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा संग्लन हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडा प्रस्तुती हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ ।लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयार गरी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

लेखापरीक्षणमा प्राप्त प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. लेखापरीक्षण राय व्यक्त गर्ने आधार

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

४.१. **स्थिर सम्पत्ति :** नागरिक लगानी कोषको वानेश्वर स्थित प्रधान कार्यालयको जग्गा/भवन वापतको मालपोत दस्तुर रु.१ करोड ७ लाख भुक्तानी तथालेखाङ्कन गरेको पाइएन । रु.७२ करोड ६९ लाख ८८ हजारको जग्गा तथा भवन कर्मचारी बचत बृद्धि अवकाश कोषको नाममा रहेको र सो जग्गा तथा भवन केन्द्र हिसाब तथा समग्र योजना/कार्यक्रमहरुले भोगचलन गरेकोमा कोषले कर्मचारी बचत बृद्धि अवकाश कोषमा मात्र लेखाङ्कन गरी केन्द्रीय हिसाबमा स्थानान्तरण गरेको छैन । साथै कोषले बर्षान्तमा स्थिर सम्पत्तिहरुको भौतिक परीक्षण गरेको छैन ।

४.२. **लगानी :** कोषले केन्द्र तथा कार्यक्रम/योजनाहरुमा कुल लगानी बाँडफाँड गरी वित्तीय विवरणमा प्रस्तुत गर्दा सोको नीति तथा लगानी आधार तर्जुमा गरी अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गराई प्रस्तुत गरेको छैन । साथै नयाँहरेक लगानीलाई योजनाको मौजुदा नगद (Available Cash) को आधारमा बाँडफाँड गरेको छैन ।

४.३. **समस्याग्रस्त संस्थाहरुमा रहेको मुद्दती निक्षेप:**समस्याग्रस्त बैङ्क तथा वित्तीय संस्थाहरुमा भुक्तानी अवधि नाघेको मुद्दती निक्षेपहरुलाई नेपाल लेखामान अनुसार वित्तीय विवरणमा चालु सम्पत्ति (लिनुपर्ने हिसाब) अन्तर्गत प्रस्तुत गर्नुपर्नेमा लगानी शीर्षक अन्तर्गत प्रस्तुत गरेको देखिन्छ ।

४.४. **मुद्दती निक्षेपमा जोखिम व्यवस्था :** कोषले संचालन गरेका विभिन्न योजनाहरुले मुद्दती निक्षेपमा गरेको लगानी मध्ये समस्याग्रस्त विकाश बैङ्क तथा वित्तीय संस्थाहरुमा कुल रु.९६ करोड (केन्द्रको ३ करोड समेत) भुक्तानी अवधि नाघेको मुद्दती निक्षेप रहेकोमा रु.७३ करोड १० लाख (केन्द्रको ३ करोड समेत) जोखिम व्यवस्था गरेको छ । शत प्रतिशतले जोखिम व्यवस्था गर्नुपर्नेमा बाँकी रु.२२ करोड ९० लाख थप व्यवस्था गरेको छैन ।

४.५. **मुद्दती निक्षेप :**कोषको केन्द्रीय हिसाब तथा विभिन्न योजना तथा कार्यक्रमको २०७२ आषाढ मसान्तमा रहेको रु.३५ अर्ब ३४ करोड (केन्द्रको रु.३ करोड) मध्ये रु.२८ अर्ब ३३ करोड (केन्द्रको रु.३ करोड) को बैङ्क तथा वित्तीय संस्थाहरुबाट स्वतन्त्र समर्थन पत्र प्राप्त गरेको छैन ।

४.६. **बैङ्क मौज्दात** : कोषको केन्द्रीय हिसाब अन्तर्गत रहेका ३८ बैङ्क लेजर हिसाबमा वर्षान्तसम्ममा खुद डेविट रकम रु.२ अर्ब ७१ करोड ७० लाख २७ हजार देखिन्छ । उक्त बैङ्क हिसाब मध्ये ऋणात्मक(क्रेडिट) मौज्दात रु.२ करोड ८२ लाख १६ हजार कायम रहेकोमा नेपाल लेखामान १ अनुसार वित्तीय विवरणको चालु दायित्व शीर्षक अन्तर्गत प्रस्तुत गर्नुपर्नेमा चालु सम्पत्ति अन्तर्गत बैङ्क मौज्दात हिसाबमा समायोजन गरी खुद बैङ्क मौज्दात प्रस्तुत गरेको देखिन्छ ।

उपरोक्त ३८ बैङ्क लेजर हिसाब अनुसार यस बर्षको शुरु बैङ्क मौज्दातमा भएको पेण्डिङ्गरकम रु.१ अर्ब ७ करोड६८ लाख र यस आ.व. २०७१/७२ मा पेण्डिङ्ग रकम रु.१ अर्ब २६ करोड६१ लाख गरी जम्मा रु.२ अर्ब ३४ करोड२९ लाख खुद पेण्डिङ्ग रकमको फछ्यौंट भएको पाइएन ।

उक्त ३८ खाता मध्ये बिभिन्न ५ बैङ्क लेजर हिसाब अनुसार बर्षान्त सम्ममा डेबिट रकम रु.१ करोड९१ लाख ३० हजार र ३ बैङ्क लेजर हिसाब अनुसार क्रेडिट रकम रु.११ करोड९ लाख ५८ हजार गरी खुद क्रेडिट रकम रु.९ करोड१८ लाख २८ हजारको बैङ्कहिसाब मिलान विवरण तयार गरेको छैन । बैंक हिसाव मिलान नगर्ने पदाधिकारीलाई जिम्मेवार वनाउनु पर्दछ ।

४.७. **जिन्सी मौज्दात :** कोषको आर्थिक कार्यविधि विनियमावली, २०६८ को परिच्छेद ६ विनियम ३३ (१) अनुसार खरिद गरेका मालसामानहरु जिन्सी लेखाङ्कन गर्नुपर्ने प्रावधान रहेकोमा सिधै खर्च लेखाङ्कन गरेको नेपाल लेखामान ४ अनुसार छैन ।

४.८. **प्राप्त हुन बाँकी व्याज :**कोषको केन्द्रीय हिसाब तथा कोषले संचालन गरेका योजना तथा कार्यक्रमहरु (नार्क बीमा वाहेक) मा कुल प्राप्त हुन बाँकी व्याज रु.१ अर्ब ७४ करोड ७५ लाख ५५ हजार (केन्द्रीय हिसाबको रु.२ करोड १५ लाख ८ हजार) मध्ये समस्यग्रस्त वित्तीय संस्थामा मुद्दती निक्षेप लगानीको व्याज रु.४९ करोड ७९ लाख १९ हजार (केन्द्रीय हिसाबको रु.१ करोड ७७ लाख ३४ हजार) असुल उपर तर्फ पहल भएको पाइएन ।

४.९. **अन्तर कार्यक्रम संगको लेनदेन हिसाब :**केन्द्रीय हिसाब र विभिन्न कार्यक्रम तथा योजनाहरुको लेजर हिसाब भिडान गर्दा केन्द्रमा लिनुपर्ने हिसाबमा रु.१२ करोड २७ लाख ३९ हजार र दिनुपर्ने हिसाबमा रु.१९ करोड ४१ लाख ४३ हजार फरक रहेकोमा हिसाब मिलान विवरण तयार गरी समायोजन गरेको छैन ।

४.१०. **व्याज आम्दानी :**कोषले पिपुल्स फाइनान्स लि. मा रहेको निक्षेप वापतको साँवा रकम प्राप्त भएतापनि पाउनुपर्ने व्याज रु.२ करोड ९ लाख प्राप्त भएको छैन ।

४.११. **व्यवस्थापन शुल्क आम्दानी :**व्यवस्थापन शुल्क वापत विभिन्न ८ कार्यक्रम/योजनाहरुको रु.४१ करोड ४ लाख ७० हजार आम्दानी जनाएकोमा कर्मचारी बचत बृद्धि कोष तथा अन्य ६ योजनाहरुको लेखापरीक्षण सम्पन्न नभएको वित्तीय विवरण अनुसार आम्दानी जनाएकोले उपरोक्त योजनाहरुको लेखापरीक्षण सम्पन्न भए पछि आम्दानीमा फरक पर्न सक्ने देखिन्छ ।

४.१२. **संचालन खर्च :**कोषको केन्द्र हिसाबले विभिन्न योजना तथा कार्यक्रम संचालन गरे वापत व्यवस्थापन शुल्क वापत आर्थिक वर्ष भरीमा रु.४१ करोड ४ लाख ७० हजार ति योजना तथा कार्यक्रमबाट लिईसकेपछि विभिन्न योजना तथा कार्यक्रमहरुको अप्रत्यक्ष खर्च रु.४ करोड २२ लाख ९० हजार लाई केन्द्रीय हिसाबमा लेखाङ्कन गर्नुपर्नेमा लेखाङ्कन नगरी सम्बन्धीत योजना तथा कार्यक्रममा लेखाङ्कन गरेको उपयुक्त देखिएन ।

४.१३. **आयकर व्यवस्था :**कोषको यस आ.व. २०७१/७२ सम्मको कर विवरण तथा आन्तरिक राजस्व कार्यालयले गरेको आ.व. २०६७/६८ सम्मको कर निर्धारण अनुसार आयकर व्यवस्था रु.४६ करोड ३६ लाख २१ हजार गरिएकोमा अग्रिम आयकर रु.३६ करोड ७७ लाख ८७ हजार रहेकोले नपुग रकम रु.९ करोड ५८ लाख ३४ हजार लाई एकिन गरी राजश्व दाखिला गर्नु पर्दछ ।

४.१४. **पेन्सन कोष योजनाको लेखापरीक्षण :** विभिन्न कोषहरु मध्ये पेन्सन कोष योजना २०६२/६३ देखि संचालन भईरहेकोमा सो योजनाको लेखापरीक्षण सम्पन्न भएको छैन । सोबाट सम्बन्धित कोषहरुमा पर्ने असरको निर्क्यौल भएको देखिँदैन । समयमा लेखापरीक्षण नगराउने पदाधिकारीलाई जिम्मेवार वनाउनु पर्दछ ।

४.१५. **लेखा प्रणाली :**कोषले प्रयोगमा ल्याएका कम्प्यूटर प्रणालीमा पोष्टिङ्ग गरेको रकम गल्ती भएमा सुरक्षित तवरले सच्याउने व्यवस्था छैन । यसर्थ कहिले कति रकम किन सच्याईएको थियो भन्ने व्यहोरा नखुल्ने र पोष्टिङ्ग

गर्ने इच्छा अनुसार पोष्टिङ्ग गरीसकेको रकम तथा व्यहोराहरु मेटाउने, थप्ने, घटाउने, र हटाउने सक्ने स्थिति छ । यस सम्बन्धी कार्य बाह्य संस्थालाई दिएकोमा सो संस्थाले गरेको कामको नियमित वा अद्यावधिक जाँच गर्ने प्रणाली कोषमा छैन । यसरी पोष्टिङ्ग अंक र व्यहोरा सच्याउने, थप्ने, हटाउने गरेको कुनै अभिलेख नहुनाले आन्तरिक नियन्त्रणको अवस्था अत्यन्त कमजोर देखिएको छ ।

५. **व्यवस्थापन पत्र**

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

६. **लेखापरीक्षकको राय**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा हाम्रो रायमा, माथि बुँदा नं. ४.१ देखि ४.१५ सम्म औंल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्ने असर बाहेक, संलग्न वित्तीय विवरणले कोषको २०७२ आषाढ मसान्तको वित्तीय स्थिति र सोहि मितिमा समाप्त भएको वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह र ईक्वीटीमा भएको परिवर्तनको विवरणको नेपाल लेखामान बमोजिम सहि र यथार्थ चित्रण गर्दछ ।

नागरिक लगानी कोष (२०७२।७३)

१. **वार्षिक वित्तिय विवरण उपर प्रतिवेदन :**

हामीले यसै साथ नागरिक लगानी कोषको २०७३ आषाढ मसान्तसम्मको वासलात एवम् सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा इक्विटीमा परिवर्तन सम्बन्धि विवरण र तत्सम्बन्धि संलग्न लेखा नीति तथा टिप्पणी सहितको वित्तिय विवरणको लेखापरीक्षणसम्पन्न गरेका छौ ।

२. **वित्तिय विवरण उपर व्यवस्थापनको जिम्मेवारी :**

नेपाल लेखामान, सम्बन्धित ऐन लगायत अन्य ऐन, नियम, कानुन अभ्यास अनुरूप यी वित्तिय विवरण तयारी गर्ने एवम् उचित रूपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ ।यस्तो जिम्मेवारी अन्तर्गत बित्तीय बिवरण जालसाजी, त्रुटि लगायत सारभुत रूपमा गलत आंकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रूपमा कार्यान्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमान लागु गर्ने कार्य पर्दछन् ।

३. **लेखापरीक्षकको जिम्मेवारी :**

हाम्रो जिम्मेवारी प्रस्तुत बित्तीय विवरणहरूउपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । हामीले नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौ । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक नैतिकताको पालना गर्ने तथा बित्तिय विवरणहरू सारभूत रूपमा त्रुटीरहित भएको बारेमा मनासिब आश्वासन प्राप्त गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

लेखापरीक्षण अन्तर्गत बित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याई गर्ने यथेष्ट प्रमाण प्राप्त गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा संग्लन हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रूपमा गलत आँकडा प्रस्तुती हुन सक्ने कुरामा अवलम्बन गरीने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा

निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तिय विवरण तयार गरी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परिक्षण गरिएको छ। व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, बिश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीयविवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नुपर्ने समेतलेखापरीक्षण अन्तर्गत पर्दछ ।

लेखापरीक्षणमा प्राप्त प्रमाणरूले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी बिश्वस्त छौं ।

४. लेखापरीक्षण राय व्यक्त गर्ने आधार

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रूपमा बित्तिय बिवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन् :

४.१ स्थिर सम्पतिको भौतिक परीक्षण :

कोषको आर्थिक कार्यविधि विनियमावली २०६८ को दफा ३४ अनुसार प्रत्येक वर्ष कार्यालय प्रमुख आफूले वा भण्डारको जिम्मा लिने कर्मचारी बाहकेका अन्य कर्मचारी द्वारा जिन्सी मालसामानको भौतिक निरीक्षण गराई त्यसको प्रतिवेदन एक तह माथिको अधिकारी मार्फत कार्यालय प्रमुख समक्ष पेश गर्नुपर्नेमा आ.व. २०७२/७३ मा स्थिर सम्पत्तिको भौतिक परीक्षण गरेको छैन ।

४.२ लगानी:यस सम्बन्धमा देखिएका व्यहोरा निम्नअनुसार छन् :

क) नागरिक लगानी कोषको लेखातर्फको अभिलेख अनुसार केन्द्रिय हिसाव र विभिन्न ११ कार्यक्रम/योजनाहरू समेत १२ योजना को आर्थिक वर्ष २०७२/७३ सम्ममा शेयर लगानीमा कुल रू. २ अर्ब ९० करोड २० लाख लगानी रहेकोमा लगानी विभागको अभिलेख अनुसार रू. २ अर्ब ८५ करोड ५२ लाख मात्र देखिएकोले रू. ४ करोड ६८ लाख लगानी विभागले कम देखाएको सम्बन्धमा कारण पत्ता लगाई आवश्यक कारवाही गर्न लेखा प्रमुख र लगानी विभाग प्रमुखलाई जिम्मेवार बनाउनु पर्दछ ।

ख)कोषको केन्द्रिय हिसाव र विभिन्न ११ कार्यक्रम/योजनाहरूको विभिन्न वैंक, वित्तिय संस्था तथा कम्पनीहरूमा रहेको शेयर लगानी मध्ये लगानी विभागको अभिलेख अनुसार १ करोड २९ लाख र शेयर अभौतिकिकरण (DEMAT) मौज्दात अनुसार ५९ लाख ४४ हजार भएकोले ६९ लाख ५६ हजार शेयर कित्ताको भिन्नता रहेको छ । सवै शेयर अभौतिकिकरण नगर्नको कारण पत्ता लगाई यथासमयमै सवै शेयर अभोतिकिकरण गर्नु पर्दछ ।

ग) कोषले केन्द्र तथा कार्यक्रम/योजनाहरूमा कुल लगानी बाँडफाँड गरी वित्तीय विवरणमा प्रस्तुत गर्दा सोको नीति तथा लगानी आधार तर्जुमा गरी अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गराई प्रस्तुत गरेको छैन । साथै नयाँ हरेक लगानीलाई योजनाको मौजुदा नगद (Available Cash) को आधारमा बाँडफाँड गरेको छैन ।

४.३ नेपाल राष्ट्र बैंक संग सोधभर्ना :

कोषले विभिन्न ऋण पत्र/वचत पत्र खरिद गर्दा विभिन्न ग्राहकहरूलाई भुक्तानी गरेको खण्डीत अवधिको व्याज र सो वापत भुक्तानी गरेको व्याज समेत लगानी शाखा अनूसार नेपाल राष्ट्र बैंकबाट सोधभर्ना प्राप्त गर्न बांकी रू. ४० लाख २४ हजार रहेकोमा वित्तीय विवरण अनुसार रू. ४६ लाख ९१ हजार आम्दानी लेखांकन गरिएकोले रू.६ लाख ६६ हजार भिन्नता रहेको छ । यसरी लगानी शाखाले कोषको सम्पती घटी देखाएको कारण पत्ता लगाई आवश्यक कारवाही गर्न लेखा तथा लगानी शाखा प्रमुखलाई जिम्मेवार वनाउनुपर्दछ ।

४.४ कोषले तिर्नुपर्ने लाभांश :

कोषका शेयरधनीहरूलाई कोषले विगत वर्षहरूमा तिर्नुपर्ने लाभांश वापत वित्तीय विवरण अनुसार रू. ७ लाख २४ हजार र कोषले अद्यावधिक गरेकोव्यक्तिगत विवरण अनुसार रू.१ लाख ८ हजार देखिएकोले रू.६ लाख १६ हजार कसलाई तिर्न बाँकी हो भन्ने खुल्दैन । यसैले आवश्यक कानूनी प्रकृया पुऱ्याई तिर्न नपर्ने रकम कोषले आम्दानी बाँध्नु पर्दछ ।

४.५ NFRS कार्यान्वयन सम्बन्धमा:

वित्तीय प्रतिवेदन मान लागू गर्नु पर्नेमा कोषले तयार गरेको वित्तिय विवरणहरू नेपाल लेखामान बोर्ड (Accounting Standard Board of Nepal) बाट जारी नेपाल वित्तिय प्रतिवेदनमानहरू (Nepal Financial Reporting Standard)अनुसार छैनन् ।

४.६ समस्याग्रस्त संस्थाहरूमा रहेको भूक्तानी अवधि नाघेको मुद्धती निक्षेप:

समस्याग्रस्त बैंक तथा वित्तिय संस्थाहरूमा भूक्तानी अवधि नाघेको मुद्धती निक्षेप रू. ३ करोड लाई नेपाल लेखामान अनुसार वित्तिय विवरणको अनुसुची ६ मा चालु सम्पती (लिनुपर्ने हिसाब) अन्तर्गत प्रस्तुत गर्नुपर्नेमा अनुसुची ४ अन्तर्गत लगानी शिर्षक अन्तर्गत प्रस्तुत गरेको देखिन्छ ।

४.७ मुद्धती निक्षेपमा जोखिम व्यवस्था :

कोषले संचालन गरेका विभिन्न योजनाहरूलेमुद्धती निक्षेपमा गरेको लगानी मध्ये समस्याग्रस्त विकाश बैंक तथा वित्तिय संस्थाहरूमा कुल ९६ करोड (केन्द्रको ३ करोड समेत) भुक्तानी अवधि नाघेको मुद्धती निक्षेप रहेकोमा रू ९० करोड ३० लाख (केन्द्रिय हिसाबको ३ करोड समेत) जोखिम व्यवस्था गरेको छ । अन्य योजनाहरूमा शत प्रतिशतले जोखिम व्यपस्था गर्नुपर्नेमा बाकीरू ५ करोड ७० लाख थप व्यवस्था गरेको छैन । संस्थाको वितीय अवस्थाको विश्लेषण नगरी यसरी जोखिम युक्त लगानी गर्ने पदाधिकारीलाई जिम्मेवार वनाई यस्ता मुद्दति निक्षेप रकम यथाशीघ्र असुली गराउनु पर्दछ ।

४.८ मुद्धती निक्षेप :

कोषको केन्द्रीय हिसाब तथा विभिन्न योजना तथा कार्यक्रमको २०७३ आषाढ मसान्तमा रहेको रू ५७ अर्व २७ करोड ३० लाख (केन्द्रको रू ३ करोड) मध्ये रू १७ अर्ब ११ करोड (केन्द्रको रू ३ करोड) को बैंक तथा बित्तिय संस्थाहरूबाट स्वतन्त्र समर्थन पत्र प्राप्त हुन सकेन । यसरी समर्थन पत्र प्राप्तीको अभिलेख नराख्ने पदाधिकारीलाई जिम्मेवार वनाउनु पर्दछ ।

४.९ बैंक मौज्दात :

४.९.१ कोषको केन्द्रिय हिसाब अन्तर्गत रहेका ४५ बैंक लेजर हिसाबमा वर्षान्त सम्ममा खुद डेविट रकम रू १ अर्ब ३ लाख ६८ हजार देखिन्छ । उक्त बैंक हिसाब मध्ये ऋणात्मक(क्रेडिट) मौज्दात ३२ करोड ३८ लाख २३ हजार कायम रहेकोमा नेपाल लेखामान १ अनुसार वित्तिय विवरणको अनुसुची ९ मा चालु दायित्व शिर्षक अन्तर्गत प्रस्तुत गर्नुपर्नेमा अनुसुची ७ मा चालु सम्पति अन्तर्गत बैंक मौज्दात हिसाबमा समायोजन गरी खूद बैंक मौज्दात प्रस्तुत गरेको देखिन्छ ।

४.९.२ कोषको ४५ खाता संचालन मध्ये ३६ वैंक लेजर हिसाब अनुसार मौज्दात रू.९४ करोड४१ लाख ७ हजार र बैंक स्टेटमेन्ट अनुसार १ अर्व २८ करोड १६ लाख ८९ हजार भई खूद रू. ३३ करोड ७५ लाख ८१ हजार बैंक स्टेटमेन्ट अनूसार बढी देखिएको हिसाब मिलान विवरण तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार वनाउनु पर्दछ ।

४.९.३ उपरोक्त ३६ खाता मध्ये १३ बैंक खातामा लेजर अनुसारको डेबिट मौज्दात रू. १ अर्ब ७२ करोड १९ लाख ८७ हजार र बैंक स्टेट्मेन्ट अनुसारको सो मौज्दात रू. ४५ करोड १ लाख २७ हजार भई बैंक मौज्दात भन्दा लेजर मौज्दात रू. १ अर्ब २७ करोड १८ लाख ६० हजार बढी रकम समायोजन भएको छैन ।

४.९.४ उपरोक्त ३६ खाता मध्ये बांकी रहेको २३ बैंक हिसाबमा लेजर अनुसारको क्रेडिट मौज्दात रू. ७७ करोड ७८ लाख ७९ हजार र बैंक स्टेट्मेन्ट अनुसारको डेबिट मौज्दात रू. ८३ करोड १५ लाख ६२ हजार भई बैंक मौज्दात भन्दा लेजर मौज्दात रू. १ अर्ब६० करोड ९४ लाख ४१ हजार कमरकम फछ्यौंट भएको पाइएन ।

४.९.५ माथि उल्लेखित बैंक तथा लेजर हिसाव भिन्नताको बैंक हिसाब मिलान विवरण कोषका सम्बन्धीत पदाधिकारी तथा कर्मचारीले तयार नगरेका हुदा ती पदाधिकारी तथा कर्मचारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

४.१० जिन्सि मौज्दात सम्बन्धमा :

कोषको आर्थिक कार्यविधि विनियमावली, २०६८ को परिच्छेद ६ विनियम ३३ (१) अनुसार खरिद गरेका मालसामानहरू जिन्सी लेखांकन गर्नुपर्ने प्रावधान रहेकोमा सिधै खर्च लेखांकन गर्ने गरिएको नेपाल लेखामान ४ अनुसार सामन्जस्य छैन ।

४.११ प्राप्त हुन बाँकी ब्याज :

कोषको केन्द्रिय हिसाब तथा कोषले संचालन गरेका योजना तथा कार्यक्रमहरूमा कुल प्राप्त हुन बाँकी ब्याज रू. २ अर्ब ७१ करोड ६६ लाख ६० हजार (केन्द्रिय हिसाबको २ करोड ५७ लाख ८३ हजार) मध्ये समस्याग्रस्त वित्तिय संस्थामा मुद्धती निक्षेप लगानीको ब्याज ५७ करोड ६६ लाख ४७ हजार (केन्द्रिय हिसाबको २ करोड २० लाख ९ हजार) असुल उपर तर्फ पहल भएको पाइएन । यसरी असुल उपर नगर्ने सम्बन्धीत पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

४.१२ अन्तर कार्यक्रम (विभिन्न कार्यक्रम/योजनाहरू) सँगको लेनदेन हिसाब :

केन्द्रिय हिसाब र विभिन्न कार्यक्रम तथा योजनाहरूको लेजर हिसाब भिडान गर्दा केन्द्रमा लिनुपर्ने हिसाबमा रू ४० करोड २१ लाख ८१ हजार र दिनुपर्ने हिसाबमा रू ३ करोड ९२ लाख १८ हजार भिन्नता रहेकोमा उक्त भिन्नताको रिकन्सिलेसन विवरण तयार गरी समायोजन नगर्ने सम्बन्धीत पदाधिकारी एवं कर्मचारीलाई जिम्मेवार वनाउनुपर्दछ ।

४.१३ व्याज आम्दानी :

कोषले पिपुल्स फाइनान्स लि. मा रहेको निक्षेप वापतको साँवा रकम प्राप्त भएतापनि पाउनुपर्ने ब्याज रू १ करोड ७८ लाख ८१ हजार भुक्तानी प्राप्त भएको छैन । साँवा असूल गरेपछि पनि ब्याज असूल गर्न बाँकी राखी लापरवाही गर्ने सम्बन्धीत पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

४.१४ व्यवस्थापन शुल्क आम्दानी :

व्यवस्थापन शुल्क वापत विभिन्न १० कार्यक्रम/ योजनाहरूको रू ४३ करोड ८४ लाख ६९ हजार आम्दानी जनाउनुपर्नेमा कोषले रू ४३ करोड २३ लाख ५५ हजार आम्दानी जनाएकाले कम लेखांकन रू ६१ लाख १३ हजारको समायोजन गरेको छैन ।

४.१५ स्थगन करको गणना :

कोषले नेपाल लेखामान ९ अनुसार स्थगन करको गणना गरी लेखांकन गर्ने गरेको छैन ।

४.१६ आयकर व्यवस्था :

कोषको यस आ.व. २०७२/७३ सम्मको कर विवरण तथा आन्तरिक राजश्व कार्यालयले गरेको आ.व. २०६७/६८ सम्मको कर निर्धारण अनुसार आयकर व्यवस्था रू ५५ करोड ३१ लाख २८ हजार गरिएकोमा अग्रिम आयकर रू ५४ करोड ३४ लाख ९६ हजार रहेकोले नपुग रकम रू ९६ लाख ३२ हजार लाई एकिन गरी राजश्व शिर्षकमा दाखिला गरेको छैन ।

४.१७ लेखा प्रणाली :

कोषले प्रयोगमा ल्याएका कम्प्यूटर प्रणालीमा पोष्टिङ्ग गरेको रकम गल्ती भएमा Correction Entry गरेर सच्याउने व्यवस्था छैन । यसर्थ कहिले कति रकम किन सच्याईएको थियो भन्ने व्यहोरा नखुल्ने र पोष्टिङ्ग गर्नेको इच्छा अनुसार पोष्टिङ्ग गरीसकेको रकम तथा व्यहोराहरू मेटाउने, थप्ने, घटाउने, र हटाउने सक्ने स्थिति छ । यस सम्बन्धी कार्य बाह्य संस्थालाई दिएकोमा सो संस्थाले गरेको कामको नियमित वा आवधिक जाँच गर्ने प्रणाली कोषमा छैन । यसरी पोष्टिङ्ग अंक र व्यहोरा सच्याउने, थप्ने, हटाउने गरेको कुनै अभिलेख नहुनाले आन्तरिक नियन्त्रणको अवस्था अत्यन्त फितलो देखिएको छ । यस सम्बन्धी व्यहोरा गत विगत वर्षको लेखापरीक्षण प्रतिवेदनमा पनि औल्याएकोमा सुधार भएको पाइएन ।

५. व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

६. कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रूपमा हाम्रो रायमा माथि बुँदा नं. ४ मा औल्याएका विषयले वित्तिय विवरणहरूमा पर्ने असरबाहेक, संलग्न वित्तिय विवरणले कोषको २०७३ आषाढ मसान्तको वित्तिय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह र इक्वीटीमा भएको परिवर्तनको विवरणको नेपाल लेखामान बमोजिम सहि र यथार्थ चित्रण गर्दछ ।

नेपाल औषधि लिमिटेड(२०७१।७२)

१. वित्तीय विवरण उपर प्रतिवेदन

हामीले यसैसाथ संलग्न नेपाल औषधि लिमिटेडको २०७२ आषाढ मसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय विवरण, नगद प्रवाह विवरण र त्यस सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरण प्रति व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्बन्धित ऐन लगायत प्रचलित अन्य ऐन नियम, कानून अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तरगत वित्तीय विवरण जालसाजी, त्रुटि लगायत सारभूत रुपमा गलत आंकडा रहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमान लागु गर्ने कार्य पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

लेखापरीक्षणको आधारमा वित्तीय विवरणहरु उपर मन्तव्य व्यक्त गर्नु हाम्रो जिम्मेवारी हो । हामीले लेखापरीक्षण नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शन बमोजिमलेखापरीक्षण सम्पन्न गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार हामीलाई व्यवासायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटीरहित भएको बारेमा मनासिब आश्वासन प्राप्त गर्न लेखापरीक्षणको योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।
लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लेखित रकम र खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याँई गर्ने यथेष्ठ प्रमाण प्राप्त गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा संग्लन हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आंकडा प्रस्तुती हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ ।लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयार गरी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नितिको सान्दर्भिकता विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

लेखापरीक्षणमा प्राप्त प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. **कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

४.१. **कम्पनीको निरन्तरता** - कम्पनीले विश्व स्वास्थ्य संगठनले निर्धारण गरेको कुशल उत्पादन मापदण्डमा जाननसकेकोले औषधि व्यवस्था विभागबाटसंचालन अनुमति नपाई उत्पादन ठप्प रहेको छ । कम्पनीको सञ्चित घाटा रु.१ अर्ब २१ करोड ८ लाखपुगेको, नेट वर्थ रु.१ अर्ब १० करोड ४४ लाख ऋणात्मक रहेको तथा विभिन्न मितिमा नेपाल सरकार अर्थ मन्त्रालयबाट ऋण थप हुँदै गएको तथा कम्पनी संचालन सम्बन्धमा अन्योल रहेको अवस्थाले गर्दा कम्पनीको निरन्तरता नै अनिश्चित रहेको देखिन्छ ।

४.२. **स्थिर सम्पत्ति** - यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन्:

४.२.१. कम्पनीले युनिसेफबाट प्राप्त गरेको मेशिन, स्पेयर पार्टस तथा सवारी साधन रु.१ करोड८९ लाख र युनिडोबाट प्राप्त गरेको मेशिन तथा स्पेयर्स पार्टस रु.६० लाख ८ हजारलाई आर्थिक विवरणमा देखाएको र सोमा नियमानुसार ह्रास कट्टी गर्ने गरेको पाइयो । तर नेपाल लेखामान २० अनुसार पूँजीगत अनुदानलाई आम्दानी विधि अनुसार हरेक वर्ष ह्रास कट्टी बराबर रकम आम्दानी बाँध्नु पर्नेमा सो गरेको पाइएन ।

४.२.२. कम्पनीको स्थिर सम्पत्तिहरु कम्पनी बन्द हुन गएको तथा उचित व्यवस्थापन तथा मर्मतसम्भारको कमीको कारणबाट सामान काम नलाग्ने अवस्थामा पुगेकोमा उक्त सम्पत्तिलाई ह्रास कट्टी गरी बाँकी रकममा देखाइएकोले स्थिर सम्पत्तिले सही रकम चित्रण गरेको छैन ।

४.३. **जिन्सी** - यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन्:

४.३.१. कम्पनीको सम्बन्धित शाखाले काम नलाग्ने भनी यकिन गरेका कच्चा पदार्थ रु.७८ लाख ७३ हजार तथा अन्तिम तयारी औषधि रु.७४ लाख ३३ हजार गरी जम्मा रु.१ करोड५३ लाख व्यवस्थापनलेसमयमानै निर्णय गरी स्टोर व्यवस्थापन सरल बनाउने तथा सम्भावित नोक्सानी बापत व्यवस्था गरेको पाइएन।

४.३.२. नेपाल लेखामान २ अनुसार जिन्सी मौज्दातको मूल्याङ्कन परल मूल्य वा खुद प्राप्य हुने मूल्य मध्ये जुन कम छ सो मा गर्नुपर्ने व्यवस्था भएकोमा कम्पनीले तयारी सामानको मूल्याङ्कन बिक्री मूल्य र अन्य जिन्सी मौज्दातको मूल्याङ्कन परल मूल्यमा राखेको पाइयो साथै धेरै सामानहरु काम नलाग्ने अवस्थामा रहेकोले जिन्सी मौज्दातको रकमले सही चित्रण गर्दैन ।

४.४. **आसामी बाँकी -** कम्पनीले वित्तीय विवरणमा व्यापारिक तथा अन्य प्राप्त गर्नुपर्ने भनी देखाएको रु.१ करोड १५ लाख विगत धेरै लामो समय देखि उठ्न बाँकी रहेको आसामीहरु उठाउने तर्फ व्यवस्थापनले कारबाही गरेको पाइएन ।यस तर्फ व्यवस्थापनलाई जिम्मेवार वनाउनु पर्दछ ।

४.५. **अग्रिम तथा धरौटी -** यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन् :

४.५.१. अग्रिम भुक्तानी भएकोरु.१ करोड५९ लाख हाल उठ्राउनतर्फ व्यवस्थापनले कारबाही गरेको पाइएन ।

४.५.२. कम्पनीको आर्थिक विवरणमा प्रतीतपत्र तथा बैङ्क जमानत मार्जिन अन्तर्गत देखाइएको रु.१२ लाख ८५ हजार विगत वर्षौंदेखि बाँकी रहेको रकम उठाउने तर्फ व्यवस्थापनले कारबाही गर्नु पर्दछ ।

४.६. **कर समायोजन -** वित्तीय विवरण अनुसार चालु वर्षको अन्तमा कर कार्यालयमा अग्रिम दाखिला भएको कर रु.५५ लाख ४७ हजार, अग्रिम आयकर (घरभाडा) रु.६२ लाख ८२ हजार र १.५ प्रतिशत अग्रिम कर कट्टी रु.९३ हजार गरी जम्मा रु.१ करोड १९ लाख २२ हजार लिन बाँकी देखिन्छ । तर कर कायालर्यबाट सो रकमको पुष्टी हुने प्रमाण संलग्न भएको पाइएन । कम्पनीले कर कार्यालयलाई तिर्नुपर्ने कर दायित्व समेत देखिएकोले अग्रिम दाखिला देखाएको रकम यकिन गरी तिर्नु पर्ने कर रकम समायोजन गरी वास्तविक लिनु पर्ने वा तिर्नु पर्ने अवस्था यकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।

४.७. **व्यवस्थाहरु -** कम्पनीले कर्मचारी कल्याण कोष, उपदान कोष, औषधि उपचार कोष, कर्मचारी वासस्थान, बीमा व्यवस्था, संचित घर बिदा तथा बिरामी बिदा शीर्षकहरुमा व्यवस्था गरेकोमा कर्मचारी अवकाशका दायित्वहरु जस्तै उपदान बापतको रकम एक्चुएरी मूल्याङ्कनकर्ता बाट दायित्व यकिन गरेको पाइएन ।

४.८. **ऋण सम्बन्धमा -** कम्पनीले चालु आर्थिक वर्षमा नेपाल सरकारबाट रु.४१ करोड ९८ लाख थप ऋण लिई जम्मा रु.९० करोड ३३ लाख ऋण बाँकी देखिन्छ ।

५. व्यवस्थापन पत्र

व्यवस्थापनले थप सुधार गर्नुपर्ने व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

६. लेखापरीक्षकको राय

हाम्रो रायमा, माथि उल्लेखित बुँदा नं.४.१ देखि ४.८ सम्म औंल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्ने असर बाहेक, संलग्न वित्तीय विवरणले नेपाल औषधि लिमिटेडको २०७२ आषाढ मसान्तको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको संचालन नतिजा र नगद प्रवाहले नेपाल लेखामान बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

७. कम्पनी ऐन, २०६३ को प्रावधानको पालना सम्बन्धि प्रतिवेदन:

७.१. हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानेका सबै सुचना र स्पष्टिकरणहरु पायौं ।

७.२. हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा कम्पनीको हिसाव किताब ठीकसंग राखिएको छ ।

७.३. हामीले प्राप्त गरेको सुचना एवं हामीलाई दिइएको स्पष्टिकरण तथा संस्थाको हिसाव किताबको परीक्षणबाट संस्थाको संचालक समिति वा संस्थाका कुनै कर्मचारीले कानूनी व्यवस्था विपरित काम गरेको वा संस्थालाई प्रत्यक्ष हानी नोक्सानी गरेको वा हिनामिना गरेको हाम्रो जानकारीमा आएन ।

७.४. संलग्न वासलात, नाफा नोक्सान हिसाब कम्पनीले राखेका हिसाब किताबसंग दूरुस्त रहेका छन् ।

नेपाल टेलिभिजन (२०७२।७३)

१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन

हामीले नेपाल टेलिभिजनको २०७३ आषाढ मसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा ईक्विटीमा परिवर्तन सम्बन्धि विवरण र तत्सम्बन्धि संलग्न लेखा नीति तथा टिप्पणी सहितको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल लेखामान, सम्बन्धित ऐन लगायत अन्य ऐन, नियम, कानुन अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवम् उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय बिवरण जालसाजी, त्रुटि लगायत सारभुत रुपमा गलत आँकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमान लागु गर्ने कार्य पर्दछन् ।

३. **लेखापरीक्षकको जिम्मेवारी :**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरुउपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । हामीले नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शन बमोजिम लेखापरीक्षण सम्पन्न गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार हामीलाई व्यवसायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटीरहित भएको बारेमा मनासिब आश्वासन प्राप्त गर्न लेखापरीक्षणको योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लेखित रकम र खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याँई गर्ने यथेष्ठ प्रमाण प्राप्त गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा संग्लन हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडा प्रस्तुती हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ ।लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयार गरी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

लेखापरीक्षणमा प्राप्त प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. **लेखापरीक्षण राय व्यक्त गर्ने आधार**

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

४.१. **पेश्की :** शान्तिकोष परियोजना समाप्त भई सकेको हुँदा सो सम्बन्धी सम्पूर्ण हिसाब राफसाफ गर्नुपर्नेमा २०७३ आषाढ मसान्तमा कर्मचारीहरुको नाममा रु.७३ लाख ४६ हजार पेश्कीबाँकी रहेको देखिन्छ ।

४.२. **अनुदान रकमको अपलेखन :** नेपाल लेखामान २० अनुसार अनुदान रकमलाई एकरुप प्रणालीमा अपलेखन गरी ५ बर्ष भित्रमा राफसाफ गर्नुपर्नेमा यस संस्थानले विगत १२ बर्ष अघि प्राप्त बैदेशिक उपकरण सहायता अनुदान रकम हालसम्म पनि घट्दो प्रणलीमा अपलेखन गरी यस आर्थिक बर्ष संस्थानले बैदेशिक उपकरण सहायता अनुदान रकम रु.१ लाख २३ हजार र विविध पूँजीगत अनुदान रकम रु.१ लाख ८१ हजार अपलेखन गरेको हुदाँ सो अपलेखन विधि नेपाल लेखामान २० मा उल्लेख भएको विधि अनुरुप भएको छैन ।

४.३. **स्थिर सम्पत्ति :**नेपाल लेखामान १६ अनुसार स्थिर सम्पत्तिको आयु निर्धारण गरी बार्षिक रुपमा सोही अनुरुप ह्रास कट्टि गर्नुपर्ने प्रावधान रहेको हुँदा संस्थानले सो अनुरुप ह्रास कट्टि नगरी व्यवस्थापनबाट पूर्व निर्धारित प्रतिशतका दरले स्थिर सम्पत्ति ह्रास कट्टी गरेकोले सो लेखामानको पूर्ण रुपले पालना भएको छैन ।स्थिर सम्पत्ति कुन ठाँउमा अवस्थित छन् भनी विवरण तयार पारिएको तर प्रत्येक स्थिर सम्पत्तिको कोडिङ्ग गरेको छैन ।

४.४. **स्थगन कर** :संस्थानलेनेपाल लेखामान १२ अनुसार वासलातमा रहेको सम्पत्ति र दायित्व रकम तथा ती सम्पत्ति र दायित्वको कर आधारको अस्थायी अन्तर गणना गरी स्थगन करको गणना गर्नुपर्नेमा सोअनुसार गरेको छैन ।

४.५. **जिन्सी मूल्याङ्कन:**संस्थानले नेपाल लेखामान २ अनुसारसामानहरुको मूल्याङ्कन परल मूल्य अथवा बजार मूल्य जुन कम छ सो रकममा मूल्याङ्कन हुनु पर्नेमा परल मूल्यमा गरेको पाइयो ।

५. **व्यवस्थापन पत्र**

व्यवस्थापनले थप सुधार गर्नुपर्ने व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

६. **लेखापरीक्षकको राय**

हाम्रो रायमा, माथि उल्लेखित बुँदा नं. ४ मा औंल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्ने असर बाहेक, संलग्न वित्तीय विवरणले नेपाल टेलिभिजनको २०७३ आषाढ मसान्तको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह र ईक्विटीमा भएको परिवर्तनको विवरणको नेपाल लेखामान बमोजिम सहि र यथार्थ चित्रण गर्दछ ।

नेपाल दूरसञ्चार प्राधिकरण(२०७३।७४)

१. **वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन**

हामीले यसैसाथ संलग्न नेपाल दूरसञ्चार प्राधिकरणको २०७४ साल आषाढ मसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय व्यय विवरण, नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल लेखामान, सम्बन्धित ऐन, नियम, कानून अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटी लगायत सारभूत रुपमा गलत आँकडा रहित प्रस्तुतिकरण, आवश्यक आन्तरिक नियनत्तण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमानहरु लागु गर्ने पर्दछन् ।

३. **लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा हामीले लेखापरीक्षण गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडारहित प्रस्तुती भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्ने लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याईका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको आन्तरिक

नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएतापनि यस्तो आन्तरिक नियन्त्रण प्राणालीको प्रभावकारीता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने प्रयोजन राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखाअनुमानको उपयुक्तताको साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. लेखापरीक्षण राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत रुपमा असर पर्ने व्यहोरा निम्नानुसार छन् :

४.१ **नविकरण** : मोवाईल सेवाको लागि नेपाल दूरसञ्चार कम्पनी लिमिटेडलाई २०५६।०१।२९ देखि लागु हुने गरी १० वर्षका लागि रु.२१ करोड दस्तुर र पहिलो पटक नविकरण गर्दा पछि प्रतिस्पर्धाबाटछानिएका सेवा प्रदायकले तिर्ने नविकरण दस्तुर नै लिने गरी दिएको अनुमति पत्र २०६६।०१।२९ मा ५ बर्षका लागि रु.१८ करोड९० लाख मात्र लिई पहिलो पटक नविकरण गरेको देखिन्छ । तत्पश्चात् बोलपत्र प्रतिस्पर्धाबाटछानिएका स्पाईस नेपाल प्रा.लि. (हालको ऐनसेल प्रा. लि.) ले रु.२० अर्ब अनुमति पत्र नविकरण दस्तुर तिर्न मञ्जुर गरेको आधारमा नेपाल दूरसञ्चार कम्पनी लि. ले पनि सोही रकम तिर्न मञ्जुर भएको देखियो । यद्यपि नेपाल सरकारको मन्त्री स्तरिय निर्णय बमोजिम ती दुई सेवा प्रदायकलाई रु.२० अर्ब रकम वार्षिक रु.२.५ अर्ब गरी आठ वर्ष भित्र भुक्तानी गर्ने विशेष सुविधा प्रदान गरिसकेको छ र सोही बमोजिम नविकरण दस्तुर भुक्तानी भएको देखिन्छ ।

नेपाल दूरसञ्चार कम्पनी लि. ले पहिलो पटक अनुमति पत्र नविकरण गराउँदा गरेको कबुलको आधारमा रु.२० अर्ब नै नविकरण दस्तुर लिनु पर्नेमा पहिलो पटकको नविकरण दस्तुर पूरा भुक्तानी नभएको अवस्थामा पून दोश्रो पटक रु.१८ करोड९० लाख मात्र लिई २०७१।०१।२६ मा नविकरण भए गरेको देखियो । पहिलो नविकरण शुल्क पश्चात् ऐन बमोजिम प्रत्येक ५ वर्षमा गरिनुपर्ने नविकरण बापतको भुक्तानी कति हुनु पर्ने हो भन्ने विषयलाई लिएर हाल अन्योलको अवस्था सिर्जना भएको देखिन्छ । स्थितिको जटिलतालाई मध्यनजर गरी मोवाईल सेवाको नविकरण सम्बन्धमा ठोस निर्णय गरी नीति नियम बनाई लागु गर्ने गराउने तर्फ प्राधिकरणले कुनै ठोस कारवाही गरेको देखिएन ।

४.२ **सञ्चित कोष दाखिला** : दूरसञ्चार ऐन, २०५३ को दफा ४५(३) मा नेपाल दूरसञ्चार प्राधिकरणलाई प्राप्त रकमले कार्य सञ्चालन गर्न नपुग भएमा नेपाल सरकारसँग माग गर्न सक्ने र सरकारले उपलब्ध गराएको रकम बढी भएमा फिर्ता गर्नुपर्ने उल्लेख छ । यसर्थ यो वर्षसम्मको सञ्चित नाफा रु.१६ अर्ब ६० करोड ८३ लाख सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

४.३ **सम्पत्ति** : नेपाल वित्तीय प्रतिवेदन मान (NAS-16)ले निर्दिष्ट गरे बमोजिम सम्पत्तिको उपयोगी आयु निर्धारण गरी प्रपर्टी, प्लान्ट एण्ड ईक्विपमेन्टमा ह्रास कट्टि गर्नु पर्नेमा ह्रास कट्टि गर्दा आयकर ऐन, २०५८ ले निर्दिष्ट गरको ह्रास दरमा ह्रास गणना गर्ने गरेको पाईयो । त्यसैगरी उक्त सम्पत्तिको विवरण (प्राधिकरणसँग भएका सम्पत्तिहरुको कोड, स्थान, अवस्था, आदि खुल्ने विवरण) भौतिक विवरणसँग भिडान हुने अवस्था रहेको छैन ।

४. व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा दर्शाइएको छ ।

५. लेखापरीक्षकको राय

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा हाम्रो रायमा, माथि अनुच्छेद ४ मा औंल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्न सक्ने असर बाहेक, संलग्न वित्तीय विवरणले नेपाल

दूरसञ्चार प्राधिकरणको २०७४ साल आषाढ मसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय व्यय विवरण, नगद प्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरणको नेपाल लेखामान बमोजिम सही र यर्थाथ चित्रण गर्दछ ।

नेपाल धितोपत्र बोर्ड (२०७३।७४)

१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन

हामीले यसैसाथ संलग्न नेपाल धितोपत्र बोर्डको २०७४ साल असार मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएकोआथिक वर्षको आय व्ययहिसाव, नगद प्रवाह विवरण, पुँजीकोषमा भएको परिवर्तन र तत्सम्बन्धी लेखा नीतिहरु तथा लेखा टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाललेखामान,सम्बन्धित ऐन लगायत प्रचलित अन्य ऐन, नियम, कानून अभ्यास अनुरुप यी वित्तीय विवरणहरु तयार गर्ने एवम उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटी लगायत सारभूत रुपमा गलत आँकडा रहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमान लागू गर्ने कार्यहरु पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुतवित्तीय विवरणहरु उपरलेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो ।नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडा रहित प्रस्तुति भएको छ भन्ने कुरामा यथोचित आवश्यकता प्रदान गर्ने लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याईका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडा प्रस्तुती हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएको छ तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखाअनुसारको उपयुक्तताको साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसै साथ संलग्न व्यवस्थापन पत्रमा दर्शाइएको छ ।

५. लेखापरीक्षकको राय

हाम्रो रायमा संलग्न वित्तीय विवरणहरुले नेपाल धितोपत्र बोर्डको २०७४असार मसान्तको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको संचालन नतिजा र नगद प्रवाहको नेपाल लेखामान बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

नेपाल नागरिक उड्डयन प्राधिरकण (२०७१।७२)

१. बार्षिक वित्तीय विवरण उपर प्रतिवेदन

हामीले यसैसाथ संलग्न नेपाल नागरिक उड्डयन प्राधिरकणको (यस पछि प्राधिकरण भनिएको) आषाढ ३१, २०७२(जुलाई १६, २०१५) को वासलात, सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा नोक्सान हिसाब, इक्वीटीमा भएको परिवर्तनको विवरण र नगद प्रवाह एवं प्रमुख लेखा नीतिहरू तथा लेखा सम्बन्धी टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

२. आर्थिक विवरणहरूप्रति व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्वन्धित ऐन र अन्य नियम, कानुन, अभ्यास अनुरूप वित्तीय विवरणहरू तयार पार्ने तथा यथोचित प्रस्तुतीकरण गर्नेजिम्मेवारी नेपाल नागरिक उड्डयन प्राधिकरणको व्यवस्थापनमा रहेको छ । उक्त जिम्मेवारीमा वित्तीय विवरणहरू तयार पार्ने तथा वित्तीय विवरणहरूको प्रस्तुतीकरणसंग सम्वन्धित आन्तरिक नियन्त्रण प्रणालीको खाका तयार गर्ने, कार्यान्वयन गर्ने तथा त्यसको प्रभावकारिता कायम राख्ने कार्यहरू पर्दछन् जसमा वित्तीय विवरणहरू त्रुटी तथा जालसाजीको कारणले सारभूत रूपमा गलत आंकाडासहित छैनन् भन्ने कुरामा विश्वस्त हुने, उपयुक्त लेखा नीतिहरूको छनौट र कार्यन्वयन गर्ने, आवश्यकता अनुसार लेखा अनुमानहरू गर्ने कार्यहरू समेत पर्दछन ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो लेखापरीक्षणको आधारमा वित्तीय विवरणहरू उपर मन्तव्य व्यक्त गर्नु हाम्रो जिम्मेवारी हो । हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान बमोजिम सम्पन्न गर्‍यौं । यी मानले हामीलाई व्यावसायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरू सारभूत रूपमा त्रुटिरहित भएको बारेमा मनासिब आश्वासन प्राप्त गर्न हामीलाई लेखापरीक्षणको योजना बनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउछन् ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लेखित रकम र खुलासालाई पुष्टि गर्ने प्रमाण प्राप्त गर्ने सम्बन्धी सम्पादन कार्यविधि संलग्न हुन्छ । यसरी छनौट गरिएको कार्यविधि चाहे जालसाजी वा गल्तीबाट होस, सारभुत रूपमा त्रुटियुक्त प्रस्तुती हुन सक्ने जोखिमको लेखाजोखा सहित हाम्रो व्यावसायिक निर्णयमा आधारीत छ । त्यसरी जोखिमको लेखाजोखा गर्ने क्रममा, हामीले प्राधिकरणको आन्तरिक नियन्त्रणउपर नै राय व्यक्त गर्ने उद्देश्यले नभै, परिस्थितिअनुसार हाम्रो लेखापरीक्षण कार्यविधि तयार गर्दा, प्राधिकरणले वित्तीय विवरण तयार एवं प्रस्तुती गर्ने क्रममा अवलम्वन गरेका आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गरेका छौं । लेखापरीक्षणमा व्यवस्थापनद्धारा प्रयोगमा ल्याइएका लेखा सिद्धान्तहरू एवं गरिएका महत्वपूर्ण अनुमानहरूको उपयुक्तताको तथा मुल्याङकनका साथै समग्र वित्तीय विवरण प्रस्तुतीको लेखाजोखा समेत समावेश हुन्छ । हाम्रो लेखापरीक्षणले हाम्रो मन्तव्यलाई प्रयाप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

४. राय व्यक्त गर्ने आधार

४.१. **शेयर पूंजी:** नेपाल सरकारबाट हस्तान्तरित सम्पत्ती रू. १३ अर्व १२ करोड ८६ लाख ५३ हजार मध्ये रू. ३ अर्व ३८ करोड १६ लाख गणितीय त्रुटि भनी शेयरमा घटाएको देखिन्छ । प्राधिकरणले शेयर रजिष्टर र शेयर किताव नराखेको, शेयर प्रमाणपत्र नभएको साथै नेपाल सरकारलाई शेयर प्रमाण पत्र समेत वितरण नगरेको र नेपाल सरकारबाट शेयर लगानीको समर्थन पनि लिएको नदेखिएकोले शेयरमा देखाइएको रू. १४ अर्व ६४ करोड ५३ लाख एकिन हुन सकिएन ।

४.२. **स्थिर सम्पत्ति:** प्राधिकरणको स्थिरसम्पत्तिको परल मोल रू. २१ अर्व २५ करोड२२ लाख ८४ हजार मा यस बर्ष सम्मको ह्रास रू. १० अरव ३५ करोड ५५ लाख ८२ हजार कट्टी गरी खुद रू. १० अर्व ८९ करोड ६७ लाख कायम गरिएको छ । प्राधिकरणले लेखामान अनुसार राख्नु पर्ने सम्पत्ती रजिष्टरको व्यवस्था नगरेको, भौतिक परीक्षणबाट स्थिर सम्पत्तीको मोल नखुलेको, स्थिर सम्पत्तीको मुल्यांकन पनि नभएको र अधिकांश सम्पत्तीको बीमा पनि नगरेकोले वासलातमा देखाइएको सम्पत्तीको मुल्यांकन र त्यसमा गरिएको ह्रास कट्टीमा एकिन हुन सकिएन ।

४.३. **वायुसेवा संचालन कोष:** प्राधिकरण अन्तर्गत कायम रहेको वायुयान संचालन कोषमा रू. ५० करोड २४ लाख ४७ हजार देखाइएको छ । उक्त कोषको रकम बैंकमा रहेको भनीए तापनि यो कोषको रकम एकिन हुने हिसाव राखेको देखिदैन ।

४.४. **असामी:** प्राधिकरणले रू. २ अर्व ३४ करोड ८४ लाख ३९ हजार असामी असुल उपर गर्नु पर्ने मध्ये रू. १ अर्व १० करोड ८७ लाख ८९ हजार शंकास्पद आसामी भनी नाफा नोक्सान हिसावमा व्यवस्था गरी घटाएको देखिन्छ । समर्थन बिना भईरहेका आसामीको व्यवस्थीत रूपमा विश्लेषण नगरी उमेरको आधारमा हचुवाको भरमा शंकास्पद आसामी कायम गरकोले यसबाट नाफा नोक्सान हिसावमा असर पर्ने देखिन्छ ।

४.५. **बैंक:** बासलातमा देखाएको बैंक बांकी रू. ८ अर्व ८४ करोड ८९ लाख ९९ हजार को सम्वन्धमा प्राधिकरणका अधिकांश कार्यालयहरूले बैंक हिसाबको भिडान गरी बैक बांकी एकिन गरेको देखिदैन । प्राधिकरणका हिसाव भिडान नभएका सबै बैंक खाताहरूको पूर्ण रूपमा हिसाब भिडान भए पछि यसबाट प्राधिकरणको वासलात तथा नाफा नोक्सान हिसावमा फेर वदल हुन सक्ने देखिन्छ ।

४.६. **वोनस व्यवस्था:**वोनस नियमावली, २०३९ को नियम ६ मा नेपाल सरकारको स्वामित्व भएको प्रतिस्थानले वितरण गर्ने बोनसको प्रतिशत र बोनस सम्वन्धी अन्य कुरा नेपाल सरकारले निर्णय गरे बमोजिम हुने र वोनस ऐन, २०३० को दफा ९(२) अनुसार आर्थिक वर्ष समाप्त भएको आठ महिना भित्र बोनस वितरण गर्नु पर्नेमा तोकिएको अवधिमा बोनस वितरण गरेको पाइएन । साथै ऐनको दफा ९(३) मा तोकिएको अवधि भित्र बोनस वितरण गर्न नसक्ने कारण उल्लेख सहित श्रम कार्यालयमा निवेदन नगरेको हुँदा प्राधिकरणले २०६८।६९ देखि २०७२।७३ सम्म बोनसमा छुट्टाएको रकम रू.४५ करोड ७५ लाख १८ हजार वितरण गर्न मिल्ने नदेखिदा पुन: आम्दानी बाँध्नुपर्दछ ।

४.७. **आन्तरिक नियन्त्रण प्रणाली र आन्तरिक लेखापरीक्षण:**प्राधिकरणको प्रकृति र आकार सुहांउदो आन्तरिक नियन्त्रण प्रणालीमा थप सुधारका क्षेत्रहरूबारे तथा आन्तरिक लेखापरीक्षण, त्यसको प्रभावकारिता र प्रतिवेदनबारे प्राधिकरणको व्यवस्थापनलाई छुट्टै प्रतिवेदन दिएका छौं ।

४.८. **कर्मचारीको दायित्व:** प्राधिकरणले वासलात तथा नाफा नोक्सान हिसाबमा कर्मचारी पेन्सन, उपदान एवं औषधिको हुन सक्ने दायित्व बापतको रकमको व्यवस्था गरेको देखिदैन । स्थायी कर्मचारीहरूको एक्च्युरियल आधारमा दायित्वको व्यवस्था गरिएमा प्राधिरकणको नाफा नोक्सान हिसावमा सारभूत रूपमा नै असर पर्ने देखिन्छ ।

४.९. नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ र आर्थिक प्रशासन सम्वन्धी नियमावली २०५७ अनुसार राखिने लेखा दोहोरो लेखा प्रणालीमा आधारित र प्राधिकरणको कारोवारको यथार्थ स्थिति स्पष्ट रूपमा प्रतिबिम्बित हुने गरी प्रचलित कानुन बमोजिम अधिकार प्राप्त निकायले लागू गरेको लेखामान (Accounting Standard) र नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ र नियमावली २०५७ बमोजिम पालना गर्नु पर्ने अन्य शर्त तथा व्यवस्था अनुरूप राख्नु पर्दछ । नेपाल लेखामान पाल लेखामान बोर्डले जारी गरेको लेखामान नेपाल सरकारको स्वामित्वमा रहेका संस्थाले पनि अनुसरण गरी वित्तीय विवरण तयार गर्नु पर्नेमा सो ढाँचा अनुसार प्राधिकरणले वित्तीय विवरणहरू तयार गरेको देखिदैन ।

४.१०. **प्रोदभावी लेखा:** नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ र आर्थिक प्रशासन सम्वन्धी नियमावली २०५७ अनुसार राखिने लेखा प्रोदभावी र दोहोरो लेखा प्रणालीमा आधारित भनिएको भएता पनिगत वर्षको खर्च रू. १९ लाख ८९ हजार यही आर्थिक वर्षको खर्चमा समावेश गरेको छ ।

४.११. **अन्तर कार्यालय हिसावमा फरक** : प्राधिकरण अन्तर्गतका प्रधान कार्यालय र सो अन्तर्गतका कार्यालयहरूको एक आपसको हिसाव भिडान नभएको कारणबाट डेविट तर्फ रू. १ अर्व ९१ करोड ५६ लाख ७९ हजार र क्रेडिट तर्फ रू ९५ करोड ३५ लाख ७५हजार हिसाव फरक परेको देखिन्छ । सो मध्ये कन्ट्रा हिसावमा रू. १० करोड र विगत वर्ष देखिको नमिलेको रू. १ अर्व ४७ करोड ७८ लाख ९ हजार समेत उक्त नमिलेको हिसावमा रहेको छ । हिसाव गर्दा नमिलेको भनी रू. ३ करोड ७० लखा ३५ हजार सस्पेन्समा राखी हिसाव मिलाइएको पनि देखिन्छ । पेण्डिंग रकमको हिसाव भिडान हुदां वासलात एवं नाफा नोक्सान हिसावमा सारतत्व रूपमा नै असर पर्ने देखिन्छ ।

४.१२. **पुरानो प्रतितपत्र पेश्की बाँकी** : प्राधिकरणको वासलातमा देखाइएको प्रतितपत्र पेश्की मध्ये रू. ७ करोड २५ लाख ९४ हजार विगत आर्थिक वर्ष २०५६।५७ देखि २०६६।६७ सम्मको रहेको तथा उक्त प्रतितपत्रको कुनै अभिलेख तथा हिसाव नभएकोले सो प्रतितपत्रहरू फछ्यौंट हुने अवस्थामा नरहेकोले सो रकमको नाफा नोक्सान हिसावमा व्यवस्था गर्नु पर्ने र यसबाट प्राधिकरणको वासलात तथा नाफा नोक्सान हिसावमा सारतत्व रूपमा असर पर्ने देखिन्छ ।

४.१३. **कर्मचारी कल्याणकारी कोष:**प्राधिकरणका कर्मचारीहरूको सेवाका सर्त र सुविधा सम्बन्धी नियमावली, २०५६ अनुसार कर्मचारीहरूको हितलाई ध्यानमा राखी कर्मचारी कल्याणकारी कोष स्थापना गरी समितिको निर्णय अनुसार हालसम्म रू २० करोड यस कोषमा जम्मा गरेको देखिन्छ । उक्त कोषलाई दिएको रकम प्राधिकरणले आफ्नो हिसावमा पेश्की भनी देखाएको भएता पनि उक्त रकम प्राधिकरणलाई पुन फिर्ता हुने देखिदैन । अत: उक्त रकमको हिसाव भिडान गर्दा प्राधिकरणको वासलात तथा नाफा नोक्सानमा असर पर्ने देखिएको छ । साथै प्राधिकरणले उक्त कोषको अर्कै लेखापरीक्षकबाट लेखापरीक्षण गराएको भनिएता पनि हामीले सो कोषबारे कुनै राय व्यक्त गर्न सकिएन ।

४.१४. **रिभर्स गरेको व्याज जगेडा कोषमा राखेको:**नेपाल सरकारलाई भुक्तानी गर्नु पर्ने विगत वर्षहरूको व्याज मध्ये रू. १ अर्व ३६ करोड १४ लाख ८० हजार यस वर्ष रिभर्स गरी व्याज दायित्वबाट हटाई प्राधिकरणको जगेडा कोषमा राखेको कारण एकिन भएन ।

५. **व्यवस्थापन पत्र** : व्यवस्थापनले थप सुधार गर्नु पर्ने व्यहोरा यसै साथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

६. **लेखापरीक्षकको राय:**

माथि (४) मा उल्लेख भए बाहेक, हाम्रो रायमा, हामीले पाएसम्मको सूचना एवं स्पष्टिकरणको आधारमा संलग्न वित्तीय विवरणहरू र सोमा संलग्न गरिएका टिप्पणीहरू अध्ययन गर्दा यी

वित्तीय विवरणहरूले ३१ आषाढ २०७२ (१६ जुलाई २०१५) को प्राधिकरणको वित्तीय विवरण र सोही मितिमा भएको अवधिको संचालन नतिजा एवं नगद प्रवाहको उचित तथा यथार्थ चित्रण गर्दछ ।

नेपाल नागरिक उड्डयन प्राधिरकण (२०७२।७३)

१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन

हामीले यसैसाथ संलग्न नेपाल नागरिक उड्डयन प्राधिरकणको (यस पछिप्राधिकरण भनिएको) आषाढ ३१, २०७३ (जुलाई १५, २०१६) को वासलात, सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा नोक्सान हिसाब, इक्वीटीमा भएको परिवर्तनको विवरणर नगद प्रवाह एवं प्रमुख लेखा नीतिहरू तथा लेखा सम्बन्धी टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

२. आर्थिक विवरणहरूप्रति व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्वन्धित ऐन र अन्य नियम, कानुन, अभ्यास अनुरूप वित्तीय विवरणहरू तयार पार्ने तथा यथोचित प्रस्तुतीकरण गर्नेजिम्मेवारी नेपाल नागरिक उड्डयन प्राधिकरणको व्यवस्थापनमा रहेको छ । उक्त जिम्मेवारीमा वित्तीय विवरणहरू तयार पार्ने तथा वित्तीय विवरणहरूको प्रस्तुतीकरणसंग सम्वन्धित आन्तरिक नियन्त्रण प्रणालीको खाका तयार गर्ने, कार्यान्वयन गर्ने तथा त्यसको प्रभावकारिता कायम राख्ने कार्यहरू पर्दछन् जसमा वित्तीय विवरणहरू त्रुटी तथा जालसाजीको कारणले सारभूत रूपमा गलत आंकाडासहित छैनन् भन्ने कुरामा विश्वस्त हुने, उपयुक्त लेखा नीतिहरूको छनौट र कार्यन्वयन गर्ने, आवश्यकता अनुसार लेखा अनुमानहरू गर्ने कार्यहरू समेत पर्दछन ।

३. लेखापरीक्षकको जिम्मेवारी

लेखापरीक्षणको आधारमा वित्तीय विवरणहरू उपर मन्तव्य व्यक्त गर्नु हाम्रो जिम्मेवारी हो । हामीले लेखापरीक्षण नेपाल लेखापरीक्षणमान बमोजिम सम्पन्न गर्‍यौं । यी मानले हामीलाई व्यावसायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरू सारभूत रूपमा त्रुटिरहित भएको बारेमा मनासिब आश्वासन प्राप्त गर्न हामीलाई लेखापरीक्षणको योजना बनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउछन् ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लेखित रकम र खुलासालाई पुष्टि गर्ने प्रमाण प्राप्त गर्ने सम्बन्धी कार्यविधि संलग्न हुन्छ । यसरी छनौट गरिएको कार्यविधि चाहे जालसाजी वा गल्तीबाट होस, सारभुत रूपमा त्रुटियुक्त प्रस्तुती हुन सक्ने जोखिमको लेखाजोखा हाम्रो व्यावसायिक निर्णयमा आधारीत हुन्छ । त्यसरी जोखिमको लेखाजोखा गर्ने क्रममा, हामीले प्राधिकरणको आन्तरिक नियन्त्रणउपर नै राय व्यक्त गर्ने उद्देश्यले नभै, परिस्थितिअनुसार हाम्रो लेखापरीक्षण कार्यविधि तयार गर्दा, प्राधिकरणले वित्तीय विवरण तयार एवं प्रस्तुती गर्ने क्रममा अवलम्वन गरेका आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गरेका छौं । लेखापरीक्षणमा व्यवस्थापनद्धारा प्रयोगमा ल्याइएका लेखा सिद्धान्तहरू एवं गरिएका महत्वपूर्ण अनुमानहरूको उपयुक्तताको तथा मुल्याङकनका साथै समग्र वित्तीय विवरण प्रस्तुतीको लेखाजोखा समेत समावेश हुन्छ । लेखापरीक्षणले हाम्रो मन्तव्यलाई प्रयाप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

४. राय व्यक्त गर्ने आधार

४.१ **शेयर प्रमाणपत्रः**प्राधिकरणमा नेपाल सरकारबाट हस्तान्तरित सम्पत्ति वापतको शेयर रू. १८ अरव १९ करोड ६२ लाख ७० हजारकायम गरेकोमा प्राधिकरणले शेयर रजिष्टर वा शेयर किताव

नराखेको, शेयर प्रमाणपत्र जारी तथा वितरण नगरेको र नेपाल सरकारबाट शेयर लगानीको समर्थन नलिएकोहुनाले शेयर प्रमाण पत्र लिई सरकारी लगानी सुरक्षित राख्नु पर्दछ ।

४.२ **स्थिर सम्पत्ति:** प्राधिकरणको स्थीर सम्पत्तिको परल मोल रू. २४,३३,९१,९२,९६२। मा यस बर्ष सम्मको ह्रास रू. ११,०२,३५,७६,१७७। कट्टी गरी खुद रू. १३,३१,५६,१६,७८५। कायम गरिएको छ । प्राधिकरणलेलेखामान अनुसार राख्नु पर्ने सम्पत्ति रजिष्ट्रको व्यवस्था नगरेको, भौतिक परीक्षणबाट स्थिर सम्पत्तिको मोल नखुलेको, स्थीर सम्पत्तीको मुल्याङ्कन पनि नभएको र अधिकांश सम्पत्तीको बीमा पनि नगरेकोले वासलातमा देखाइएको सम्पत्तीको मुल्याङ्कन र त्यसमा गरिएको ह्रास कट्टीमा एकिन हुन सकेन ।

४.३. **निर्माणाधीन विमानस्थल एवं कार्य प्रगति:** प्राधिकरणले यस वर्ष स्थीर सम्पत्तीममा हस्तान्तरण नगरी कार्य प्रगतिमा देखाई राखेको भवन, मसिनरी लगायतका स्थीर सम्पत्ती रू. ५,१५,९७,८८२। ले प्राधिकरणको स्थीर सम्पत्तीको ह्रास खर्चमा कमी हुन गएकोले यसबाट वासलात तथा नाफा नोक्सान हिसावमा असर पर्न गएको छ ।

४.४. **वायुसेवा संचालन कोष:** प्राधिकरण अन्तर्गत कायम रहेको वायुयान संचालन कोषमा रू. ५२,०७,४८,०१३। देखाइएको छ । कोषको रकम बैंकमा रहेको भनीएतापनि यो कोषको रकम एकिन हुने हिसाव राखेको देखिदैन । तसर्थ सम्वन्धित पदाधिकारीलाई कोषको हिसाव अद्यावधिक गर्न गराउन जिम्मेवार वनाउनु पर्दछ ।

४.५ **आसामी:** प्राधिकरणले रू. २ अरव ६० करोड असामी असुल उपर गर्नु पर्ने मध्ये रू. १,१२,२६,९९,२२९। शंकास्पद आसामी भनी नाफा नोक्सान हिसावमा व्यवस्था गरीघटाएको देखिन्छ । भईरहेका आसामीको व्यवस्थित विश्लेषण एवं आसामी रकम समयमै उठाउने कार्य नगरी अवधि बढी भएको आधारमा शंकास्पद आसामी हटाउने प्रक्रिया तर्फ जान लागेकोले आसामी एकिन गरी कानून बमोजिम असुल गर्न गराउन सम्वन्धित पदाधिकारीलाई जिम्मेवार वनाउनु पर्दछ ।

४.६. **बैंक:** बासलातमा देखाएको बैंक बाँकी रू. ११,८५,७३,८१,३४४। को सम्वन्धमा प्राधिकरणका अधिकांश कार्यालयहरूले बैंक हिसाबको भिडान गरी बैक बांकी एकिन गरेको देखिदैन । प्राधिकरणका हिसाव भिडान नभएका सबै बैंक खाताहरूको पूर्ण रूपमा हिसाब भिडान भए पछि यसबाट प्राधिकरणको वासलात तथा नाफा नोक्सान हिसावमा फेर वदल हुन सक्ने देखिन्छ । वैंक हिसाव मिलान नगर्ने कर्मचारी तथा पदाधिकारीलाई जिम्मेवार वनाउनु पर्दछ ।

४.७ **वोनस व्यवस्था:** वोनस नियमावली, २०३९ को नियम ६ मा नेपाल सरकारको स्वामित्व भएको प्रतिस्थानले वितरण गर्ने बोनसको प्रतिशत र बोनस सम्वन्धी अन्य कुरा नेपाल सरकारले निर्णय गरे बमोजिम हुने र वोनस ऐन, २०३० को दफा ९(२) अनुसार आर्थिक वर्ष समाप्त भएको आठ महिना भित्र बोनस वितरण गर्नु पर्नेमा तोकिएको अवधिमा बोनस वितरण गरेको पाइएन । साथै ऐनको दफा ९(३) मा तोकिएको अवधि भित्र बोनस वितरण गर्न नसक्ने कारण उल्लेख सहित श्रम कार्यालयमा निवेदन नगरेको हुँदा प्राधिकरणले २०६८।६९ देखि २०७२।७३ सम्म बोनसमा छुट्टाएको रकम रू ५९ करोड १३ लाख वितरण गर्न मिल्ने नदेखिदा पुन: आम्दानी बाँध्नुपर्दछ ।

४.८. **कर्मचारीको दायित्व:** प्राधिकरणले वासलात तथा नाफा नोक्सान हिसाबमा कर्मचारी पेन्सन, उपदान एवं औषधिको हुन सक्ने दायित्व बापत रकमको व्यवस्था गरेको देखिदैन । स्थायी कर्मचारीहरूको एक्च्युरियल आधारमा दायित्वको व्यवस्था गरिएमा प्राधिरकणको नाफा नोक्सान हिसावमा सारभूत रूपमा नै असर पर्ने देखिन्छ ।

४.९. नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ र आर्थिक प्रशासन सम्वन्धी नियमावली २०५७ अनुसार राखिने लेखा दोहोरो लेखा प्रणालीमा आधारित र प्राधिकरणको कारोवारको यथार्थ स्थिति स्पष्ट रूपमा प्रतिबिम्बित हुने गरी प्रचलित कानुन बमोजिम अधिकार प्राप्त निकायले लागू

गरेको लेखामान (Accounting Standard), नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ र नियमावली २०५७ बमोजिम पालना गर्नु पर्ने अन्य शर्त तथा व्यवस्था अनुरूप राख्नु पर्दछ । नेपाल लेखामान बोर्डले जारी गरेको लेखामान नेपाल सरकारको स्वामित्वमा रहेका संस्थाले पनि अनुसरण गरी वित्तीय विवरण तयार गर्नु पर्नेमा सो ढांचाअनुसार प्राधिकरणले वित्तीय विवरणहरू तयार गरेको देखिदैन ।

४.१०. **प्रोदभावी लेखा:** नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ र आर्थिक प्रशासन सम्वन्धी नियमावली २०५७ अनुसार राखिने लेखा प्रोदभावी र दोहोरो लेखा प्रणालीमा आधारित भनिएको भएता पनिगत वर्षको खर्च रू.७६,१५,६९३। यही आर्थिक वर्षको खर्चमा समावेश गरेको छ ।

४.११. **अन्तर कार्यालय हिसाव फरक :** प्राधिकरण अन्तर्गतका प्रधान कार्यालय र सो अन्तर्गतका कार्यालयहरूको एक आपसको हिसाव भिडान नभएको कारणबाट डेविट तर्फ रू. २ अर्व ६२ करोड र क्रेडिट तर्फ रू १ अर्व १० करोड फरक परेको देखिन्छ । सो मध्ये कन्ट्रा हिसावमा रू. १० करोड र हिसाव गर्दा नमिलेको रू. ३ करोड ६७ लाख ५४ हजार सस्पेन्समा राखी हिसाव मिलाएको छ । पेण्डिंगरकमको हिसाव यकिन नगर्दा हिनामिना वा मस्यौट नभएको भनी विस्वस्त हुन सकिने अवस्था छैन । अत: हिसाव भिडान र एकिन नगर्ने सम्वन्धित पदाधिकारीलाई जिम्मेवार बनाई वित्तीय अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

४.१२. **प्रतितपत्र पेश्की तथा अग्रिम भुक्तानी :** प्राधिकरणको २०५६।५७ देखि २०६६।६७ सम्मको प्रतितपत्र पेश्की रू. ७ करोड २६ लाखको कुनै अभिलेख तथा हिसाव नभएकोले हिनामिना वा मस्यौट नभएको सम्वन्धमा यकिन हुन सकिने अवस्था छैन । यसर्थ तत्कालिन सम्वन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।विभिन्न आपूर्तिकर्तालाई दिएको पेश्की रु.१अर्व २ करोड ९६ लाख फछ्यौंट गर्न बाँकी देखिन्छ । विगत देखि बाँकी रहेको पेश्की लगेको मिति जनाई अभिलेख नराखेकोले म्याद नाघेको र म्याद बाँकी रहेको पेश्की यकिन गर्न सकिने देखिदैन । पेश्की अभिलेखलाई अद्यावधिक गरी नियमानुसार असुल फछ्यौंट गर्नु पर्ने देखिन्छ ।

४.१३. **कर्मचारी कल्याणकारी कोष:**प्राधिकरणका कर्मचारीहरूको सेवाका सर्त र सुविधा सम्बन्धी नियमावली, २०५६ अनुसार कर्मचारीहरूको हितलाई ध्यानमा राखी कर्मचारी कल्याणकारी कोष स्थापना गरी समितिको निर्णय अनुसार हालसम्म रू ३० करोड यस कोषमा जम्मा गरेको देखिन्छ । उक्त कोषलाई दिएको रकम प्राधिकरणले आफ्नो हिसावमा पेश्की भनी देखाएको भएता पनि उक्त रकम प्राधिकरणलाई पुन फिर्ता हुने देखिदैन । अत: उक्त रकमको हिसाव भिडान गर्दा प्राधिकरणको वासलात तथा नाफा नोक्सानमा असर पर्ने देखिएको छ । साथै प्राधिकरणले उक्त कोषको लेखापरीक्षण नगराएकाले सो कोषबारे कुनै राय व्यक्त गर्न सकिएन ।

४.१४. **धरौटी दायित्वमा फरक:**बैंकमा जम्मा गरिसकेकोरू. ६१,६५,८५६।७८ धरौटी दायित्वको प्राधिकरणले आफ्नो हिसाबमा दायित्व सिर्जना नगरी बैंक भिडान हिसावमा कैफियत मात्र देखाएकोले प्राधिकरणको वासलातमा फरक परेको छ ।

४.१५. **नेपाल सरकारसंगको पुरानो हिसाव:**हवाई विभाग तर्फको प्राधिरकणले तिर्नु पर्ने रू. १,१८,९९,३९८। र नेपाल सरकारको तर्फबाट व्यहोर्ने गरी फिर्ता प्राप्त हुने सुरक्षा खर्च रू.१४,४५,४२,४२२।५६ को हिसावप्राधीकरणले उल्लेख गरेकोमा नेपाल सरकारबाट समर्थन नलिएकोले सो रकम एकिन हुन सकेन ।

४.१६. **व्यवस्थापन पत्र :** प्राधिरकणको प्रकृति र आकार सुहांउदो आन्तरिक नियन्त्रण प्रणालीमा थप सुधारका क्षेत्रहरूबारे तथा आन्तरिक लेखापरीक्षण, त्यसको प्रभावकारिता र प्रतिवेदनबारे प्राधिकरणको व्यवस्थापनलाई व्यवस्थापन पत्रमा प्रतिवेदन दिएका छौं ।

४.१८. **लेखापरीक्षकको राय:**

माथि (४) मा उल्लेख भए बाहेक, हाम्रो रायमा, हामीले पाएसम्मको सूचना एवं स्पष्टिकरणको आधारमा संलग्न वित्तीय विवरणहरू र सोमा संलग्न गरिएका टिप्पणीहरू अध्ययन गर्दा यी

वित्तीय विवरणहरूले ३१ आषाढ २०७३ (१५ जुलाई २०१६) को प्राधिकरणको वित्तीय विवरण र सोही मितिमा भएको अवधिको संचालन नतिजा एवं नगद प्रवाहको उचित तथा यथार्थ चित्रण गर्दछ ।

नेपाल पशु चिकित्सा परिषद् (२०७३।७४)

१. **वार्षिक वित्तीयविवरण उपर प्रतिवेदन**

हामीले नेपाल पशु चिकित्सा परिषद्को २०७४ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र तत्सम्बन्धी लेखानीतितथा लेखा टिप्पणी समावेश भएको वित्तीयविवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल लेखामान, सम्बन्धित ऐन लगायत प्रचलित अन्य ऐन, नियम, कानून अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटि लगायत सारभूत रुपमा गलत आँकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमानहरु लागू गर्ने कार्यहरु पर्दछन् ।

३. **लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरुउपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनको आधारमा लेखापरीक्षण गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडारहित प्रस्तुति भएको छ भन्ने यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याँइका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्वन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूतरुपमा गलत आँकडा प्रस्तुति हुनसक्ने कुरामा अवलम्वन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएको भएतापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. **लेखापरीक्षण राय व्यक्त गर्ने आधार**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

४.१. औषधि उपचार खर्च:कर्मचारीहरुलाई मासिक खाईपाई आएको तलवमा १० प्रतिशतले हुने रकम औषधी उपचार खर्च प्रत्येक महिनामा भुक्तानी दिदै आएकोमा परिषद्को कर्मचारी प्रशासन विनियमावली, २०६७ को विनियम २६ अनुसार मासिक रुपमा कट्टी हुने औषधि उपचार वापतको रकम सम्वन्धित कर्मचारीको नाममा नागरिक लगानी कोषमा जम्मा गर्ने गरेको देखियो । यस वर्ष परिषद्बाट कर्मचारीहरुलाई औषधि उपचार वापत अनुदान श्रोतबाट रु.१ लाख ७५ हजार र परिषद्को आन्तरिक श्रोतबाट रु.१४ हजार गरी जम्मा रु.१

लाख ८९ हजार सम्वन्धित कर्मचारीहरुको नाममा नागरिक लगानी कोषमा जम्मा गरिएको देखियो । यसरी कर्मचारीहरुलाई दिइने औषधि उपचार वापतको रकम नोकरी अवधिमा पाइने गरी अवधि तोकिएको देखिएन । तसर्थ विनीयमावलीमा व्यवस्था नभएको रकम खर्च लेख्नु उचित नभएको व्यहोरा गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा दर्शाइएकोमा यस वर्ष पनि जम्मा रु.१ लाख ८९ हजार खर्च लेखेको देखियो । कानून विपरितको कार्य गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

४.२. **परिषद् भवनको मूल्याङ्कन :** परिषद् भवनको माथिल्लो तलामा भवन थपी नेपाल सरकार पशु सेवा विभाग अन्तर्गत जुनोसिस नियन्त्रण आयोजनाबाट २०७१।०१।१७ मा हस्तान्तरण भई परिषद्को नाममा पत्र आएको देखियो । सो पत्रानुसार भेटनरी काउन्सीलको निर्माण ठेक्का नं.जे.से.पी.ए.एच.डब्लु.एन.सी.बी १४ श्री जगदम्बा निर्माण सेवा शान्तिनगर, काठमाडौंलाई २० लाख ८८ हजार मा भेटनरी काउन्सील भवन मर्मत त्रिपुरेश्वरको निर्माण कार्य सम्पन्न गराई हस्तान्तरण गरेको देखियो । परिषद्को वासलातमा परिषद्को भवनमा तला थपेको परल मूल्य रु. २० लाख ८८ हजार मात्र सम्पत्ति तथा जायजेथा कायम गरी सो मूल्य मध्ये यस वर्ष सम्मको ह्रास कट्टी रु. ३ लाख २८ हजार भई बाँकी रु. १७ लाख ६० हजार बाँकी रहेको देखियो । परिषद् भवनको वास्तविक मूल्याङ्कन कायम गरी सम्पत्ति विवरणमा समावेश गरेको नदेखिएको व्यहोरा गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएकोमा यस वर्ष पनि सो व्यहोरा यथावत रहेको पाइयो ।

५. **व्यवस्थापन पत्र**

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा दर्शाइएको छ ।

६. **लेखापरीक्षकको राय**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा हाम्रो रायमा, माथि बुँदा नं. ४ मा औंल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्ने असर वाहेक, संलग्न वित्तिय विवरणले नेपाल पशु चिकित्सा परिषद्को २०७४ आषाढ मसान्तको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको संचालन नतिजा र नगद प्रवाहको नेपाल लेखामान बमोजिम सहि र यर्थाथ चित्रण गर्दछ ।

नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड (२०७२।७३)

१. **वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन**

हामीले यसै साथ नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडको २०७३ आषाढ मसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा ईक्विटीमा परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी संलग्न लेखा नीति तथा टिप्पणी सहितको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल लेखामान, सम्बन्धित ऐन लगायत अन्य ऐन, नियम, कानुन अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय बिवरण जालसाजी, त्रुटि लगायत सारभूत रुपमा गलत आँकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमान लागु गर्ने कार्य पर्दछन् ।

३. **लेखापरीक्षको जिम्मेवारी**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । हामीले नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शन बमोजिम लेखापरीक्षण सम्पन्न गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार हामीलाई व्यवसायिक नैतिकताको पालना गर्ने तथा

वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटिरहित भएको बारेमा मनासिब आश्वासन प्राप्त गर्न लेखापरीक्षणको योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लेखित रकम र खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याँई गर्ने यथेष्ठ प्रमाण प्राप्त गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा संग्लन हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडा प्रस्तुती हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयार गरी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

लेखापरीक्षणमा प्राप्त प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. लेखापरीक्षण राय व्यक्त गर्ने आधार

लेखापरीक्षणबाट कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूतअसर पार्ने व्यहोरा निम्नानुसार छन् :

४.१. **नेपाल लेखामानको पालना :** यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन् :

४.१.१. स्थिर सम्पत्तिको मूल्याङ्कन, पुनः मूल्याङ्कन तथा ईम्पेयरमेन्ट एसेट्सको गणना एवं मूल्याङ्कन नेपाल लेखामान ६ (सम्पत्ति, मेशिनरी तथा औजार) अनुसार गर्न सकेको छैन । सम्पत्तिहरुलाई खर्चका आधारमा वित्तीय विवरणमा प्रस्तुत गरिएको छ । सम्पत्ति ह्रास कट्टा आयकर ऐनले तोकेको दरमा गरिएको छैन । साथै लेखामानले तोकेको अन्य न्यूनतम खुलासाहरुपनि वित्तीय विवरणमा दर्शाइएको छैन ।

४.१.२. कम्पनीले विभिन्न समयमा नेपाल सरकारवाट लिएको ऋण र त्यसबाट उत्पन्न ब्याजलाई नेपाल लेखामान ८ मा भएको व्यवस्था(Borrowing cost) अनुसार गणना गरी पुँजीकृत गर्नु पर्ने वा खर्च लेख्ने गरी छुट्याउनु पर्ने व्यवस्था अनुरुप नगरेको तथा सम्पूर्ण ऋणको व्याज समेत गणना गरेको पाईएन ।

४.१.३. खर्च तथा अवकास सम्बन्धि व्यवस्थाहरु नेपाल लेखामान १२ (Provisions, Continget Liabilities and Contingent Assets) ले तोकेबमोजिम गणना गरिएको छैन । लेखामानले तोकेका न्युनतम खुलासाहरु पनि वित्तीय विवरणमा उल्लेख गरिएको छैन ।

४.१.४. कम्पनीको वित्तीय विवरण अनुसार गणना गरिएको आयकर खर्च (वर्तमान कर खर्च तथा पर सारिएको कर खर्च) नेपाल लेखामान ९ मा भएका व्यवस्था(परसारिएको कर)वमोजिम नै गणना भएको हो भन्न सकिने अवस्था छैन ।

४.१.५. नेपाल सरकारबाट कन्टेनर फ्रेट स्टेशन तथा अन्य गोदाम र पारवहन सम्बन्धी उपकरणहरु खरिद तथा निर्माणका लागि प्राप्त भएका सहयोग अनुदान रकम र सहयोग रकमलाई छुट्याएर नेपाल लेखामान १० मा भएका व्यवस्था अनुसार (सरकारी अनुदानको लेखानीति तथा सरकारी सहयोगको खुलासा)लेखाङ्कन गरेको पाईएन । साथै कम्पनीले नेपाल सरकारवाट प्राप्त अनुदान रकमबाट खरिद गरेको सम्पत्तिलाई सम्पत्ति तर्फ लेखाङ्कन गरेको पाईएन ।

४.२. **आसामी हिसाब :** कुल आसामी रु.२ करोड १८ लाख ८७ हजार रहेकोमा विगत वर्षसम्म गरिएको शंकास्पद व्यवस्था वापत रु.३७ लाख ५९ हजार पश्चात् वर्षान्तमा रु.१ करोड ८१ लाख २६ हजार आसामी देखिएको छ । सो सम्बन्धमा निम्न व्यहोराहरु रहेका छन् ।

४.२.१. आसामी सम्वन्धित असामीबाट समर्थन लिने र आयु बर्गीकरण गर्ने कार्य नगरेकोले वासलातमा उल्लेखित आसामी रकमको यथार्थको वारेमा यकिन भएन ।

४.२.२. शंकास्पद आसामी रु. रु.३७ लाख ५९ हजार आसामी हिसावबाट घटाएको छ । विगत समय देखि जिम्मेवारी सार्दै ल्याएको शंकास्पद व्यवस्था वर्षान्तमा बाँकी कुल आसामीको १७.१८ प्रतिशत हुन आउँछ । लामो समय देखि जिम्मेवारी सार्दै आएको रकम असुली नभएको तथा विगतमा गरेको शंकास्पद असामी व्यवस्था गरेको रकमको अपनाएको आधार र व्यवस्था गरेको रकमको पर्याप्तताको यकिन हुने आधार पेश भएन ।

४.२.३. क्लियरिङ्ग सेवा वापत ग्राहकबाट प्राप्त गर्नुपर्ने रकम समयमै समायोजन नभै जिम्मेवारी सार्दै आएको छ । उक्त रकम उठाउने तर्फ आवश्यक कारवाही गर्नुपर्नेदेखिन्छ । यस्ता रकमको बार्षिक विवरण समेत तयार भएको पाईएन । यस अवस्थामा वासलातमा उल्लेखित रकमको यथार्थ अवस्थाको यकिन छैन ।

४.३. **चालु दायित्व** :क्लियरिङ्ग सेवा प्रदान गर्न ग्राहकबाट प्राप्त पेश्की रकम रु १० लाख ३ हजारसमयमै समायोजन नभई लामो समयदेखि जिम्मेवारी सार्दै आएको छ । निम्न कम्पनीको पेश्की रकम नियमानुसार फछ्यौंट गर्नु पर्दछ ।

१	स्काइल्याण्ड कम्पनी प्रा.लि.	९,९८,४०८।४५
२	भुजुग गा.वि. स. लमजुंग	४,३९८।८७
	जम्मा	**१०,०२,८०७३२**

५. व्यवस्थापन पत्र

व्यवस्थापनले सधार गर्नुपर्ने थप व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

६. लेखापरीक्षकको राय

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा हाम्रो रायमा, माथि बुँदा नं. ४ मा औंल्याएका विषयले वित्तीय विवरणहरुमा पर्ने असर बाहेक, संलग्न वित्तीय विवरणले कम्पनीको२०७३ आषाढमसान्तको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको आय व्यय विवरण, नगद प्रवाह र ईक्विटीमा भएको परिवर्तनको नेपाल लेखामान बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड (२०७३।७४)

१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन

हामीलेनेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडको २०७४ आषाढ मसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा ईक्विटीमा परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी संलग्न लेखा नीति तथा टिप्पणी सहितको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्बन्धित ऐन लगायत अन्य ऐन, नियम, कानुन अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय बिवरण जालसाजी, त्रुटि लगायत सारभूत रुपमा गलत आँकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमान लागु गर्ने कार्य पर्दछन् ।

३. लेखापरीक्षको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । हामीले नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शन बमोजिम लेखापरीक्षण सम्पन्न गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार हामीलाई व्यवसायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटिरहित भएको बारेमा मनासिब आश्वासन प्राप्त गर्न लेखापरीक्षणको योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लेखित रकम र खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याँई गर्ने यथेष्ठ प्रमाण प्राप्त गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा संग्लन हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडा प्रस्तुती हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयार गरी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

लेखापरीक्षणमा प्राप्त प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. लेखापरीक्षण राय व्यक्त गर्ने आधार

लेखापरीक्षणबाट कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूतअसर पार्ने व्यहोरा निम्नानुसार छन् :

४.१. नेपाल लेखामानको पालना

४.१.१. स्थिर सम्पत्तिको मूल्यांकन, पुनः मूल्यांकन तथा ईम्पेयरमेन्ट एसेटसको गणना एवं मूल्यांकन नेपाल लेखामान ६ सम्पति, मेशिनरी तथा औजार अनुसार गर्न सकेको छैन । सम्पत्तिहरुलाई खर्चका आधारमा वित्तीय विवरणमा प्रस्तुत गरिएको छ । सम्पत्ती ह्रास कट्टा आयकर ऐनले तोकेको दरमा गरिएको साथै लेखामानले तोकेको अन्य न्यूनतम खुलासाहरुपनि वित्तीय विवरणमा दर्शाइएको छैन ।

४.१.२ कम्पनीले विभिन्न समयमा नेपाल सरकारवाट लिएको ऋण र त्यसबाट उत्पन्न ब्याजलाई नेपाल लेखामान ८ः अनुसार गणना गरी पुाजीकृत गर्नु पर्ने वा खर्च लेख्ने गरी छुट्याउनु पर्ने व्यवस्था अनुरुप नगरेको तथा सम्पूर्ण ऋणको व्याज समेत गणना गरेको पाईएन ।

४.१.३. खर्च तथा अवकास सम्बन्धी व्यवस्थाहरु नेपाल लेखामान १२ः ले तोकेबमोजिम गणना गरिएको छैन । लेखामानले तोकेका न्यूनतम खुलासाहरु पनि वित्तीय विवरणमा उल्लेख गरिएको छैन ।

४.१.४. कम्पनीको वित्तीय विवरण अनुसार गणना गरिएको आयकर खर्च (वर्तमान कर खर्च तथा डेफर्ड कर खर्च) नेपाल लेखामान ९ः वमोजिम नै गणना भएको हो भन्न सकिने अवस्था छैन ।

४.१.५. नेपाल सरकारबाट कन्टेनर फ्रेट स्टेशन तथा अन्य गोदाम र पारवहन सम्बन्धी उपकरणहरु खरिद तथा निर्माणका लागि प्राप्त भएका सहयोग अनुदान रकम र सहयोग रकमलाई छूट्याएर नेपाल लेखामान १०ः अनुसार लेखांकन गरेको पाईएन । साथै कम्पनीले नेपाल सरकारवाट प्राप्त अनूदान रकमबाट खरिद गरेको सम्पत्तीलाई सम्पत्ती तर्फ लेखाकंन गरेको पाईएन ।

४.२. **आसामी हिसाब :** कुल आसामी रु. २ करोड ४४ लाख ४९ हजार रहेकोमा विगत वर्षसम्म गरिएको शंकास्पद व्यवस्था वापत रु.३७ लाख ५९ हजार पश्चात वर्षान्तमा रु. २ करोड ६ लाख ९० हजार असामी देखिएको छ । सो सम्बन्धमा निम्न व्यहोराहरु रहेका छन ।

४.२.१. आसामी सम्वन्धित असामीबाट समर्थन लिने र आयु बर्गीकरण गर्ने कार्य नगरेकोले वासलातमा उल्लेखित आसामी रकमको यथार्थको वारेमा एकिन हुन सक्ने अवस्था देखिएन ।

४.२.२. शंकास्पद आसामी रु.३७ लाख ५९ हजर आसामी हिसाववाट घटाएको छ । विगत समय देखि जिम्मेवारी सार्दै ल्याएको शंकास्पद व्यवस्था वर्षान्तमा वाँकी कुल असामीको १५.३८ प्रतिशत हुन आउँछ । लामो समय देखि जिम्मेवारी सार्दै आएको रकम असुली नभएको तथा विगतमा गरेको शंकास्पद असामी व्यवस्था गरेको रकमको अपनाएको आधार र व्यवस्था गरेको रकमको पर्याप्तताको यकिन हुने आधार पेश हुन सकेन ।

४.२.३. क्लियरिग सेवा वापत ग्राहकबाट प्राप्त गर्नुपर्ने रकम समयमै समायोजन नभै लामो समयदेखि जिम्मेवारी सार्दै आएको छ । उक्त रकम उठाउने तर्फ आवश्यक पहल गर्नुपर्ने देखिन्छ । यस्ता रकमको बार्षिक विवरण समेत तयार भएको पाईएन । यस अवस्थामा वासलातमा उल्लेखित रकमको यथार्थ अवस्थाको यकिन हुन सक्ने स्थिति छैन ।

४.३. **अग्रिम भुक्तानी पेश्की , सापटी र धरौटी :** कम्पनीको पेश्की रकमको समर्थन तथा आयु बर्गीकरण गरी असुली हुन सक्ने नसक्ने अवस्था यकिन गरेको पाइएन ।यो व्यहोरा गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा औल्याएकोमा यस वर्षसम्म पनि त्यसलाई सम्वोधन गर्नेतर्फ कुनै कार्य गरेको पाईएन ।

४.४. **चालु दायित्व** : निम्न निकायको क्लियरिग सेवा प्रदान गर्न ग्राहकबाट प्राप्त पेश्की रकम समायोजन नभै लामो समयदेखि जिम्मेवारी सर्दै आएको छ । जुन उद्धेश्यका लागि पेश्की लिएको हो सो प्रयोजन समाप्त भए पछि पेश्की फिर्ता दिनु पर्दछ । फिर्ता नगरी दायित्वमा रहेको पेश्की रकम प्रयोजन एकिन गरी आवश्यक समायोजन गर्नुपर्ने देखिन्छ ।

१	स्काइल्याण्ड कम्पनी प्रा.लि.	९,९८,४०८।४५
२	भुजुग गा.वि. स. लमजुङ्ग	४,३९८।८७
३	नेपाल राष्ट्र बैंक नोट	१४,९८,०००।१८
	जम्मा	**२५००८०७५०**

४.५. **वोनस व्यवस्था :** गत वर्ष सम्म वोनस व्यवस्था गरिएको रु.१ करोड ७७ लाख ३८ हजार मा यस वर्षको व्यवस्था रु ३७ लाख ४ हजार थप गर्दा वर्षान्तमा रु.२ करोड १४ लाख ४२ हजारपुगेको छ । सरकारी स्वामित्व भएका प्रतिष्ठानहरुले गर्ने वोनसको व्यवस्था र वितरणका सम्वन्धमा वोनस नियमावली २०३९ मा छुट्टै व्यवस्था गरिएको छ । उक्त नियमावलीको नियम ६ मा त्यस्ता संस्थाको वोनस सम्वन्धि व्यवस्था गरिएको छ । यस कम्पनिले वोनस व्यवस्था गर्दा उक्त नियमावलीको नियम ६ मा भएको व्यवस्था परिपालना गर्ने गरेको पाइएन । गत वर्ष र यो वर्षको थप समेत रु.२ करोड १४ लाख ४२ हजार वोनस व्यवस्था नियम विपरित भएको पाइयो । कानुन विपरित बोनस व्यवस्था गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

५. व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नु पर्ने थप व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

६. लेखापरीक्षकको राय

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा हाम्रो रायमा, माथि बुँदा नं. ४ मा औंल्याएका विषयले वित्तीय विवरणहरुमा पर्ने असर बाहेक, संलग्न वित्तीय विवरणले कम्पनीको२०७४ आषाढमसान्तको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको आय व्यय विवरण, नगद प्रवाह र ईक्विटीमा भएको परिवर्तनको नेपाल लेखामान बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

1. Report on the Financial Statements

We have examined the accompanying financial statements of Nepal Rastra Bank (NRB) which comprises the Statement of Financial Position at Ashad 31, 2074 (July 15, 2017), Statement of Net Income and Other Comprehensive Income, Statement of Cash Flows, Statement of Changes in Equity for the period then ended and Notes comprising of significant accounting policies and explanatory information.

2. Management's Responsibility for the Financial Statements

Management is responsible for the preparation and fair presentation of these financial statements in accordance with Nepal Financial Reporting Standard (NFRS) and International Financial Reporting Standard (IFRS) wherever applicable NFRS has not been pronounced and for such internal control as management determines is necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to fraud or error.

3. Auditor's Responsibility

Our responsibility is to express an opinion in these financial statements based on our audit. We conducted our audit in accordance with Nepal Standards on Auditing (NSA). Those standards require that we plan and perform the audit to obtain reasonable assurance about whether the financial statements are free of material misstatement. An audit includes examining, on a test basis, evidence supporting the amounts and disclosures in the financial statements. The procedures selected depend on our judgment including assessment of the risks of material misstatement of financial statements, whether due to fraud or error. In making those risk assessments, we consider internal control relevant to the entity's preparation and fair presentation of the financial statements in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the entity's internal control. An audit also includes assessing the accounting principles used and significant estimates made by management, as well as evaluating the overall financial statements presentation.

We believe that our audit provides a reasonable basis for our qualified opinion.

4. Basis for Qualified Opinion

Following non-compliances with NFRS/IFRS were observed which in our opinion are having material, but not pervasive impact on the financial statements of NRB:

4.1 Sufficient appropriate audit evidences for subsequent measurement of various subsidized staff loans of Rs.4,076.87 million could not be obtained for presentation of same at amortized cost (presented in financial statements at cost) as required by Para 4.1.2 of NFRS 9, the impact of which could not be ascertained.

Further, followings have impact on fair presentation of financial statements:

4.2 Interest on fixed deposit amounting to NRs. 1,117.33 million has been credited to defined benefit liability (Gratuity and Pension Fund) forming part of net interest expenses of

Gratuity and Pension Fund though the nature of fixed deposit does not satisfy the definition of Plan Assets under NAS 19, resulting understatement of interest income as well as personnel cost by the stated amount.

4.3 Balance of investment revaluation reserve accumulated till previous year amounting to NRs. 859.74 million, which has been created to account for increase in fair value of financial assets, have not been transferred to Retained Earnings in line with de-recognition principle of NFRS 9 though those financial assets have already been liquidated;

4.4 It has not made required disclosure as per Para 2 of NFRS 12 (Disclosure of Interest in Other Entities), which requires to present detailed information about its interest in subsidiaries, associates and structured entities that are not controlled by NRB.

4.5 Though physical verification of gold and silver with currency management department was carried out up to Chaitra 2072, quantity and quality of gold was not tasted during the courses of verification and quantity of gold was taken on the basis of records. Thus, amount shown as Gold and Silver stock of NPR 1.7 billion does not represent the true value.

5. Qualified Opinion

In our opinion, except for the effect of matters described on the basis for qualified opinion paragraph, the financial statements, give true and fair view of the financial position of NRB as at Ashad 31, 2074 (Corresponding to July 15, 2017), its financial performance, cash flow and changes in equity for the year then ended in accordance with NFRS, IAS/IFRS, relevant practice and prevailing laws.

6. Management Letter

A separate Management Letter consisting of additional audit observations has been issued to the management for improvement.

नेपाल रेल्वे कम्पनी लिमिटेड (२०६९।७०)

१. वार्षिक वित्तीय विवरणहरु उपर प्रतिवेदन

हामीले नेपाल रेल्वे कम्पनी लि. को यसै साथ संलग्न २०७० आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक बर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्वन्धि टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरणहरु उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीवाट होस, सारभूत किसिमले त्रुटिरहित, वित्तीय विवरण तयार गर्ने सम्वन्धी आन्तरीक नियन्त्रण प्रणालिको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने कार्य; लेखानीतिहरुको छनौट तथा लागू गर्ने एवं परिस्थिति अनुसार लेखासम्वन्धी महत्वपूर्ण अनुमान गर्ने पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो लेखापरीक्षणको आधारमा वित्तीय विवरणहरु उपर मन्तव्य व्यक्त गर्नु हाम्रो जिम्मेवारी हो । हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शनले हामीलाई व्यावसायिक आचरण संहिताको पालना गर्ने तथा वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटिरहित प्रस्तुती गर्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना र्तजुमा गरी तदनुसार लेखापरीक्षण कार्य सम्पन्न गर्ने पर्दछन ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासालाई पुष्टि गर्ने यथेष्ट प्रमाण प्राप्त गर्ने, प्रमाणको पूर्ण वा आङ्शिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी छनौट गरिएका कार्यविधि चाहे जालसाजी वा गल्तीवाट होस, सारभूत रुपमा त्रुटियुक्त प्रस्तुति हुन सक्ने जोखिमको लेखाजोखा सहित हाम्रो व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन ।

व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोगमा ल्याइएका लेखा नीतिहरुको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानहरुको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. **कैफियत सहितको राय व्यक्त गर्ने आधारः** लेखापरीक्षणबाट कैफियतसहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार रहेका छन् :

४.१. कम्पनीले आफ्नो वित्तीय विवरण नेपाल लेखामान अनुरुप तयार गरेको पाईएन ।

४.२. कम्पनीले आफ्नो बैंक रिकन्सीलेसन विवरण तयार नगरेको हुनाले वित्तीय विवरणमा उल्लेख गरीएका बैक हिसावले यथार्थ चित्रण गर्ने अवस्था रहेको पाईएन ।

४.३. कम्पनीले विगत बर्षहरु देखिनै आफ्नो जिन्सी मौज्दात ऋणात्मक देखाएको जसले जिन्सी मौज्दातकोयर्थाथ चित्रण गर्ने अवस्था रहेको पाईएन । यस आ. व. मा ऋणात्मक जिन्सी मौज्दात रु.७ करोड २९ लाख ६१ हजाररहेको पाईयो । यस्को वास्तविकता छानविन गरी सम्वन्धीतलाई जिम्मेवार वनाउनु पर्दछ ।

४.४. कम्पनीमा कार्यरत कर्मचारीहरुको उपदान तथा सञ्चित घर तथा बिरामी बिदा वापतको कुनै पनि रकम व्यवस्था नगरी भुक्तानीको समयमा मात्र खर्च जनाउने गरी लिईएको नीति नेपाल लेखामान अनुरुपरहेको छैन ।

४.५. कम्पनीले नेपाल लेखामान १६अनुरुप स्थिर सम्पत्तिहरुको उपयुक्त आयु अनुमान गरी प्रकृति र प्रयोगको आधारमा वर्गिकरण गरी उपयुक्त ह्रास कट्टी दर निर्धारण गरी ह्रास खर्च गणना गर्नुपर्नेमा सो गरेको पाईएन ।

४.६. कम्पनीको वित्तीय विवरणमा देखिएको सस्पेन्स् एकाउण्ट क्रेडिट रकम रु १६ करोड ५९ लाखको वास्तविकता यकिन हुन नसकेकोले वित्तीय विवरणले यथार्थ चित्रण गर्ने अवस्था नरहेकाले छानविन गरी यकिन गर्नु पर्दछ ।

४.७. कम्पनीले विभिन्न मितिमा अर्थ मन्त्रालय, रेल्वे तथा मेट्रो विकास कोष, राष्ट्रिय बाणिज्य बैंक तथा नेपाल बैंक लि. बाट लिएको ऋण रकम रु.९ करोड ७६ लाख ७२ हजारकोब्याजको गणना तथा लेखाङ्कन नगरेको हुनाले ऋण दायित्वकोवास्तविका यकिन हुने अवस्था देखिदैन । सावाँ तथा ब्याजको यथार्थ अभिलेख हुनु पर्दछ ।

४.८. कम्पनीले हाल सम्म स्थाई लेखा नम्बर नलिएको, कम्पनीमा कार्यरत कर्मचारीको तलव तथा अन्य भुक्तानी गर्दा स्रोतमा करकट्टी जम्मा रकम रु. २,३८,००१.४६ गर्नु पर्नेमा यस आर्थिक वर्षमा रु. १८,०२९.३९ मात्र अग्रिम करकट्टी गरी दायित्व सृजना गरेको पाईयो जस अनुसार कम्पनीले थप दायित्व सृजना गर्नु पर्ने रकम रु. २,१९,९७२.०७ सहित सम्पूर्ण करकट्टी दायित्व रकम सम्बन्धित आन्तरीक राजश्व कार्यालयमा दाखिला गर्नु

पर्ने देखिन्छ । साथै विगत वर्षमा भुक्तानीमा अग्रिम करकट्टी गरी दायित्व सृजना गरीएता पनि सो रकमहरु सम्बन्धि आन्तरीक राजश्व कार्यालयमा दाखिला गरेको पाईएन । कम्पनीले विगत बर्ष देखिनै आन्तरिक राजश्व कार्यालयमा आय विवरण दाखिला समेत नगरेको देखिन्छ जुन आयकर ऐन, २०५८ को पालना भएको देखिदैन । कानूनले तोकेको म्याद भित्र राजस्व दाखिला नगर्नेलाई जिम्मेवार वनाउनु पर्दछ ।

४.९. कम्पनीसंग सम्बन्धित मूद्दाको दावीलाई विश्लेषण गरी सम्भावित दायित्वको सृजना हुने वा नहुने भन्ने अवस्थाको यकिन नभएकोले आयकर ऐन २०५८ को व्यवस्था अनुरुप दाखिला गर्नु पर्दछ । आयकर ऐनको पालना नगर्नेलाई जिम्मेवार वनाउनु पर्दछ ।

५. **व्यवस्थापन पत्र** : व्यवस्थापनले सुधार गर्नु पर्ने थप व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा दर्शाइएको छ ।

६. **लेखापरीक्षकको रायः**.हाम्रो रायमा कैफियतसहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारकारुपमा माथि उल्लेखित बुंदा नं. ४.१ देखि ४.९ मा औल्याइएका विषयहरुले वित्तीय विवरणहरुमा पर्ने असरबाहेक, संलग्न वित्तीय विवरणहरुले नेपाल रेल्वे कम्पनी लि. को २०७० आषाढ मसान्तको वित्तीय स्थिति र सोहि मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा र नगद प्रवाह विवरणले कम्पनीले अवलम्बन गरेका लेखा नीति अनुरुप यथार्थ चित्रण गर्दछ ।

७. **कम्पनी ऐन, २०६३ अनुसारको प्रतिवेदन :** यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन् :

(क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफ पाएका छौं ।

(ख) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा माथि उल्लेखित बुंदा नं. ४.१ देखि ४.९ मा औल्याइएका विषयहरु बाहेक हाम्रो रायमा कम्पनीको हिसाव किताब ठीकसंग राखिएको छ ।

(ग) यो प्रतिवेदनसंग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण र संलग्न अनुसूचीहरु कम्पनीले राखेको हिसाब किताब, वहीखाता श्रेस्ता र लेखासंग दुरुस्त रहेका छन् ।

(घ) लेखापरीक्षणको समयमा कम्पनीको संचालक समितिका वा प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून बिपरित लेखा सम्वन्धी कुनै कामकाज वा अनियमित कार्य गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीलाई हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।

(ङ) कम्पनीले कम्पनी ऐन २०६३, को दफा १६४ को पालना गरेको पाईएन ।

(च) कम्पनीमा लेखा सम्बन्धी कुनै जालसाजी गरेको हाम्रो जानकारीमा आएन ।

नेपाल रेल्वे कम्पनी लिमिटेड (२०७०।७१)

१. वार्षिक वित्तीय विवरणहरु उपर प्रतिवेदन

हामीले नेपाल रेल्वे कम्पनी लि. को यसै साथ संलग्न २०७१ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक बर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्वन्धि टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरणहरु उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीवाट होस, सारभूत किसिमले त्रुटिरहित, वित्तीय विवरण तयार गर्ने सम्बन्धी आन्तरीक नियन्त्रण प्रणालिको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने कार्य; लेखानीतिहरुको छनौट तथा लागू गर्ने एवं परिस्थिति अनुसार लेखासम्बन्धी महत्वपूर्ण अनुमान गर्ने पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो लेखापरीक्षणको आधारमा वित्तीय विवरणहरु उपर मन्तव्य व्यक्त गर्नु हाम्रो जिम्मेवारी हो । हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शनले हामीलाई व्यावसायिक आचरण संहिताको पालना गर्ने तथा वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटिरहित प्रस्तुती गर्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना र्तजुमा गरी तदनुसार लेखापरीक्षण कार्य सम्पन्न गर्ने पर्दछन ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासालाई पुष्टि गर्ने यथेष्ट प्रमाण प्राप्त गर्ने, प्रमाणको पूर्ण वा आङ्शिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी छनौट गरिएका कार्यविधि चाहे जालसाजी वा गल्तीवाट होस, सारभूत रुपमा त्रुटियुक्त प्रस्तुति हुन सक्ने जोखिमको लेखाजोखा सहित हाम्रो व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन ।

व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोगमा ल्याइएका लेखा नीतिहरुको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानहरुको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. **कैफियत सहितको राय व्यक्त गर्ने आधारः** लेखापरीक्षणबाट कैफियतसहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार रहेका छन्:

४.१. कम्पनीले आफ्नो वित्तीय विवरण नेपाल लेखामानअनुरुप तयार गरेको पाईएन ।

४.२. कम्पनीले आफ्नो बैंक हिसाब मिलान विवरण तयार नगरेको हुनाले वित्तीय विवरणमा उल्लेख गरीएका बैंक हिसावले बैंक हिसाबको यर्थाथ चित्रण गर्ने अवस्था रहेको पाईएन ।

४.३. कम्पनीले विगत बर्षहरु देखिनै आफ्नो जिन्सी मौज्दात ऋणात्मक देखाएकोले यर्थाथ चित्रण गर्ने अवस्था रहेको पाईएन । यसको वास्तविकता छानविन गरी सम्वन्धितलाई जिम्मेबार वनाउनु पर्दछ ।

४.४. कम्पनीमा कार्यरत कर्मचारीहरुको उपदान तथा सञ्चित घर तथा बिरामी बिदा वापतको कुनै पनि रकम व्यवस्था नगरी भुक्तानीको समयमा मात्र खर्च जनाउने गरिएकोनेपाल लेखामान अनुरुपरहेको छैन ।

४.५. कम्पनीले नेपाल लेखामान १६अनुरुप स्थिर सम्पत्तिहरुको उपयुक्त आयु अनुमान गरी प्रकृति र प्रयोगको आधारमा वर्गिकरण गर्नुपर्ने तथा सोही आधारमा ह्रास कट्टी दर निर्धारण गरी ह्रास खर्च गणना गर्नुपर्नेमा सो गरेको पाईएन ।

४.६. कम्पनीको वित्तीय विवरणमा देखिएको सस्पेन्स् एकाउण्ट रकम रु. १६ लाख ५९ हजारको वास्तविकता यकिन हुन नसकेकोले वित्तीय विवरणले यथार्थ चित्रण गर्ने अवस्था नरहेकोले छानविन गरी यकिन गर्नु पर्दछ ।

४.७. कम्पनीले विभिन्न मितिमा अर्थ मन्त्रालय, रेल्वे तथा मेट्रो विकास कोष, राष्ट्रिय बाणिज्य बैंक तथा नेपाल बैंक लि. बाट लिएको ऋण रकमरु.१२ करोड ३७ लाख ७६ हजारको व्याज गणना तथा लेखाङ्कन नगरेको हुनाले ऋण दायित्वकोवास्तविका यकिन हुने अवस्था देखिदैन । सावाँ तथा व्याजको यथार्थ अभिलेख हुनु पर्दछ ।

४.८. कम्पनीले हालसम्म स्थायी लेखा नम्बर नलिएको, कम्पनीमा कार्यरत कर्मचारीको तलव तथा अन्य भुक्तानी गर्दा स्रोतमा एक प्रतिशत कर (सामाजिक सुरक्षा कर) रु. २७०,०३२.९३ कट्टी गरेको पाईएता पनि सो सम्पूर्ण कर कट्टी रकम सोहि आर्थिक वर्षमा दाखिला गरेको पाईएन ।साथै सोहि आर्थिक वर्षमा बीरगञ्ज शाखाका कर्मचारीहरुलाई उपलब्ध गराइएको अतिरिक्त समय वापतको रकम रु. ९,१३६.६८ को हकमा एक प्रतिशत ले हुन आउने रकम रु. ९१.३७ कर (सामाजिक सुरक्षा कर) कर कट्टी गरेको पाईएन । साथै विगत वर्षमा केहि भुक्तानीमा अग्रिम कर कट्टि गरेता पनि सो रकमहरु दाखिला गरेको पाईएन । कम्पनीले विगत

बर्ष देखिनै आन्तरिक राजश्व कार्यालयमा आय विवरण दाखिला समेत नगरेको देखिन्छ जुन आयकर ऐन, २०५८ को पालना भएको देखिदैन । यस सम्बन्धमा कम्पनीको सृजित कर कट्टिको दायित्व एवं सोमा लाग्ने शुल्क तथा ब्याज यकिन नभएकोले आयकर ऐन २०५८ को व्यवस्था अनुरुप दाखिला गर्नु पर्दछ आयकर ऐनको पालना नगर्नेलाई जिम्मेवार बनाउनु पर्दछ ।

४.९. कम्पनीसंग सम्बन्धित मूद्दाको दावीलाई विश्लेषण गरी सम्भावित दायित्वको सृजना हुने वा नहुने भन्ने अवस्थाको यकिन गरेको पाईएन ।

५. **व्यवस्थापन पत्र :** व्यवस्थापनले सुधार गर्नु पर्ने थप व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा दर्शाइएको छ ।

६. **लेखापरीक्षकको राय :**हाम्रो रायमा कैफियतसहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारकारुपमा माथि उल्लेखित बूँदा नं. ४.१ देखि ४.९ मा औल्याइएका विषयहरुले वित्तीय विवरणहरुमा पर्ने असरबाहेक, संलग्न वित्तीय विवरणहरुले नेपाल रेल्वे कम्पनी लि. को २०७१ आषाढ मसान्तको वित्तीय स्थिति र सोहि मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा र नगद प्रवाह विवरणले कम्पनीले अवलम्बन गरेका लेखा नीति अनुरुप यथार्थ चित्रण गर्दछ ।

७. **कम्पनी ऐन, २०६३ अनुसारको प्रतिवेदन :** यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन् :

(क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफ पाएका छौं ।

(ख) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा आधारमा माथि उल्लेखित बुंदा नं. ४.१ देखि ४.९ मा औल्याइएका विषयहरु बाहेक हाम्रो रायमा कम्पनीको हिसाव किताब ठीकसंग राखिएको छ ।

(ग) यो प्रतिवेदनसंग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण र संलग्न अनुसूचीहरु कम्पनीले राखेको हिसाब किताब, वहीखाता श्रेस्ता र लेखासंग दुरुस्त रहेका छन् ।

(घ) लेखापरीक्षणको समयमा कम्पनीको संचालक समितिका वा प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून बिपरित लेखा सम्वन्धी कुनै कामकाज वा अनियमित कार्य गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीलाई हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।

(ङ) कम्पनीले कम्पनी ऐन २०६३, को दफा १६४ को पालना गरेको पाईएन ।

(च) कम्पनीमा लेखा सम्बन्धी कुनै जालसाजी गरेको हाम्रो जानकारीमा आएन ।

नेपाल रेल्वे कम्पनी लिमिटेड (२०७१।७२)

१. वार्षिक वित्तीय विवरणहरु उपर प्रतिवेदन

हामीले नेपाल रेल्वे कम्पनी लि. को यसै साथ संलग्न २०७२ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक बर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्वन्धि टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरणहरु उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीवाट होस, सारभूत किसिमले त्रुटिरहित, वित्तीय विवरण तयार गर्ने सम्बन्धी आन्तरीक नियन्त्रण प्रणालिको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने कार्य; लेखानीतिहरुको छनौट तथा लागू गर्ने एवं परिस्थिति अनुसार लेखासम्बन्धी महत्वपूर्ण अनुमान गर्ने पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो लेखापरीक्षणको आधारमा वित्तीय विवरणहरु उपर मन्तव्य व्यक्त गर्नु हाम्रो जिम्मेवारी हो । हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शनले हामीलाई व्यावसायिक आचरण संहिताको पालना गर्ने तथा वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटिरहित प्रस्तुती गर्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना र्तजुमा गरी तदनुसार लेखापरीक्षण कार्य सम्पन्न गर्ने पर्दछन ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासालाई पुष्टि गर्ने यथेष्ट प्रमाण प्राप्त गर्ने, प्रमाणको पूर्ण वा आङ्शिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी छनौट गरिएका कार्यविधि चाहे जालसाजी वा गल्तीवाट होस, सारभूत रुपमा त्रुटियुक्त प्रस्तुति हुन सक्ने जोखिमको लेखाजोखा सहित हाम्रो व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन ।

व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोगमा ल्याइएका लेखा नीतिहरुको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानहरुको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. **कैफियत सहितको राय व्यक्त गर्ने आधार:** लेखापरीक्षणबाट कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारकारुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार रहेका छन्:

४.१. कम्पनीले आफ्नो वित्तीय विवरण नेपाल लेखामान अनुरुप तयार गरेको पाईएन ।

४.२. कम्पनीले आफ्नो बैंक हिसाव मिलान विवरण तयार नगरेको हुनाले वित्तीय विवरणमा उल्लेख गरीएका बैंक हिसावले यर्थाथ चित्रण गर्ने अवस्था रहेको पाईएन ।

४.३. कम्पनीले विगत बर्षहरु देखिनै आफ्नो जिन्सी मौज्दात ऋणात्मक देखाएकोले जिन्सी मौज्दातकोयर्थाथ चित्रण गर्ने अवस्था रहेको पाईएन । यस आर्थिक वर्षमा जिन्सी मौज्दात रु. ७ करोड १५ लाख ४२ हजार रुपैंयाऋणात्मक रहेको छ । यस्को वास्तविकता छानविन गरी सम्वन्धितलाई जिम्मेबार वनाउनु पर्दछ ।

४.४. कम्पनीमा कार्यरत कर्मचारीहरुको उपदान तथा सञ्चित घर तथा विरामी बिदा वापतको कुनै पनि रकम व्यवस्था नगरी भुक्तानीको समयमा मात्र खर्च जनाउने गरिएकोनेपाल लेखामान अनुरुपरहेको छैन ।

४.५. कम्पनीले नेपाल लेखामान १६अनुरुप स्थिर सम्पत्तिहरुको उपयुक्त आयु अनुमान गरी प्रकृति र प्रयोगको आधारमा वर्गिकरण गर्नुपर्ने तथा सोही आधारमा ह्रास कट्टी दर निधारर्ण गरी ह्रास खर्च गणना गर्नुपर्नेमा सो गरेको पाईएन ।

४.६. कम्पनीको वित्तीय विवरणमा देखिएको सस्पेन्स् एकाउण्ट क्रेडिट रकम रु. १६ लाख ५९ हजारको वास्तविकता यकिन हुन नसकेकोले वित्तीय विवरणले यथार्थ चित्रण गर्ने अवस्था नरहेकोले छानविन गरी यकिन गर्नु पर्दछ ।

४.७. कम्पनीले विभिन्न मितिमा अर्थ मन्त्रालय, रेल्वे तथा मेट्रो विकास कोष, राष्ट्रिय वाणिज्य बैंक तथा नेपाल बैंक लि. बाट लिएको ऋण रकमरु. २३ करोड ३४ लाख ३२ हजारको ब्याज गणना तथा लेखाङ्कन नगरेको हुनाले ऋण दायित्वकोवास्तविकता यकिन हुने अवस्था देखिदैन । सावाँ तथा व्याजको यथार्थ अभिलेख हुनुपर्दछ ।

४.८. कम्पनीले हाल सम्म स्थाई लेखा नम्बर नलिएको, कम्पनीमा कार्यरत कर्मचारीको तलव तथा अन्य भुक्तानी गर्दा स्रोतमा करकट्टी गरेको रकम रु. ५६,४४२.३४ देखिन्छ । सो गणनामा अधिक कर कट्टी हुन गएको रकम रु. २,५३३.८० तथा कर कट्टी गर्न बाँकी रकम रु. ६,२६५.१७ लाई समायोजन गरी रु. ६०,१७३.७१ दाखिला गर्नुपर्ने देखिन्छ तथापी सो करकट्टी गरेको सम्पूर्ण रकम सोही आर्थिक वर्षमा दाखिला गरेको पाईएन ।विगत वर्षमा केही भुक्तानीमा अग्रिम कर कट्टी गरेता पनि सो रकमहरु दाखिला गरेको पाईएन । कानूनले तोकेको

म्याद भित्र राजस्व दाखिला नगर्नेलाई जिम्मेवार वनाउनु पर्दछ । यस आ. व. मा स्थाई कर्मचारीहरुको २०७० असोज महिना देखि २०७१ आषाढ महिना सम्मको तथा अस्थाई र करार कर्मचारीहरुको २०७० असोज महिना देखि २०७१ जेष्ठ महिना सम्मको मात्र तलब तथा भत्ताहरुमा कर कट्टी गरेको रकम एकमुष्ठ रु. १८९,२६८ सम्बन्धित कर कार्यालयमा२०७१/०७/०३ मा दाखिला गरेको देखिन्छ । जम्मा गरीएको रकमको विष्तृत गणना नगरेको हुनाले सोही अवधिको सम्पूर्ण कर दायित्व रकम नै जम्मा गरीएको हो भन्ने स्पष्ट आधार देखिएन ।कम्पनीले विगत बर्ष देखिनै आन्तरिक राजश्व कार्यालयमा आय विवरण दाखिला समेत नगरेकोले आयकर ऐन, २०५८ को पालना भएको देखिदैन । यस सम्बन्धमा कम्पनीको सृजित कर कट्टिको दायित्व एवं सोमा लाग्ने शुल्क तथा ब्याज यकिन नभएकोले आयकर ऐन, २०५८ को व्यवस्था अनुरुप दाखिला गर्नु पर्दछ । आयकर ऐनको पालना नगर्नेलाई जिम्मेवार वनाउनु पर्दछ ।

४.९. कम्पनीसंग सम्बन्धित मूद्दाको दावीलाई विश्लेषण गरी सम्भावित दायित्वको सृजना हुने वा नहुने भन्ने अवस्थाको यकिन गरेको पाईएन ।

५. **व्यवस्थापन पत्र :** व्यवस्थापनले सुधार गर्नु पर्ने थप व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा दर्शाइएको छ ।

६. **लेखापरीक्षकको राय :**हाम्रो रायमा कैफियतसहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा माथि उल्लेखित बुंदा नं. ४.१ देखि ४.९ मा औल्याइएका विषयहरुले वित्तीय विवरणहरुमा पर्ने असरबाहेक, संलग्न वित्तीय विवरणहरुले नेपाल रेल्वे कम्पनी लि. को २०७२ आषाढ मसान्तको वित्तीय स्थिति र सोही मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा र नगद प्रवाह विवरणले कम्पनीले अवलम्बन गरेका लेखा नीति अनुरुप यथार्थ चित्रण गर्दछ ।

७. **कम्पनी ऐन, २०६३ अनुसारको प्रतिवेदन :** यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन् :

(क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफ पाएका छौं ।

(ख) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा माथि उल्लेखित बुँदा नं. ४.१ देखि ४.९ मा औल्याइएका विषयहरु बाहेक हाम्रो रायमा कम्पनीको हिसाव किताब ठीकसंग राखिएको छ ।

(ग) यो प्रतिवेदनसंग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण र संलग्न अनुसूचीहरु कम्पनीले राखेको हिसाब किताब, वहीखाता श्रेस्ता र लेखासंग दुरुस्त रहेका छन् ।

(घ) लेखापरीक्षणको समयमा कम्पनीको संचालक समितिका वा प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून बिपरित लेखा सम्वन्धी कुनै कामकाज वा अनियमित कार्य गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीलाई हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।

(ङ) कम्पनीले कम्पनी ऐन २०६३, को दफा १६४ को पालना गरेको पाईएन ।

(च) कम्पनीमा लेखा सम्बन्धी कुनै जालसाजी गरेको हाम्रो जानकारीमा आएन ।

नेपाल वायुसेवा निगम (२०७२।७३)

१. **वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन :** हामीले यसैसाथ नेपाल वायुसेवा निगमको २०७३ आषाढ मसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा ईक्विटीमा भएका परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

२. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी :**नेपाल लेखामान, सम्बन्धित ऐन लगायत प्रचलित अन्य ऐन, नियम, कानुन अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटि लगायत सारभूत रुपमा

गलत आंकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीति तथा लेखा अनुमानको छनौट तथा कार्यान्वयन गर्ने कार्य पर्दछन्।

३. **लेखापरीक्षकको जिम्मेवारी** :हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो। नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौ। ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आंकडारहित प्रस्तुती भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन्।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याँइका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूतरुपमा गलत आंकडा सहित प्रस्तुती हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक लेखापरीक्षण कार्यविधि निर्धारण एवं परीक्षण गर्ने रहेपनि आन्तरिक नियन्त्रण प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य रहेको छैन ।

व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ। हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं।

४. **कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारहरु** : लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन् :

४.१. **शेयर पूँजी** : निगमको वित्तीय विवरण अनुसार अधिकृत पूँजी रु. ३० करोड र चुक्ता पूँजी रु. १६ करोड २२ लाख छ । शेयर लगानीका रुपमा नेपाल सरकारबाट प्राप्त भएको रु. २ अर्ब ९४ करोड १६ लाख समेत रु. ३ अर्ब १० करोड ३८ लाख देखिएको छ । अधिकृत पूँजीभन्दा बढी रकमको शेयर पूँजी देखाएकोले शेयर पुंजी वृद्धि सम्वन्धी आवश्यक प्रक्रिया पूरा गरी कानून सम्मत बनाउनु पर्दछ ।

४.२. **बैंक युनिट** : आर्थिक विनियमावलीको परिच्छेद को वुँदा नम्वर ७ अनुसार बैंक खाताहरुमा भएको आम्दानी खर्चको हिसाव प्रत्येक महिनाको १५ गतेभित्र बैंक स्टेटमेन्टसंग भिडान गरी अद्यावधिक गराई राख्नुपर्ने व्यवस्था छ । तर रा.वा.बैंक को खाता नं.२१८८ मा वि.सं.२०७० देखि रेहेको रु.७८ लाख ४ हजार को हिसाब मिलान गरेको नपाइएकोले सम्वन्धित कर्मचारीलाई जिम्मेवार वनाई हिसाव यकिन गर्नु पर्दछ ।

४.३. **आसामी** : निगमको यो वर्षसम्म रु. ८२ करोड २३ लाख रकम उठाउन बाँकी रहेकोमा विगत लामो समय देखि समायोजन नभएको आसामीहरुको जिम्मेवारी सर्दै आएको यस आर्थिक वर्ष सम्मको रु.७ करोड ४२ लाख ९० हजार उठाउने तर्फ कुनै कारवाही गरेको पाइएन । त्यसै गरी विगत लामो समय देखि समायोजन नभएका विभिन्न १४ कार्गो स्टकिस्टहरुको रु.३ करोड १६ लाख ४५ हजार जिम्मेवारी सर्दै आएको देखिन्छ । यस्ता रकम असुलउपर गर्ने तर्फ प्रभावकारी कारवाही गरेको देखिएन । उठाउन पर्ने रकम असुल गर्न संचालक समिति वा व्यवस्थापन पक्षबाट कार्य योजना बनाएको छैन । पुराना रकमहरु कानून बमोजिम असूल नगर्ने पदाधिकारीलाई जिम्मेवार वनाई असूल गर्नु पर्दछ ।

४.४. **ईन्धन खपत :** यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन् :

४.४.१. विमानको अपरेशन म्यानुयलमा विभिन्न उचाईमा जहाजको तौल तथा अन्य फरक फरक अवस्थामा फरक फरक इन्धन खपतको व्यवस्था गरेको छ । बोइङ्ग ७५७ म्यानुअल अनुसार औषत ३५ हजार फिटको उचाइमा ९५ टनको जहाजमा प्रति घण्टा ३.६१ टन इन्धन लाग्ने नर्म्स रहेकोमा निगमकोएम.आई.एस. प्रतिवेदनबाट प्रटि घण्टा ४.०४ टन इन्धन खपत भएको देखाएको छ । यसरी यस वर्ष एक जहाजले २८१० र अर्कोले १८२७ घण्टा गरी कूल ४६३७घण्टा जहाज उडान गरेकोमा १८,७३३ टन इन्धन खपत देखाएको छ । प्रति घण्टाको उडानमा नर्म्स अनुसार३.६१ इन्धन खपत हुनुपर्नेमा प्रतिघण्टाको ०.४३ टनको दरले १९९४ टन बढी खपत देखिएको छ । औषत स्पेसिफिक ग्राभिटी ०.७८७ मान्दा २५,३३,६७२ लिटर इन्धनको औषत प्रतिलिटर रु. ११० दरले रु. २७ करोड ८७ लाख इन्धन खपतको पुष्ट्याँई गर्नुपर्दछ ।

४.४.२. निगमले जहाजमा इन्धन भर्दा विभिन्न स्टेसनहरुमा लिटरको आधारमा इन्धन भर्ने र इन्धनको खपत भनि फ्लाइट लगमा चढाउँदा टनमा कन्भर्जन गरिन्छ । इन्धन भरेको स्थान र तापक्रमको आधारमा स्पेसिफिक ग्राभिटी को अंक निर्धारण हुन्छ । स्पेसिफिक ग्राभिटीको आधारमा कन्भर्जन गर्दा फ्लाइट लगमा यस वर्ष २ वटा जहाजबाट २२४.५५ टन इन्धन कम परिमाण खपत भएको देखाएको छ । औसत स्पेसिफिक ग्राभिटी ०. ७८७ ले २२४.५५ टन अर्थात २८५,३२४ लिटरको औसत मूल्य रु. ११० को दरले रु. ३ करोड १४ लाख बढी खर्च लेखेको छ। छानवीन गरी वास्तविकता यकिन गर्नु पर्दछ ।

४.५. **उडान रद्द र ढीलाई :** निगमले यस वर्ष अन्तराष्ट्रिय तर्फ मा २७६६ उडान लक्ष्य राखेकोमा २७३६ उडान भएको र आन्तरिक तर्फ १११९२ उडान तालिका समावेश आन्तरिकमा ३९४९ उडानहरु मात्र भएको छ । निगमले उडान राख्ने तर विविध कारण उल्लेख गरी विमान नउडाउने गरेको देखियो । आन्तरिक तर्फ७२४३ वटा फलाइट रद्द गरि रु. ३०,९५,०७,८७६।०० को कम व्यापार गरेको छ भने अन्तराष्ट्रिय उडानमा औषत प्रति फलाइट रु. २१,२६,०००।०० का दरले ३० फलाइटले हुने रु ६,३७,८०,०००।०० को कम व्यापार गरेको छ । अत: व्यवस्थापनको निगम कार्यदक्षता, प्रभावकारीता रहेको पाईएन । यस्तो अवस्थामा सुधार गरी संस्थाको कार्य सञ्चालनमा सम्बन्धित पक्षलाई जिम्मेवार बनाउँनु पर्दछ ।

४.६. **व्यवस्थापन पत्र** : व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसैसाथ संलग्न व्यवस्थापन पत्रमा दर्शाइएको छ ।

५. **कैफियत सहितको राय :** कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा हाम्रो रायमा, माथिका बुँदा नं. ४ मा औंल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्ने असरबाहेक, संलग्न वित्तीय विवरणले नेपाल वायुसेवा निगमको २०७३ आषाढ मसान्तको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको सञ्चालन नतिजा, नगद प्रवाह तथा ईक्विटीमा भएका परिवर्तन सम्बन्धी विवरणको नेपाल लेखामान बमोजिम सही र यर्थाथ चित्रण गर्दछ ।

नेपाल विद्युत प्राधिकरण (२०७३।७४)

1. Report on the Financial Statements

We have audited the accompanying Financial Statements of Nepal Electricity Authority (NEA), which comprise the Statement of Financial Position as at 31st Ashad, 2074 (July 15, 2017), and the Statement of Profit or Loss, Statement of Cash Flows and Statement of Changes in Equity for then ended, and Significant Accounting Policies and Explanatory Notes.

2. Management's Responsibility for the Financial Statements

NEA management is responsible for the preparation and fair presentation of these financial statements, in accordance with Nepal Financial Reporting Standards and for such internal control as NEA management determines is necessary to enable the preparation of the financial statements that are free from material misstatement, whether due to fraud or error.

3. Auditors' Responsibility

Our responsibility is to express an opinion on these financial statements based on our audit. We conducted our audit in accordance with Nepal Standards on Auditing, "Directives to the Auditors for the Audit of Public Sector Enterprises", INTOSAI Standards. Those Standards requires that we comply with ethical requirements and plan and perform the audit to obtain reasonable assurance about whether the financial statements are free from material misstatement.

An audit involves performing procedures to obtain audit evidence about the amounts and disclosures in the financial statements. The procedures selected depend on our professional judgment, including the assessment of the risks of material misstatement of the financial statements, whether due to fraud or error. In making those risk assessments, we considered the internal control relevant to NEA's preparation and fair presentation of the financial statements in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on NEA's internal control. An audit also includes evaluating the appropriateness of the accounting policies used and the reasonableness of accounting estimates made by NEA management, as well as evaluating the overall presentation of the financial statements.

We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our qualified audit opinion.

4. Basis for Qualified Opinion

4.1 Uncertainties on Going Concern

NEA has incorporated 15 (including 12 during the year) different companies having principal functions of generation, transmission, production, power purchase and engineering etc. The preamble of Nepal Electricity Act 2041 (1984) the purpose of incorporation of NEA is to carry out generation, transmission and distribution of electricity in Nepal. Incorporation of these companies without NEA's long-term strategies has created doubt of NEA's continuation as a going concern.

4.2 Financial Statements not prepared according to applicable reporting framework

The accompanying financial statements have not been prepared based on provisions of Nepal Financial Reporting Standards (NFRSs) and provisions of 17 different applicable NFRSs and Nepal Accounting Standards (NASs) have not been fully complied with while recognizing, measuring and disclosing financial transactions in the financial statements, including preparation of Consolidated Financial Statements.

4.3 Property Plant and Equipment (PPE)

i) Status and carrying amount of PPE not ascertained

Physical verification of PPE was not conducted since long. NEA has not maintained and updated consolidated statements of assets owned by it detailing cost, location and

condition. Further, various assets under Hydraulic Plant and Machinery totaling NRs.368.22 million were capitalized cumulatively since 2060/61 (2003/04) without further details and various damaged assets including vehicles were not derecognized.

Various items capitalized earlier under distribution or transmission lines were replaced and costs of replacement were charged off to revenue based on budget allocation without assessing the life or capacity of such items and costs of replaced items were not derecognized. Also, NEA has incurred expenses for various repairs/maintenance activities to rectify damages caused by the massive earthquake of 2072 and has booked such expenses as revenue expenses. A comprehensive assessment of damages caused by the earthquake and costs estimated to make good damaged assets not done.

Land records are updated only up-to fiscal year 2069/70. Out of 31,707-11-03-00 *Ropanies* of land recorded in NEA central records, 1,881-15-2-2 land area (almost 6%) does not have ownership document in the name of NEA. Similarly, land of 1,474-3-1-0 has been encroached by government organizations, public roads, semi government organizations, private organizations and general public.

NEA has made a provision of NRs.479.02 million against loss on fixed assets in earlier years without details available and re-assessment of adequacy of provisions made has not been done based on current status.

ii) Comprehensive insurance of PPE not done

NEA has owned PPE totaling NRs. 141,034 million against which an insurance reserve fund of NRs.380 million has been created. However, there was no separate fund set aside and only vehicles were insured for third party liability.

iii) **Depreciation not charged appropriately**

NEA has a policy to charge depreciation on assets procured during the year at a flat 50% of the rate of the specified assets prescribed in its Accounts Manual, irrespective of the date of capitalization. Also, same rate of depreciation as fixed has been charged without assessing the remaining useful life of assets. Further, the categories of assets specified by NEA have various separable items that are significant to the total assets and may have variable useful life-span, but depreciated as one single item, for example, Hydel Power Plant, Transmission and Distribution Lines, Sub-stations, Vehicles, Heavy Equipment, Solar Power Plant.

There is an unexplained difference in depreciation amount accounted for in statement of profit or loss and difference between provision for depreciation current and previous year shown in Schedule 1 of the Financial Statements by NRs.97.91 million (short charged in statement of profit or loss).

4.4 Capital Work in Progress (CWIP)

i) Status and carrying amount of PPE not ascertained

NEA has not carried out physical verification of CWIP to identify the existence, location, condition as per the financial administration By-Laws 2068. There are 90 projects having CWIP balance of NRs. 5,788.02 million being carried forward since long without any physical progress and NRs.252.90 million that were destroyed and have no further

economic use. There are also CWIP balances being carried forward in Distribution and Consumer Services since long without further progress.

NEA has made a provision of NRs.287.91 million against obsolescence on CWIP in 2070/71 without details of items against which such provision was made and re-assessment of adequacy of provisions made has not been done based on current status.

ii) Completed projects not capitalized

NEA capitalized CWIP of NRs. 5,673.25 million as PPE during the year. However, there is no details maintained at central office showing individual projects/items capitalized. Further, there are various projects with accumulated assets balance of NRs.728.92 million operating under DCS Directorate already completed but pending capitalization. This has resulted in under reporting of fixed assets and under charging of depreciation to Statement of Profit or Loss. Also, Hetauda Diesel Plant Rehabilitation Project that started in 2066/67 and completed in 2068/69 but not yet capitalized.

iii) Excess Interest included in CWIP

In various projects, interest on total loans outstanding from ADB and GoN is being charged to CWIP although sub-projects have purchased from such fund fixed assets amounting to NRs. 2,431.10 million and put to use for project implementation. This has inflated CWIP and short charging of interest expenses on statement of profit or loss, the amount of which is not quantifiable on want of detailed information.

Although reduction in interest rate on GoN Loan as per approved Financial Restructuring has been done, while interest expenses on GoN Loan in CWIP has not been reduced to 5% from 8% charged.

iv) Capitalization of administrative and general expenses to CWIP

NEA has continued to book administrative and other general expenses in CWIP, without segregating expenses that are directly attributable to qualifying assets against the provision of NAS 16: PPE. Total of such amount as at the reporting date is NRs. 645.7 million, net of IDC, depreciation and miscellaneous income. Further, NEA has stopped charging off head-office expenses to CWIP from Fiscal Year 2072/73; however, such expenses charged to CWIP till Fiscal Year 2072/73 were not reversed.

v) Interest charged on Government of Nepal loan and booked under IDC do not correspond to loan amount actually received and used by the projects

The loan principal and interest on Government of Nepal loan is not accounted for by projects based on actual amount received by the projects for use in project activities but on the basis of allocation made by central office. This has resulted in receivable balance from central office implying that such funds are held and used by NEA for other purposes.

4.5 Investment

i) Valuation of investment not in line with NFRS

Investment includes investment in shares of subsidiary, associates and other corporate bodies, loans to subsidiary and JV Company and loans/deposits for special purpose. Although, accounting policies on investment states that all investments in the form of shares and long-term loans are carried at cost and write downs are made for

impairment. However, there was no evidence of assessing impairment of the investments in shares (e.g. calculation of net assets from audited financial statements of investee) and calculation of amortized costs for debt instruments. Amount lent to its subsidiaries as loan payable in fixed installments (NRs. 13,600 million) and in the nature of deposits (NRs. 1,705 million) are also included in investment.

ii) Loans provided to subsidiaries against Bank and Financial Institutions Act, 2073

NEA has provided loan of NRs. 12,724.81 million to Upper Tamakoshi Hydropower Co. Ltd. and NRs.873.82 million in Power Transmission Company Nepal Ltd. against the provision of Section 31 of Banking and Financial Institutions Act, 2073 which states that "no one other than a bank or financial institution shall carry on the financial transactions."

iii) Share Certificates not obtained

Share certificates from 6 investee companies worth NRs. 2,125.36 million have not been obtained.

4.6 Inventory

i) Valuation of inventory not done as per NFRS

NEA has valued its inventory at cost and none of the offices has carried out assessment of net realizable value of its inventory, on account of obsolescence and usefulness.

NEA has made a provision of NRs.331.38 million (7.28 %of total inventory) against provision for loss and obsolescence many years ago, without details analysis. There was no action taken to assess adequacy of such provision amount as at the reporting date although 78 of the units audited showed need of provisions at the rate of 13%.

4.7 Trade Receivables

i) Recoverability status not assessed and provide for

Against total receivables of NRs. 14,152.86 million, NEA has made a provision for doubtful debts of NRs.567 million few years ago without further details. Although there has been increase in debtors outstanding, NEA has not assessed the recoverability status and adequacy of the provision made. There was very low recovery from blacklisted consumers (10.83% of outstanding balances in black listed customers of NRs.472.65 million) and street light (1.76% of outstanding balances in street light of NRs. 3,722.59 million).

ii) Reconciliation and confirmation of receivables not done

There are huge differences in balances of debtors between accounting software (CAIS) and Revenue Software (M-Power). Differences could not be qualified as the figures in M-Power kept on changing due to adjustment made in subsequent period. There was excess balance in M-power in some units and vice versa. Also, advance collected from customer amounting to NRs. 306.97 million has been netted off against receivables. The accuracy of debtor's balance as recognized in financial statements could not be commented upon.

4.8 Cash and cash equivalents

i) Exact balance of cash/bank not determined

Balance of NRs.24,859.15 million under cash and cash equivalents as at the reporting date includes cash in transit balance of NRs.16.58 million being carried forward since 2068/69 detail of which was not available, NRs.1.15 million stolen from 2 DCS visited, NRs.2.32 million cash deposited but not credited by bank since long, NRs.2.69 million debited and NRs.2.07 million excess charged by bank but not adjusted in book, NRs.3.42 million stales cheques pending adjustment since long, NRs.25.03 million unknown deposits since long, negative balances in 6 units visited.

Furthermore, a provision for loss in lieu of shortage of NRs.35.39 million is provided in earlier years without details. There were also instances where bank reconciliation statements were not prepared and bank confirmations were not obtained. It was not possible to comment on the accuracy of the balances reported.

4.9 Prepaid Advance, Loan and Deposits

i) Recoverability status not assessed and provide for

Recovery of "Index Loan" related to Danish Government Loan for rural electrification at Kailali and Kanchanpur district has stopped from 2064/65 and recoverability of outstanding balance of NRs.171.49 million is not assessed. Accounting for penal interest of 2% is also not done. Further, NRs.130.57 million under Other Claim Receivable and NRs. 162.55 million under Claim Recoverable from GON are pending since long period. Claim Recoverable from other included Shortage on collection NRs. 5.79 million. There is no confirmation of balances from the parties with respect to deposits and receivables

NEA has not prepared aging analysis of loan and advances to determine recoverability status and of the provision made in earlier year of NRs.88.65 million.

ii) Inappropriate disclosure of outstanding balances

Loans and advances balance is net off credit balances of NRs.484.45 million resulting in understatement of loans and advances by the same amount.

Term loans provided staff are not segregated to current and non-current portion but included in current liability. These treatments are against the provision of NAS 1: Presentation of financial statements.

4.10 Share capital

i) Balances under share capital and allotment suspense not reconciled

The government confirmation for amount of Share Capital of NRs.37,364.91 million and Share Allotment Suspense of NRs.45,046.35 million has not been obtained.

Further, NEA has a practice of transferring share capital balances to various units where activities from such amounts are expected to be carried out. However, Central Finance Department (CFD) has a balance of NRs.601.57 million pending allotment without further details and Bhojpur DCS has not booked Share Capital transferred by CFD of NRs.10.60 million in its books of account.

ii) No adjustment in grant-in-aid reserve account

There was a balance of NRs.79.06 million carried over in grant-in-aid reserve account since 2070/71 without further details. Further, documents relating to Grant-in-Aid-Reserve amounting to NRs. 220.47 million appearing in DMD Generation were not available. Also, in 2 DCSs visited, there was debit balances of NRs.4.92 million without further details since long.

4.11 Reserves and Accumulated Profit: Capital Reserve

i) Adjustment in Consumer contribution not substantiated

Consumer contribution balances have been reduced by NRs.292.72 million. However, there is no details regarding the adjustment made. Further, there was NRs.2.90 million debit balances in consumer contribution account at Surkhet DCS without further details.

As per NEA accounting policy, contributions received from consumers for installation/commissioning of PPE are to be shown as Capital Reserve and subsequently adjusted to income in the same proportion as the depreciation charged on the assets acquired out of said grants/consumer contribution. However, details of assets acquired out of grant/consumer contribution and depreciation thereof are not available to comment on the accuracy of the capital reserve and compliance with its own policy.

4.12 Non-current liabilities

i) Loans obtained by NEA beyond its jurisdiction

NEA has obtained loans from Government/Funding Agencies for construction of hydroelectricity projects against the provision of Section 7 of Nepal Electricity Authority Act, 2041 (1984), that states that NEA may obtain necessary loans in cash or in kind or accept grants for use as working capital with the approval of Government of Nepal.

ii) Confirmation of long term borrowings not obtained

NEA has not reconciled and obtained conformation for long term borrowings (loans) from GoN amounting to NRs. 110,681.69 million outstanding as at 31.03.2074 under the subsidiary loan agreement for various projects financed by funding agencies.

iii) Current and non-current portion of loans not determined

The loan deeds (*Tamasukha*) with GoN loans for the projects have repayment schedule with bi-annual payment of principal and interest for 20 years and also for other loans after the commencement of projects. However, NEA has not prepared a statement with the loans and interest payable within 12 months and/or overdue amounts and whole of the loans and interest amounts are shown under non-current borrowings and current liabilities/Provisions/IDC, respectively.

iv) Deferred tax assets/liabilities not calculated

Balance in deferred tax liabilities of NRs 693.2 million has been carried forward since 2065/66 and rec-calculation of deferred tax assets/liabilities not done on account of losses during the periods without assessing certainty of realization of unused tax losses in future.

4.13 Non-current liabilities

i) Liability not booked

NEA has not booked liability for claims made by IPP for posted rate on account that they have not received amount from GoN related to this claim made by NEA. There was NRs.719.07 million payables to various IPPs by NEA but no liability has been booked.

ii) Payable status not assessed

There was no practice of preparing ageing analysis of payables and initiate the process of adjusting the balances. There were long pending payables outstanding of NRs. 4.28 million in respect of outsiders and NRs.17.87 million in respect of employees as at the reporting date. Also, there are debit balances of NRs.1.15 million in 5 units visited pending adjustment since long.

iii) Inter-unit account not reconciled

NEA has a practice of reconciling inter-unit accounts in the following year. There were huge balances remain unreconciled for previous years. Out of net debit balance of NRs.739.38 million, NRs. 21,230.10 million in debit balances and NRs. 12,442.10 million in credit balances remained unreconciled. In the absence of reconciliation, it is not possible to ascertain impact on assets, liabilities, income and expenses reported in the financial statements.

4.14 Provisions

i) Provision for employee benefits not done properly

NEA has started making provisions for retirement benefit plans such as gratuity, pension, leave encashment and medical benefits based on actuary valuation. However, actuary valuation for last three years has not been done and NRs. 2,050 million has been provisioned on ad-hoc basis. There was increase in salary scale by 25% this year, which may have significant impact on provision for employee benefits.

ii) Penalties for late submission of Income Tax Returns not booked

NEA reported net Profit of NRs. 1,467.25 million for the period this year. Since, NEA has accumulated losses of NRs. 32,519.23 million up to 2072/73, there is no income tax liability under Section 3 of Income Tax Act, 2058 and hence provision for income tax is not required. However, NEA has not calculated fee of NRs.25.85 million under Section 117 for late submission of income tax returns as per Income Tax Act 2058 up to Chaitra end 2074. This has resulted in overstatement of profit for the year.

4.15 Revenue

i) Penalty charged to suppliers for a project recognized as income

Euro. 422,948 (equivalent to NRs.49.29 million) fined by Middle–Marsyangdi Dumre Damauli 132 KV Transmission Line Project to its supplier has been recognized as income, instead of netting off with project costs.

ii) Netting off of cost against revenue

Sale of electricity goods of NRs.125.04 million has been accounted on net basis i.e. sale price less cost, resulting understatement of revenue and cost. Complete lists of cost price and selling price of electricity goods are not provided by NEA management and hence impact on Statement of Profit or Loss is not quantifiable.

iii) VAT not collected on sale of taxable transactions

Under group 11 of schedule 1, Value Added Tax Act, 2052 has provided exemption for electricity supply only. However, NEA has not collected VAT on rental income, sale of tender form, meter sales, rechargeable works, consultancy service, feasibility study, tender of other inventories etc.

iv) Reconciliation of incomes not done

In most of the DCS visited, income recorded in revenue software (M-Power) and accounting software (CAIS) were not reconciled and huge differences were noted. It was not possible to assess the impact of reconciliation on revenue recognized.

4.16 Expenses

i) Appropriateness of Interest expenses not confirmed

NEA has reduced charge of interest on GON Loan from 8% to 5% as per the letter issued by the Ministry of Energy dated 2074/02/09 related to NEA Financial Restructuring for whole of the year. However, the letter didn't specify the date from when the interest shall be re-calculated at 5% per annum.

Further, interest expenses are calculated on the loan outstanding stated in NEA record which is pending reconciliation and confirmation with GON. Thus, appropriateness of interest expenses booked cannot be confirmed.

ii) Property tax not booked/paid

Majority offices have not paid/made provision for property taxes since 2065/66 and only few has paid/made provision for this year. NRs. 46.81 million provision made till 2065/66 has not been deposited till the end of fiscal year 2073/2074. Further, additional provision made by few offices amounting to NRs. 15.66 million made this year has also not been deposited.

iii) Expenses for prior period not restated

Net expenses related to previous year (Expenses NRs.272.11 million and income NRs.38.03 million) were booked in current year and adjusted directly with Accumulated Profits/(Losses) under Reserve and Accumulated Profits. Previous year figures in the statement of profit or loss are not restated.

iv) Others

In the absence of complete details from the units not visited by us, it is not possible to ensure that the information in respect of these units, included in the financial statements, are complete and accurate. Information in respect of such is incorporated in the accounts on the basis of management representation.

5. Qualified Opinion

In our opinion, except for the possible effects of the matter described in Basis for Qualified Opinion, the financial statements present fairly, in all material respects, the financial position of Nepal Electricity Authority (NEA) as at 31st Ashad, 2074 (Corresponding July 15, 2017) and financial performance and its cash flows for the year ended in accordance with Nepal Financial Reporting Standards.

6. **Management Letter**

A separate management letter consisting of detailed audit observations and recommendations on issues related to financial statements, weaknesses in accounting and internal control system, and compliances with laws and regulations has been issued to the management along with this report for improving financial management.

नेशनल ट्रेडिङ्ग लिमिटेड (२०७०।७१)

१. **वित्तीय विवरण उपर प्रतिवेदन**

हामीले नेशनल ट्रेडिङ्ग लिमिटेडको यसै साथ संलग्न २०७१ आषाढ मसान्तको को वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको आय विवरण तथा नगद प्रवाह विवरण र प्रमुख लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **वित्तीय विवरण प्रति व्यवस्थापनको जिम्मेवारी**

नेपाल लेखामान अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीवाट होस्, सारभुत किसिमले त्रुटी रहित वित्तीय विवरण तयार गर्ने सम्बन्धी आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने कार्य, लेखानीतिहरुको छनौट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखासम्बन्धी महत्वपुर्ण अनुमान गर्ने पर्दछन् ।

३. **लेखापरीक्षकको जिम्मेवारी**

लेखापरीक्षणको आधारमा वित्तीय विवरणहरु उपर मन्तव्य व्यक्त गर्नु हाम्रो दायित्व हो । हामीले लेखापरीक्षण नेपाल लेखापरीक्षणमान बमोजिम सम्पन्न गरेका छौं । ती मानले हामीलाई व्यवसायिक नैतिकताको पालना गर्न तथा वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटी रहित भएको बारेमा मनासिव आश्वासन प्राप्त गर्न, लेखापरीक्षणको योजना वनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउँदछ ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणहरुमा उल्लेखित रकम र खुलासालाई पुष्टी गर्ने प्रमाण प्राप्त गर्न सम्पन्न गरिने कार्यविधि संलग्न हुन्छ । यसरी छनौट गरिएको कार्यविधि चाहे जालसाजी वा गल्तीवाट होस, सारभूत रुपमा त्रुटीयुक्त प्रस्तुति हुनसक्ने जोखिमको लेखाजोखा सहित हाम्रो व्यवसायिक निर्णयमा आधारित छ । त्यसरी जोखिमको लेखाजोखा गर्ने क्रममा हामीले संस्थाको आन्तरिक नियन्त्रण उपर नै राय व्यक्त गर्ने उद्देश्यले नभई, परिस्थिति अनुसार हाम्रो लेखापरीक्षण कार्यविधि तयार गर्दा, संस्थाले वित्तीय विवरण तयार एवं प्रस्तुत गर्ने क्रममा अवलम्बन गरेका आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गरेका छौं । लेखापरीक्षणमा व्यवस्थापनद्वारा प्रयोगमा ल्याइएका लेखा सिद्धान्तहरु एवं गरिएका महत्वपूर्ण अनुमानहरुको उपयुक्तताको मूल्याङ्कन साथै समग्र वित्तीय विवरण प्रस्तुतिको लेखाजोखा समेत समावेश हुन्छ । हाम्रो लेखापरीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

४. **कैफियत सहितको रायको आधार :**

कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा संस्थाको वित्तीय अवस्था तथा संचालन नतिजामा असर पार्न सक्ने तथा प्रचलित ऐन, नियम तथा नेपाल लेखामान सम्मत नभएको महत्वपुर्ण बुँदाहरु निम्न बमोजिम रहेका छन् ।

४.१ खुद सम्पत्ति (नेट वर्थ) : संस्थाको चुक्ता पूँजी रु.१६ करोड ९३ लाख ३५ हजार कायम रहेकोमा हालको वित्तीय परिस्थिति अनुसार चुक्ता पूँजी ज्यादै न्यून रहेको, विगत वर्षहरुदेखि संस्थाको नोक्सानी निरन्तर रुपमा वृद्धि हुँदै गईरहेको र यस वर्ष रु.१८ करोड ८६ लाख ८० हजार थप संचित नोक्सानी भई नेटवर्थ रु.७९ करोड ५४ लाख २२ हजारले ऋणात्मक भएबाट संस्था अविछिन्न (गोइङ्ग कन्सर्न) को रुपमा रही रहनेमा शंका उत्पन्न भएको हुँदा व्यवस्थापनबाट शिघ्र व्यवसायिक कार्य योजना तथा आवश्यक रणनीति बनाई संचित नोक्सानीमा कमी ल्याउन तथा पूँजी वृद्धि तर्फ कार्यान्वयन गर्नुपर्ने देखिन्छ । विद्यमान वित्तीय अवस्थामा सुधार नआए संस्थाको वित्तीय विवरण अविछिन्न रुपमा रहिरहने (गोइङ्ग कन्सर्न) को अवधारणामा तयार गर्न नमिल्ने देखिन्छ ।

४.२ मध्य तथा दीर्घकालीन ऋण : नेपाल सरकारबाट लिएको दीर्घकालीन सुरक्षित ऋण हिसाबमा वर्षान्तमा रु.२३ करोड ५२ लाख मौज्दात रहेको छ । विभिन्न मितिमा प्राप्त कर्जाहरु हालसम्म यथावत नै रहेको छ । उक्त ऋणको साँवा यथावत रहेको तथा व्याजको हकमा पनि दायित्व सृजना गरेको तर भुक्तानी गरिएको छैन ।

४.३ स्थिर सम्पत्ति : यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन्:

४.३.१ स्थिर सम्पत्ति हिसाबमा वर्षान्तमा रु.२ करोड ६४ लाख ४७ हजार बाँकी मौज्दात रहेको छ । संस्थाले सम्पुर्ण विवरण खुल्ने गरी अचल सम्पत्तिको खाता तयार गर्ने गरेको छैन । लेखा शाखाले राखेको खाता अनुसार र आर्थिक प्रशासन महाशाखाले राखेको खाता अनुसार अचल सम्पत्तिमारु.१ करोड ५२ लाख ५१ हजारफरक परेको छ ।सम्वन्धित पदाधिकारीलाई जिम्मेवार वनाई फरक पर्नुको कार०ा यकिन गर्नु पर्दछ ।

४.३.२ नेपाल लेखामान ६ अनुसार सम्पत्तिको उपयोग आयु, प्रयोग गर्ने तरिका, अवशेष मूल्य आदिको आधारमा ह्रास दर निर्धारण गर्नुपर्नेमा संस्थाले अबलम्बन गरेको ह्रास कट्टी आयकर ऐन अनुसार गणना गरेकोले सो विधि नेपाल लेखामानसँग सामन्जस्य छैन ।

४.३.३ संस्थाले नेपाल लेखामान १८ अनुसार वार्षिक रुपमा स्थिर सम्पत्तिको सम्भावित हानी गणना तथा व्यवस्था गर्न क्षयीकरण परीक्षण गरी नोक्सानीको गणना गरेको छैन ।

४.४ लगानी: यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन्:

४.४.१ संस्थाको विभिन्न कम्पनीहरुमा रहेको शेयर लगानी मध्ये रु.८४ लाख ३४ हजार वरावरको शेयर विभिन्न कम्पनीहरु बन्द भएको तथा अत्याधिक नोक्सान भई शेयर मूल्य नगन्य रहेकोले उक्त कम्पनीहरुको लगानीमा हानी वापत जोखिम व्यवस्था गरेको छैन ।

४.४.२ संस्थाले अवकाश प्राप्त कर्मचारीहरुको उपदान कोष वापतको रकम नागरिक लगानी कोषमा जम्मा गरी रु.८ लाख ८६ हजार मौज्दात देखाएको तर नागरिक लगानी कोषको स्टेटमेन्ट अनुसारको मौज्दात रु.९९ लाख ३ हजार रहेकोमा रु.९० लाख १६ हजार को फरक रकम मध्ये रु.१० लाख ५ हजारको भुक्तानी यकिन गरी भिडान गरिएको छैन ।

४.५ जिन्सी मौज्दात: अन्तिम मौज्दातको मूल्यांकन गर्दा संस्थाको प्रचलित विधि वमोजिम चल्तीको शत प्रतिशत, वेचल्तीको ७० प्रतिशत, लिलाम गर्नुपर्ने सामानको १० प्रतिशत र नास्नुपर्ने सामानको शुन्य प्रतिशत गरी ४ वर्गमा वर्गिकरण गरी मूल्याकंन गर्दा संस्थाको खुद जिन्सी मौज्दात रु. ७ करोड ६३ लाख ४२ हजार रहेको छ । जिन्सी मौज्दातको मूल्याङ्कन नेपाल लेखामान अनुसार परल मूल्य वा बजार मूल्य मध्ये जुन कम हुन्छ, सोमा देखाउनुपर्नेमा परल मूल्यमा सामानहरुको अवस्था अनुसार निश्चित प्रतिशत तोकि सोको आधारमा मूल्याङ्कन गरेकोमा सो नेपाल लेखामान अनुसार छैन ।

४.६ व्यापारिक तथा अन्य प्राप्य रकम: यस शीर्षक अर्न्तगत जम्मा लिनुपर्ने रु.४ करोड २५ लाख ५७ हजार मध्ये धेरै रकम धेरै वर्षदेखि असुल उपर नभई बक्यौता रहेकोदेखिएको छ । उक्त रकम मध्ये रु.२ करोड ६६ लाख ११ हजार शंकास्पद आसामी व्यवस्था गरिएतापनि बाँकी रु.१ करोड ५९ लाख ४६ हजारको व्यवस्था गरिएको छैन । असुरक्षितआसामी असुल गर्नुपर्दछ ।

४.७ नगद तथा बैंक मौज्दात : यस हिसाबमा संस्थाको पेटी क्यास मौज्दात रु.१७ हजार रहेको छ । केन्द्रीय कार्यालयको विभिन्न १८ बैंक मध्ये ६ बैंक हिसावमा जम्मा रु.३८ लाख १ हजार क्रेडिट मौज्दात रहेको र बाँकी १२ बैंक हिसावमा रु.२३ लाख ४४ हजार डेबिट मौज्दात तथा शाखा कार्यालय अन्तर्गत जम्मा क्रेडिट मौज्दात ९२ लाख ३६ हजार र डेबिट मौज्दात ७५ लाख ९४ हजार रहेकोमा डेबिट मौज्दातलाई सम्पत्तिमा र क्रेडिट मौज्दातलाई दायित्वमा देखाउनुपर्नेमा केन्द्रीय कार्यालयमा खुद क्रेडिट रकम रु.१४ लाख ५७ हजार र शाखा कार्यालयमा खुद क्रेडिट रकम रु.१६ लाख ४२ हजार गरी जम्मा रु.३० लाख ९९ हजारलाई वित्तीय विवरणमा दायित्व देखाइएकोमा नेपाल लेखामान अनुरुप प्रस्तुत गरिएको छैन ।

४.७.१ बैंक भिडान तथा हिसाव मिलान : संस्थाको बैंक हिसावमा देखिएको निम्न बमोजिम रकमहरुको आवश्यक भिडान तथा समायोजन गरिएको छैन ।

४.७.१.१ लक्ष्मी बैंक लि.को खातामा क्रेडिट मौज्दात रु.२ लाख ९४ हजार देखिएको तथा बैंक सर्मथन पत्र अनुसार क्रेडिट मौज्दात रकम रु.७ लाख २४ हजार रहेको रु. ५ लाख १४ हजारको आवश्यक भिडान गरी हिसाव मिलान गरिएको छैन ।

४.७.१.२ हिमालयन बैंक लि.को खातामा क्रेडिट मौज्दात रु.२० लाख ३३ हजार देखिएको र बैंक समर्थन पत्र अनुसार डेबिट मौज्दात रु. ५ हजार रहेकोमा फरक रु.२० लाख ३८ हजार मध्ये बैंकमा जम्मा गरेको रु.२० लाख सन् २००९ देखि नै देखिदै आएकोमा उक्त रकम फछ्यौंट गरिएको छैन ।

४.७.१.३ केन्द्रीय कार्यालय अन्तर्गत हिमालयन बैंक लि.(युरो खाता) मा डे. रु. ४० हजार, नेपाल राष्ट्र बैंक (६१००३०) मा डे.रु. ९६ हजार, एभरेष्ट बैंक लि. (०५७) मा क्रे. रु.३ लाख ६१ हजार, एभरेष्ट बैंक लि. (कल खाता) मा डे.रु. ४ लाख १ हजार र हिमालयन बैंक लि. (कल खाता) मा क्रे.रु. ६ लाख ३ हजार देखाईएको छ तर उक्त मौज्दातहरुको बारेमा यकिन गरिएको छैन ।

४.७.१.४ शाखा कार्यालय विरगंजको राष्ट्रिय वाणिज्य बैंक, श्रीपुरको खातामा देखाइएको मौज्दात रु.५४ हजार को पुष्टी गर्ने प्रमाण नभएको तथा उक्त रकम तत्कालीन कुनै ग्राहकले नक्कली बैंक दाखिला भौचरबाट भएको भनी असुलउपर गर्न संस्थाले जिल्ला प्रहरी कार्यालय, पर्सामा मिति २०५७।०६।२३ मा अनुरोध गरेकोमा सो बारे निर्क्यौल गरी हिसाब मिलान गरिएको छैन ।

४.७.१.५ वण्डेड वेयर हाउस तथा ड्युटी फ्रि सप शाखा कार्यालय अन्तर्गत नविल बैंक लि. को नेपाली मुद्रा खातामा बैंक समर्थन पत्र अनुसार २०५१।०५२ को रु.१ लाख १३ हजार, २०५२।०५३ को रु.६० हजार, २०५३।०५४ को रु.२३ हजार, २०५४।०५५ को रु. ०।६० हजार, आ.व. २०६०।०६१ को रु. ०।७० हजार, २०६२।०६३ को रु. ०।८० हजार तथा २०६७।०६८ को रु. ३४ हजारको आवश्यक भिडान गरिएको छैन ।

४.८ अग्रिम भुक्तानी, पेश्की, सापटी र धरौटी : यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन्:

४.८.१ यस हिसाबमा केन्द्रीय कार्यालय तथा शाखाहरु अन्तर्गत वर्षान्त सम्ममा रु.१२ करोड ८१ लाख ४१ हजार बाँकी मौज्दात रहेको छ । केन्द्रीय कार्यालय अन्तर्गत छोडिसकेका जम्मा १३५ कर्मचारीहरुको खर्च पेश्की वापत लिनुपर्ने रु.१३ लाख १० हजार र ३९९ कर्मचारीहरुलाई बोनस,

पुरस्कार, बीमा बोनस वापत दिनुपर्ने रु.२७ लाख ७७ हजार विगत वर्षहरुदेखि जिम्मेवारी सार्दै ल्याएको बक्यौता रकमको फछ्र्यौट गरेको छैन ।

४.८.२ पोखरा उपमहानगरपालिका स्थित शाखा कार्यालयमा पेट्रोल पम्प संचालन वापत नेपाल आयल निगममा रु.८ लाख धरौटी राखिएकोमा सो को धरौटी हिसाबमा लेखाङ्कन गरिएको छैन ।

४.९ मूल्य अभिवृद्धि कर: केन्द्रीय कार्यालयको वर्षान्तमा लेखा खाता अनुसार रु.३ करोड ६६ लाख २७ हजार मूल्य अभिवृद्धि कर लिनुपर्ने देखाईएकोमा आन्तरिक राजश्व विभागमा पेश गरेको मूल्य अभिवृद्धि कर विवरण अनुसार रु.६८ हजार दिनुपर्ने देखिएकोलेफरक रकम रु.३ करोड ६६ लाख ९५ हजारकोभिडान गरी आवश्यक हिसाव मिलान गरिएको छैन।

४.१० दिनुपर्ने आसामी हिसाब : यस हिसाब अन्तर्गत केन्द्रीय कार्यालयको तिर्नुपर्ने रकम रु.१ करोड ३८ लाख ७५ हजार र शाखा कार्यालयको तिर्नुपर्ने रकम रु.३ करोड ८९ लाख ५१ हजार गरी जम्मा रु.५ करोड २८ लाख २६ हजार मध्ये केन्द्रीय कार्यालयको रु.१ करोड २६ लाख १४ हजार र शाखा कार्यालयको रु.१८ लाख ९० हजार रकम विगत वर्षहरुदेखि कुनै कारोबार नभई जिम्मेवारी सार्दै ल्याएकोले आवश्यक तिर्नुपर्ने रकम यकिन गरी हिसाव निर्क्यौल भएको छैन ।

४.११ अल्पकालीन ऋण : संस्थाको अल्पकालीन ऋण रु.५१ करोड ७५ लाख १० हजार रहेकोमा कर्जा समर्थन पत्र अनुसार रु.५१ करोड ५० लाख ६९ हजार रहेकोले फरक रु.२४ लाख ४० हजारको हिसाब भिडान गरिएको छैन ।

४.१२ संस्थाले साल्ट ट्रेडिङ्ग लिमिटेडसँग २ महिना अवधिमा चुक्ता गर्ने शर्तमा मिति २०६९।०५।३० मा लिएको रु.२ करोड ५० लाख ऋणको व्याज लेखाङ्कन गरेको छैन ।

४.१३ व्यवस्थाहरु: यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन्:

४.१३.१ कर्मचारीहरुको उपदान व्यवस्था वापत २०७०।७१ सम्ममा रु.२१ करोड ७५ लाख ९३ हजार व्यवस्था गर्नुपर्नेमा रु.३ करोड २ लाख ९९ हजार मात्र व्यवस्था गरेकोले उपदान कोष वापतको व्यवस्था रु.१८ करोड ७२ लाख ९२ हजार ले नपुग छ ।

४.१३.२ संचित घर तथा विरामी विदा व्यवस्था अन्तर्गत संस्थाले २०७०।७१ सम्म रु.४ करोड ७९ लाख ९२ हजार दायित्व व्यवस्था गर्नुपर्नेमा रु.८२ लाख ४२ हजार मात्र व्यवस्था गरेकोले संचित घर तथा विरामी विदा व्यवस्था रु.३ करोड ९७ लाख ५० हजार नपुग रहेको छ ।

४.१४ घरजग्गा कर : यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन्:

४.१४.१ काठमाडौं महानगरपालिका भित्र केन्द्रीय कार्यालयको स्वामित्वमा रहेको घर जग्गा वापतको सम्पत्ति कर निर्धारण गराई आवश्यक व्यवस्था तथा कानुन बमोजिम तिर्नुपर्ने कर समयमा भुक्तानी गर्नुपर्नेमा सो भुक्तानी गरिएको छैन ।

४.१४.२ विराटनगर उपमहानगरपालिकालाई घरजग्गा कर निर्धारण आदेश बमोजिम २०७०।०७१ सम्मको तिर्नुपर्ने रु.११ लाख ८२ हजार भएकोमा सो को व्यवस्था गरिएको छैन ।

४.१४.३ वीरगंज उपमहानगरपालिकालाई घरजग्गा कर निर्धारण आदेश बमोजिम २०७०।०७१ सम्म रु. ३ करोड ८० लाख ९ हजार तिर्नुपर्ने वक्यौता रहेकोमा उक्त रकम मध्ये व्यवस्था रु.१ करोड १५ लाख ८९ हजार मात्र व्यवस्था गरिएकोले फरक रकम रु.२ करोड ६४ लाख २० हजारको व्यवस्था गरिएको छैन ।

४.१५ शाखा हिसाव : केन्द्रीय तथा शाखा कार्यालयहरु बीचको कारोवारको लेखाङ्कन दुरुस्त नहुदाँ केन्द्रीय कार्यालयले देखाएको शाखा हिसाब क्रे. रु.६४ हजार र शाखा कार्यालयहरुले देखाएको केन्द्रीय

कार्यालय हिसाब क्रे. रु.२ करोड २२ लाख ७५ हजार गरी जम्मा फरक रकम रु.२ करोड २३ लाख ३९ हजार रहेकोमा सोको हिसाब भिडान गरी फछ्यौंट गरेको छैन ।

४.१६ कर्मचारी संचयकोष:संस्थाको कर्मचारी सेवा शर्त नियमावली २०४७ को दफा ६.१ बमोजिम कर्मचारी संचयकोषको रकम महिनै पिच्छे जम्मा गर्नुपर्ने प्रावधान रहेपनि सो पालना गरेको छैन । वर्षान्तमा संचयकोष वापत रु.७२ लाख ५६ हजार तिर्न बाँकी रहेको छ ।

४.१७ अग्रिम आयकर : उक्त हिसावमा आ.व. २०६९।७० सम्म रु.३ करोड २६ लाख ७९ हजार रहेकोमा यस वर्ष रु.३३ लाख ९४ हजार थप भई रु.३ करोड ६० लाख ७२ हजार रहेको छ । उक्त रकम मध्ये रु.५० लाख ९२ हजार आ.व. २०६४।६५ को ठूला करदाता कार्यालयको संशोधित कर निर्धारण आदेश माथि चित्त नबुझी मिति २०६९।०९।१८ मा प्रशासकीय पुनरावलोकन तथा मिति २०७०।०४।२० मा राजश्व न्यायाधिकरणमा पुनरावेदन गरे वापत धरौटी राखिएको रकम रहेको छ । संस्थाले आ.व. २०६६।६७ देखि आय विवरण पेश नगर्दा उक्त रकम फछ्यौंट हुनसकेको छैन ।

४.१८ विलम्ब शुल्क तथा जरिवाना : संस्थाले आ.व. २०६६।६७ देखि स्वयंकर विवरण आन्तरिक राजश्व विभागमा नबुझाए वापत आयकर ऐन २०५८ को दफा ११७, ११८ र ११९ अनुसारको विलम्ब शुल्क, जरिवाना र ब्याज रकमको व्यवस्था गरेको छैन ।

४.१९ बैंक जमानत मार्जिन: विभिन्न ५ वैंकहरुवाट जारी गरिएको विगत वर्षहरु देखि नै जिम्मेवारी सार्दै ल्याएको छ ।रु.१५ करोड ३३ लाख ९ हजार को १८ वैंकमा जमानत तथा सो वापत राखिएको मार्जिन रु.८९ लाख ९४ हजार को फछ्यौंट गरिएको छैन । बैंक जमानतको वित्तीय विवरणमा सम्भावित दायित्व हिसाव अन्तर्गत खुलासा गरिएको छैन । साथै जमानत मार्जिन रकममा बैंकबाट प्राप्त विवरण अनुसार रु.३ लाख २४ हजार न्यून रहेकोमा सो को भिडान गरिएको छैन ।

४.२० अग्रिम करकट्टी रकम दाखिला : अन्य विविध कर अन्तर्गत वर्षान्तमा अग्रिम कर कट्टी वापत दाखिला गर्न रु. २३ लाख ३५ हजार बाँकी रहेको छ । आयकर ऐन, २०५८ को दफा ९० बमोजिम अग्रिम कर कट्टी गर्ने हरेक व्यक्तिले प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र करकट्टी विवरण सहित सो रकम सम्बन्धीत आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्ने व्यवस्था रहेको भएतापनि संस्थाले सो बमोजिम विवरण तथा अग्रिम करकट्टी रकम बुझाउने नगरेकोले सो बाट लाग्ने ब्याज तथा जरिवानाबाट सृजना हुने दायित्व रकमको निक्यौंल गरी खर्च व्यवस्था गरेको छैन ।

४.२१ उपत्यका बिक्री वितरण शाखाले नेपाल आयल निगमसंग लिनुपर्ने रकम र नेपाल आयल निगमको स्टेट्मेन्ट वीच देखिएको फरक रकम रु.२३ लाख ७१ हजारको भिडान गरी यकिन गरिएको छैन ।

४.२२ आयकर गणना: आयकर ऐन, २०५८ तथा नियमावली, २०५९ अनुसार कर्मचारीलाई सहुलियत दरमा दिएको सापटीहरुको व्याजदर ५ प्रतिशतर संस्थाले ऋणमा भुक्तानी गरेको सरदर व्याजदर १४ प्रतिशत बिचको फरक व्याजदरबाट हुने रकम रु. १६ लाख ८२ हजार समेत कर्मचारीहरुको आयमा समावेश गरी कर्मचारी आयकरको गणना गर्नुपर्नेमा सो गरेको छैन ।

४.२३ बिक्री पश्चात भुक्तानी : संस्थाको उपत्यका बिक्री वितरण व्यवस्था शाखा अर्न्तगत बिक्री पश्चात भुक्तानी (आफ्टर सेल्स पेमेन्ट बेसिस्) सम्झौता बमोजिम खरिद गरेको माल सामान बिक्री गरिसकेपछि मात्र उक्त खरिदको लेखाङ्कन गर्नुपर्नेमा सम्पुर्ण खरिदलाई बिक्री अघि लेखाङ्कन गरि दायित्व सृजना गरेको र वर्षान्तमा बिक्री नभएको रु.५७ लाख ४७ हजारको मौज्दात

लेखाङ्कन नगर्दा जिन्सी मौज्दात हिसाव रु.५७ लाख ४७ हजारले न्यून छ । सम्झौता अनुसार काम नगर्नेलाई जिम्मेवार बनाउनु पर्दछ ।

४.२४ भाडा आम्दानी : संस्थाले घर गोदाम भाडा आम्दानी प्रोदभावी आधारमा लेखाङ्कन नगरी केन्द्रमा तथा केही शाखाहरुमा नगद प्राप्तीको आधारमा लेखाङ्कन गरेको तथा अग्रिम आयकर कट्टी लेखाङ्कन नगर्दा केन्द्रीय कार्यालयले भाडा आम्दानी रु. ४ लाख ३३ हजारले कम, यन्त्र विक्री तथा मर्मत केन्द्र शाखाले रु.१८ लाख ६६ हजारले बढी र पोखरा शाखाले रु.३ लाख २५ हजारले घटी लेखाङ्कन गर्दा संस्थाको भाडा आम्दानी ११ लाख ८ हजारले बढी लेखाङ्कन भएको छ । उक्त रकम मध्ये केन्द्रीय कार्यालयको रु. ३ लाख ३० हजार, यन्त्र बिक्री तथा मर्मत केन्द्र शाखाको रु.४ लाख २७ हजार र पोखरा शाखाको रु.३ लाख २५ हजार रु.१० लाख ८२ हजारले अग्रीम आयकर लेखाङ्कन भएको छैन ।

४.२५ नेपाल लेखामानको पालना: यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन्:

४.२५.१ नेपाल लेखामान ९ बमोजिम स्थगन कर दायित्व तथा सम्पत्तिको गणना गरी लेखाङ्कन गरेको छैन ।

४.२५.२ संस्थाले नेपाल लेखामान १६ बमोजिम संस्थाको सम्बन्धित पार्टीहरुको पहिचान गर्नुपर्ने र उक्त पार्टीहरुसँगको कारोवार जस्तै: एउटै निकायको स्वामित्व तथा नियन्त्रणमा रहेको संस्थाहरुसँग भएको कारोवार, संस्थाको प्रमुख पदाधिकारीहरु वा निजहरुको नजिकको नातेदारहरुको व्यक्तिगत स्वार्थ भएको संस्थासंग भएको कारोवार तथा प्रमुख पदाधिकारीहरुलाई प्रदान गरेको अल्पकालिन तथा दिर्घकालिन सुविधाहरु वित्तीय विवरणमा खुलासा गर्नुपर्नेमा सो गरेको छैन ।

४.२५.३ नेपाल लेखामान १ बमोजिम इक्यूटीमा भएको परिवर्तन विवरण वित्तीय विवरणको अभिन्न अगंको रुपमा रहने भएकोमा संस्थाले वित्तीय विवरणमा सो समावेश गरेको छैन । साथै सोही नेपाल लेखामान अनुरुप संस्थाले सम्पत्ति र दायित्व हिसावलाई एक आपसमा समायोजन गरी वित्तीय विवरणमा प्रस्तुत गर्न नमिल्नेमा संस्थाले पेश्की तथा धरौटी हिसाब, आसामी हिसाब, पेश्की तथा सापटी हिसाबमा रहेको लिनुपर्ने/तिनुपर्ने लाई एक आपसमा समायोजन गरी खुद मा देखाएकोले नेपाल लेखामान बमोजिम प्रस्तुत भएको छैन ।

४.२६ कम्पनी ऐनको पालना: यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन्:

४.२६.१ कम्पनी ऐन, २०६३ को दफा ७६ को उपदफा १ बमोजिम कम्पनीको आर्थिक वर्ष पूरा भएको ६ महिना भित्र वार्षिक साधारण सभा गर्नुपर्ने तथा दफा ७८ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालयमा आवश्यक कागजात पेश गर्नुपर्नेमा पेश गरेको छैन ।

४.२६.२ कम्पनी ऐन २०६३ को दफा ६० को उपदफा १ अनुसार पब्लिक कम्पनीको खुद सम्पत्ति (नेट वर्थ) घट्न गई चुक्ता पूंजीको आधा वा सो भन्दा कम हुन आएमा त्यस्तो व्यहोरा जानकारीमा आएको ३५ दिन भित्र संचालकहरुले संस्था तथा शेयरधनीहरु समेतको हितका लागि उपयुक्त रणनीति तयार गर्नुपर्ने र सो जानकारी भएको लगत्तै पछि बस्ने साधारण सभामा यस सम्बन्धी छुट्टै प्रस्ताव राख्नुपर्ने व्यवस्था भएकोमा संस्थाले सोको पालना गरेको छैन ।

४.२६.३ संस्थाले कम्पनी ऐन, २०६३ को दफा १६४ को उपदफा १ बमोजिम २०६७।६८ मा लेखापरीक्षण समिति गठन गरेकोमा २०६८।६९ देखि उक्त समिति निष्कृय भए पश्चात लेखापरीक्षण समिति गठन गरेको छैन ।

५. व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा दर्शाइएको छ ।

६. लेखापरीक्षण राय

हाम्रो रायमा माथि कैफियत सहितको रायको आधारका बुँदा नं ४.१ देखि ४.२६सम्म उल्लेखित व्यहोराहरुबाट पर्ने असर बाहेक संलग्न वित्तीय विवरणले संस्थाको ३२ आषाढ, २०७१ को वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय व्यय विवरण र नगद प्रवाह विवरणको नेपाल लेखामान बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

७. कम्पनी ऐन, २०६३ को आवश्यकता सम्बन्धी प्रतिवेदन

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सुचना तथा स्पष्टीकरणहरु सम्पूर्ण रुपमा पाएका छौं ।

ख) अनुच्छेद ४ मा उल्लेख गरिएबाहेक कम्पनीले आफ्नो हिसाव किताव र अभिलेखहरु प्रचलित कानुन बमोजिम राखेको छ ।

ग) संलग्न वासलात, आय विवरण, नगद प्रवाह विवरण कम्पनी ऐन, २०६३ को प्रावधान अनुसार तयार भएको तथा कम्पनीले राखेको हिसाब किताब, श्रेस्ता र लेखासंग दुरुस्त रहेका छन् ।

घ) हामीलाई उपलब्ध गराइएको सूचना तथा स्पष्टिकरणको आधारमा हिनामिना गरी कारवाहीमा परेका र अनुच्छेद ४.१ देखि४.२६ मा उल्लेख गरेको वाहेक, संचालक समिति वा कुनै संचालक वा कर्मचारीले कानुनको प्रावधान विपरित वा अनियमित कार्य गरेको वा कम्पनीको हानी नोक्सानी गरे गराएको कुरा हाम्रो जानकारीमा आएन ।

नेशनल ट्रेडिङ्ग लिमिटेड (२०७१।७२)

१. वित्तीय विवरण उपर प्रतिवेदन

हामीले नेशनल ट्रेडिङ्ग लिमिटेडको यसै साथ संलग्न २०७२ आषाढमसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको आय व्यय विवरण तथा नगद प्रवाह विवरण र प्रमुख लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्बन्धित ऐन, नियम, कानून अभ्यास अनुरुप यी वित्तीय विवरण तयार गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटि लगायत सारभूत रुपमा गलत आँकडारहित प्रस्तुतिकरण गर्ने, प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमानहरु लागू गर्ने पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा हामीले लेखापरीक्षण गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडारहित प्रस्तुती भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्ने लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याईका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्वन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको आन्तरिक

नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएतापनि यस्तो आन्तरिक नियन्त्रण प्राणालीको प्रभावकारीता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने प्रयोजन राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखाअनुमानको उपयुक्तताको साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. कैफियत सहितको राय व्यक्त गर्ने आधार :

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

४.१. **खुद सम्पत्ति (नेट वर्थ)** : संस्थाको चुक्ता पूँजी रु. १६ करोड ९३ लाख ३५ हजार रहेको, विगत वर्षहरुदेखि संस्थाको नोक्सानी निरन्तर रुपमा वृद्धि हुँदै गईरहेको र यस वर्ष रु. १५ करोड २३ लाख ८० हजार संचित नोक्सानी भईथप नेटवर्थ रु. ९४ करोड ७८ लाख २ हजारले ऋणात्मक भएबाट संस्था अविछिन्न (गोइङ्गकन्सर्न) को रुपमा रही रहने देखिँदैन ।

४.२. **मध्यम तथा दीर्घकालीन ऋण** : नेपाल सरकारबाट लिएको दीर्घकालीन सुरक्षित ऋण हिसाबमा वर्षान्तमा रु. ८३ करोड ५२ लाख मौज्दात रहेको छ । उक्त ऋणको साँवा यथावत रहेको तथा व्याजको हकमा रु.५ करोड ८३ लाख ८८ हजार गरी रु. ८९ करोड ३५ लाख ८८ हजार भुक्तानी गरिएको छैन ।

४.३. **स्थिर सम्पत्ति** : यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन् :

४.३.१ स्थिर सम्पत्ति हिसाबमा वर्षान्तमा रु. २ करोड ५० लाख ५७ हजार रहेको छ । संस्थाले सम्पूर्ण विवरण खुल्ने गरी अचल सम्पत्तिको खाता तयार गर्ने गरेको छैन । लेखा शाखाले राखेको खाता अनुसार र आर्थिक प्रशासन महाशाखाले राखेको खाता अनुसार अचल सम्पत्तिमा रहेको फरक रकम रु. १ करोड ५२ लाख १३ हजार को कारण यकिन गरी अचल सम्पत्तिको हिसाब किताब दुरुस्त राख्न र लेखा खातासंग उक्त फरक सम्पत्तिको वास्तविक भौतिक विवरण यकिन गर्न सम्बन्धित पदाधिकारीलाई जिम्मवेवार बनाउनुपर्दछ ।

४.३.२ नेपाल लेखामान ६ अनुसार सम्पत्तिको उपयोग आयु, प्रयोग गर्ने तरिका, अवशेष मूल्य आदिको आधारमा ह्रास दर निर्धारण गर्नुपर्नेमा संस्थाले अबलम्बन गरेको ह्रास कट्टीको दर सो अनुसार देखिएन । साथै संस्थाले नेपाल लेखामान १८ अनुसार वार्षिक रुपमा स्थिर सम्पत्तिको सम्भावित हानी गणना तथा व्यवस्था गर्न क्षयीकरण परीक्षण गरी नोक्सानीको गणना गरेको छैन ।

४.४. **लगानी** : संस्थाको विभिन्न कम्पनीहरुमा रहेको शेयर लगानी मध्ये रु.३६ लाख ५० हजार बराबरको शेयर विभिन्न कम्पनीहरु बन्द भएको तथा अत्याधिक नोक्सान भई शेयर मूल्य नगन्य रहेकोले उक्त कम्पनीहरुको लगानीमा हानी वापत जोखिम व्यवस्था गरेको छैन ।

४.५. **जिन्सी मौज्दात** : अन्तिम मौज्दातको मूल्याङ्कन गर्दा संस्थाको प्रचलित विधि वमोजिम चल्तीको शत प्रतिशत, वेचल्तीको ७० प्रतिशत, लिलाम गर्नुपर्ने सामानको १० प्रतिशत र नास्नुपर्ने सामानको शुन्य प्रतिशत गरी ४ वर्गमा वर्गिकरण गरी मूल्याङ्कन गर्दा संस्थाको खुद जिन्सी मौज्दात रु.४ करोड ७२ लाख ५४ हजार रहेको छ । जिन्सी मौज्दातको मूल्याङ्कन नेपाल लेखामान अनुसार परल मूल्य वा बजार मूल्य जुन कम हुन्छ, सोमा देखाउनुपर्नेमा परल मूल्यमा सामानहरुको अवस्था अनुसार निश्चित प्रतिशत तोकि सोको आधारमा मूल्याङ्कन गरेको सो नेपाल लेखामान अनुसार छैन ।

४.६. **व्यापारिक तथा अन्य प्राप्य रकम** : यस शीर्षक अर्न्तगत जम्मा लिनुपर्ने रु.४ करोड ११ लाख ३१ हजार मध्ये धेरै रकमहरु धेरै वर्षहरुदेखि असुल उपर नभई बक्यौता रहेको देखिएको तथा उक्त रकम मध्ये रु.२ करोड ६६ लाख ११ हजार शंकास्पद आसामी व्यवस्था गरिएकोमा बाँकी रु.१ करोड ४५ लाख २० हजार आसामी असूल उपर गर्नु पर्दछ ।

४.७. **नगद तथा बैंक मौज्दात** : यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन् :

४.७.१ यस हिसाबमा संस्थाको सानो नगदी कोष क्रेडिट मौज्दात रु.७ हजार रहेको छ । साथै केन्द्रीय कार्यालयको विभिन्न १८ बैंक मध्ये १० बैंक हिसावमा जम्मा रु.६० लाख १४ हजार क्रेडिट मौज्दात रहेको र बाँकी १२ बैंक हिसावमा जम्मा रु.९ लाख ८३ हजार डेबिट मौज्दात तथा शाखा कार्यालय अन्तर्गत जम्मा क्रेडिट मौज्दात रु.१५ लाख ९४ हजार र डेबिट मौज्दात रु.७२ लाख १४ हजार रहेकोमा डेबिट मौज्दातलाई सम्पत्तिमा र क्रेडिट मौज्दातलाई दायित्वमा देखाउनुपर्नेमा केन्द्रीय कार्यालयमा खुद क्रेडिट रकम रु.५० लाख ३१ हजार र शाखा कार्यालयमा खुद डेविट रकम रु.५६ लाख १९ हजार गरी जम्मा रु.५ लाख ८९ हजारलाई वित्तीय विवरणमा चालु सम्पत्ति देखाइएकोमा नेपाल लेखामान अनुरुप प्रस्तुत गरिएको छैन ।

४.७.२ बैंक भिडान तथा हिसाव मिलान : संस्थाको बैंक हिसावमा देखिएको निम्न बमोजिम रकमहरुको आवश्यक भिडान तथा समायोजन गरिएको छैन । यसरी समायोजन तथा भिडान नगरेकोमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाइ अविलम्ब सो कार्य टुंगो लगाउनुपर्ने देखिन्छ ।

४.७.३ लक्ष्मी बैंक लि.को खातामा क्रेडिट मौज्दात रकम रु. १२ लाख ४८ हजार देखिएको तथा बैंक सर्मथन पत्र अनुसार डेविट मौज्दात रकम रु. १ लाख ८८ हजार रहेकोमा फरक रकम मध्ये २०६६।६७ सम्मको रु. ४९ हजार समेत गरी रु. १४ लाख १६ हजारको आवश्यक भिडान गरी हिसाव मिलान गर्नुपर्दछ ।

४.७.४ हिमालयन बैंक लि.को खातामा क्रेडिट मौज्दात रु. २८ लाख ४० हजार देखिएको र बैंक समर्थन पत्र अनुसार डेबिट मौज्दात रु. ४ लाख ४३ हजार रहेकोमा फरक रु. ३२ लाख ८४ हजार मध्ये बैंकमा जम्मा गरेको रु. २० लाख सन् २००९ देखि नै देखिदै आएकोमा उक्त रकम फछ्यौंट गर्नुपर्दछ ।

४.७.५ केन्द्रीय कार्यालय अन्तर्गत स्टान्डर्ड चाटर्ड बैंक (४८०१) मा डे.रु. ०।१७ हजार, स्टान्डर्ड चाटर्ड बैंक (४८५१) मा डे.रु. १ लाख, नेपाल राष्ट्र बैंक (६१००३०) मा डे.रु. ९६ हजार, एभरेष्ट बैंक लि. (०५७) मा क्रे.रु. ३ लाख ६१ हजार, एभरेष्ट बैंक लि. (कल खाता) मा डे.रु. ४ लाख १ हजार र हिमालयन बैंक लि. (कल खाता) मा क्रे.रु. ६ लाख ३ हजार देखाईएकोमा उक्त मौज्दातहरुको बारेमा यकिन गरिएको छैन ।

४.७.६ वण्डेड वेयर हाउस शाखा अन्तर्गतको विनिमय नोक्सान रकम रु.९ लाख ८७ हजार लेखाङ्कन भएको छैन ।

४.७.७ शाखा कार्यालय वीरगंजको राष्ट्रिय वाणिज्य बैंक, श्रीपुरको खातामा देखाइएको मौज्दात रु. ५४ हजार को पुष्टी गर्ने प्रमाण नभएको तथा उक्त रकम तत्कालीन कुनै ग्राहकले नक्कली बैंक दाखिला भौचरबाट भएको भनी असुलउपर गर्न संस्थाले जिल्ला प्रहरी कार्यालय, पर्सामा मिति २०५७।०६।२३ मा अनुरोध गरेकोमा सो बारे निर्क्यौल गरी हिसाब मिलान गरिएको छैन ।

४.७.८ वण्डेड वेयर हाउस तथा ड्युटी फ्रि सप शाखा कार्यालय अन्तर्गत नविल बैंक लि.को नेपाली मुद्रा खातामा बैंक समर्थन पत्र अनुसार २०५१।०५२ को रु. १ लाख १३ हजार, २०५२।०५३ को रु. ६० हजार, २०५३।०५४ को रु.२३ हजार, २०५४।०५५ को रु. ०।६० हजार, २०६०।६१ को रु. ०।७० हजार, २०६२।६३ को रु. ०।८० हजार, २०६३।६४ को रु.३ हजार तथा २०६७।६८ को रु.३४ हजारको आवश्यक भिडान गरिएको छैन ।

४.८. **अग्रिम भुक्तानी रकम र पेश्की, सापटी, धरौटी**: यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन् :

४.८.१ यस हिसाबमा केन्द्रीय कार्यालय तथा शाखाहरु अन्तर्गत वर्षान्तमा रु.१७ करोड ३० लाख ४२ हजार मौज्दात रहेको छ । केन्द्रीय कार्यालय अन्तर्गत छोडिसकेका जम्मा १३४ कर्मचारीहरुको खर्च पेश्की वापत लिनुपर्ने

रु.१३ लाख र ४०० कर्मचारीहरुलाई बोनस, पुरस्कार, बीमा बोनस वापत दिनुपर्ने रु.२८ लाख ३३ हजार विगत वर्षहरुदेखि जिम्मेवारी सार्दै ल्याएको बक्यौता रकम फछ्यौंट गर्नुपर्दछ ।

४.८.२ डिलरसिप धरौटी :पोखरा उपमहानगरपालिका स्थित शाखा कार्यालयमा पेट्रोल पम्प संचालन वापत नेपाल आयल निगममा रु.८ लाख धरौटी राखिएकोमा सो को धरौटी हिसाबमा लेखाङ्कन गरिएको छैन ।

४.९. **मूल्य अभिवृद्धि कर** : केन्द्रीय कार्यालयको वर्षान्तमा लेखा खाता अनुसार रु.४ लाख ९० हजार मूल्य अभिवृद्धि कर लिनुपर्ने देखाईएकोमा आन्तरिक राजस्व विभागमा पेश गरेको मूल्य अभिवृद्धि कर विवरण अनुसार रु.१ लाख ५७ हजार दिनुपर्ने देखिएकोलेफरक रकम रु.६ लाख ४७ हजारकोभिडान गरी आवश्यक हिसाब मिलानगर्नुपर्दछ ।

४.१०. **दिनुपर्ने आसामी हिसाब :** यस हिसाब अन्तर्गत केन्द्रीय कार्यालयको तिर्नुपर्ने रकम रु. १ करोड ३६ लाख ६२ हजार र शाखा कार्यालयको तिर्नुपर्ने रकम रु. ४ करोड ५१ लाख ७९ हजार गरी जम्मा रु. ५ करोड ८८ लाख ४० हजार मध्ये केन्द्रीय कार्यालयको रु. १ करोड २६ लाख १४ हजार र शाखा कार्यालयको रु. २ करोड ४९ लाख ३८ हजाररकम विगत वर्षहरुदेखि कुनै कारोबार नभई जिम्मेवारी सार्दै ल्याएकोले आवश्यक तिर्नुपर्ने रकम यकिन गरी हिसाव फछ्यौंट गर्नुपर्दछ ।

४.११. **अल्पकालीन ऋण** :संस्थाको अल्पकालीन ऋण तर्फ रु.५ करोड १७ लाख ५५ हजार रहेकोमा कर्जा समर्थन पत्र अनुसार कर्जा रकम रु.४ करोड ९३ लाख १५ हजार भई रु.२४ लाख ४० हजार फरक हिसाब मिलान गरेको छैन । साथै यसरी अनावश्यक बढी ऋण रकम अभिलेख गरेकोमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

४.१२. **व्याज लेखाङ्कन :**संस्थाले हिमालयन बैंक लि. संग लिएको उपत्यका बिक्री वितरण व्यवस्थाले उपभोग गरेको ओभरड्राफ्ट कर्जाको ब्याज रकम रु.८ लाख ४८ हजार रसाल्ट ट्रेडिङ्ग लिमिटेडसंग२ महिना अवधिमा चुक्ता गर्ने शर्तमा मिति २०६९।०५।३० मा लिएको रु. २ करोड ५० लाख ऋणको ब्याज लेखाङ्कन गरेको छैन ।

४.१३. **व्यवस्थाहरु** : यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन् :

४.१३.१. उपदान कोष व्यवस्था :संस्थाले कर्मचारीहरुको उपदान व्यवस्था वापत २०७१।०७२ सम्ममा रु.२४ करोड ४० लाख ६३ हजार व्यवस्था गर्नुपर्नेमा रु.३ करोड २ लाख ९९ हजार मात्र व्यवस्था गरेकोले उपदान कोष वापतको व्यवस्था रु.२१ करोड ३७ लाख ६४ हजार ले नपुग छ ।

४.१३.२. संचित घर तथा विरामी विदा व्यवस्था : यस अन्तर्गत संस्थाले २०७१।०७२ सम्म रु.५ करोड ४८ लाख ५२ हजार दायित्व व्यवस्था गर्नुपर्नेमा रु.८२ लाख ४२ हजार मात्र व्यवस्था गरेकोले संचित घर तथा विरामी विदा व्यवस्था रु.४ करोड ६६ लाख १० हजार नपुग रहेको छ ।

४.१४. **घरजग्गा कर :** यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन् :

४.१४.१.विराटनगर उपमहानगरपालिकालाई घरजग्गा कर निर्धारण आदेश बमोजिम २०७१।०७२ सम्मको तिर्नुपर्ने रु. ३३ लाख १० हजार भएकोमा सो को व्यवस्था गरिएको छैन ।

४.१४.२.वीरगंज उपमहानगरपालिकालाई घरजग्गा कर निर्धारण आदेश बमोजिम २०७१।०७२ सम्म रु.४ करोड ७ लाख ४४ हजार तिर्नुपर्ने बक्यौता रहेकोमा उक्त रकम मध्ये रु.१ करोड १५ लाख ८९ हजार मात्र व्यवस्था गरिएकोले फरक रकम रु.२ करोड ९१ लाख ५५ हजारको व्यवस्था गरिएको छैन ।

४.१४.३.पोखरा उपमहानगरपालिकालाई घरजग्गा कर निर्धारण आदेश बमोजिम २०६९।०७० सम्मको रु.२६ लाख ९७ हजार तिर्नुपर्ने वक्यौता रहेकोमा उक्त रकम मध्ये रु.४ लाख ३४ हजार मात्र व्यवस्था गरिएकोले फरक रकम रु.२२ लाख ६३ हजारको व्यवस्था गरिएको छैन ।

४.१५. **शाखा हिसाव** : केन्द्रीय तथा शाखा कार्यालयहरु बिचको कारोवारको लेखाङ्कन दुरुस्त नहुदाँकेन्द्रीय कार्यालयले देखाएको शाखा हिसाब डे. रु. ५ करोड ६९ लाख ६२ हजार र शाखा कार्यालयहरुले देखाएको केन्द्रीय कार्यालय हिसाब डे. रु. २ करोड ८३ लाख ४ हजार तथा क्रे. रु. ६ करोड ८५ लाख ७८ हजार गरी जम्मा फरक रकम डे. रु. १ करोड ६६ लाख ८७ हजार रहेकोमा सोको हिसाब भिडान गरी फछ्यौंट गर्नुपर्दछ ।

४.१६. **कर्मचारी संचयकोष:**संस्थाको कर्मचारी सेवा शर्त नियमावली २०४७ को दफा ६.१ को व्यवस्था बमोजिम कर्मचारी संचयकोषको रकम महिनै पिच्छे जम्मा गर्नुपर्ने प्रावधान रहेपनि सो पालना गरेको छैन । वर्षान्तमा संचयकोष वापत रु. १ करोड ३४ लाख ५२ हजार तिर्न बाँकी रहेको देखिन्छ ।

४.१७. **अग्रिम आयकर** : उक्त हिसावमा २०७०।०७१ सम्म रु. ३ करोड ६० लाख ७३ हजार रहेकोमा यस वर्ष रु. १३ लाख २१ हजार दाखिला भई रु. ३ करोड ७३ लाख ९४ हजार रहेको छ । उक्त रकम मध्ये रु. ५० लाख ९२ हजार २०६४।६५ को ठुला करदाता कार्यालयको संशोधित कर निर्धारण आदेश माथि चित्त नबुझी मिति २०६९।०९।१८ मा प्रशासकीय पुनरावलोकन तथा २०७०।०४।२० मा राजश्व न्यायधिकरणमा पुनरावेदन गरे वापत धरौटी राखिएको रकम रहेको छ । संस्थाले २०६८।६९ देखि आय विवरण पेश नगर्दा उक्त रकम फछ्यौंट हुनसकेको छैन । आयकर ऐन, २०५८ को दफा ९६(१) बमोजिम आय विवरण पेश गर्नुपर्दछ ।

४.१८. **विलम्ब शुल्क तथा जरिवाना** : संस्थाले २०६८।६९ देखि स्वयंकर विवरण आन्तरिक राजस्व विभागमा नबुझाए वापत आयकर ऐन, २०५८ को दफा ११७, ११८ र ११९ अनुसारको विलम्ब शुल्क, जरिवाना र ब्याज रकमको व्यवस्था गरेको छैन ।

४.१९. **बैंक जमानत मार्जिन** : विभिन्न ५ वैंकहरुवाट जारी गरिएको विगत वर्षहरु देखि नै जिम्मेवारी सार्दै ल्याइएको रु.५ करोड ३७ लाख ५८ हजार को ८ वैंकमा जमानत तथा सो वापत राखिएको मार्जिन रकम रु.२६ लाख ८८ हजार को फछ्यौंट गरिएको छैन । बैंक जमानतको वित्तीय विवरणमा सम्भावित दायित्व हिसाव अन्तर्गत खुलासा गरिएको छैन । साथै जमानत मार्जिन रकममा बैंकबाट प्राप्त विवरण अनुसार रु.३ लाख २४ हजार न्यून रहेकोमा सो को भिडान गरिएको छैन । भिडान गरी यकिन हुन नसक्ने न्यून रकम सम्बन्धित पदाधिकारीबाट असूल गर्नुपर्दछ ।

४.२०. **अग्रिम करकट्टी रकम दाखिला** : अन्य विविध कर अन्तर्गत वर्षान्तमा अग्रिम कर कट्टी वापत दाखिला गर्न रु. २९ लाख ३४ हजार बाँकी रहेको छ । आयकर ऐन, २०५८ को दफा ९० बमोजिम अग्रिम कर कट्टी गर्ने हरेक व्यक्तिले प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र करकट्टी विवरण सहित सो रकम सम्बन्धीत आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्ने व्यवस्था रहेको भएतापनि सो बमोजिम विवरण तथा अग्रिम करकट्टी रकम बुझाउने नगरेकोले सो बाट लाग्ने ब्याज तथा जरिवानाबाट सृजना हुने दायित्व रकमको निक्यौंल गरी खर्च व्यवस्था गर्नुपर्ने र समयमै कर दाखिला नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

४.२१. **लिनुपर्ने हिसाब** : उपत्यका बिक्री वितरण शाखाले नेपाल आयल निगमसंग लिनुपर्ने रकम रु.२५ लाख ७६ हजार देखाएको मा नेपाल आयल निगमको २०७२ आषाढ मसान्तको हिसाब विवरण बमोजिम सो रकम रु.४ हजार देखिएकोले फरक रकम रु.२५ लाख ७२ हजारको भिडान गरी यकिन गर्नुपर्ने र यकिन हुन नसकेको रकम सम्बन्धित पदाधिकारीबाट असूल गर्न जिम्मेवार बनाउनुपर्दछ ।

४.२२. **आयकर** :आयकर ऐन, २०५८ तथा नियमावली, २०५९ अनुसार कर्मचारीलाई सहुलियत दरमा दिएको सापटीहरुको व्याजदर ५ प्रतिशत र संस्थाले ऋणमा भुक्तानी गरेको सरदर व्याजदर ९ प्रतिशत बिचको फरक व्याजदरबाट हुने रकम रु.७ लाख ७ हजार समेत कर्मचारीहरुको आयमा समावेश गरी कर्मचारी आयकरको गणना गर्नुपर्नेमा सो गरेको छैन ।

४.२३. **विक्री लेखाङ्कन**: विक्रीको लागि विभिन्न संघ संस्थाबाट प्राप्त सामानहरु बिक्री पश्चात् भुक्तानीको आधारमा सम्झौता बमोजिम सामान बिक्री गर्दा, बिक्री पश्चात मात्र भुक्तानी गर्ने दायित्व सृजना हुने तथा बिक्री

नभएको मौज्दात फिर्ता गर्नु पर्ने हुदा प्राप्त सम्पूर्ण मौज्दातलाई बिक्री अघि खरिदमा लेखाङ्कन गरी दायित्व सृजना गर्नु त्रुटीपूर्ण देखिन्छ ।

४.२४. **भाडा आम्दानी** : संस्थाले घर गोदाम भाडा आम्दानी पूर्ण रुपले प्रोदभावी आधारमा लेखाङ्कन नगरी केन्द्रमा तथा केही शाखाहरुमा नगद प्राप्तीको आधारमा लेखाङ्कन गरेको तथा सम्झौता बमोजिमको रकम र अग्रिम आयकर कट्टी लेखाङ्कन नगर्दा केन्द्रीय कार्यालयले भाडा आम्दानी रु.१० लाख २९ हजारले कम, यन्त्र बिक्री तथा मर्मत केन्द्र शाखाले रु.१२ लाख २९ हजारले कम र पोखरा शाखाले रु.८ लाख ४१ हजारले बढी लेखाङ्कन गर्दा संस्थाको भाडा आम्दानी रु.१४ लाख १७ हजारले कम लेखाङ्कन भएको छ । साथै अग्रिम आयकर तर्फ केन्द्रीय कार्यालयको रु.४ लाख ९९ हजार, यन्त्र बिक्री तथा मर्मत केन्द्र शाखाको रु.५ लाख २६ हजार र पोखरा शाखाको रु.४ लाख ७९ हजार लेखाङ्कन नगर्दा संस्थाको अग्रिम आयकर कट्टी रु.१५ लाख ५ हजारले लेखाङ्कन भएको छैन । यसरी अग्रीम आयकर कट्टी गरेको रकम संस्थानले लेखाकंन नगरेकोले सो रकम राजश्व दाखिला भए नभएको निक्यौंल गर्न र राजश्व दाखिला नभएको भए दाखिला गर्न केन्द्र तथा सम्वन्धीत शाखा कार्यालयका कार्यालय प्रमुख र लेखा प्रमुखलाई संयुक्त रुपमा जिम्मेवार वनाउनु पर्दछ ।

४.२५. **नेपाल लेखामानको पालना** : यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

४.२५.१. नेपाल लेखामान ९ बमोजिम स्थगन कर दायित्व तथा सम्पत्तिको गणना गरी लेखाङ्कन गरेको छैन ।

४.२५.२. संस्थाले नेपाल लेखामान १६ बमोजिम संस्थाको सम्बन्धित पार्टीहरु को पहिचान गर्नुपर्ने र उक्त पार्टीहरुसँगको कारोवार जस्तैः एउटै निकायको स्वामित्व तथा नियन्त्रणमा रहेको संस्थाहरुसँग भएको कारोवार, संस्थाको प्रमुख पदाधिकारीहरु वा निजहरुको नजिकको नातेदारहरुको व्यक्तिगत स्वार्थ भएको संस्थासंग भएको कारोवार तथा प्रमुख पदाधिकारीहरुलाई प्रदान गरेको अल्पकालिन तथा दिर्घकालिन सुविधाहरु वित्तीय विवरणमा खुलासा गर्नुपर्नेमा सो गरेको छैन ।

४.२५.३. नेपाल लेखामान १ बमोजिम ईक्वीटीमा भएको परिवर्तन विवरण वित्तीय विवरणको अभिन्न अंगको रुपमा रहने भएकोमा संस्थाले वित्तीय विवरणमा सो समावेश गरेको छैन । साथै सोही नेपाल लेखामान अनुरुप संस्थाले सम्पत्ति र दायित्व हिसावलाई एक आपसमा समायोजन (off set) गरी वित्तीय विवरणमा प्रस्तुत गर्न नमिल्नेमा संस्थाले पेश्की तथा धरौटी हिसाब, आसामी हिसाब, पेश्की तथा सापटी हिसाबमा रहेको लिनुपर्ने/तिनुपर्ने लाई एक आपसमा समायोजन गरी खुद (Net) मा देखाएकोले नेपाल लेखामान बमोजिम प्रस्तुत भएको छैन ।

४.२६. **कम्पनी ऐनको पालना** : यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छ:

४.२६.१. कम्पनी ऐन २०६३ दफा ७६(१) बमोजिम कम्पनीको आर्थिक वर्ष पूरा भएको ६ महिना भित्र वार्षिक साधारण सभा गर्नुपर्ने तथा दफा ७८ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालयमा आवश्यक कागजात पेश गर्नुपर्नेमा सोको पालना गरेको छैन ।

४.२६.२. कम्पनी ऐन २०६३ को दफा ६०(१) अनुसार पब्लिक कम्पनीको खुद सम्पत्ति (नेट वर्थ) घट्न गई चुक्ता पूँजीको आधा वा सो भन्दा कम हुन आएमा त्यस्तो व्यहोरा जानकारीमा आएको ३५ दिन भित्र संचालकहरुले संस्था तथा शेयरधनीहरु समेतको हितका लागि उपयुक्त रणनीति तयार गर्नुपर्ने र सो जानकारी भएको लगत्तै पछि बस्ने साधारण सभामा यस सम्बन्धी छुट्टै प्रस्ताव राख्नुपर्ने व्यवस्था भएकोमा संस्थाले सोको पालना गरेको छैन ।

४.२६.३. कम्पनी ऐन २०६३ को दफा १६४ को उपदफा १ बमोजिम २०६७६८ मा लेखापरीक्षण समिति गठन गरेकोमा २०६८।६९ देखि उक्त समिति निष्कृय भए पश्चात् लेखापरीक्षण समिति गठन गरेको छैन ।

५. व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा दर्शाइएको छ ।

६. लेखापरीक्षकको राय

हाम्रो रायमा माथि कैफियत सहितको राय व्यक्त गर्ने आधारका अनुच्देद ४ र सो अन्तर्गत उल्लेखित व्यहोराहरुबाट पर्नसक्ने असर बाहेक संलग्न वित्तीय विवरणले संस्थाको ३१ आषाढ, २०७२ को वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय व्यय विवरण र नगद प्रवाह विवरणको नेपाल लेखामान बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

७. कम्पनी ऐन, २०६३ को प्रावधानको पालना सम्बन्धी प्रतिवेदन

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना तथा स्पष्टीकरणहरु सम्पूर्ण रुपमा पाएका छौं ।

ख) कम्पनीले आफ्नो हिसाव किताब र अभिलेखहरु प्रचलित कानुन बमोजिम राखेको छ ।

ग) संलग्न वासलात, आय विवरण, नगद प्रवाह विवरण कम्पनी ऐन, २०६३ को प्रावधान अनुसार तयार भएको तथा कम्पनीले राखेको हिसाब किताब, श्रेस्ता र लेखासंग दुरुस्त रहेका छन ।

घ) हामीलाई उपलब्ध गराइएको सुचना तथा स्पष्टिकरणको आधारमा हिनामिना गरी कारवाहीमा परेका र अनुच्छेद ४.१ देखि४.२५ मा उल्लेख गरेको बाहेक, संचालक समिति वा कुनै संचालक वा कर्मचारीले कानुनको प्रावधान विपरित वा अनियमित कार्य गरेको वा कम्पनीको हानी नोक्सानी गरे गराएको कुरा हाम्रो जानकारीमा आएन ।

नेशनल ट्रेडिङ्ग लिमिटेड (२०७२।७३)

१. वित्तीय विवरण उपर प्रतिवेदन

हामीले नेशनल ट्रेडिङ्ग लिमिटेडको यसै साथ संलग्न २०७३ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको आय विवरण तथा नगद प्रवाह विवरण र प्रमुख लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्बन्धित ऐन लगायत प्रचलित अन्य ऐन, नियम तथा अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी कम्पनीको व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटिलगायत सारभूतरुपमा गलत आंकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमान लागु गर्ने कार्य पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर हामिले सम्पन्न गरेको लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । हामीले नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको लेखापरीक्षण मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौं । ती लेखापरीक्षणमान तथा लेखापरीक्षण मार्गदर्शन अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभुतरुपमा गलत आंकडारहित प्रस्तुती भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याईएका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूतरुपमा गलत आंकडा प्रस्तुत हुनसक्ने कुरामा

अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन लेखापरीक्षकको व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्यांकन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तताबारेमा परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै, वित्तीय विवरणको समग्र स्थितिको मुल्यांकन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

हामीले लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछन भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. कैफियत सहितको राय व्यक्त गर्ने आधार :

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन् :

४.१ **खुद सम्पत्ति (नेट वर्थ)** : संस्थाको चुक्ता पूँजी रु.१६ करोड ९३ लाख ३५ हजार रहेकोमा विगत वर्षहरुदेखि संस्थाको नोक्सानी निरन्तर रुपमा वृद्धि हुँदै गईरहेको र यस वर्ष रु.१४ करोड ६ लाख ९२ हजार संचित नोक्सानी थप भई नेटवर्थ रु.१०८ करोड ८४ लाख ९४ हजारले ऋणात्मक भएबाट संस्था अविछिन्न (गोइङ्ग कन्सर्न) रुपमा रही रहने देखिँदैन ।

४.२ **मध्यम तथा दीर्घकालीन ऋण** : नेपाल सरकारबाट लिएको दीर्घकालीन सुरक्षित ऋण रु.९२ करोड २ लाख २ हजार र उक्त ऋणको व्याज रु.१० करोड २५ लाख ९५ हजार बाँकी रहेकोमा ऋण तथा व्याज समेत रु.१ अरब २ करोड २७ लाख ९७ हजार भुक्तानी गरेको छैन ।

४.३ **स्थिर सम्पत्ति** : यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन् :

४.३.१ स्थिर सम्पत्ति हिसाबमा रु.२ करोड ८० लाख ७० हजार बाँकी मौज्दात रहेको छ । संस्थाले सम्पूर्ण विवरण खुल्ने गरी अचल सम्पत्तिको खाता तयार गरेको छैन । लेखा शाखाले राखेको अभिलेख र आर्थिक प्रशासन महाशाखाले राखेको अभिलेखमा अचल सम्पत्तिमा रु.१ करोड ३३ लाख १९ हजार फरक परेको छ । सम्वन्धित पदाधिकारीलाई जिम्मेवार वनाई फरक पर्नुको कारण यकिन गर्नुपर्दछ ।

४.३.२ साथै संस्थाले नेपाल लेखामान १८ अनुसार वार्षिक रुपमा स्थिर सम्पत्तिको सम्भावित हानी गणना तथा व्यवस्था गर्न क्षयिकरण परीक्षण गरी नोक्सानीको गणना गरेको छैन ।

४.४ **लगानी** : गोरखकाली रबर उद्योगमा रहेको रु.३५ लाख ५० हजार बराबरको शेयर लगानी उक्त कम्पनी अत्याधिक नोक्सानीमा गई शेयर मूल्य नगन्य रहेको छ । तापनि सो लगानीको हानी वापत व्यवस्था गरिएको छैन ।

४.५ **जिन्सी मौज्दात** : अन्तिम मौज्दातको मूल्याङ्कन गर्दा संस्थाको प्रचलित विधि वमोजिम चल्तीको शत प्रतिशत, वेचल्तीको ७० प्रतिशत, लिलाम गर्नुपर्ने सामानको १० प्रतिशत र नास्नुपर्ने सामानको शुन्य प्रतिशत गरी ४ वर्गमा वर्गिकरण गरी मूल्याङ्कन गर्दा संस्थाको खुद जिन्सि मौज्दात रु.६ करोड ३७ लाख ७४ हजार रहेको छ । जिन्सी मौज्दातको मूल्याङ्कन नेपाल लेखामान २ अनुसार परल मूल्य वा खूद प्राप्त योग्य मूल्य मध्ये जुन कम हुन्छ, सोमा देखाउनुपर्नेमा परल मूल्यमा सामानहरुको अवस्था अनुसार निश्चित प्रतिशत तोकि सोको आधारमा मूल्याङ्कन गरेकोमा सो नेपाल लेखामान अनुसार छैन ।

४.६ **व्यापारिक तथा अन्य प्राप्य रकम** : यस शीर्षक अर्न्तगत जम्मा लिनुपर्ने रु.४ करोड ५३ लाख मध्ये धेरै रकम धेरै वर्षदेखि असुल उपर नभई बक्यौता रहेको देखिएको छ। उक्त रकम मध्ये रु.२ करोड ६६ लाख ११ हजार शंकास्पद आसामी व्यवस्था गरिएतापनि बाँकी रु.१ करोड ८६ लाख ९० हजार को व्यवस्था गरिएको छैन।असुरक्षित आसामी असूल उपर गर्नु पर्दछ ।

४.७ **नगद तथा बैंक मौज्दात** : यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन् :

४.७.१ यस हिसाबमा संस्थाको बैंक मौज्दात क्रेडिट रु.१६ लाख ९ हजार रहेको छ । केन्द्रीय कार्यालयको विभिन्न १९ बैंक मध्ये ७ बैंक हिसावमा जम्मा रु.६९ लाख ८३ हजार क्रेडिट मौज्दात रहेको र बाँकी १२ बैंक हिसावमा रु.११ लाख २८ हजार डेबिट मौज्दात तथा शाखा कार्यालय अन्तर्गत जम्मा क्रेडिट मौज्दात रु.४ लाख ९२ हजार र डेबिट मौज्दात रु.४७ लाख ३८ हजार रहेकोमा डेबिट मौज्दातलाई सम्पत्तिमा र क्रेडिट मौज्दातलाई दायित्वमा देखाउनुपर्नेमा केन्द्रीय कार्यालयमा खुद क्रेडिट रकम रु.५८ लाख ५५ हजार र शाखा कार्यालयमा खुद डेविट रकम रु.४२ लाख ४६ हजार गरी जम्मा रु.१६ लाख ९ हजारलाई वित्तीय विवरणमा चालु दायित्व देखाइएकोमा नेपाल लेखामान अनुरुप प्रस्तुत गरिएको छैन ।

४.७.२ लक्ष्मी बैंक लि.को खातामा क्रेडिट मौज्दात रु.२२ लाख ३१ हजार देखिएको तथा बैंक सर्मथन पत्र अनुसार डेविट मौज्दात रकम रु.४ लाख ६४ हजार रहेको रु.२६ लाख ९४ हजारको आवश्यक भिडान गरी हिसाव मिलान गर्नु पर्दछ ।

४.७.३ हिमालयन बैंक लि.को खातामा क्रेडिट मौज्दात रु.२८ लाख ४० हजार देखिएको र बैंक समर्थन पत्र अनुसार डेबिट मौज्दात रु.५ हजार रहेकोमा फरक रु.२८ लाख ४५ हजार मध्ये बैंकमा जम्मा गरेको रु.२० लाख सन् २००९ देखि नै देखिदै आएकोमा उक्त रकम फछ्यौंट गर्नुपर्दछ ।

४.७.४ केन्द्रीय कार्यालय अन्तर्गत स्टान्डर्ड चाटर्ड बैंक ९४८०१० मा डे. रु. १७ हजार, स्टान्डर्ड चाटर्ड बैंक ९४८५१० मा डे. रु.१ लाख, नेपाल राष्ट्र बैंक (६१००३०) मा डे. रु.९६ हजार, एभरेष्ट बैंक लि. (०५७) मा क्रे. रु.३ लाख ६१ हजार, एभरेष्ट बैंक लि. (कल खाता) मा डे. रु.४ लाख १ हजार र हिमालयन बैंक लि. (कल खाता) मा क्रे. रु.६ लाख ३ हजार देखाईएको छ। तर उक्त मौज्दातहरुको समर्थन पत्र तथा बैंक विवरण लिएको छैन ।

४.७.५ वण्डेड वेयर हाउस शाखा अन्तर्गतको विनिमय नोक्सान रु.७८ हजार लेखाङ्कन गरेको छैन ।

४.८ **अग्रिम भुक्तानी रकम, पेश्की, सापटी, धरौटी** : यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन् :

४.८.१ यस हिसाबमा केन्द्रीय कार्यालय तथा शाखाहरु अन्तर्गत रु.२० करोड ५८ लाख ८ हजार मौज्दात रहेको छ । केन्द्रीय कार्यालय अन्तर्गत नोकरी छोडिसकेका जम्मा १३७ कर्मचारीहरुको पेश्की वापत लिनुपर्ने रु.१३ लाख ४८ हजार र ३९९ कर्मचारीहरुलाई बोनस, पुरस्कार, बीमा बोनस वापत दिनुपर्ने रु.२८ लाख ९ हजार विगत वर्षहरुदेखि जिम्मेवारी सार्दै ल्याएको छ । आवश्यक कारवाही गरी बक्यौता रकम फछ्यौंट गर्नु पर्दछ ।

४.८.२ पोखरा उपमहानगरपालिका स्थित शाखा कार्यालयमा पेट्रोल पम्प संचालन वापत नेपाल आयल निगममा रु.८ लाख धरौटी राखिएकोमा सो को धरौटी हिसाबमा लेखाङ्कन गरिएको छैन ।

४.९ **मूल्य अभिवृद्धि कर** :केन्द्रीय कार्यालयको लेखा अभिलेख अनुसार वर्षान्तमा रु.२४ लाख १७ हजार मूल्य अभिवृद्धि कर लिनुपर्ने देखाईएकोमा आन्तरिक राजस्व विभागमा पेश गरेको मूल्य अभिवृद्धि कर विवरण अनुसार रु.३ लाख ७१ हजार दिनुपर्ने देखिएकोलेफरक रु.२७ लाख ८७ हजारभिडान गरी हिसाव मिलान गर्नु पर्दछ ।

४.१० **दिनुपर्ने आसामी हिसाब** : यस हिसाब अन्तर्गत केन्द्रीय कार्यालयको तिर्नुपर्ने रु.१ करोड ४२ लाख र शाखा कार्यालयको तिर्नुपर्ने रु.६ करोड १३ लाख ४४ हजार समेत रु.७ करोड ५६ लाख ४२ हजार मध्ये केन्द्रीय कार्यालयको रु. १ करोड ३६ लाख ६२ हजार र शाखा कार्यालयको रु.५० लाख ९४ हजार विगत वर्षहरुदेखि कुनै कारोबार नभई जिम्मेवारी सार्दै ल्याएकोले तिर्नुपर्ने रकम यकिन गरी हिसाव फछ्र्यौट गर्नु पर्दछ ।

४.११ **अल्पकालीन ऋण** : संस्थाको अल्पकालीन ऋण तर्फ रु.५ करोड १७ लाख ५५ हजार रहेकोमा कर्जा समर्थन पत्र अनुसार कर्जा रकम रु.४ करोड ९३ लाख १५ हजार भई रु. २४ लाख ४० हजार फरक परेको छ । बढी ऋण रकम अभिलेख गर्ने सम्वन्धित पदाधिकारीलाई जिम्मेवार वनाउनु पर्दछ ।

४.१२ **व्याज लेखांकन** : संस्थाले माछापुच्छे बैंक लि.सँग ९प्रतिशत वार्षिक व्याजदरमा प्राप्त गरेको अल्पकालीन ऋणको व्याज रु.२१ लाख ८८ हजार र साल्ट ट्रेडिङ्ग लिमिटेडसँग २ महिना अवधिमा चुक्ता गर्ने शर्तमा मिति २०६९।०५।३० मा लिएको रु.२ करोड ५० लाख ऋणको व्याज लेखाङ्कन गरेको छैन । लेखाङ्कन नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

४.१३ **व्यवस्थाहरु** : यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन् :

४.१३.१ संस्थाले कर्मचारीहरुको उपदान व्यवस्था वापत २०७२।७३ सम्ममा रु.२३ करोड ३४ लाख ८९ हजार गर्नुपर्नेमा रु.३ करोड २ लाख ९९ हजार मात्र व्यवस्था गरेकोले उपदान कोष वापत व्यवस्था रु.२० करोड ३१ लाख ९० हजार नपुग रहेको छ ।

४.१३.२ संचित घर तथा विरामी विदा वापत संस्थाले २०७२।७३ सम्म रु.५ करोड ३७ लाख ९० हजार दायित्व व्यवस्था गर्नुपर्नेमा रु.८२ लाख ४२ हजार मात्र व्यवस्था गरेकोले रु.४ करोड ५५ लाख ४८ हजार नपुग रहेको छ ।

४.१४ **घरजग्गा कर** : यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन् :

४.१४.१ विराटनगर उपमहानगरपालिकालाई घरजग्गा कर निर्धारण आदेश बमोजिम २०७२।०७३ सम्मको तिर्नुपर्ने रु.४९ लाख ७२ हजार भएकोमा सो को व्यवस्था गरिएको छैन ।

४.१४.२ वीरगंज उपमहानगरपालिकालाई घरजग्गा कर निर्धारण आदेश बमोजिम २०७२।७३ सम्म रु.४ करोड ३४ लाख ६० हजार तिर्नुपर्ने वक्यौता रहेकोमा उक्त रकम मध्ये रु.१ करोड १५ लाख ८९ हजार मात्र व्यवस्था गरिएकोले छ।

४.१४.३ पोखरा उपमहानगरपालिकालाई घरजग्गा कर निर्धारण आदेश बमोजिम २०६९।७० सम्मको रु.२६ लाख ९७ हजार तिर्नुपर्ने वक्यौता रहेकोमा उक्त रकम मध्ये रु.४ लाख ३४ हजार मात्र व्यवस्था गरेको छ। आर्थिक वर्ष २०६९।७० पश्चात् घरजग्गा कर रकम व्यवस्था गरिएको छैन ।

४.१५ **शाखा हिसाव** : केन्द्रीय तथा शाखा कार्यालयहरु बीचको कारोवारको लेखाङ्कन दुरुस्त नहुँदा केन्द्रीय कार्यालयले देखाएको शाखा हिसाब डे. रु.५ करोड ८२ लाख ३१ हजार र शाखा कार्यालयहरुले देखाएको केन्द्रीय कार्यालय हिसाब डे. रु.२ करोड ९६ लाख ५१ हजार तथा क्रे. रु.७ करोड ३ लाख ८७ हजार गरी जम्मा फरक रकम डे. रु.१ करोड ७४ लाख ९६ हजार रहेकोमा सोको हिसाब भिडान गरी फछ्र्यौट गर्नु पर्दछ ।

४.१६ **कर्मचारी संचयकोष** : संस्थाको कर्मचारी सेवा शर्त नियमावली, २०४७ को दफा ६.१ बमोजिम कर्मचारी संचयकोषको रकम महिनै पिच्छे जम्मा गर्नुपर्ने प्रावधान रहेपनि सो पालना गरेको छैन । वर्षान्तमा संचयकोष वापत रु.२ करोड २९ लाख ७८ हजार तिर्न बाँकी रहेको देखिन्छ ।

४.१७ **अग्रिम आयकर** : उक्त हिसावमा २०७१।७२ सम्म रु.३ करोड ७३ लाख ९४ हजार रहेकोमा यस वर्ष रु.२६ लाख २४ हजार थप भई रु.४ करोड १८ हजार रहेको छ । उक्त रकम मध्ये रु. ५० लाख ९२ हजार २०६४।६५ को ठुला करदाता कार्यालयको संशोधित कर निर्धारण आदेश माथि चित्त नबुझी मिति २०६९।०९।१८ मा प्रशासकीय पुनरावलोकन तथा मिति २०७०।०४।२० मा राजस्व न्यायधिकरणमा पुनरावेदन गरे वापत धरौटी राखिएको रकम रहेको छ । संस्थाले २०६९।७० देखि आय विवरण पेश नगर्दा उक्त रकम फछ्यौंट हुनसकेको छैन । आयकर ऐन, २०५८ को दफा ९५(१) वमोजिम आय विवरण पेश गर्नुपर्दछ ।

४.१८ **विलम्ब शुल्क तथा जरिवाना** : संस्थाले २०६९।७० देखि स्वयंकर विवरण आन्तरिक राजस्व विभागमा नबुझाए वापत आयकर ऐन २०५८ को दफा ११७, ११८ र ११९ अनुसारको विलम्ब शुल्क, जरिवाना र ब्याज रकमको व्यवस्था गरेको छैन ।

४.१९ **बैंक जमानत मार्जिन** : विभिन्न ५ बैंकहरुवाट जारी गरिएको। रु.५ करोड ३७ लाख ५८ हजार को ८ बैंक जमानत विगत वर्षहरु देखि नै जिम्मेवारी सार्दै ल्याएको छ । सो वापत राखिएको मार्जिन रु.२३ लाख ६४ हजार देखाइएकोमा हिमालयन बैंक लि.को मिति २०७३।०३।३९ को पत्र अनुसार वीरगंज भन्सार कार्यालयले माग गरे बमोजिम विभिन्न मितिमा संस्थाको नाममा रहेको ५ बैंक जमानत वापत रु.४ करोड २५ लाख ८९ हजार, बैंक जमानत मार्जिन र खाताको मौज्दात कटाई संस्थाको नाममा १६ प्रतिशत ब्याज दरमा रु.४ करोड २१ हजार ऋण कायम गरि भुक्तानी गरिएको छ। त्यसैगरी माछापुच्छ्रे बैंक लि. को मिति २०७२।०६।२९ पत्र अनुसार उक्त भन्सार कार्यालयले माग गरे बमोजिम संस्थाको नाममा १५ प्रतिशत ब्याज दरमा रु.७१ लाख ६९ हजार ऋण कायम गरी भुक्तानी गरिएकोमा उक्त हिमालयन बैंक लि. तथा माछापुच्छ्रे बैंक लि. लाई तिर्नपर्ने तथा बैंक ऋण रु.४ करोड ७१ लाख ९० हजार लेखाङ्कन गरिएको देखिदैन । हिसाव लेखाङ्कन नगर्ने सम्वन्धीत पदाधिकारीलाई जिम्मेवार वनाउनु पर्दछ ।

४.२० **अग्रिम करकट्टी रकम दाखिला** : अन्य विविध कर अन्तर्गत अग्रिम कर कट्टी वापत दाखिला गर्न रु. ५० लाख ३४ हजार बाँकी रहेको छ । आयकर ऐन, २०५८ को दफा ९० बमोजिम अग्रिम कर कट्टी गर्ने हरेक व्यक्तिले प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र करकट्टी विवरण सहित सो रकम सम्बन्धीत आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्ने व्यवस्था रहेको भएतापनि संस्थाले सो बमोजिम विवरण तथा अग्रिम करकट्टी रकम बुझाउने नगरेकोले सो बाट लाग्ने ब्याज तथा जरिवानाबाट सृजना हुने दायित्व रकमको निक्यौंल गरी खर्च व्यवस्था गर्नुपर्ने र समयमै कर दाखिला नगर्ने पदाधिकारीलाई जिम्मेवार वनाउनु पर्दछ ।

४.२१ **लिनुपर्ने हिसाब** :उपत्यका बिक्री वितरण व्यवस्था शाखाले नेपाल आयल निगमसंग लिनुपर्ने रकम रु.२८ लाख ८१ हजार देखाएकोमा नेपाल आयल निगमको २०७३ आषाढ मसान्तको हिसाब विवरण बमोजिम सो रकम रु.३ लाख ९ हजार देखिएकोले फरक रकम रु.२५ लाख ७२ हजारको भिडान गरी यकिन गनुपर्ने र यकिन हुन नसकेको रकम जिम्मेवार पदाधिकारीवाट असूल गर्नु पर्दछ ।

४.२२ **विक्रीको लागि प्राप्त सामान** :सम्झौता बमोजिम बिक्रीको लागि प्राप्त सामान बिक्री गर्दा, बिक्री पश्चात् मात्र भुक्तानी गर्ने दायित्व सृजना हुने तथा बिक्री नभएको मौज्दात फिर्ता गर्नुपर्ने हुँदा प्राप्त सम्पूर्ण मौज्दातलाई बिक्री अघि खरिदमा लेखाङ्कन गरी दायित्व सृजना गर्नु त्रुटीपूर्ण देखिन्छ ।

४.२३ **भाडा आम्दानी** : संस्थाले घर गोदाम भाडा आम्दानी प्रोदभावी आधारमा लेखाङ्कन नगरी केन्द्रमा तथा केही शाखाहरुमा नगद प्राप्तीको आधारमा लेखाङ्कन गरेको तथा अग्रिम आयकर कट्टी लेखाङ्कन

नगर्दा केन्द्रीय कार्यालयले भाडा आम्दानी रु.५४ हजारले बढी, यन्त्र बिक्री तथा मर्मत केन्द्र शाखाले रु.५ लाख ७७ हजारले कम र पोखरा शाखाले रु.१३ लाख ४६ हजारले कम लेखाङ्कन गर्दा संस्थाको भाडा आम्दानी रु.१८ लाख ६९ हजारले घटी लेखाङ्कन भएको छ । साथै केन्द्रीय कार्यालयको रु.७ लाख ३५ हजार, यन्त्र बिक्री तथा मर्मत केन्द्र शाखाको रु.५ लाख ८७ हजार र पोखरा शाखाको रु.५ लाख ९० हजार मर्मत रु.१९ लाख १२ हजार अग्रिम आयकर लेखाङ्कन भएको छैन । यसरी अग्रिम आयकर कट्टी गरेको रकम संस्थाले लेखाकंन नगरेकोले सो रकम राजश्व दाखिला गर्न केन्द्र तथा सम्वन्धीत शाखा कार्यालयका कार्यालय प्रमुख र लेखा प्रमुखलाई संयुक्त रुपमा जिम्मेवार वनाउनु पर्दछ ।

४.२४ **नेपाल लेखामानको पालना** : यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

४.२४.१ नेपाल लेखामान ९ बमोजिम स्थगन कर दायित्व तथा सम्पत्तिको गणना गरी लेखाङ्कन गरेको छैन ।

४.२४.२ संस्थाले नेपाल लेखामान १६ बमोजिम संस्थाको सम्बन्धित पार्टीहरुको पहिचान गर्नुपर्ने र उक्त पार्टीहरुसँगको कारोवार जस्तै: एउटै निकायको स्वामित्व तथा नियन्त्रणमा रहेको संस्थाहरुसँग भएको कारोवार, संस्थाको प्रमुख पदाधिकारीहरु वा निजहरुको नजिकको नातेदारहरुको व्यक्तिगत स्वार्थ भएको संस्थासँग भएको कारोवार तथा प्रमुख पदाधिकारीहरुलाई प्रदान गरेको अल्पकालिन तथा दीर्घकालीन सुविधाहरु वित्तीय विवरणमा खुलासा गर्नुपर्नेमा सो गरेको छैन ।

४.२४.३ नेपाल लेखामान १ बमोजिम ईक्विटीमा भएको परिवर्तन विवरण वित्तीय विवरणको अभिन्न अगंको रुपमा रहने भएकोमा संस्थाले वित्तीय विवरणमा सो समावेश गरेको छैन । साथै सोही नेपाल लेखामान अनुरुप संस्थाले सम्पत्ति र दायित्व हिसावलाई एक आपसमा समायोजन गरी वित्तीय विवरणमा प्रस्तुत गर्न नमिल्नेमा संस्थाले पेश्की तथा धरौटी हिसाब, आसामी हिसाब, पेश्की तथा सापटी हिसाबमा रहेको लिनुपर्ने/तिनुपर्ने लाई एक आपसमा समायोजन गरी खुद (ल्भत) मा देखाएकोले नेपाल लेखामान बमोजिम प्रस्तुत भएको छैन ।

४.२५ **कम्पनी ऐनको पालना** : यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छ:

४.२५.१ कम्पनी ऐन, २०६३ को दफा ७६(१) बमोजिम कम्पनीको आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र वार्षिक साधारण सभा गर्नुपर्ने तथा दफा ७८ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालयमा आवश्यक कागजात पेश गर्नुपर्नेमा पेश गरेको छैन ।

४.२५.२ कम्पनी ऐन, २०६३ को दफा ६०(१) अनुसार पब्लिक कम्पनीको खुद सम्पत्ति (नेट वर्थ) घट्न गई चुक्ता पूँजीको आधा वा सो भन्दा कम हुन आएमा त्यस्तो व्यहोरा जानकारीमा आएको ३५ दिन भित्र संचालकहरुले संस्था तथा शेयरधनीहरु समेतको हितका लागि उपयुक्त रणनीति तयार गर्नुपर्ने र सो जानकारी भएको लगत्तै पछि बस्ने साधारण सभामा यस सम्बन्धी छुट्टै प्रस्ताव राख्नुपर्ने व्यवस्था भएकोमा संस्थाले सोको पालना गरेको छैन ।

४.२५.३ संस्थाले कम्पनी ऐन, २०६३ को दफा १६४(१) बमोजिम २०६७६८ मा लेखापरीक्षण समिति गठन गरेकोमा २०६८।६९ देखि उक्त समिति निष्कृय भए पश्चात लेखापरीक्षण समिति गठन गरेको छैन ।

५. व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा दर्शाइएको छ ।

६. लेखापरीक्षकको राय

हाम्रो रायमा माथि कैफियत सहितको रायको आधारका अनुच्छेद ४ अर्न्तगत उल्लेखित व्यहोराहरुबाट पर्ने असर बाहेक संलग्न वित्तीय विवरणले संस्थाको ३१ आषाढ, २०७३ को वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय व्यय विवरण र नगद प्रवाह विवरणको नेपाल लेखामान बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

७. कम्पनी ऐन, २०६३ को प्रावधानको पालना सम्बन्धी प्रतिवेदन

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सुचना तथा स्पष्टीकरणहरु पाएका छौ ।
ख) अनुच्छेद ४ मा उल्लेख गरिए बाहेक कम्पनीले आफ्नो हिसाव किताब र अभिलेखहरु प्रचलित कानून बमोजिम राखेको छ ।
ग) संलग्न वासलात, आय विवरण, नगद प्रवाह विवरण कम्पनी ऐन, २०६३ को प्रावधान अनुसार तयार भएको तथा कम्पनीले राखेको हिसाब किताब, श्रेस्ता र लेखासंग दुरुस्त रहेका छन ।
घ) हामीलाई उपलब्ध गराइएको सुचना तथा स्पष्टिकरणको आधारमा हिनामिना गरी कारवाहीमा परेका र अनुच्छेद ४ मा उल्लेख गरेको बाहेक, संचालक समिति वा कुनै संचालक वा कर्मचारीले कानुनको प्रावधान विपरित वा अनियमित कार्य गरेको वा कम्पनीको हानी नोक्सानी गरे गराएको कुरा हाम्रो जानकारीमा आएन ।

प्रेस काउन्सिल नेपाल (२०७३।७४)

१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन

हामीले प्रेस काउन्सिल नेपालको २०७४ आषाढ मसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय व्यय विवरण र नगद प्रवाह विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्बन्धित ऐन, नियम, कानून अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटी लगायत सारभूत रुपमा गलत आँकडारहित प्रस्तुतिकरण, आवश्यक आन्तरिक नियनत्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमानहरु लागु गर्ने पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । हामीले नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडारहित प्रस्तुती भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्ने लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याईका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएतापनि यस्तो आन्तरिक नियन्त्रण प्राणालीको प्रभावकारीता बारे

लेखापरीक्षणबाट राय व्यक्त गर्ने प्रयोजन राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखाअनुमानको उपयुक्तताको साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. लेखापरीक्षण राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत रुपमा असर पर्ने व्यहोरा निम्नानुसार छन् :

४.१ **बैठक** :विभिन्न समिति तथा उप समितिहरुको बैठक भत्ता रु.१४,०२,१००।- र परिवहन भत्ता रु.४,२८,५००।- समेत गरी यस वर्ष जम्मा रु.१८,३०,६००।-बैठक सम्वन्धी खर्च भएको छ । बैठकको निर्णय पुस्तिकाको अध्ययनबाट काउन्सिल बैठक लगायत अन्यसमिति उप समितिको बैठक एकै मिति, समय र स्थानमा बसेको देखिन्छ । निर्णय पुस्तिकामा उपस्थितिको परीक्षण गर्दा एक समिति/उपसमितिका सदस्य अर्को समिति/उप समितिमा पनि अध्यक्ष, सदस्य, संयोजक, सचिव वा आमन्त्रित सदस्यको रुपमा उपस्थित हुने गरेको देखियो । एकै समय र मितिको बैठकमा दुवै तर्फ उपस्थित हुन मिल्ने अवस्था देखिदैन। भिन्ना भिन्नै समयमा बसेको एकै मितिको बैठकमा आते जाते परिवहन भत्ता एक तर्फबाट मात्र खर्च लेखे पुग्नेमा एकै दिनको बैठकमा आते जाते भनि दुवै तर्फबाट परिबहन भत्ता समेत खर्च लेखी भुक्तानी गरेको पाईएकोले दोहोरो भुक्तानी गरेको बैठक भत्ता रु २२,०००।- तथा परिवहन खर्च रु १०,८००।- सामेत जम्मा रु ३२,८००।- विभिन्न ९ पदाधिकारीहरुबाट असूल गर्नुपर्दछ ।

४.२ **निर्देशिका विपरित खर्च :** प्रेश काउन्सिल नेपाल खर्च निर्देशिका, २०६९ को दफा ५ मा त्रैमासिक जर्नल तथा वार्षिक प्रतिवेदन प्रकाशन गर्ने क्रममा खटिने पदाधिकारी तथा कर्मचारीहरुलाई काम अनुसारको पारिश्रमिक पाउने व्यवस्था गरेको छ । यस वर्ष प्रकाशित वार्षिक प्रतिवेदन र संहिता जर्नल प्रकाशन गर्ने कार्यमा संलग्न पदाधिकारी र कर्मचारीलाई खर्च निर्देशिकाले तोके अनुसारको दरले पारिश्रमिक भुक्तानी गर्नु पर्नेमा अन्तराष्ट्रिय सम्वन्ध एवं प्रकाशन तथा अनुसन्धान उपसमितिको निर्णय अनुसार, "विभिन्न मितिमा बसेको बैठकको माईन्युट तथा स्वीकृत बजेट र खर्च निर्देशिका तथा २०७२।६।१३ को बैठको पारिश्रमिक सम्वन्धी नजिर समेतको आधारमा" भन्ने वाक्याँश उल्लेख गरी उक्त मौजुदा खर्च निर्देशिकाले तोकेको भन्दा वढी दरमा पारिश्रमिक दिने उप-समितिबाट निर्णय गरी भुक्तानी भएका निम्नानुसाररु.१,५९,०००।- नियमानुसार खर्च भएको नदेखिएकोले कानून विपरित खर्च लेख्ने पदाधिकारीलाई जिम्मेवार बनाई असूल गर्नुपर्ने देखिन्छ ।

गौ भा नं । मिति	प्रकाशन विवरण	सम्पादित कार्य विवरण	पाउनु पर्ने पारिश्रमिक	भुक्तानी गरेको पारिश्रमिक	वढी भुक्तानी रकम	भुक्तानी पाउने पदाधिकारी
२७।२०७३।४। ३२	संहिता जर्नल २९ औं अंक	लेख रचना संपादन	२५०००	४००००	१५०००	संयोजक किशोर श्रेष्ठ
		टाईप	३०००	५०००	२०००	अर्जुन कुमार राउत
		टाईप/ डिजाइन	३०००	६०००	३०००	दीपक घिमिरे
२२१/२०७३ /७/२६	वार्षिक प्रतिवेदन र संहिता र्जनल ३० औ	लेख रचना संपादन	१५०००	४५०००	३०००	संयोजक किशोर श्रेष्ठ
		लेख रचना संपादन	२५०००	५००००	२५०००	संयोजक किशोर श्रेष्ठ
		प्रुफ रिडिङ	५०००	१५०००	१००००	जगदीश प्रसाद पौडेल
		वार्षिक प्र. संहिता जर्नल	५०००	१००००	५०००	जगदीश प्रसाद पौडेल
५२०/२०७३ /१२/१५	संहिता जर्नल ३१ औं	लेख रचना संपादन	२५०००	४५०००	२००००	संयोजक किशोर श्रेष्ठ
		संपादनमा सहयोग	१५०००	२५०००	१००००	जगदीश प्रसाद पौडेल
		डिजाइन	३०००	६०००	३०००	शिव अधिकारी
		टाईप	३०००	६०००	३०००	दिपक घिमिरे

६३२/२०७४ /२/७	संहिता जर्नल ३२ औ	लेख रचना संपादन	२५०००	५००००	२५०००	संयोजक किशोर श्रेष्ठ
		टाईप/ डिजाइन	३०००	७०००	४०००	अजुन कुमार राउत
		टाईप	३०००	६०००	३०००	दिपक घिमिरे
		प्रुफ रिडिङ	५०००	१५०००	१००००	जगदीश प्रसाद पौडेल
				जम्मा	**१,५९,०००**	

४.३ **पेश्की** :काउन्सिल सदस्य धर्मेन्द्र झाको रु ३८,०००।- र सदस्य नवल किशोर यादव रु २०,०००।- गरी रु.५८,०००।- गत विगत वर्ष देखिको पेश्की बाँकी हिसाबमा देखाएको पाईयो । गत विगत देखिको पेश्की फछ्यौंट नगरी बाँकी राख्ने पदाधिकारीलाई जिम्मेवार बनाई नियमानुसार फछ्यौंट गर्नु पर्दछ ।

४.४ **बढी भुक्तानी** : मूल्य अभिवृद्धि कर बाहेक सम्झौता रकम रु.१६,५२,६६२।४० र १३ प्रतिशत मूल्य अभिवृद्धि कर थप रु.२,१४,८४६।११ समेत जम्मा रु१८,६७,५०८।५१ मात्र भवन निर्माण वापत भुक्तानी गर्नु पर्नेमा ग्यालेस्सी कन्स्ट्रक्सनलाई रु.१८,७५,७९३।१० भुक्तानी भएकोले सम्झौता भन्दा बढी भुक्तानी भएको रु.८,२८४।५९ असूल गर्नुपर्दछ ।

४.५ भवन निर्माण तर्फ खर्च भएको रु १८,७५,७९३।१०, खानेपानी फिल्टर मर्मत रु २०,३६३।-, रेन वाटर पाईप मर्मतमा रु २०९४४।- र च्याक निर्माणको खर्च रु १,४०,०००।- समेत जम्मा रु २०,५७,१००।१० भवन निर्माण खर्च देखाईएको पाईयो । नेपाल लेखामान अनुसार सम्पत्ति पूँजीकरण गर्नुपर्नेमा गरेको छैन । त्यसै गरी २ वटा फलामे च्याकलाई छुटै शीर्षकमा लेखा नराखी भवन निर्माण खर्च शिर्षकमा लेखाङ्कन गर्नु लेखा सिद्धान्त विपरीत रहेको छ ।

४.६ ५ वटा कम्प्यूटर र २ वटा प्रिन्टर खरिद गरेको विल रकम रु १,५२,५७८।२५भएको हाम्रो कम्प्युटर ट्रेड नारायणगढ, चितवनको विल संलग्न राखि पत्रकार महासंघ जिल्ला कमिटि, चितवनको माग अनुसार रु १,५०,०००।- भुक्तानी गरेको देखियो । मिडिया विकास कोष नीति, २०६६ को १४ (ग) अनुसार सञ्चार केन्द्रको निमित्त आवश्यक पर्ने उपकरणहरु खरिद गर्न लाग्ने रकम मध्ये ५० प्रतिशत सम्म रकम कोषले अनुदान स्वरुप उपलब्ध गराउने व्यवस्था विपरित १०० प्रतिशत रकम उपलब्ध गराएकोले बढी भुक्तानी रु.७३,७११।- फिर्ता गरी कोष दादिला गर्नु पर्दछ । सम्झौता विपरित भुक्तानी दिने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

४.७ प्रेस काउन्सिल मिडिया विकास कोष उप समितिको विनियम, २०५१को दफा ९(ग) अनुसार उप समितिको कोषको संचालन गर्ने र उपयुक्त व्यवस्थाद्वारा आय आजर्न हुन सक्ने गरी लगानी गर्ने साथै आर्जित आय समेत उप समितिको उद्देश्यको प्रयोजनको लागी प्रयोग गर्ने भन्ने उल्लेख छ । यस वर्ष रु २०,५७,१००।-भवन निर्माणमा खर्च गरेको मिडिया विकास कोष नीति, २०६६ को उद्देश्य प्रतिकुल खर्च देखिन्छ । जस्को कारण रु १३,६२,०९०।६८ ले पूँजी कोष घटेको छ साथै पत्रकारिता क्षेत्रको विकासमा सहयोग पुऱ्याउने मिडिया विकास कोषको प्रमुख उद्देश्य रहेकोमा उद्देश्य अनुरुप खर्च देखिएन ।

४.८ मिडिया विकास कोष नीति, २०६६ को दफा १० (छ) अनुसार स्नातकोत्तर अध्ययनरत ग्रामिण विकास तथा पत्रकार आचार संहिताका विषयमा सोधपत्र लेख्नका लागी प्रस्ताव आएमा वर्षमा एक जना पत्रकारीता क्षेत्रकाविद्यार्थीलाई सहयोग गर्ने नीति अनुसार रु.२५,०००।- एक जना सोधकर्तालाई दिनु पर्नेमा यस वर्ष ४ जनालाई नीति विपरीत जनही रु.२५,०००।- ले रु १,००,०००।- प्रदान गरेको नीति विपरीत देखिन्छ । नीति विपरित कार्य गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

५. व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा दशाईएको छ ।

६. लेखापरीक्षकको राय

हाम्रो रायमा, माथि अनुच्छेद ४ मा औंल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्न सक्ने असर बाहेक, संलग्न वित्तीय विवरणले प्रेस काउन्सिल नेपालको २०७४ आषाढ मसान्तको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको आर्थिक वर्षको सञ्चालन नतिजा र नगद प्रवाह विवरणको नेपाल लेखामान बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

/ffi^«o cfjf; sDkgL lnld^]-2072.73_

१. *lj=;+=o ljj/)f pk/ k|ltj]bg*

*xfdLn] o;}:fy ;+nUg /ffi^«o cfjf; sDkgL lnld^]*sf] 2073 cfiff(d:fGtsf] jf:nft Pj+ :f]xL ldltdf ;dfK5t ePsf] cfly{s jif{sf] gfkmf gf]S;fg lx;fa, gub k|jfx ljj/)f, O{lSj^Ldf ePsf] kl/jt{g ;DalGwt ljj/)f / tT;DaGwL n]vf gLlt tyf n]vf r^K5)fL ;dfj]z ePsf] lj=;+=o ljj/)fsf] n]vfk/LIff)f;DkGg u/]sf%f} .

२. *lj=;+=o ljj/)f pk/ Joj:yfkgsf] lhDd]jf/L*

*g]kfn n]vfdfg, ;DalGwt Pl/g nufot k|rlnt cGo Pl/g, lgod tyf cEof; cg"?k oL lj=;+=o ljj/)f tof/L ug]{ Pj+ plrt ?kdf k|:t"lts/)f ug]{ lhDd]jf/L sDkgLsf] Joj:yfkgdf /x]sf] %. o:tf] lhDd]jf/L cGtu{t lj=;+=o ljj/)f hfn;fhL q"r^nufot :f/e't?kdf unt cf+s*f/lxt k|:t"lts/)f ug]{, cfjZos cfGtl/s lgoGq)f k|)ffnL lg/Gt/ k|efjsf/L ?kdf sfof{Gjog x"g]u/L :yflkt ug]{, pko"Qm n]vfgLltsf]%gf}^ tyf sfof{Gjog ug]{ / cfjZostf cg";f/ plrt n]vf cg"dfg nfu" ug]{ sfo{ kb{%g\ .*

३. *n]vfk/LIfosf] lhDd]jf/L*

*xfd|f] lhDd]jf/L k|:t"t lj=;+=o ljj/)fx? pk/ n]vfk/LIff)fsf] cfwf/df /fo Jo'Qm ug"{ xf]. xfdLn] g]kfn n]vfk/LIff)fdfg / dxfn]vf k/LIfssf] sfof{no n] hf/L u/]sf] n]vfk/LIff)f dfu{bz{gsf cfwf/df n]vfk/LIff)f u/]sf%f}+ . tL n]vfk/LIff)fdfg tyf n]vfk/LIff)f dfu{bz{g cg";f/ Joj:flos cfrf/ ;+lxtfsf] kfngf ug]{ / lj=;+=o ljj/)fx? :f/e"t?kdf unt cf+s*f/lxt k|:t"tL ePsf]% eGg] s"/fdf cyf]lrt cfZj:ttf k|bfg ug{ n]vfk/LIff)f of]hgf th"{df u/L tbg";f/ n]vfk/LIff)f ;DkGg ug]{ sfo{ kb{%g\ .*

lj=;+=o ljj/)fdf pNn]lvt /sd tyf v"nf:f ul/Psf ;'rgf nufot cGo ljj/)fsf af/]df k"i^\ofO{Psf cy]i^ k|df)f ;+sng ug]{, k|df)fsf] k)f{ jf cf+lzs jf%\s] k/LIff)f ug]{ sfo{ljlw n]vfk/LIff)fdf ;dfj]z x"G% . o;/L cjnDag ul/Psf n]vfk/LIff)f sfo{ljlwdf lj=;+=o ljj/)f hfn;fhL jf q"r^af^ :f/e't?kdf unt cf+s*f k|:t"t x"g;Sg] s"/fdf cjnDag ul/g] n]vfk/LIff)fsf] hf]lvd d'Nof°g n]vfk/LIfssf] Joj:flos ljj]sdf lge{/ x"G% . n]vfk/LIff)faf^ hf]lvd d'Nof°g ug]{ qmddf lgsfosf] lj=;+=o ljj/)f tof/L tyf cyfy{ k|:t"lts/)fsf] nflu cfjZos kg]{ cfGtl/s lgoGq)fsf] pko"Qmtfaf/]df k/LIff)f ul/Psf]% tfklg To:tf] cfGtl/s lgoGq)f k|)ffnLsf] k|efjsf/tfaf/] n]vfk/LIff)faf^ /fo Jo'Qm ug]{ p@]Zo /flvPsf]%}g . Joj:yfkgn] lj=;+=o ljj/)f tof/ ubf{ k|of]u u/]sf n]vfgLltsf] ;fGble{stf, ljZn]if)f / n]vf cg"dfgsf] pko"Qmtfsf ;fy}, lj=;+=o ljj/)fsf] ;du| l:yltsf] d'Nof°g ug"{ ;d]t n]vfk/LIff)f cGtu{t kb{% .*

xfdLn] n]vfk/LIff)fsf] qmddf k|fK5t u/]sf k|df)fx?n] s]lkmot ;lxtsf] n]vfk/LIff)f/fo Jo'Qm ug]{ ;Gble{df kof{K5t / pko"Qm cfwf/ k|bfg ub{% eGg] s"/fdf xfdL ljZj:t%f}+ .

४. *n]vfk/LIff)f/fo Jo'Qm ug]{ cfwf/ M*

s]lkmot ;lxtsf] /fo Jo'Qm ug{] cfwf/sf ?kdf lj=;+=o ljj/)fdf ;f/e't c:/kg{] Joxf]/flgDgfg";f/%g\ M

४.१. *sDkgLn] cfK5fm\gf] p@]Zo adf]lhd g]kfnsf] ljleGg :yfgdf /x]sf e'ldlxgx?nfO{ h'Uuf K5nf^"u/L ;"ky d'Nodf ljqmL ug]{ zt{ ;lxt g]kfn ;/sf/n] sDkgLnfO{ ljut jif{df ljleGg :yfgdf lgz"Ns ?kdf h'Uuf k|bfg u/]sf] lyof] . g]kfn n]vfdfg 10 -;/sf/L cg"bfgsf] n]vf°g tyf :/sf/L ;xof]usf] v'nf:f_ sf] cg"R%]bz3 cg";f/ olbsDkbfgn] g]kfn :/sf/ jf^ :/sf/L cg"bfgsf] ?kdf lgz"Ns h'Uuf k|ffK5t u/\of] eg] ;f] h'Uufsf] jhf/ d'No d'Nof°g u/L k|ffK5t u/]sf] h'Uufsf] n]vf°g ug"kg]{ x"G% . To;}ul/ g]kfn n]vfdfg 10 cg";f/g} h'Uufsf] jhf/ d'No j/fj/sf] /sd nfO{ k/ ;fl/Psf] ;/sf/L cg"bfgsf] ?kdf bfloTj zLif{s cGtu{t n]vf°g u/L ;f] h'Uuf ljqmL kZrft p'Qm /sdnfO{ sDkgLsf] cfDbfgLdf hgfpg"kg]{ Joj:yf/x]sf]% .*

*n]vfk/LIff)fsf] qmddf sDkgLn] g]kfn ;/sf/af^ cg"bfgsf] ?kdf k|fK5t u/]sf] h'Uufx?nfO{ d'Nof°g ul/ k"gd'{Nof°g sf]ifdf 2072÷73 ;Dd ?=2 ca{ 49 s/f]*7 nfv 15 xhf/ n]vf°g u/]sf] g]kfn n]vfdfg 10 cg"?k%]g .*

४.२. cfos/ P]g, 2058 sf] bkmf 8-2_ df sd{rf/Ln] sDkgLdf sfd u/]jfkt kfPsf] ;a} k|sf/sf] ;]jf tyf ;"ljwf t/ bkmf 8-3_ afx]s ;a}nfO{ sd{rf/Lsf] kfl/>lds cfodf ;dfj]z u/L sd{rfl/sf] kfl/>lds s/ lgwf{/)f ug"{kg]{ pNn]v /x]sf] % . Tc;} u/L sDkgLn] cfkm\gf sd{rfl/x?nfO{ jkif/df k|rlnt Joflhb/ eGbf ;x"lnot Aoflhb/df ;fkl^ lbg] u/]sf] ePp"Gm ;x"lnot j/fj/sf] Joflh /sdnfO{ klg sd{rf/Lsf] kfl/>lds cfodf ;dfj]z u/L kfl/>lds s/ lgwf{/)f ug"{kg]{ pNn]v /x]sf] %.

n]vfkl/Jf)fsf] qmddf sDkgLn] cfkm\gf sd{rf/Lx?nfO{ h"Ubuf ;fkl^ cGt{ut 4 b]lv 10 k|ltzt Joflhb/df h"Ubuf ;fk^L k|bfg u/]sf] b]lvg cfof] h"g jkif/df k|rlnt Joflhb/ eGbf sd xf] t/ sDkgLn] p"Gm ;x"lnot j/fj/sf] Joflh /sdnfO{ klg sd{rf/Lsf] kfl/>lds cfodf ;dfj]z u/L kfl/>lds s/ lgwf{/)f u/]sf] kfOPg .

४.३. sDkgLsf] cfly{s ljlgodfjnL, 2068 sf] ljlgod 19-1_ df sDkgLsf lhGr;L dfn;fdfg s] s:tf ej:yfdf %g\ dxfk|aGwsn] jif{df slDtdf Ps k^s cfkm}n] lg/LJf)f u/L jf Tc:tf] dfn;fdfg lhDd]jf/L lng] sd{rf/L afx]s cGo sd{rf/L jf k|flj1wsåf/f lg/LJf)f ug{ nufO{ Tc;sf] k|ltj]bg lnlvt ?kdf n]vL jf lnO{ /fVg] Joj:yf ug"{kg]{ eGbf} pNn]v /x]sf] ePtf klg o; sfof{nosn] ef}lts k/LJf)f u/]sf] kfOPg . h;n] ubf{ ldGxf tyf lnnfd k|lqmof canDjg ePsf] b]lvPg .

४.४. 2072÷73 df s]Gb|Lo sfof{no / of]hgf sfof{nox?df sfo{/t sd{rf/Lx?nfO{ pkbfg afkt ?= 53 nfv 51 xhf/ s]Gb|Lo sfof{nosf] k|zf;lgs vr{df l;w} n]vf°g ul/Psf] kfO{of] . g]kfn n]vfdfg -sd{rf/L ;"ljwf_ cg";f/ sd{rf/Lx?sf] pkbfg, pkrf/ / aLdf Joj:yfsf] nflu aLdf°Lo d'Nof°g -Actuarial Valuation_ u/fO{ sf]if:yfkgf ug"{kg]{ / p"Gm vr{ ;f]xL sf]ifaf^s$L ug"{kg]{ Joj:yf/x]sf] t/ sDkgLn] ;f] Joj:yfkfngf u/]sf] b]lvPg .

४.५. sDkgLn] of]hgf sfo{nodf sfo{/t sfod d"sfod of]hgf k|d"v x?nfO{ k|lt dlxgf ?= 5,000.0 sf b/n] Jof"Gmut df]afOn l/rfk{ vr{ bfjL u/L e"Gmfg LbPsf] n]vfk/LJf)fsf] qmddf b]lvg cfof] . t/ ;+:yfsf] lgodfjnLx?df ;f] ;]jfsf] Joj:yf pNn]v gePsf] kfOof] / ;f] ;"lawfnfO{ sf=d'= of]hgf k|d"vsf] kfl/>lds cfo lgwf{/)f ubf{ ;d]t ;dfj]z gul/Psf] kfO{of] .

४.६. g]kfn ;/sf/ / o; sDkgL aLr ePsf] ;Demf}tf cg"?k h"Ubuf ljt/)f ubf{ dfnkf]t sfof{nodf /lhi^«]zg k|of]hgsf] nfuL s]xL /sd cltl/"Gm z"Ns lnO{ h"Ubufwg k|df)fk'hf{ lbg] Joj:yf ul/Psf] / o;/L cltl/"Gm z"Nsaf^pkn"Aw x"g] /sdsf] krf; k|ltzt /fh:j bfloTj ug{ 2050÷09÷22 df g]kfn ;/sf/ dfGqkl/ifb\sf] lg)f{o ePtf klg sDkgLn] g]kfn ;/sf/nfO{ a"emfpg"kg]{ ?=1 s/f]* 24 nfv 48 xhf/ bfloTj u/]sf] kfOPg . ;fy} of]hgf sfof{nox?df k'gjf{; sfo{qmd cGtu{t ?=1 nfv 49 xhf/ u/L h"Ddf ?=1 s/f]* 25 nfv 97 xhf/ g]kfn ;/sf/nfO{ e"Gmfg L u/]sf] kfOPg . h"Ubuf d"cfAhf;jfkt sDkgLn] g]kfn ;/sf/af^k|fK;t ug{ af+sL /x]sf] sf/)F ;f] lx;fa km/kmf/s gePsf]n] lx;fa km/kmf/s ug{ ;DalGwt kbfloTj/Lx?nfO{ lhDd]jf/ agfpg"kb{%.

५. Joj:yfkg kq

Joj:yfkgn]:"wf/ ug"{kg]{ Joxf]/f o;}:fy ;+n"Ug Joj:yfkg kqdf bzf{OPsf]%.

६. n]vfk/LJfosf]/fo

xfd|f] /fodf s}lkmot ;lxtsf] n]vfk/LJf)f /fo Jo"Gm ug{] cfwf/sf ?kdf cg"K%]b 4 df cf+}NofOPsf ljifon] lj"GLo ljj/)fx?df kg]{ c:/afx]s, ;+n"Ug lj"GLo ljj/)fn] /fli^«o cfjf; sDkgL lnld^]*sf] 2073 cfiff{ d;fGtsf] lj"GLo l:ylt, ;f]xL ldltdf;dfK;t ePsf] jif{sf] ;+rfng gltlhf/gub k|jfx ljj/)fsf] g]kfn n]vfdfg adf]lhd;xL/cyfy{lrq)f ub{%.

७. sDkgL P]g, 2063 sf] k|fjwfgsf] kfngf;DaGwL k|ltj]bg M

७.१. n]vfk/LJf)fsf] nflu dfu u/] cg";f/ cfjZos ;'rgf Pj+ :kli^s/)f k|fK;t eof].

७.२. k/z ePsf] jf;nft Pj+ gfkmf gf]S;fg lx;fa sDkgLn]/fv]sf]›]:tf;+u b"?:t/x]sf]%.

७.३. sDkgLsf] lx;fa lstfa Pj+ ›]:tf n]vfk/LJf)fsf] cl^Gtd k|ltj]bgdf pNn]v ePsf l^K;f]L afx]s k|rlnt sfg'g adf]lhd /flvPsf%g\.

७.४. xfdLnfO{ k|fK;t ePsf] ljj/)f, ul/Psf] ;f]wgL tyf pkn"Aw u/fOPsf] ;'rgfsf] cfwf/df sDkgLsf sd{rf/L tyf;~rfnsn] sDkgLnfO{ xfgL gf]S;fgL u/]÷u/fPsf] xfd|f] hfgsf/Ldf cfPsf]%]g .

७.५. sDkgLdf n]vf;DaGwL s"g} hfn;fhL ePsf] xfd|f] hfgsf/Ldf cfPsf]%]g .

राष्ट्रिय बीउ बिजन कम्पनी लिमिटेड (२०७३।७४)

१. वित्तीय विवरण उपर प्रतिवेदन

हामीले राष्ट्रिय बीउ बिजन कम्पनी लिमिटेडको २०७४ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको आय व्यय विवरण, नगद प्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र प्रमुख लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्बन्धित ऐन, नियम, कानून अभ्यास अनुरुप यी वित्तीय विवरण तयार गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटि लगायत सारभूत रुपमा गलत आँकडारहित प्रस्तुतिकरण गर्ने, प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमानहरु लागू गर्ने कार्य पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा हामीले लेखापरीक्षण गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडारहित प्रस्तुती भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्ने लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याईका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएतापनि यस्तो आन्तरिक नियन्त्रण प्राणालीको प्रभावकारीता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखाअनुमानको उपयुक्तताको साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. कैफियत सहितको राय व्यक्त गर्ने आधार :

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

४.१. **स्थिर सम्पत्ति** : नेपाल लेखामान ६ अनुसार सम्पत्तिको उपयोग आयु, प्रयोग गर्ने तरिका, अवशेष मूल्य आदिको आधारमा ह्रास दर निर्धारण गर्नुपर्नेमा संस्थाले अबलम्बन गरेको ह्रास कट्टी आयकर ऐन अनुसार गणना गरेको पाइयो ।

४.२. **जिन्सी मौज्दात** : नेपाल लेखामान अनुसार परल मूल्य वा खुद प्राप्त योग्य मूल्य जुन कम हुन्छ, सोमा देखाउनुपर्नेमा कम्पनीले परल मूल्यमा जिन्सी मौज्दातको मूल्याङ्कन गरेको छ । जिन्सी मौज्दातको खुद प्राप्तयोग्य मूल्य गणना गरेकाले लागत मूल्य र खुद प्राप्तयोग्य मूल्यको फरक रकमको यकिन गर्न सकिएन ।

४.३. **उत्पादन प्रक्रिया खर्च** : कम्पनीले यस आर्थिक वर्षमा लगाएको बाली नाली फसल तयार भईनसकेको कारणले उक्त उत्पादन हुन बाँकी अन्नबालीको उत्पादनमा लागेको खर्च रु. ७० लाख ७ हजार जिन्सी मौज्दात अन्तर्गत उत्पादन प्रक्रियामा रहेको खर्च भनि समावेश गरी अन्नबाली उत्पादन भई विक्री भएको वर्षमा खर्च लेख्नु पर्नेमा उक्त खर्च चालु आर्थिक वर्षको नाफा नोक्सान हिसाबमा खर्च लेखेको छ ।

५. व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा दर्शाइएको छ ।

६. लेखापरीक्षकको राय

हाम्रो रायमा माथि कैफियत सहितको राय व्यक्त गर्ने आधारका अनुच्दद ४ अन्तर्गत उल्लेखित व्यहोराहरुबाट पर्नसक्ने असर बाहेक संलग्न वित्तीय विवरणले संस्थाको २०७४ आषाढ मसान्तको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय व्यय विवरण, नगद प्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरणको नेपाल लेखामान बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

७. कम्पनी ऐन, २०६३ को प्रावधानको पालना सम्बन्धी प्रतिवेदन

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना तथा स्पष्टीकरणहरु सम्पूर्ण रुपमा पाएका छौं ।

ख) कम्पनीले आफ्नो हिसाव किताब र अभिलेखहरु प्रचलित कानुन बमोजिम राखेको छ ।

ग) संलग्न वासलात, आय विवरण, नगद प्रवाह विवरण कम्पनी ऐन, २०६३ को प्रावधान अनुसार तयार भएको तथा कम्पनीले राखेको हिसाब किताब, श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन ।

घ) हामीलाई उपलब्ध गराइएको सुचना तथा स्पष्टिकरणको आधारमा हिनामिना गरी कारवाहीमा परेका र अनुच्छेद ४मा उल्लेख गरेको बाहेक, संचालक समिति वा कुनै संचालक वा कर्मचारीले कानुनको प्रावधान विपरित वा अनियमित कार्य गरेको वा कम्पनीको हानी नोक्सानी गरे गराएको कुरा हाम्रो जानकारीमा आएन ।

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड (२०७३।७४)

१. वित्तीय विवरण उपर प्रतिवेदन

हामीले यसैसाथ संलग्न राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको आषढ ३१, २०७४ को वासलात, सोही मितिमा समाप्त भएको वर्षको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी महत्वपूर्ण लेखानीति तथा लेखा टिप्पणी सम्मिलित वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्बन्धित ऐन लगायत अन्य ऐन, नियम, कानुन अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय बिवरण जालसाजी, त्रुटि लगायत सारभूत रुपमा गलत आँकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमान लागु गर्ने कार्य पर्दछन् ।

३. लेखापरीक्षको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । हामीले नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शन बमोजिम लेखापरीक्षण सम्पन्न गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार हामीलाई व्यवसायिक नैतिकताको पालना गर्ने तथा

वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटिरहित भएको बारेमा मनासिब आश्वासन प्राप्त गर्न लेखापरीक्षणको योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लेखित रकम र खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याँई गर्ने यथेष्ठ प्रमाण प्राप्त गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा संग्लन हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडा प्रस्तुती हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयार गरी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

लेखापरीक्षणमा प्राप्त प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. कैफियत सहितको राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणहरुमा सारभूत असर पार्ने व्यवहारोहरु निम्नानसुार रहको छन्:

४.१ खुद सम्पत्ति :

व्यवस्थापनले तयार गरेको वित्तीय विवरण अनूसार २०७३।७४ को अन्त्य सम्ममा खुद सम्पत्ति रु. १०अर्ब ४८ करोड ४० लाख (गत वर्ष रु ८ अर्ब ६० करोड ६२ लाख) रहेको छ । यसै प्रतिवेदनमा उल्लेखित कैफियतहरुको यथोचित समायोजन गर्दा सो रकममा असर पर्नेछ ।

४.२ शाखा हिसाब मिलान

अन्तर शाखा हिसाब मिलानको अवस्था कमजोर रहेकोले यस वर्षको अन्त्य सम्ममा अन्तर शाखा हिसाब मिलान हुन बाँकी रकम रु ४ अर्व १६ करोड ३७ लाख ३७ हजार (गत बर्ष ३ अर्ब ३६ करोड ८९ लाख ८० हजार) देखिएको छ । हिसाब मिलान हुन नसकि वर्षौंदेखि बाँकी रहेका रकमहरु समेत समावेश रहेको, आयुगत बक्यौता विवरण तयार गरी चारीत्रीकरण नगरेको र त्यस्ता रकमहरुको हिसाब मिलान नभएबाट बैंकको सम्पत्ति, दायित्व, आय तथा व्ययमा कारोबारको प्रकृति अनूसार पर्नसक्ने असर सम्बन्धमा यकिन गर्न सक्ने अवस्था रहेको छैन ।

४.३ कार्ड हिसाब मिलान

हिसाब मिलान नभएका कार्ड हिसाब अन्तर्गत सम्पत्ति र दायित्वमा धेरै लामो समय देखि तिर्नु पर्ने खुद रकम रु. ८ करोड ९८ लाख रहेको देखिन्छ ।

४.४ ऋणात्मक निक्षेप खाता :

निक्षेप हिसावमा २०७३।७४ को अन्त्य सम्ममा रू. ५ करोड ५७ लाख ३४ हजार (विगत वर्ष रू.५ करोड ६१लाख ४५ हजार) ओभरड्रन भएको देखिन्छ । यस सक्बन्धमा छानविन गरी जिम्मेवार व्यक्ति पहिचान गरी कारबाहि गर्नुपर्दछ ।

४.५ ब्याज असूली

बैङ्कले प्रदान गरेको ऋण असुली गर्दा ब्याज बाँकी हुने तर साँवा सबै असुली हुने अवस्था रहनु हुँदैन । तर बैङ्कको विगत वर्षदेखि नै केही कर्जाहरुको साँवा शून्य भइसक्दा पनि उक्त कर्जाको ब्याज रु.३८ करोड ९१ लाख बाँकी देखिन्छ । यसरी ब्याज बाँकी राखेर साँवामात्र असुली गरी बैङ्कलाई हानि नोक्सानी पुऱ्याउने जिम्मेवार पदाधिकारीबाट उक्त रकम असुल गर्न गराउन कारबाही हुनुपर्दछ ।

४.६ कर्मचारी बोनस

यो वर्षको रु.३१ करोड ७३ लाख समेत वर्षान्तमा रु.५९ करोड १४ लाख ७५ हजार कर्मचारी बोनस व्यवस्था गरेकोमा नेपाल सरकारको स्वीकृति प्राप्त भएको छैन । उक्त रकममा २०५३।५४ र २०५४।५४ सालको बोनस रु.१ करोड ११ लाख ६७ हजारसमेत समावेश छ । वितरण गर्न नमिल्ने बोनस व्यवस्था गरेको रकम आम्दानी बाँध्नुपर्दछ ।

४.७ जग्गाधनी प्रमाणपूर्जा

नेपाल खाद्य संस्थानवाट रु.७ लाख ८० हजारमा खरिद गरेको भद्रकाली प्लाजा स्थित १५ रोपनी १ आना ३ पैसा जग्गाको जग्गाधनी दर्ता प्रमाणपुर्जा प्राप्त गरेको छैन । यसबारेमा विगत वर्षदेखि औँल्याउदै आएकोमा स्थिति यथावत् छ ।

४.८ स्थिर सम्पत्तिहरुको भौतिक परीक्षण

स्थिर सम्पत्तिहरुको भौतिक परीक्षण नगरिएको स्थितिमा अभिलेख बमोजिमको स्थिर सम्पत्ति भौतिक रुपमा रहे नरहेको यकिन गर्न सकिएन ।

४.९ आयकर

अन्य सम्पत्ति अन्तर्गत २०७३।७४ को अन्त्यमा अग्रिम आयकर रु.१ अर्ब ६६ करोड ७२ लाख देखाएको छ । विगतका वर्षहरुमा राजस्व न्यायधिकरणबाट फैसला भई बैंकले स्वीकार गरेको आयकर दायित्वलाई बैंकले माथि उल्लेखित अग्रिम आयकरवाट समायोजन गरेको छैन ।

४.१० कर्जा अपलेखन

अपलेखन गरेका कर्जाहरुको धितो बैङ्कले सकार गर्ने र नगरेमा अपलेखन गर्न नमिल्ने निर्देशन नेपाल राष्ट्र बैङ्कले जारी गरेकोमा सो विपरीत २०६२।६३ मा धितो सकार नगरी कर्जा अपलेखन गरेकोमा सो कार्य अनियमित भई नियमित गर्न त्यस्तो सम्पत्ति २०६४।६५ भित्रमा सकारी सक्ने गरी नेपाल राष्ट्र बैङ्कबाट स्वीकृति लिएकोमा यो वर्ष पनि सो कार्य हुन सकेको छैन । यो वर्षसम्ममा साँवा बापत रु.४ अर्ब ८१ करोड ३६ लाख र ब्याजबापत रु.४४ अर्ब ७३ करोड ८ लाख धितो सकार नगरी कर्जा अपलेखन गरेको छ । यो आर्थिक वर्षको साँवा रु.७ करोड ६४ लाख र ब्याज रु.१६ करोड १८ लाखसमेत २०७३।७४ सम्ममा साँवा रु.१ अर्ब ५८ करोड र ब्याज रु.१ अर्ब ३३ करोड ५६ लाख मात्र असुलउपर भएको छ । साँवा रु.३ अर्ब २२ करोड ७० लाख असुलउपर गर्न बाँकी रहेको देखिन्छ । कर्जा अपलेखन विनियमावली, २०६२ अनुसार अपलेखन गरिएका कर्जा फाइल तथा अभिलेख अद्यावधिक गरेको छैन । अपलेखित कर्जामध्ये एक एयरसँग असुली गर्न बाँकी कर्जा रु.३ करोड ७४ लाख र नियमित ब्याज रु.९ करोड ३० लाख, एक ट्रेड कन्सर्नसँग असुल गर्न बाँकी कर्जा रु.१७ लाख र नियमित ब्याज रु.५६ लाखलगायतको धितोसमेत नरहेकोले साँवा ब्याज असुली शंकास्पद देखिन्छ ।

उदाहरणका लागि एक एयरसँग असुली गर्न बाँकी कर्जा रु ३ करोड७४ लाख र नियमित ब्याज रु ९ करोड ३० लाख, एक ट्रेड कन्सर्नसंग असूल गर्न बांकी कर्जा रु. १७ लाख र नियमित ब्याज रु. ५६ लाख रहेको छ । अपलेखित कर्जा मध्ये धितो नपुग रहेको विवरण अद्यावधिक गरेको छैन ।

४.११ शाखा हिसाब मिलान

अन्तर शाखा हिसाब मिलान हुन बाँकी रकम गत वर्षसम्म रु.३ अर्ब ३६ करोड ९० लाख रहेकोमा यो वर्षको अन्त्य सम्ममा रु.४ अर्ब १६ करोड ३७ लाख देखिएको छ । वर्षौंदेखि हिसाब मिलान हुन नसकी बाँकी रहेको रकमको आयुगत बक्यौता विवरण तयारी तथा चारित्रीकरण नगरेकोले अन्तर शाखा हिसाब मिलानको अवस्था कमजोर रहेको छ । यसबाट बैङ्कको सम्पत्ति, दायित्व, आय तथा व्ययमा कारोबारको प्रकृतिअनुसार पर्नसक्ने असर यकिन गर्न सक्ने अवस्था छैन ।

४.१२ डी रीक्जीनेशन

नेपाल लेखामान १६ को दफा ६७ डी रीक्जीनेशन (Derecognition) अनुसार कुनै सम्पत्तिको खुद मूल्यलाई निसर्ग गरिएमा वा भविष्यमा यसबाट कुनै आर्थिक लाभ प्राप्त हुने देखिएमा सम्पत्तिबाट हटाउनु पर्दछ । तर स्थीर सम्पत्ति रजिष्टरमा देखाईएका कतिपय सामानहरु प्रयोगमा नआएको र भविष्यमा यसबाट कुनै आर्थिक लाभ प्राप्त हूने नदेखिएको भएपनि सो सम्पत्तिको किताबी मूल्यको अपलेखन नगरी ह्रास कट्टी गर्ने गरिएको छ ।

४.१३ गैर बैंकिंग सम्पत्ति

विगत वर्षमा ऋण असुल गर्न धितो राखेको घर जग्गा बैंकले सकार गरेको रु ७ करोड ६९ लाख बराबरको सम्पत्ति अन्य व्यक्तिहरुले प्रयोग गरे वापत प्राप्त हुनु पर्ने आम्दानी लेखाङ्कन भए नभएको यकिन गर्ने परिपाटी नरहेकोले कुल आम्दानीको रकम यकिन गर्न सकिने अवस्था छैन । साथै सकार गरेका सम्पत्तिबाट भोगचलन गरिरहेका व्यक्तिहरुलाई हटाउन सकेको छैन ।

४.१४ निक्षेप

अप्रमाणित निक्षेप रु.३७ करोड ५६ लाख (गत वर्ष रु. ३४ करोड २४ लाख) सम्बन्धित निक्षेप खातामा जम्मा गर्न ढिलाई भएबाट एकातिर बैंकको शाखामा प्रतिकुल असर पर्न जाने देखिन्छ भने अर्कातिर त्यस्ता रकममा ब्याजको गणना नहुँदा ब्याज खर्च पनि कम लेखांकन हुन गएको छ ।

साथै, पाकिसकेको मुद्धती निक्षेप जम्मा रु.७४ करोड १६ लाख (गत वर्ष रु.६५ करोड २५ लाख) दायित्व अन्तर्गत नदेखाई निक्षेप हिसाबमा नै देखाइएको छ । केही निक्षेप हिसाबमा विगत वर्ष रु.५ करोड ६१ लाख ४५ हजार ऋणात्मक मौज्दात रहेकोमा २०७३।७४ को अन्त्य सम्ममा रु.५ करोड ५७ लाख ३४ हजार ऋणात्माक मौज्दात देखिएकोले यसमा खास सुधार भएको देखिएन । निक्षेपकर्ताले जम्मा गरेको भन्दा बढी रकम बैङ्क खाताबाट निकालेकोले यस्तो रकमबापत बैङ्कले शतप्रतिशत नोक्सानी व्यवस्था गरेको तर बैङ्कलाई नोक्सानी गराउने कर्मचारी तथा पदाधिकारीको पहिचान तथा असुल उपरको कार्य नभएकोले सञ्चालक समिति तथा सम्बन्धित पदाधिकारीलाई यस्तो रकम असुल गर्न गराउन जिम्मेवार बनाउनुपर्ने देखिन्छ ।

४.१५ नेपाल वित्तीय प्रतिवेदन मान

वित्तीय विवरणहरु तयारी वा प्रस्तुति गर्दा नेपाल वित्तीय प्रतिवेदन मानको लेखामान १ (वित्तीय विवरणको प्रस्तुतीकरण), नेपाल वित्तीय प्रतिवेदन मानको लेखामान ८ (लेखा नीति, लेखा अनुमानमा परिवर्तन तथा लेखांकन गल्ती), नेपाल वित्तीय प्रतिवेदन मानको लेखामान १६ (प्रोपर्टि प्लान्ट एण्ड इक्विपमेन्ट) र नेपाल वित्तीय प्रतिवेदन मानको लेखामान १८ (आय) को पुर्ण पालना गरेको छैन ।

नेपाल वित्तीय प्रतिवेदन मान अनुसार "क" वर्गका वाणिज्य बैंकहरुमा २०७२।७३ देखि अनिवार्य रूपमा लागु भई सो मान बमोजिम वित्तीय विवरणहरु तयार गर्नुपर्नेमा गरिएको छैन ।

४.१६ कर्मचारी अवकाश सुबिधा योजना

बैंकले कर्मचारीहरुलाई अवकाश हुँदा तिर्नुपर्ने दायित्वको लेखाङ्कन सोही आ.व.मा नगरि आगामी आ.व.मा मात्रै लेखाङ्कन गर्ने प्रचलन रहेकोमा यस वर्षान्तको अनुमानित दायित्वको व्यवस्था रु.२ अर्ब ९२ करोड २४ लाखले कमी रहेको देखिन्छ ।

४.१७ वासलात बाहिरका कारोबार

वासलात बाहिरका कारोबारहरु (बैङ्क ग्यारेन्टी, प्रतीतपत्र, आदि) को विवरण कुनै शाखाले भौतिक स्रेस्तामा र कुनै शाखाहरुले सफ्टवयरमा राखेको तर विवरण अद्यावधिक गरी लेखाङ्कन गरेको छैन । यस्ता कारोबारको लेखाङ्कन अद्यावधिक नहुँदा बैङ्कलाई उच्च जोखिम रहने देखिन्छ । साथै, अपरिवर्त्य कर्जा प्रतिबद्धताको अनुमान गर्ने संयन्त्र नभएको स्थितिमा अपरिवर्त्य कर्जा प्रतिबद्धता अन्तर्गत संम्भावित दायित्वमा देखाइएको रु.४ अर्ब ३२ करोड ६६ लाखको यथार्थता यकिन गर्न नसकिने देखिन्छ ।

४.१८ जिम्मेवारी मात्र सारिएका हिसाबहरु

पूराना पहिचान हून नसकेका अन्य सम्पति/दायित्व, हिसाव मिलान नभएका बैंक व्यालेन्स, पेअर्डर, दावी नपरेको दायित्व, असुलउपर गर्नु पर्ने कर्जा तथा सापटमा नमिलेको हिसाबहरु विगत वर्षहरु देखि जिम्मेवारी मात्र सार्दै ल्याईएको देखिन्छ ।

५. व्यस्थापन पत्र

नेपाल राष्ट्र बैङ्कको निर्देशनअनुसार गैरकार्यकारी सञ्चालकको संयोजकत्वमा बैङ्कमा एउटा लेखापरीक्षण समिति गठन गर्नुपर्ने, नेपाल राष्ट्र बैङ्कबाट जारी गरिएका नियमन व्यवस्था तथा बैङ्कको आन्तरिक नियन्त्रण प्रणाली र वित्तीय क्षेत्र सुधारका कुरा पालना गरे/नगरेको सम्बन्धमा लेखापरीक्षण समितिले निरन्तर समीक्षा गर्नुपर्नेमा लेखापरीक्षण समितिबाट यी कार्य गरेको देखिँदैन । २०७३।७४ को आर्थिक विवरणको समीक्षा पनि गरेको पाइएन । लेखापरीक्षण समितिको कार्यको क्षेत्र तथा प्रभावकारितामा कमी हुँदा बैंङ्कको आन्तरिक नियन्त्रण प्रणाली र संस्थागत सुशासनमा ह्रास आउन सक्दछ । यसैले नेपाल राष्ट्र बैङ्कको निर्देशन पालना गर्न तथा सुशासन कायम गर्न लेखापरीक्षण समितिलाई क्रियाशील बनाउनुपर्दछ ।

व्यवस्थापनले सुधार गर्नु पर्ने अन्य थप व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

६. कैफियत सहितको राय

हाम्रो रायमा, बुदाँ ४.१ देखि ४.१८ मा औंल्याइएका बिषयबस्तुले वित्तीय विवरणहरुमा पर्ने असरबाहेक, संलग्न वित्तीय विवरणहरुले प्रचलित कानूनको अधिनमा रही लागु गर्न सकिने हदसम्म नेपाल वित्तिय प्रतिवेदनमान, कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था ऐन, २०७३, तथा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम राष्ट्रिय बाणिज्य बैंकको ३१ आषाढ २०७४ को वित्तीय अवस्था, सोही मितिमा समाप्त भएको वर्षको सञ्चालन नतिजा र नगद प्रवाहको यथार्थर उचित चित्रण गर्दछ ।

७. अन्य ऐन तथा नियमहरुको पालना उपर प्रतिवेदन

हामीलाई उपलब्ध सूचना तथा जानकारी र हाम्रो लेखापरीक्षणको आधारमा कम्पनी ऐन २०६३ को दफा ११५(३) तथा बैक तथा वित्तीय संस्था ऐन २०७३ को दफा ६६(२) मा उल्लेख भएका व्यवस्थाहरुका सम्बन्धमा माथि दफा ६ मा उल्लेखित व्यवहोरा अतिरिक्त निम्नानुसार प्रतिवेदन पेश गर्दछौं ।

७.१ हामीलाई लेखापरीक्षणको सिलसिलामा, यस प्रतिवेदनमा अन्यत्र उल्लेख गरिएका वाहेक, आवश्यक ठानेका सबै सूचना तथा स्पष्टीकरण उपलब्ध भयो ।

७.२ माथि अनुच्छेद ६ मा उल्लेखित व्यवहोराहरु बाहेक कम्पनी ऐन अनूरुप बैंकले आफ्नो कारोवारको यथार्थ स्थिति स्पष्ट हुनेगरी लेखा राखेको पाइयो ।

७.३ वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र इक्वीटीमा भएको परिवर्तनको विवरणका साथै तत्सम्बन्धि अनूसुचीहरु नेपाल राष्ट्र बैंकले तोकेको ढाँचामा प्रस्तूत गरेको छ ।

७.४ हामीले प्राप्त गरेकोको सूचना, स्पष्टीकरण तथा बैंकको हिसाबकिताबको परीक्षणबाट बैंकका कुनै पदाधिकारीले प्रचलित कानुन विपरीत कुनै कामकाज वा अनियमित कार्य गरेको वा बैंकको हानि नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।

७.५ बैंकमा लेखासम्बन्धी कूनै जालसाजी गरेको हाम्रो जानकारीमा आएन ।

७.६ नेपाल राष्ट्र बैंकको निर्देशिका नं. ८ अनुसार इजाजतपत्र प्राप्त संस्थाले सर्वसाधारणमा शेयर विक्री गरि नेपाल धितोपत्र विनिमय बजारमा सूचीकृत भइसकेको संगठित संस्थाको शेयर तथा डिवेन्चरमा मात्र लगानी गर्नूपर्नेमा १० सूचीकृत नभएका निकायको शेयरमा रु. १० करोड ४५ लाख ६३ हजार लगानी गरेको छ । सो व्यवहोरा वाहेक नेपाल राष्ट्र बैंकले दिएको निर्देशन अनुरुप कार्य गरेको छ ।

७.७ बैंकका शाखा कार्यालयहरुबाट प्राप्त विवरणहरु लेखापरीक्षणको लागि पर्याप्त रहेको पाइयो ।

७.८ निक्षेपकर्ता र लगानीकर्ताको हित संरक्षण नहुने गरी कार्य गरेको हाम्रो जानकारीमा आएन ।

राष्ट्रिय समाचार समिति (२०७३।७४)

१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन

हामीले राष्ट्रिय समाचार समितिको (यस पछि रा.स.स भनिएको) २०७४ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्बन्धित ऐन, नियम, कानून अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटी लगायत सारभूत रुपमा गलत आँकडारहित प्रस्तुतिकरण, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमानहरु लागु गर्ने पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । हामीले नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडारहित प्रस्तुती भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्ने लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याईका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएतापनि यस्तो आन्तरिक नियन्त्रण प्राणालीको प्रभावकारीता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने प्रयोजन राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखाअनुमानको उपयुक्तताको साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. लेखापरीक्षण राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन् :

४.१ स्थिर सम्पत्ति : अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त भएको गाडी (महानगरीय ट्राफिक प्रहरी महाशाखाको च.नं. ५०४ मिति २०७१।०६।०२ को पत्र र रा.स.स.को च.नं. ९५ मिति २०७१।०५।२६ को पत्रानुसार) स्टोर दाखिला तथा सम्पत्तिमा लेखाङ्कन गरिएको छैन ।

४.२ जग्गा तथा भवन : यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन् :

४.२.१ लेखापरीक्षणको क्रममा सिलगढी-४ डोटी, इटहरी-४ सुनसरी, सब्ला गाविस-१० तेह्रथुम लगायतका जग्गाहरु प्रयोगविहिन रहेको पाईयो । वर्तमान परिप्रेक्षमा प्रयोग विहिन अवस्थामा रहेका जग्गाहरुको उचित प्रयोग भई आय आर्जन गर्नेतर्फ सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

४.२.२ २०७३।०१।०८ मा निर्माण व्यवसायी श्री भैरव निर्माण सेवासँग तुलसीपुर-५, दाङ स्थित रा.स.स.को स्वामित्वको जग्गामा व्यापारिक पसल कबल निर्माण कार्यको लागी मू.अ.कर बाहेक रु. १३ लाख १९ हजारमा २०७३।०४।३२ सम्ममा निर्माणकार्य सम्पन्न हुने गरी सम्झौता भएको पाइयो । थप निर्माण गरे वापत प्राविधिकको प्रतिवेन र महाप्रवन्धक सहित सञ्चालकरुको स्थलगत अध्ययनको आधारमा रु.२ लाख भुक्तानी दिएको पाइयो । उपरोक्त थप निर्माण गरे वापतको रकम रु २ लाख लाई स्थिर सम्पत्तिमा पूँजीकृत नगरी भवन निर्माण खर्च अन्तर्गत लेखाङ्कन गरिएको नेपाल लेखामान अनुरुप रहेको छैन ।

४.३ आसामीहरु

- समितिले वर्षान्तको बक्यौता रु.७६ लाख ९ हजारको समर्थन सम्बन्धित आसामीहरुबाट लिएको छैन ।
- विगत वर्षहरुदेखि जिम्मेवारी सारिदै आएको आन्तरिक लेखापरीक्षक पेश्की रु.१५,००० तर्फ आवश्यक असूली गरेको छैन ।
- शंकास्पद आसामीहरुको यकिन तथा आवश्यक जोखिम वापत व्यवस्था गरेको छैन ।
- विज्ञापन वापत रासस दिग्दर्शन र रासस स्मारिका सम्वन्धी उठाउन बाँकी पुरानो जम्मा बक्यौता रु.१ लाख ४४ हजार असूली गर्न सम्बन्धित पदाधिकारीहरुलाई जिम्मेवार बनाउनुपर्दछ ।

४.४ **घर भाडा आम्दानी** : यस वर्ष समितिले घर भाडा वापत रु.५८ लाख ७५ हजार को आम्दानी लेखाङ्कन गरेकोमा २२ लाख १३ हजार मा अग्रिम कर कट्टी गरेको छैन । अग्रिम कर कट्टी नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

४.५ व्याज आम्दानी : यस वर्ष समितिले बैंक विवरणको आधारमा वार्षिक रुपमा एकमुष्ट व्याज आम्दानी रु.३ लाख १२ हजार लेखाङ्कन गरिएको छ । बैंकले उपलब्ध गराएको व्याजलाई आम्दानीमा र सोमा कट्टी गरिएको व्याज करलाई खर्चमा भिन्ना भिन्नै नदेखाइ एकमुष्ट लेखाङ्कन गरेको नेपाल लेखामान अनुरुप छैन ।

४.६ सिर्जित दायित्व व्यवस्था : रा.स.स मा कार्यरत कर्मचारीहरुको वर्षान्त सम्मको उपदान, औषधि उपचार, कल्याणकारी कोष, बीमा र सञ्चित विदा वापतको जम्मा रु.२७ करोड ७४ लाख २४ हजार को खर्च व्यवस्था नगरेकोले सो व्यवस्था गर्न सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

५. व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नु पर्ने थप व्यहोरा यसैसाथ संलग्नव्यवस्थापन पत्रमा दर्शाइएको छ ।

६. राष्ट्रिय समाचार समिति ऐन,२०१९ मा उल्लेख भएका व्यवस्था सम्बन्धमा प्रतिवेदन

क) लेखापरीक्षणको क्रममा हामीले आवश्यक ठानेका सूचनाहरु एवं सोधनी भएका कुराहरुको जवाफ प्राप्त भएको छ ।

ख) प्रस्तुत वित्तीय विवरणहरु रा.स.स.ले राखेका हिसाब किताबहरुसँग दुरुस्त छन्।

ग) रा.स.स.को क्षेत्रीय, अञ्चल तथा जिल्ला स्तरीय कार्यालयहरुबाट प्राप्त विवरणहरु स्वतन्त्र लेखापरीक्षण नगरिएको भएतापनि लेखापरीक्षणको निमित्त पर्याप्त छन् ।

घ) हामीले प्राप्त गरेसम्मको सूचना, स्पष्टीकरण र रा.स.स.को हिसाब किताबको लेखापरीक्षणको सिलसिलामा संचालक समिति वा प्रतिनिधि वा कुनै कर्मचारीले जानाजानी लेखासम्बन्धी कानूनी व्यवस्था विरुद्ध कामकाज गरेको वा रा.स.स.लाई हानी नोक्सानी गरेको वा गराएको वा समितिको कोषको हिनामिना गरेको हाम्रो जानकारीमा आएको छैन ।

७. लेखापरीक्षकको राय

कैफियत सहितको लेखापरिक्षण राय व्यक्त गर्ने आधारको रुपमा हाम्रो रायमा माथि उल्लेखित बुँदा नं. ४ मा औंल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्ने असरबाहेक, संलग्न वित्तीय विवरणले राष्ट्रिय समाचार समितिको २०७४ आषाढ मसान्तको वित्तीय स्थिति, सो मितिमा समाप्त भएको आर्थिक वर्षको सञ्चालन नतिजा र नगद प्रवाहको नेपाल लेखामान बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

राष्ट्रिय सहकारी विकास बोर्ड (२०७२।७३)

१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन

हामीले राष्ट्रिय सहकारी विकास बोर्डको २०७३ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको आम्दानी खर्च हिसाब र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी संलग्न भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्बन्धित ऐन लगायत प्रचलित अन्य ऐन, नियम, कानुन अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय बिवरण जालसाजी, त्रुटिलगायत सारभूत रुपमा गलत आँकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमान लागू गर्ने कार्य पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखापरीक्षणमाण र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनको आधारमा लेखापरीक्षण सम्पन्न गरिएका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडारहित प्रस्तूत भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जूमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याँइका यथेष्ठ प्रमाण प्राप्त गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा संग्लन हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडा प्रस्तुती हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयार गरी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार

लेखापरीक्षणबाट कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूतअसर पार्ने व्यहोरा निम्नानुसार छन् :

४.१ निगौल गाई गौशाला :नेपाल सरकार मन्त्रिपरिषद्को २०६७।०२।१८ को निर्णय अनुसार तत्कालीन कृषि तथा सहकारी मन्त्रालयमा स्वामित्व रहने गरी महोत्तरी जिल्लामा रहेको निगौल गाई गौशाला अन्तरगतका सम्पूर्ण चल अचल सम्पत्ति हस्तान्तरण एवं गौशालामा रहने जनावर (गाई, गौरु, बाछा, बाछी) को वध नहुने शर्तमा गौशाला संचालन एवं व्यवस्थापनको जिम्मा राष्ट्रिय सहकारी विकास बोर्डलाई दिएको पाइयो ।

हाल सम्म उक्त गौशाला संचालन एवं व्यवस्थापन गर्न आवश्यक पर्ने नीति एवं निर्देशिकाको व्यवस्था भएको छैन । गौशालाको स्वामित्वमा रहेको कूल १४८-१५-० विगाहा जग्गाको विवरण लेखापरीक्षण क्रममा उपलब्ध गरिएतापनि गौशालाको कूल जग्गा तथा भवन कति रहेको छ सो मध्ये कति क्षेत्रफलबाट आम्दानी भई रहेको छ र कति क्षेत्रफल गौशाला कार्यालय आफैले प्रयोग गरेको छ सो को एकीन विवरण तयार गरेको छैन । संस्थाको सम्पत्ति व्यवस्थित तथा सुरक्षित नगर्ने पदाधिकारीलाई जिम्मेवार वनाउनु पर्दछ ।

४.२ जग्गा तथा भवन : यस सम्वन्धी देखिएका व्यहोरा निम्नानुसार छन्::–

४.२.१ लेखापरीक्षणको क्रममा प्रयोग विहिन अबस्थामा रहेका जग्गाहरुको उचित प्रयोग गरी आय आर्जन गर्ने तर्फ बोर्डबाट कुनै ठोस पहल भएको पाइएन ।

४.२.२ स्थिर सम्पत्ति विवरणमा पोखरा उप–महानगरपालिका-९, कास्की (१-०-०-० रोपनी), कटकु-९, सुर्खेत (०-१-१७ विघा) र कारकांदो-७ नेपालगंज, बा"के (०-२-१७ विघा) जग्गा मूल्याङ्कनको अभावमा वित्तीय विवरणमा प्रस्तुत गरेको छैन ।

४.२.३ बोर्डको स्वामित्वमा रहेको जग्गाहरुको मालपोत/ घरजग्गा कर भुक्तानी अद्यावधिक भएको छैन । भुक्तानी गर्न बाँकी मालपोत / कर आदिको विवरण तयार गरी सो बमोजिम खर्च व्यवस्था गरेको छैन ।

४.२.४ ललितपुर महानगरपालिका-३, पुल्चोकको १४ रोपनी जग्गा बुट प्रणाली अन्तर्गत जग्गा लिजमा दिने सम्वन्धी सि.जि.डेभ्लपर्ससंग मिति २०७१/१०/०४ मा ३० वर्षको लागि भएको कार्य सम्झौतामा हाल सम्म कुनै थप कार्यको पहल नभएको पाइयो । सम्झौता अनुसार नक्सा पास भएको १२० दिन पछि लिज अवधि गनिने भएकोमा हालसम्म पनि नक्सा पास भएको छैन ।

४.३ आसामी तथा पेश्की :यस आर्थिक वर्षमा पेश्की स्वरुप पाउनु पर्ने हिसाब रु.२ करोड ४४ लाख ८० हजार रहेको छ । जसमध्ये जम्मा रु.८८ लाख २८ हजार विभिन्न व्यक्ति तथा संघ संस्थालाई दिईएको पेश्की रकम गत विगत वर्षहरु देखि नै जिम्मेवारी सर्दै आएको देखियो । विगतका पेश्की फछ्यौंट गर्ने तर्फ बोर्ड संवेदनशील हुनु पर्दछ । आसामी तथा पेश्की वापत पाउनु पर्ने हिसाब समयमै फछ्यौंट गर्न व्यवस्थापनलाई जिम्मेवार बनाउनु पर्दछ । त्यस्तै विगत वर्ष देखि जिम्मेवारी सर्दै आएको रु.८८ लाख २५ हजार पेश्की फछ्यौंट गराउन पेश्की स्वीकृत गर्ने अधिकारीलाई जिम्मेवार बनाई असूल गर्नु पर्दछ ।

४.४ शेयर लगानी :वर्षान्तमा बोर्डको कुल शेयर लगानी रु.७० लाख ५० हजार लाई परल मूल्य वा बजार मूल्यमा जुन कम छ सोही मूल्यमा मूल्याङ्कन गर्नु पर्नेमा सो नगरी परल मूल्यमा देखाईएको छ । शेयर वापत लगानी गरिएका संस्थाहरुको वास्तविक स्थिति पहिचान गरी सञ्चालनमा रहे नरहेको यकिन पश्चात् आवश्यक लगानी वापतको नोक्सानी व्यवस्था गर्नु पर्नेमा सो गरेको पाइएन ।

४.५ ऋण लगानी :गत वर्ष बोर्डको ऋण लगानी रु.५ करोड ९३ लाख ९८ हजार रहेकोमा यस वर्षान्तमा रु.७५ लाख ६८ हजारले बृद्धि भई रु.६ करोड ६९ लाख ६७ हजार रहेको छ । सो कर्जा लगानी वापत कर्जा जोखिम व्यवस्था कायम गरिएको देखिएन । उपलब्ध गराइएका कर्जाहरुमा साँवा तथा व्याज भुक्तानीमा ग्रेस

अवधी प्रदान गरिएकोमो उक्त ग्रेस अवधीको बोर्डबाट ब्याज गणना गरी आम्दानी लेखाङ्कन गर्ने गरिएको छैन ।

४.६ **वित्तीय विवरण** : नेपाल लेखामान बमोजिम तयार गर्नुपर्ने वित्तीय विवरणमा नगद प्रवाह विवरण र ईक्विटीमा भएको परिवर्तन समेत समावेश गर्नु पर्दछ । तर बोर्डले वासलात, आय व्यय विवरण एवं लेखा सम्बन्धी व्याख्यात्मक टिप्पणी मात्र तयार गरेको छ ।

५. व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा दर्शाइएको छ ।

६. लेखापरीक्षकको राय

कैफियत सहित राय व्यक्त गर्ने आधारका रुपमा हाम्रो रायमा कैफियत सहितको लेखापरिक्षण राय व्यक्त गर्ने आधारका रुपमा माथि उल्लेखित बुंदा नं. ४ मा औल्याइएका विषयहरुले वित्तीय विवरणहरुमा पर्ने असर वाहेक, संलग्न वित्तीय विवरणले राष्ट्रिय सहकारी विकास बोर्डको २०७३ आषाढ मसान्तको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको संचालन नतिजा नेपाल लेखामान बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

वन पैदावर विकास समिति (२०७३।७४)

१) वार्षिक वित्तीय विवरण उपर प्रतिबेदन

हामीले वन पैदावर विकास समितिको २०७४ आषाढ मसान्तको वासलात एंव सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय विवरण, नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण गर्नको लागि समितिले वित्तीय विवरण तयार नगरेकाले नगद आधारमा लेखा राखी तयार गरेको आय व्यय विवरणको मात्र लेखापरीक्षण गरेको छौं ।

२) वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्वन्धित ऐन लगायत प्रचलित अन्य ऐन, नियम, अभ्यास अनुरुप वित्तीय विवरण तयारी गर्ने एवं उचितरुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रृटिलगायत सारभुतरुपमा गलत आंकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरीक नियन्त्रण प्रणाली निरन्तर प्रमावकारी रुपमा कार्यान्वयन हुने गरी स्थापीत गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमान लागु गर्ने कार्य पर्दछन् ।

३) लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी व्यवस्थापनद्धारा प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखा परीक्षण गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदशन अनुसार व्यावसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूतरुपमा गलत आंकडारहित प्रस्तुती भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजाना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएको सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याईका यथेष्ठ प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएको लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण

जालसाजी वा त्रुटिवाट सारभूतरुपमा गलत आंकडा प्रस्तूती हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मुल्याङ्कन व्यवसायिक बिबेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मुल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तताबारेमा परीक्षण गरीएको छ तापनी त्यस्तो आन्तरिक नियत्रण प्रणलीको प्रभावकारिताको बारेमा लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेको लेखा नीतिको सान्दर्भिकता, बिश्लेषण र लेखा अनुमानको उपयक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तरर्गत पर्दछ । हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्द्रर्भमा पर्याप्त र उपयुक्त आधार प्रधान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौ ।

४) कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन् :

४.१) राष्ट्रिय वाणिज्य वैंक लालवन्दी शाखामा रहेको वैंक खातामा रु ५९३४८४८।३८ मात्र मौज्दात रहेको वैंकस्टेटमेन्टवाट देखीयो भने स्रेस्ता अनुसार रु ७२२५७०९।९० वाकीँ देखीन्छ । स्रेस्तामा भन्दा वैंकमा घटी रकम रहनुको कारण स्पस्ट हुनु पर्ने रु १२९०८६१।५२ को हिसाव मिलान विवरण तयार गरीसम्वधित पदाधिकारीलाई जीम्मेवार बनाई नपुग रकम असुल गर्न पर्दछ ।

४.२) गत वर्ष देखिको निम्नानुसार दाखिला गर्न बाँकी रकम समेत धरौटी खातामा राखेको पाईयो । सो रकमरु. ९५१३७२८।७८संवन्धीत खातामा दाखिला गरी हिसाब राफसाफ र खाता अद्यावधिक गर्नु पर्दछ ।

खाताको विवरण	धरौटीको खातापाना नं	दाखिता गर्न बाँकी रकम
(समिती) मुल कोष खाता	4	523212.99
मुल्य अभिवृध्दी कर राजस्व	7	(820000)
रोयल्टी जिविस, सर्लाही	11	893884.83
रोयल्टी जिविस, महोत्तरी	13	869943.96
रोयल्टी जिविस, रौतहट	15	1,726.00
जम्मा		**9513728.78**

४.३) बन पैदावार उत्पादन तथा विक्री प्रगति विवरण२०७३।७४ मा उल्लेख भए अनुसार निम्नानुसार बन पैदावार पुरानो भै मिनाहा तर्फ कारवाहीमा रहेको भनि कैफियतमा जनाईएको देखिन्छ ।

बन पैदावारको विवरण	थान	परीमाण क्यु.फीट
मसला गोलिया	२६८५	५४७२.३०
सिसौ गोलिया	३२५	१९२२.६०
अन्य गोलिया	७३	३१०.३०
विद्युत पोल	१०७३	३८८८.१०
जम्मा	४१५६	११५९३.३०
सिसौ दाउरा चट्टा	५.५	५.५ चट्टा

बन पैदावारको मूल्य निर्धारण तथा विक्री नियमावली, २०६० नियम १४ मा सम्पुर्ण प्रकृया अप्नाउदा पनि विक्रि हुन नसकेको, धोद्रिएको, धुलिएको, कुहिएको, मक्कीएको वन पैदावार भौतिक परक्षिण गरी काम नलाग्ने अवस्थामा पुगेका वन पैदावारहरु संवन्धीत निकायको सिफारिसमा समितिले मिनाहा गरी लगत कट्टा गर्ने स्वीकृति दिन सक्ने व्यवस्था गरेको छ । परीयोजनाले मिन्हाको लागी अनुरोध गरेको तर समितिबाट आवश्यक निर्णय नभएको अवस्था देखियो । यस सम्वन्धमा टुंगो लगाउन सम्वन्धित पदाधिकरीलाई जिम्मेवार बनाउनुपर्दछ ।

४.४) वन पैदावार विकास समिति केन्द्रीय कार्यालय सञ्चालक समितिको मिति २०७४/०२/१९ गते बसेको ५५८ औं बैठकमा सागरनाथ वन विकास परियोजनाको वृक्षारोपण क्षेत्रभीत्र रहेको खयर गोलिया विक्री प्रक्रियामा रहेको तर खयर ठुटाको बिक्री सम्वन्धमा कुनै कार्य भएको नपाईएको हुँदा ती ठुटाहरु त्यसै खेर नोक्सान भई रहेकामा, निशुल्क खनी उखेली दाउराकोरुपमा लाने गरेकोमा रोयल्टी बाहेक रु १० प्रतिकिलोमा श्री पञ्च डोल्मा कुमारी स.मिल तथा फर्निचर उद्योगले ठुटा खन्ने, ढुवानी , छिल्ने समेत गरी खाल्टो समेत पुर्ने खर्च फर्मले व्यहोर्ने गरी निवेदन दिएकोमा संञ्चालक समितिको निर्णयमा खयर ठुटाहरु तोकिएको स्थानमा घाटगद्दि गर्ने, खयर ठुटाहरु संकलन गर्दा बनेका खाडलहरु खरिद कर्ताले आफ्नै खर्चमा अनिर्वाय रुपमा पूर्ने काम सम्पन्न गर्ने गरी परयोजनाले संकलित ठुटाहरुको रोयल्टी र मूल्य अभिवृद्धिकर बाहेक रु.१०/- प्रति.केजी मुल्य निर्धारण गरिएकोमा खयरका ठुटाहरु के कति उत्पादन गरी विक्री वितरण भयो भन्ने अभिलेख अधावधिक छैन साथै केन्द्रीय कार्यालयबाट अनुगमन निरीक्षण भएको समेत नदेखिएकाले हिसाब यकिन गर्न सकिएन ।

४.५) **लेखा व्यवस्था**:- बन पैदावार विकास समिति (गठन) (पाँचौ संशोधन) आदेश २०६० को दफा ७ (१) मा समितीको आय-व्ययको लेखा नेपाल सरकारले अपनाएको तरीका बमोजीम राखिने छ भन्ने उल्लेख भएको देखिन्छ । तर परीयोजनाले विनियोजन तर्फको लेखा सरकारी ढाँचामा राखेको छ भने राजस्व तथा धरौटीको लेखा पुर्ण रुपमा सरकारी लेखा ढाँचामा राखेको पाईएन । साथै आन्तरीक लेखापरीक्षण समेत गराएको पाईएन । संस्थाको कुल आय मध्ये प्रमुख आय श्रोत बन पैदावार विक्री रहेको व्यहोरा निम्नानुसार देखिन्छ । वाणिज्य औधोगिक, वित्तीय र सोही प्रकृतीका कार्य गर्न निकायले नपाल वित्तीय प्रतिबेदन मान अनुसार लेखा राख्ने तथा वित्तीय प्रतिवेदन तयार गर्नुपर्ने व्यहोरा वित्तीय प्रतिबेदनमानमा उल्लेख छ । तर सो अनुसार वित्तीय विवरण तयार गरेको छैन । साथै नगद आधारमा लेखाँकंन गरिएको छ ।

आर्थिक वर्ष	जम्मा आय	बन पैदावार विक्री आय	विक्री (%)
२०७२/७३	२,८३,१२२	१,८५,१२०	६५
२०७३/७४	३,०९,८८६	१,८५,३८७	६०

५) व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नु पर्ने थप व्यहोरा यसै साथ संलग्न व्यवस्थापन पत्रमा दर्शाइएको छ ।

६) लेखापरीक्षकको राय

हाम्रो रायमा कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वुंदा नं. ४.१ देखि ४.५ अन्तर्गत औल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्ने असरबाहेक, समष्ठिगत आर्थिक विवरणले बन पैदावार विकास समितिको २०७४ आषाढ मसान्त तथा सोमितिमा समाप्त भएको आर्थिक वर्षको संम्वन्धित ऐन नियम र कानून अनुसार आय व्यय स्थितिको सहि र यथार्थ चित्रण गर्दछ । तर नेपाल लेखामान अनुसार वित्तीय स्थिति संञ्चालन नतिजा, नगद प्रवाह, ईक्वीटीमा परिवर्तन र आवश्यक लेखानीति टिप्पणी तथा खुलासाको सही र यथार्थ चित्रण गर्दैन ।

साँस्कृतिक संस्थान (२०७२।७३)

१. वार्षिक वित्तीयविवरण उपर प्रतिवेदन

हामीले साँस्कृतिक संस्थान को आषाढ ३१, २०७३ को वासलात, सो मितिमा समाप्तभएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब,नगद प्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्वन्धीविवरण र तत्सम्बन्धी लेखानीतितथा लेखा टिप्पणी समावेश भएको वित्तीयविवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्बन्धित ऐन लगायत प्रचलित अन्य ऐन, नियम, कानून अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटि लगायत सारभूत रुपमा गलत आँकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमानहरु लागू गर्ने कार्यहरु पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरुउपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनको आधारमा लेखापरीक्षण गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडारहित प्रस्तुति भएको छ भन्ने यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याँइका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूतरुपमा गलत आँकडा प्रस्तुति हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यर्थाथ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएको भएतापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. कैफियत सहितको राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन् :

४.१. सन्तुलन परीक्षणमा देखिएको अन्तर :हाल संस्थानमा सफ्टवेयरमा आधारित लेखा प्रणाली नभएको कारणले उपलब्ध भौतिक बही खाता तथा भौचरहरुमा मात्र भर पर्नुपर्ने अवस्था रहेकोछ । जसका कारण उपलब्ध कागजात हरुमा पूर्ण विस्वस्त हुन सकिने अवस्था छैन । कम्प्यूटरमा आधारित लेखा प्रणाली नहुनु र भौतिक कागजातको पनि उचित सुरक्षाको प्रबन्ध नहुनुले पनि अभिलेखको विश्वसनियतामा प्रश्न खडा गरेको छ । फलस्वरुप यस आर्थिक वर्षको सन्तुलन परीक्षणमा रु.६० हजार बराबरको अन्तर देखिएको र उक्त अन्तर रकमलाई आसामी तथा पेश्की अर्न्तगत समायोजन गरी वित्तीय विवरणमा प्रस्तुत गरिएको छ ।

४.२. **उपदान व्यवस्था :** उपलब्ध जानकारी तथा अध्ययन अनुसार संस्थानले स्थायी कर्मचारीहरुको निमित्त उपदान तथा बिदा बापतको गणना गरी सो दायित्वको व्यवस्था गरिएको देखिँदैन । संस्थानको विनियममा रहेको उपदान तथा बिदा बापतको व्यवस्था बमोजिम २०७२/७३ सम्मको अनुमानित दायित्व रु.१ करोड ९२ लाख ९० हजार पुगेको तर संस्थानले रु.३७ लाख ९८ हजार को मात्र व्यवस्था गरेको हुनाले रु.१ करोड ५४ लाख ९२हजार कम व्यवस्था रहेको अवस्था छ । यस आधारमा संस्थानले आवश्यक रकमको व्यवस्था गरेमा संस्थानको व्ययभार अझ बढ्न जाने र संस्थानको सञ्चालन नगद प्रवाहले कर्मचारीहरुको दायित्व वापतको व्यवस्थालाई पूरा गर्न सक्ने अवस्था देखिँदैन ।

४.३. **बैंक हिसाब मिलान :** संस्थानमा नियमित रुपमा बैंक हिसाब मिलान गर्ने पद्धतीको विकास भएको देखिँदैन । संस्थानको २ वटा खातामा बैंकमा बढी देखाएको रु.२६ हजार र ४ वटा खाता बैंकमा कम देखाएको रु.५ लाख ३८ हजारको हिसाब मिलान गर्नुपर्दछ । त्यसै गरि २ वटा खातामा विगत वर्ष देखि अ.ल्या. गरी राखेको रु.२१ हजार बराबरको अन्तर यस वर्ष पनि कायम रहेको छ । नियमानुसार हिसाब मिलान नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

४.४. **कर परीक्षण :** संस्थान यस आर्थिक वर्ष घाटामा रहेकोले आयकर व्यवस्था गरिएको छैन । संस्थानको लेखा अनुसार अग्रिम आयकर वापतको रकम हरेक वर्ष बृद्धि हुदै आएको छ, यस सम्बन्धमा गत वर्ष सम्मको रकम रु. ९१ लाख २६ हजार यस आर्थिक वर्षमा बृद्धि भई रु.१ करोड ३ लाख ९५ हजार पुगेको छ । उक्त रकमको औचित्यता प्रष्ट्याउन तथा फिर्ता आउने नआउने सम्बन्धमा व्यवस्थापन बाट आन्तरिक राजस्व विभाग/कार्यालय समक्ष कुनै कारबाही नगरिएकोले उक्त रकमलाई गत वर्ष जस्तै यस वर्षको वित्तीय विवरणमा पनि देखाईएको छ । यसका साथै आन्तरिक राजस्व कार्यालयमा २०६५/६६ को आय विवरण पेश गर्दाको त्रुटिलाई हाल सम्म पनि नसच्याईएको हुँदा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

४.५. **नेपाल सरकारको ऋण :** संस्थानले हाल नेपाल सरकारको ऋण वापत रु.२३ करोड ५५ लाख ३१ हजार तिर्न बाँकी रहेको देखिन्छ तर ऋण वापत तिर्नुपर्ने किस्ता तथा ब्याज रकम नियमित रुपमा भुक्तानी गरेको देखिदैन । उक्त ऋण रकममा वार्षिक ४ प्रतिशतका दरले हाल सम्म तिर्न बाँकी व्याज रु.७ करोड ९६ लाख ४ हजार देखिन्छ । साथै महालेखा नियन्त्रकको कार्यालय संगको हिसाव भिडान गर्दा उक्त ऋण रकम रु.२३ करोड ७५ लाख ३१ हजाररहेकोले फरक रहेको रु.२० लाख को हिसाब मिलान हुनुपर्दछ ।

५. **व्यवस्थापन पत्र**

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसैसाथ संलग्न व्यवस्थापन पत्र मा उल्लेख गरिएको छ ।

६. **लेखापरीक्षकको राय**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा हाम्रो रायमा, माथि उल्लेखित बुँदा नं. ४ मा औंल्याइएकाविषयले वित्तीयविवरणहरुमा पर्ने असरबाहेक, संलग्नवित्तीयविवरणले साँस्कृतिक संस्थानको आषाढ ३१, २०७३ को वित्तीय स्थिति र सोहीमितिमा समाप्तभएको आर्थिक वर्षको सञ्चालननतिजा, नगदप्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्वन्धी विवरणको नेपाल लेखामानबमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

हेटौँडा सिमेन्ट उद्योग लिमिटेड (२०७२।७३)

१. **वित्तीय विवरण उपर प्रतिवेदन**

हामीले यसैसाथ संलग्न हेटौँडा सिमेन्ट उद्योग लिमिटेडको २०७३ आषाढ मसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय विवरण, नगद प्रवाह विवरण र त्यस सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल लेखामान, सम्बन्धित ऐन लगायतप्रचलित अन्य ऐन, नियम, कानून अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटि लगायत सारभूत रुपमा गलत आँकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमानहरु लागू गर्ने कार्यहरु पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरुउपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनको आधारमा लेखापरीक्षण गरेका छौ । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडारहित प्रस्तुति भएको छ भन्ने यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याइका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूतरुपमा गलत आंकडा प्रस्तुति हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएकोभएतापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्यांकन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. कैफियतसहितको रायका आधारहरु

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तिय विवरणमा सारभूत असर पर्ने व्यहोरा निम्नानुसार छन् :

४.१ स्थिर सम्पत्ति :यस सम्बन्धि देखिएका व्यहोरा निम्नानुसार छन् :

४.१.१ उद्योगले स्थिर सम्पत्ति रु. ३१ करोड १० लाख ७८ हजारमानेपाल लेखामान ६ जायजेथा, संयन्त्र तथा उपकरण अनुसार सम्पत्तिको उपयोग आयु, प्रयोग गर्ने तरिका, अवशेष मूल्य आदिको आधारमा ह्रास दर निर्धारण गरेको छैन । सम्पत्तिको मुल्यमा महत्वपूर्ण हिस्सा ओगट्ने सम्पत्तिको एकाईलाई छुट्टाछुट्टै रुपमा ह्रास कट्टी गरेको छैन ।

४.१.२ उद्योगले बिगत लामो समयदेखि स्थिर सम्पत्तिको भौतिक परीक्षण नगरेकोले स्थिर सम्पत्तिको वास्तविक स्थितिको (प्रयोग नआउने वा नासिएको/बिग्रिएको आदि) यकिन नभएको तथा नेपाल लेखामान १८ सम्पत्तिको क्षयिकरण अनुसार वार्षिक रुपमा सम्पत्तिको क्षयिकरण परीक्षण गरेको छैन र सम्पत्तिमा हुन सक्ने नोक्सानी गणना तथा व्यवस्था गरेको छैन ।

४.१.३ उद्योगले भुकम्पले क्षति पुगी प्रयोग गर्न नमिल्ने सम्पत्तिको प्रारम्भिक मूल्याँकन रु. ५ करोड ७१ लाख ७५ हजार आन्तरिक रुपमा लगत तयार गरेता पनि सो को निर्क्यौल गरी सम्पत्ति हिसाबमा समायोजन गरेको छैन र सो बाट सम्पत्ति तथा नाफा वा नोक्सान विवरणमा पर्ने असरको हिसाब गरेको छैन ।

४.२ **वीमांकिक मूल्यांकन :** उद्योगले उपदान तथा औषधि उपचार वापतको रु. ९३ करोड ७९ लाख ९७ हजार व्यवस्था गर्दा नेपाल लेखामान १४ कर्मचारी सुविधाहरु अनुसार वीमांकिक मूल्यांकनको आधारमा गरेको छैन । सो रकम २०७३ आषाढ मसान्तसम्मको व्यतित अवधिको आधारमा मात्र हिसाब गरेको छ । जसले गर्दा उद्योगले देखाएको कर्मचारी दायित्वले यर्थाथ नित्रण गरेको छैन ।

४.३ **आम्दानी र खर्चहरुको समायोजन :** खर्च र आम्दानीहरुलाई छुट्टा छुट्टै लेखांकन गर्नुपर्नेमा उद्योगले उदयपुर सिमेन्ट उद्योग लिमिटेडलाई जिप्सम बिक्री गरे बापतको २०५ शिरोभार आम्दानी रु. ३ लाख ६६ हजारलाई बिक्रीको लागतमा घटाएको तथा गत आ.ब.को मौज्दातमा बढि खर्च लेखिएको रु. ७ लाख ५० हजारलाई संचित मुनाफामा समायोजन नगरी यस वर्षको खपत खर्चमा समायोजन गरेको छ, जुन क्रमशः नेपाल लेखामान १ (वित्तिय विवरणको प्रस्तुतीकरण) तथा लेखामान २ (लेखा नीति, लेखा अनुमानमा परिवर्तन तथा त्रुटीहरु) संग सामन्जस्य छैन ।

४.४ **खर्च लेखांकन :** उद्योगले अघिल्लो वर्षसंग सम्बन्धित खर्चहरु रु. ५१ लाख ३६ हजार यस वर्षमा विभिन्नशीर्षकहरुमा लेखांकन गरेको, कर्मचारीहरुको संचित बिदा वापतको रकमनगद आधारमा लेखांकन गरी संचित विदा वापतको रकम व्यवस्था नगरेको र सो को दायित्व गणना समेत नगरेकोले नाफा वा नोक्सान विवरणमा पर्ने असरको निर्क्यौल गर्न सकिएन । यस वर्षमा विभिन्न शीर्षकहरु (टेलिफोन तथा संचार तर्फ रु. ५१ हजार, मर्मत फर्निचर तथा कार्यालय उपकरण तर्फ रु. ९ हजार, लाइसेन्स तथा कर तर्फ रु. २३ लाख ३८ हजार, वीमा खर्च तर्फ रु. १२ हजार तथा तलब तथा भत्ता तर्फ रु. ९ हजार) खर्च लेखांकन गर्नुपर्ने कुल रु. २४ लाख १९ हजारलाई लेखांकन गरेको छैन ।

४.५ **संयोगिक दायित्व :** उपलब्ध विवरण अनुसार उद्योगसंग सम्बन्धित केहि मुद्धाहरु बापतको रु. २१ लाख ८८ हजार रहेकोमा नेपाल लेखामान १२ (व्यवस्था, संयोगिक दायित्व तथा संयोगिक सम्पत्ति) बमोजिम संयोगिक दायित्व वापतको रकम निर्क्यौल गरी वित्तिय विवरणमा प्रस्तुत छैन । नेपाल विद्युत प्राधिकरणबाट महशुल वृद्धि वापत माग भई आएको २०७२ श्रावण देखि २०७२ मंसिरसम्मको रु. ५ करोड ३२ लाख ५५ हजार सम्बन्धमा उद्योगले अस्वीकार गरी सम्बन्धित निकायमा लेखी पठाएको हुंदा सो रकम नेपाल लेखामान १२ बमोजिम संयोगिक दायित्वको रुपमा प्रस्तुत गरेको छैन ।

४.६ **आयकर दायित्व :** उद्योगले २०७१।७२ को स्वयंकर २०७३ आषाढ मसान्तसम्म दाखिला नगरेको हुँदा सो पेश गर्दा लाग्ने शुल्क तथा व्याजको हिसाब गरी खर्च व्यवस्था गरेको छैन । यस वर्षको आयकर व्यवस्था रकम हिसाब गर्दा आयकर ऐन अनुसार गर्नुपर्नेमा उद्योगले आयकर व्यवस्था अघिको नाफा रकममा एकमुष्ठ हिसाब गरी रु. १ करोड १६ लाख ३८ हजार आयकर व्यवस्था गरेको छ ।

४.७ **ऋण तथा सापटी :** भाखा नाघेको ऋण रु. १२ करोड र व्याज रु. २७ करोड ४ लाख ९७ हजार भुक्तानी नगरेको र संचालक समितिको निर्णय अनुसार ऋणलाई शेयरमा परिवर्तन गर्ने र व्याज मिन्हा गर्ने बारे उद्योग मन्त्रालयलाई पत्राचार गरिएता पनि हालसम्म यस बारे प्रगति भएको छैन । ऋण रकम शेयरमा परिवर्तन नहुंदा यस वर्ष ९.१ प्रतिशतले रु. १ करोड ९ लाख २० हजार व्याज खर्च भएको छ ।

४.८ **जिन्सी मौज्दात :** जिन्सी मौज्दातमा देखाइएको रु. ५३ करोड २७ लाख ८३ हजारमध्ये रु. १५ करोड २५ लाख १४ हजार बराबरको सामान २०७२।७३ मा प्रयोग नभएको र लामो समयदेखि भण्डार, जगेडा पूर्जा, लुज टुल्स, विष्फोटक पदार्थको भौतिक परीक्षण समेत नभएकोमा प्रयोगमा नआउने स्टोर मौज्दातमा रहेका सामानहरुको यकिन गरेको छैन ।

४.९ **कर्मचारी बोनस व्यवस्था खर्च :** उद्योगले बिगत बर्षहरुमा कर्मचारी बोनस वापतको व्यवस्था गर्दा सम्बन्धित मन्त्रालयबाट स्वीकृति लिने गरेकोमा यस वर्ष छुट्टै स्वीकृति लिएको छैन । बोनस ऐन २०३० तथा बोनस नियमावली २०३९ को पालना गरेर मात्र बोनस व्यवस्था गर्नु पर्दछ ।

४.१० **कर्मचारी आवास व्यवस्था** :श्रम ऐनको दफा ४१ अनुसार उद्योगले यस आर्थिक वर्षको कुल नाफाको ५ प्रतिशतको दरले हुने रु. ९६ लाख ९३ हजार कर्मचारी आवास व्यवस्था गर्नुपर्नेमा यस वर्ष बोनस तथा आयकर अघिको नाफाको ५ प्रतिशतले हुने रु. ३३ लाख ४४ हजार कर्मचारी आवास व्यवस्था गरेको देखिन्छ । यसरी कर्मचारी आवास व्यवस्था रकममा रु. ६३ लाख ४९ हजार कम लेखांकन भई सोहि रकमले नाफा वा नोक्सान विवरणमा असर परेको छ । कानूनको पालना गर्नु पर्दछ ।

५. **व्यवस्थापन पत्र :**

व्यवस्थापनले सुधार गर्नु पर्ने थप व्यहोरा यसै साथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

६. **लेखापरीक्षकको राय :**

कैफियतसहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारकारुपमा बुंदा नं. ४.१ देखि ४.१० मा औल्याइएका विषयहरुले वित्तीय विवरणहरुमा पर्ने असरबाहेक, संलग्न वित्तीय विवरणहरुलेहेटौडा सिमेन्ट उद्योग लिमिटडको २०७३ आषाढ मसान्तको वित्तीय स्थिति र सोहि मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा र नगद प्रवाहविवरणले कम्पनीले अवलम्बन गरेका लेखा नीति अनुरुपयथार्थ चित्रण गर्दछ ।

७. **कम्पनी ऐन, २०६३ अनुसारको प्रतिवेदन**

(क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफ पाएका छौं ।

(ख) लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा कम्पनीको हिसाव किताब ठीकसंग राखिएको छ ।

(ग) यो प्रतिवेदनसंग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण र संलग्न अनुसूचिहरु कम्पनीले राखेको हिसाब किताब, वहीखाता श्रेस्ता र लेखासंग दुरुस्त रहेका छन् ।

(घ) हाम्रो लेखापरीक्षणको समयमा कम्पनीको संचालक समितिका वा प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून बिपरित लेखा सम्वन्धि कुनै कामकाज वा अनियमित कार्य गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीलाई हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।

(ङ) कम्पनीले कम्पनी ऐन २०६३, को दफा १६४ को पालना गरेको पाईएन ।

(च) कम्पनीमा लेखा सम्बन्धी कुनै जालसाजी गरेको हाम्रो जानकारीमा आएन ।

खण्ड ख

Upper Tamakoshi Hydropower Limited (2072/73)

1. Report on Financial Statements

We have audited the accompanying financial statements of Upper Tamakoshi Hydropower Limited (UTKHPL), Gyaneshwor, Kathmandu which comprises the Statement of Financial Position as at Ashadh 31, 2073, Income Statement, Cash Flow Statement and Statement of Change in equity for the year then ended, and significant accounting policies and notes to account.

2. Management's Responsibility for the Financial Statements

Management is responsible for the preparation and fair presentation of these financial statements in accordance with Nepal Accounting Standards and Companies Act, 2063. This responsibility includes: designing, implementing and maintaining internal control relevant to the preparation and fair presentation of financial statements that are free from material misstatement, whether due to fraud or error; selecting and applying appropriate accounting policies; and making accounting estimates that are reasonable in the circumstances.

3. Auditor's Responsibility

Our responsibility is to express an opinion on these financial statements based on our audit. We conducted our audit in accordance with Nepal Standards on Auditing issued by the Institute of Chartered Accountants of Nepal (ICAN). Those standards require that we comply with ethical requirements and plan and perform the audit to obtain reasonable assurance whether the financial statements are free from material misstatement.

An audit involves performing procedures to obtain audit evidence about the amounts and disclosures in the financial statements. The procedures selected depend on the auditor's judgment, including the assessment of risks of material misstatement of the financial statement, whether due to fraud or error. In making those risk assessments; the auditor considers internal control relevant to the preparation and fair presentation of Company's financial statements in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the Company's internal control. An audit also includes evaluating the appropriateness of accounting policies used and reasonableness of significant accounting estimates made by the management, as well as evaluating the overall presentation of the financial statements.

We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our audit opinion.

4. Basis for Opinion:

The following are some of the important issues that may have impact on financial position and operating result of the company.

4.1 Property, Plant & Equipment and Depreciation thereon:

4.1.1 The depreciation being charged by the company is at a rate which is not sufficient to depreciate the assets being used by the company in its lifetime. Appropriate rate of depreciation has to be followed to write off the assets within its lifetime. Due to insufficiency of information we could not quantify the amount to be written off and hence loss stated in Income Statement is understated by such differential amount.

4.2 Prepaid Expenses, Advances, Loans & Deposits:

4.2.1 Amount of Rs. 43,43,000.00 paid to District Development Office, Dolakha and Rs. 10,564,868.22 paid to District Administration Office, Dolakha has been shown as advance payment. As the work progress report on assigned works has not been received for long period of time, the effect of such advance to the Income Statement could not be ascertained.

4.3 Nepal Accounting Standard

4.3.1 As per the provisions of NAS-9 "Income Taxes" Deferred Tax Liability / Assets should be created as and when required, due to insufficiency of information it could not be ascertained.

4.3.2 As per the provisions of NAS-18 "Impairment of Assets" assets having no useful life or having impaired in their value should be reduced to cost or net realisable value whichever is less, but since the company has not conducted physical verification of Property, Plant & Equipment; physical status of all the assets could not be ascertained and so whether the value of assets has been impaired has not been identified. However, the management of the company has represented that there is no convincing evidence that the value of assets has been impaired.

4.3.3 As per the provisions of NAS-11 "The Effect of Changes in Foreign Exchange Rates", Foreign exchange loss of Rs. 232,254,867.00 during the fiscal year should be charged to Income Statement, however the company has capitalized the said amount and hence loss has been understated by the said amount and the CWIP has been overstated in the statement of financial position. In our opinion, the exchange difference between billed amount and payment amount is of revenue nature and should be charged to the Income Statement.

4.4 Income Tax and Value Added Tax

4.4.1 As per Income Tax Act, 2058 TDS of Rs. 129,349,773 was to be deducted on interest expense of Rs. 862,331,20 paid to the Nepal Electricity Authority (NEA) against the borrowed amount of Rs. 9,000,000,000 from Nepal Government through NEA. However, TDS has been deducted only to the extent of Rs. 30,797,565. Hence additional liability of Rs. 98,552,208 may arise as tax liability in future.

4.4.2 As per section 8(2) of Value Added Tax Act 2052, the company, being recipient of services in Nepal from a person who is not registered and is outside Nepal shall have to access and collect Value Added Tax (VAT). In case of availing service from Panel of Expers, a net payment after TDS of Rs. 10,617,000 has been made and a VAT amount Rs 1,623,776 was to be deposited but the same has not complied by

the company. Hence, additional liability of Rs. 1,623,776 may arise as a a liability in future.

4.5 Miscellaneous:

4.5.1 Physical verification of inventories and fixed assets has not been conducted by the management during the year.

4.5.2 The effect of deferred tax assets and liabilities has not been computed and presented in the Financial Statements for the year ended Ashadh 31, 2073.

4.5.3 Loan Schedule and Balance Confirmation Certificate from Rastriya Beema Sansthan is not received hence balance of said account could not be verified.

5. Auditors' Opinion:

In our opinion and to the best of our information and according to the explanations given to us, except for the effects of the matter described in the Basis for opinion paragraph, the financial statements read with the notes to accounts of the accompanying financial statements give true and fair view in conformity with the Nepal Accounting Standards and requirements of Companies Act, 2063:

a) in the case of the Statement of Financial Position, of the position of assets and liabilities of the Company as at 31st Ashadh 2073 (15th July 2016);
b) in the case of the Income Statement, of the profit/ loss for the year ended on that date; and
c) in the case of the Cash Flow Statement, of the cash flows for the year ended on that date.

6. Report on Requirements of Companies Act, 2063:

a. We have obtained prompt replies to our queries and the explanations asked for.
b. In our opinion, the Statement of Financial Position, Income Statement and Cash Flow Statement with Notes to Account dealt with by this report are in compliance with the provisions of the Company Act, 2063 and are in agreement with the books of account maintained by the company except in the matters stated in theis report
c. In our opinion, the accounts and records of the company have been fairly maintained in accordance with the law.
d. To the best of our information and according to the explanations given to us and from our examination of the books of accounts of the Company necessary for the purposes of the audit, we have not come across cases except otherwise stated, where the Board of Directors or any employees of the Company have acted contrary to legal provisions relating to accounts, or committed any misappropriations or caused loss or damage to the company.

7. Emphasis of Matter:

Without modifying our opinion, we draw your attention to the matter disclosed in Note no 3.14 in the financial statement that due earthquake and import blockade between India and Nepal, it is expected that the civil works of the project will be completed by July, 2018.

एन.आई.डि.सि. डेभलपमेन्ट बैंक लिमिटेड (२०७३।७४)

१. वित्तीय विवरण माथिको प्रतिवेदन:

हामीले एन.आई.डि.सि. डेभलपमेन्ट बैंक लिमिटेडको यसै साथ संलग्न २०७४ आषाढ ३१ को वासलात र मिति २०७३ श्रावण १ गते देखि २०७४ आषाढ ३१ गते सम्मको नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्वीटिमा भएको परिवर्तन सम्बन्धि विवरण र प्रमूख लेखा नीतिहरू तथा लेखा सम्बन्धि टिप्पणीहरूको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. आर्थिक विवरणहरू उपर व्यवस्थापनको जिम्मेवारी:

नेपाल वित्तीय प्रतिवेदनमान (लच्क्ण अनुरूप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरू तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी एन.आई.डि.सि. डेभलपमेन्ट बैंक लिमिटेडको व्यवस्थापनमा रहेको छ र यी बैंकका जिम्मेवारी अन्तर्गत व्यवस्थापनले आवश्यक ठान्ने त्यस्तो आन्तरिक नियन्त्रण प्रणाली जसले जालसाजी वा त्रूटीबाट हुन सक्ने सारभूत त्रूटी ढबतभचष्बि ऱष्ककतबतझभलतण रहित वित्तीय विवरण तयार गर्न सक्षम गर्नु पर्दछ ।

३. लेखापरीक्षकको जिम्मेवारी:

हाम्रो जिम्मेवारी लेखापरीक्षण कार्य नेपाल लेखापरीक्षणमानहरू (ल्क्ब) मा आधारित रही ती वित्तीय विवरणहरूको बारेमा राय व्यक्त गर्नू हो ।

प्रतिदावी राय आधार हरफमा उल्लेखित आधारको रूपमा विषयबस्तूको कारण वर्णन गरिए अनूसार हामीले लेखापरीक्षण रायका लागि नेपाल वित्तीय प्रतिवेदनमान अनुरूप तयार नभएको वित्तीय विवरणहरूमा राय दिन आधार प्रदान गर्ने पर्याप्त र उपयूक्त आधारहरू प्राप्त गर्न समर्थ भएनौं ।

४. प्रतिदावी रायको आधार:

विकास बैंकहरूको वित्तीय सम्प्रेषण खाका २०७३ श्रावण १ देखि प्रभावकारी रूपमा सो अघि कायम रहेको नेपाल लेखामानबाट नेपाल वित्तीय प्रतिवेदनमानमा परिवर्तन भएको छ । नेपाल वित्तीय प्रतिवेदनमान अनूसार २०७१ श्रावण १ देखि हालको वित्तीय सम्प्रेषण खाकालाई नेपाल वित्तीय प्रतिवेदनमानहरू अनुरूप परिवर्तन गनूपर्ने र कम्तिमा तीन वित्तीय स्थिति विवरण, दूई समग्र आय विवरण, दूई नाफा वा नोक्सान विवरण, दूई नगद प्रवाह विवरण र दूई इक्विटीमा भएको परिवर्तनको विवरण प्रस्तूत गर्नूपर्ने भएतापनी एन.आई.डि.सि. डेभलपमेन्ट बैंक लिमिटेडको वित्तीय विवरणहरू नेपाल वित्तीय प्रतिवेदनमानहरू बमोजिम तयार नगरिएको तथा सो अनूरूप चाहिने वित्तीय सूचनाहरूको पहिचान, पूनर्लेखन, प्रस्तूतिकरण तथा खूलासा गरिएको पाईएन । साथै वित्तिय विवरणको अनुसूची ४.३३ को लेखा सम्बन्धि टिप्पणीहरूको दफा ६ र दफा २५ को वुंदाहरू समेत हाम्रो प्रतिदावी रायको आधार रहेका छन् ।

उल्लेखित परिवर्तित वित्तीय प्रतिवेदनमानहरू अनूसारको वित्तीय सूचनाहरूको पहिचान, पूनर्लेखन, प्रस्तूति तथा खूलासा नगरिएकोले यसको असर अनिश्चित र सारभुत तथा व्यापक हूनसक्छ ।

५. प्रतिदावी राय:

प्रतिदावी रायको आधार हरफमा उल्लेखित कूराहरूको महत्व र परिवर्तित प्रतिवेदनमानहरू पहिलोपटक ग्रहण गर्दा चाहिने वित्तीय सूचनाहरूको पहिचान, पूनर्लेखन, प्रस्तूति तथा खूलासा यस एन.आई.डि.सि. डेभलपमेन्ट बैंकबाट पालना नगरिएकोले यसबाट पर्न जाने असरका बारेमा लेखापरीक्षणको सिलसिलामा हामीले पर्याप्त लेखापरीक्षण प्रमाणहरू प्राप्त गर्न नसकेकोले सो उपर कुनै राय ब्यक्त गरेका छैनौं ।

६. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा कम्पनी ऐन, २०६३, पहिलो संशोधन २०७३ ले तोकेको कूराहरू उपरको प्रतिवेदन:

हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानी सोधनी तथा तलब कैफियत गरेका कूराहरूको जवाफ तथा स्पष्टिकरण सन्तोषजनक पायौं तथा एन.आई.डि.सि. डेभलपमेन्ट बैंकका शाखाहरूबाट प्राप्त विवरणहरू हाम्रो लेखापरीक्षणको लागि पर्याप्त थिए । हाम्रो रायमा माथि उल्लेखित प्रतिदावी रायबाट पर्ने असर बाहेक यस प्रतिवेदनसंग सम्बन्धित संलग्न वासलात, नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्वीटिमा भएको परिवर्तन र संलग्न अनुसूचीहरू नेपाल राष्ट बैंकको निर्देशन अनुसार तयार गरिनुका साथै एन.आई.डि.सि. डेभलपमेन्ट बैंकले राखेको हिसाव किताब, बहीखाता श्रेस्ता र लेखासंग दुरूस्त रहेका छन् । हाम्रो रायमा एन.आई.डि.सि. डेभलपमेन्ट बैंकको हिसाव किताब नेपाल राष्ट बैंकको निर्देशन अनुसार राखिएको छ, तर कम्पनी ऐन बमोजिम नेपाल वित्तीय प्रतिवेदनमानहरू अनुसार हिसाव किताब तयार गरिएको छैन ।

हामीलाई प्राप्त जानकारी र हामीलाई दिइएको स्पष्टिकरण तथा हाम्रो परीक्षणमा एन.आई.डि.सि. डेभलपमेन्ट बैंकको संचालक समिति वा त्यसका सदस्य वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन विपरित कुनै कार्य गरेको वा एन.आई.डि.सि. डेभलपमेन्ट बैंकको सम्पत्ति हिनामिना गरेको वा एन.आई.डि.सि. डेभलपमेन्ट बैंकको हानी नोक्सानी गरे गराएको र लेखा सम्बन्धि कुनै जालसाजी भएको हाम्रो लेखापरीक्षणको दायरासम्म, लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन ।

हाम्रो परीक्षणमा एन.आई.डि.सि. डेभलपमेन्ट बैंकले आफ्नो कार्य क्षेत्रभित्र रहि व्यवसाय गरेको पाइयो । हाम्रो रायमा हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरूको आधारमा एन.आई.डि.सि. डेभलपमेन्ट बैंकले नेपाल राष्ट बैंकको निर्देशन वमोजिम पर्याप्त पूँजीकोष, जोखिम ब्यहोर्ने कोष तथा सम्पत्तीमा सम्भावित नोक्सानीको लागि पर्याप्त व्यवस्था गरेको, नेपाल राष्ट बैंकले दिएको निर्देशन अनुरूप कार्य गरेको पाइयो । निक्षेपकर्ता तथा लगानीकर्ताहरूको हित संरक्षण विरूद्ध कुनै कार्य भएको हाम्रो जानकारीमा आएन ।

एनइए इन्जिनियरिङ्ग कम्पनी लिमिटेड (२०७३।७४)

वित्तीय विवरणमाथि प्रतिवेदन

हामीले यसै साथ संलग्न एनइए इन्जिनियरिङ्ग कम्पनी लिमिटेडको वित्तीय विवरणहरु, सोसँग समाविष्ट ३१ आषाढ २०७४ (१५ जुलाई २०१७) को वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तनको विवरण र नगद प्रवाह विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिपण्णीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

वित्तीय विवरणहरु उपर व्यवस्थापनको उत्तरदायित्व

वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनूसार तयार गर्ने उत्तरदायित्व व्यवस्थापनमा रहेको छ । यी दायित्व अन्तर्गत जालसाजी वा त्रुटिबाट हून सक्ने सारभूत रुपमा त्रूटीरहित वित्तीय विवरण तयार गर्ने तथा प्रस्तुत गर्न आवश्यक आन्तरिक नियन्त्रण प्रणलीको वनावट, कार्यान्वयन र कायम गर्ने उचित लेखा नीतिहरु चयन एवं कार्यान्वयन गर्ने तथा परिस्थिति अनूरुप उचित लेखा सम्बन्धी अनूमान गर्ने दायित्व पनि समावेश हुन्छ ।

लेखापरीक्षकको उत्तरदायित्व

लेखा परीक्षणको आधारमा वित्तीय विवरणहरु उपर राय व्यक्त गर्नु हाम्रो उत्तरदायित्व हो । हामीले हाम्रो लेखा परीक्षण नेपाल लेखा परीक्षण मान बमोजिम सम्पन्न गरेका छौं ।

प्रतिदावी आधार हरफमा उल्लेखित कूराहरुको महत्वले, हामीले प्रस्तुत वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुरुप तयार भएको बारेमा राय व्यक्त गर्नको लागी पर्याप्त र उपयुक्त आधार प्राप्त गर्न सकेनौं ।

प्रतिदावीका आधार

सार्वजनिक संस्था र निकाय (State Owned Enterprises) मा वित्तीय सम्प्रेषण खाका १६ जुलाई २०१६ देखि प्रभावकारी रुपमा लागु भएको छ । नेपाल लेखामान, नेपाल वित्तीय प्रतिवेदन मानहरु (NFRS) परिर्वतन भएका तर यस निकायले आफ्ना वित्तीय विवरणहरु परिवर्तित नेपाल वित्तीय प्रतिवेदन मानहरु (NFRS) बमोजिम तयार नगरिएको साथै नयाँ लेखा सिद्धान्त अनूरुप चाहिने वित्तीय सुचनाको पहिचान, यसको पूर्नलेखन, प्रस्तुती र खुलासा पनि गरेको पाईएन ।

उल्लेखित परिवर्तित प्रतिवेदन मानहरु अनुसारको वित्तीय सुचनाको पुर्नलेखन, प्रस्तुती र खुलासा सम्प्रेषणँ नगरिएकाले यसको एकीकृत असर अनिश्चित र सारभुत तथा व्यापक हुनसक्छ ।

प्रतिदाबी राय

तसर्थ, माथिको प्रतिदावी आधार हरफमा उल्लेखित कुराहरुको महत्व र परिवर्तित प्रतिवेदन मानहरु (NFRS) पहिलो पटक ग्रहण गर्दा चाहिने वित्तीय सूचनाको पुनर्लेखन र थप खुलासा यस संस्थाबाट पालना नगरिएकोले, यसबाट पर्न जान सक्ने एकीकृत असरको बारेमा लेखा परीक्षणको सिलसिलामा हामीले पर्याप्त प्रमाणहरु संकलन गर्न नसकेकाले, हामी यस संस्थाको आ. व. २०७३/७४ को वित्तीय विवरणहरुमा आफ्नो राय प्रस्तुत गर्दैनौ ।

कम्पनी ऐन, २०६३ र अन्य ऐनले तोकेको कुराहरु उपरको प्रतिवेदन

हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानी सोधनी तथा कैफियत तलव गरेका कुराहरुको जवाफ एवं स्पष्टिकरण सन्तोषजनक पायौं, जुन हाम्रो ज्ञान र विश्वासमा लेखापरीक्षणका लागि आवश्यक थियो । हाम्रो रायमा यस प्रतिवेदनसँग सम्वद्ध वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण कम्पनी ऐन, २०६३ र अन्य ऐनले तोके बमोजिम तयार भएको छ, कम्पनीले राखेको लेखासँग दुरुस्त रहेको छ र कम्पनीले लेखा तथा श्रेस्ताहरु प्रचलित कानुन बमोजिम तयार गरेको छ ।

हामीलाई प्राप्त जानकारी र हामीलाई दिइएको स्पष्टिकरण र हामीले परीक्षण गरको श्रेस्ताबाट संचालक समिति अथवा कुनै पदाधिकारीले कानूनी व्यवस्थाहरु विपरित वा अनियमित कार्य गरेको वा कम्पनीलाई हानी नोक्सानी गरे गराएको तथा कम्पनी ऐन, २०६३ र सम्बन्धित ऐन तथा निर्देशनको उल्लंघन गरी कम्पनी तथा लगानीकर्ताको हितको सुरक्षण विपरित कार्य गरेको जानकारी हुन आएन ।

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड (२०७३।७४)

१. बार्षिक वित्तीय विवरण उपर प्रतिवेदन

हामीले औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको यसैसाथ संलग्न आषाढ ३१, २०७४ (तदनुसार जुलाई १५, २०१७) को वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आयव्यय विवरण, नगद प्रवाह विवरण तथा इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखानीति तथा लेखा टिपण्णीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय विवरण प्रतिवेदनमान अनुरुप यर्थाथ र उचित त्रिण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनको रहेको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी गल्तीबाट होस, आधारभूत किसिमले त्रुटिरहित वित्तिय विवरण तयार गर्ने सम्बन्धी आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने कार्य लेखानीतिहरुको छनौट तथा लागू गर्ने कार्य एवं परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

लेखापरीक्षणको आधारमा एकिकृत वित्तीय विवरण उपर मन्तव्य व्यक्त गर्नु हाम्रो दायित्व हो । हामीले हाम्रो लेखापरीक्षण नेपालको लेखा परीक्षणमान बमोजिम सम्पन्न गरेका छौं । ती मानले हामीलाई व्यावसायिक नैतिकताको पालना गन तथा वित्तीय विवरणहरु आधारभूत रुपमा त्रुटीरहित भएको बारेमा मनासिब आश्वासन प्राप्त गर्न लेखापरीक्षण योजना बनाउन र लेखापरीक्षण गर्ने अनिवार्य गराउँछन् ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लेखित रकम र खुलासालाई सूचना लगायत अन्य विवरण बारेमा पुष्टि गर्ने प्रमाण प्राप्त गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि संलग्न हुन्छ । यसरी छनौट गरिएको कार्यविधिमा चाहे जालसाजी र त्रुटिको कारण आधारभुत रुपमा गलत आँकडासहित प्रस्तुत हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन सहितको व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणमा जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी यर्थाथ प्रस्तुतीकरणको लागी आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणलीको उपयुक्तताबारे परीक्षण गरिएको छ, तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तिय विवरण तयार पार्दा प्रयोग गरेको लेखानीतिको सान्दर्भिकता विश्लेषण र लेखाअनुमानको उपयुक्तता साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्ने कार्य समेत लेखापरीक्षकको जिम्मेवारी अर्न्तगत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. कैफियत सहितको लेखापरीक्षणको राय

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा आधारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन् :

४.१. नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले आर्थिक वर्ष २०७३।०७४ (२०१६।१७) बाट पब्लिक लिमिटेडहरुलाई लागु हुने गरी प्रभावकारी वित्तीय रिर्पोटिङ रुपरेखा नेपाल लेखामान देखि नेपाल वित्तीय विवरण प्रतिवेदनमान (एन.एफ.आर.एस.) मा परिवर्तन गरेको छ । यद्यपि संलग्न गरिएका वित्तीय विवरणहरु पुरानै नेपाल लेखामान बमोजिम तयार गरेको छ । वित्तीय विवरण नेपाल वित्तीय विवरण प्रतिमान अनुसार तयार नगर्नुको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपूर्ण तथा व्यापक हुनसक्छ ।

४.२. कम्पनीले स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम स्थानीय निकायलाई भुक्तानी गर्नुपर्ने विभिन्न कर सम्वन्धी कानुनी दायित्वको व्यवस्था नगरेको पाइयो ।

हाम्रा रायमा कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा बुंदा नं.४.१ देखि ४.२ सम्म औल्याईएका विषयले वित्तीय विवरणमा पर्ने असर बाहेक संलग्न वित्तीय विवरणले औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको आषाढ ३१, २०७४ को वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको सञ्चालन नतिजा र नगद प्रवाह विवरणले औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको ऐन नियम बमोजिम पालना गर्न सकिने विगतको नेपाल लेखामान बमोजिम सही र यर्थाथ चित्रण गर्दछ ।

राय अस्वीकार गर्नुपर्ने आधार अनुच्छेदमा उल्लेखित तथ्यको महत्वले गर्दा एन.एफ.आर.एस. अनुसार वित्तीय विवरण तयार नगर्दा हुने संचिति प्रभावको निम्ति हामीले पर्याप्त र उपयुक्त लेखापरीक्षण सम्वन्धी प्रमाण प्राप्त गर्न नसकेकोमा हामी वित्तीय विवरणमा राय व्यक्त गरेका छैनौ ।

५. कम्पनी ऐन २०६३ को प्रावधान पालना सम्बन्धी प्रतिवेदन

५.१ लेखापरीक्षणका लागी मागे अनुसार आवश्यक सूचना एवं स्पष्टीकरण प्राप्त भयो ।

५.२ पेश गरेको वासलात एवं नाफा नोक्सान, हिसाबकिताब कम्पनीले राखेका श्रेस्तासँग दुरुस्त रहेको छ ।

५.३ यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण विगतको नेपल लेखामान अनुसार तयार गरिनुका साथै कम्पनीले राखेको हिसाब किताब, श्रेस्ता र लेखासँग दुरुस्ग भएतापनि नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थाको अनुरुप कम्पनीले एन.एफ.आर.एस. अनुसारको वित्तीय विवरण तयार पारेको पाइएन । कम्पनीको हिसाब किताब एवं श्रेस्ता लेखापरीक्षणमा उल्लेखित भएका टिप्पणी बाहेक प्रचलित कानूनबमोजिम राखिएको छ ।

५.४ हामीलाई प्राप्त भएको विवरण, गरिएको सोधनी तथा हामीलाई उपलब्ध गराइएको सूचनाको आधारमा कम्पनीका कर्मचारी तथा सञ्चालकले कम्पनीलाई हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएको छैन ।

५.५ कम्पनीको लेखा सम्बन्धी कुनै जालसाजी भएका हाम्रो जानकारीमा आएन ।

कृषि विकास बैंक लिमिटेड (२०७३।७४)

१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन

हामीले कृषि विकास बैंक लिमिटेडको (यस पछि "बैंक" भनिएको यसैसाथ संलग्न आषाढ ३१, २०७४ (जुलाई १५, २०१७) को वासलात सोही मितिमा समाप्त वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह र इक्विटीमा भएको परिवर्तनको विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

२. आर्थिक विवरणहरु प्रति व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत किसिमले त्रुटीरहित वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने कार्य, लेखा नीतिहरुको छनोट तथा लागू गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्नुपर्ने जिम्मेवारीहरु पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो लेखापरीक्षणको आधारमा वित्तीय विवरणहरु उपर मन्तव्य व्यक्त गर्नु हाम्रो जिम्मेवारी हो । हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान बमोजिम सम्पन्न गर्यौं । यी मानले हामीलाई व्यवसायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटीरहित भएको बारेमा मनासिव आश्वासन प्राप्त गर्न लेखापरीक्षणको योजना बनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउँदछन् ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लेखित रकम र खुलासालाई पुष्टि गर्ने प्रमाण प्राप्त गर्ने सम्बन्धी सम्पादन कार्यविधि संलग्न हुन्छ । यसरी छनौट गरिएको कार्यविधि चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रुपमा त्रुटीयुक्त प्रस्तुति हुन सक्ने जोखिमको लेखाजोखा सहित हाम्रो व्यवसायिक निर्णयमा आधारित छ । त्यसरी जोखिमको लेखाजोखा गर्ने क्रममा हामीले बैंकको आन्तरिक नियन्त्रण उपर नै राय व्यक्त गर्ने उद्देश्यले नभई परिस्थिति अनुसार हाम्रो लेखापरीक्षण कार्यविधि तयार गर्दा, बैंकले वित्तीय विवरण तयार एवं प्रस्तुति गर्ने क्रममा अवलम्बन गरेको आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गरेका छौं ।

४. राय व्यक्त गर्ने आधार

हामीले नेपाल लेखापरीक्षण मान तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलन समेतलाई आधार मानी लेखापरीक्षण गरेका छौं । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्न लेखापरीक्षणका विभिन्न माध्यमहरुको प्रभावकारी उपयोग पनि लेखापरीक्षणको क्रममा पर्दछ । लेखापरीक्षणमा व्यवस्थापनद्वारा प्रयोगमा ल्याइएका लेखा सिद्धान्तहरु एवं महत्वपूर्ण अनुमानहरुको उपयुक्तताको तथा मुल्यांकनका साथै समग्र वित्तीय विवरण प्रस्तुतिको लेखाजोखा समेत समावेश हुन्छ । हाम्रो लेखापरीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

५. कैफियत सहितको राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारको रुपमा वित्तीय विवरणहरुमा सारभुत असर पार्ने कैफियतहरु तल उल्लेख गरिएका छन् :

शाखा हिसाब मिलान सम्बन्धी : बैंकको अन्तर शाखा हिसाब मिलान प्रक्रियालाई थप प्रभावकारी बनाउनुपर्ने देखिन्छ । यस वर्ष सम्म अन्तर शाखा हिसाब सम्पति तर्फ रू. ६१३,०७१,९४५,३१८ रहेको छ भने अन्तर शाखा हिसाब दायित्व तर्फ रू. ६१२,६८५,६५१,७५७ रहेको छ । यसरी खुद रकम रू

३८६,२९३,५६० लाई वित्तीय विवरणको अन्य सम्पत्तितर्फ देखाइएको छ । यसरी मिलान हुन बाँकी हिसाबको पहिचान , विश्लेषण र चारित्रिकरण नगरिएका कारण सोबाट बैंकको सम्पत्ति, दायित्व, आय तथा व्ययमा पर्ने असरको यकिन गर्ने अवस्था रहेको छैन ।

स्थिर सम्पत्ति समायोजेजन सम्बन्धी : एकीकृत वित्तीय विवरणका निमित्त बैंकले खरिद तथा खरिद समायोजन एकै शिर्षकमा रु. २६४,६८०,७९५ र बिक्रि तथा बिक्रि समायोजन अर्को एकै शिर्षकमा रु.१०७,३७७,७८८ प्रस्तुत गरेको छ । खरिद समायोजन तथा बिक्रि समायोजनको पूर्ण रुपमा हिसाब मिलान हुनुपर्नेमा सो नभएकोले सोबाट बैंकको सम्पत्ति, दायित्व, आय तथा व्ययमा पर्ने असरको यकिन गर्ने अवस्था रहेको छैन ।

६. नेपाल वित्तीय प्रतिवेदन ढाँचा (Nepal Financial Reporting Framework) अनुसार Disclaimer of Opinion

नेपालमा लेखामान जारी गर्ने आधिकारिक निकाय नेपाल लेखामान बोर्ड हो र सो बोर्डले जारी गरेका लेखामान नेपाल चार्टड एकाउण्टेण्ट्स् संस्थाको निर्णयानुसार आ.व. २०७२/२०७३ बाट "क" वर्गका बैक तथा वित्तीय संस्थाहरुले अनिवार्य रुपमा नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard) पालना गरी वित्तीय विवरण तयार गर्नु पर्ने तोकेको छ । त्यसै अनुरुप बैंकले सम्पूर्ण वित्तीय प्रतिवेदन मानहरु पालना गरी वित्तीय विवरण तयार गर्नुपर्नेमा सो नगरी नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन (४) अनुसार तयार गरिएको पाइयो । यसरी नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाले दिएको निर्देशन अनुरुप वित्तीय विवरणहरु नेपाल वित्तिय प्रतिवेदनमान (Nepal Financial Reporting Standard) अनुरुप तयार नभएकोले सो उपर कुनै राय व्यक्त गरिएको छैन ।

७. अन्य खुलाउनुपर्ने व्यहोरा

बोनस ऐन २०३० अनुसार बैकले विभिन्न आर्थिक वर्षहरुको मुनाफा बाट कर्मचारी बोनस बापत छुट्याइएको रकम मध्ये आ.व २०६५/६६ र २०६६/६७ का लागी छुट्याइएको रकम रु. २७०,८२७,३०१ नेपाल सरकारबाट समर्थन आएपछि हिसाब मिलान गर्ने गरि कर्मचारीहरुलाई रु. २५९,०४०,५३९ पेश्की उपलब्ध गराएको छ । पछिल्ला वर्षहरुमा भने बोनस वितरण गर्न समयमै नेपाल सरकार अर्थमन्त्रालयबाट सहमति प्राप्त हुँदै आएको छ ।

बोनस तथा श्रम ऐन एवं नियमावली बमोजिम बोनस वापत छुट्याइएको रकम मध्येबाट बोनस वितरण गरेपछि बाँकी रहन आएको रकम मध्ये सत्तरी प्रतिशत रकम कल्याणकारी कोषमा र बाँकी तीस प्रतिशत प्रतिष्ठानको कर्मचारी हक हीतको लागि व्यवस्था गर्न नेपाल सरकारले खडा गरेको राष्ट्रिय स्तरको कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ । बोनस वापत छुट्याइएको रकम मध्येबाट बोनस वितरण गरेपछि बाँकी रहन आएको रकम बैंकले उपर्युक्त ऐन एवं नियम अनुसार जम्मा गर्नुपर्ने देखिन्छ ।

८. व्यवस्थापन पत्र

बैंकमा देखिएका विभिन्न कैफियतहरु र सुधार गर्नुपर्ने क्षेत्रहरु उल्लेख गरि बैंकको व्यवस्थापनलाई विस्तृत रुपमा छुट्टै व्यवस्थापकीय, विभागिय र भ्रमण गरिएका शाखाहरुको प्रतिवेदन दिएको कुरा उल्लेख गर्न चाहन्छौं ।

९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र कम्पनी ऐन, २०६३ ले तोकेको कुराहरु उपरको प्रतिवेदन:

हाम्रो लेखापरीक्षणको समयमा हामीलाई उपलब्ध गराईएको जानकारी, स्पष्टिकरण सूचनाहरुका साथै नेपाल लेखापरीक्षणमान बमोजिम लेखापरीक्षण गर्दा प्राप्त भएको जानकारी अनुसार,

(क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफ पाएका छौं ।

(ख) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा बैंकको हिसाब किताबहरु प्रचलित कानुन बमोजिम ठीकसँग राखिएका छन् ।

(ग) संलग्न वासलात, नाफानोक्सानीको हिसाब र नगद प्रवाह विवरण यसै प्रतिवेदनमा उल्लेख भए बाहेक सारभुत रुपमा नेपाल राष्ट्र बैकले तोकेको निर्देशन अनुरुप तयार भएको छ र वित्तीय विवरण राष्ट्र बैकले तोकेको ढांचा र तरिका अनुसार तयार भएको र त्यस्ता विवरणहरु सारभुत रुपमा बैकले राखेको हिसाब किताब, वहिखाता, सेस्ता र लेखा संग दुरुस्त रहेको छ ।

(घ) बैंक तथा वित्तीय संस्थान ऐन २०७३ को दफा १४(१) अनुसार बैंक वा वित्तीय संस्थामा कम्तीमा पाँच र बढीमा सात जना सञ्चालकहरु रहेको एक सञ्चालक समिति रहने व्यवस्था रहेकोमा असार मसान्त, २०७४ मा नौ जना सञ्चालक रहने व्यवस्था रहेकोमा आठ जना संचालकहरु समितिमा बहाल रहेको पाइयो । सो कारणले बैंक तथा वित्तीय संस्थान ऐन २०७३ को दफा १४(१) को अनुपालना नभएको देखिन्छ ।

(ङ) नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार बैंकले ब्याज आम्दानी नगद प्राप्तीको आधारमा लेखाङ्कन गरेको छ, जुन नेपाल लेखामान अनुरुप छैन ।

(च) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम पर्याप्त पूंजीकोष राखेको तथा सम्पत्तिमा सम्भावित नोक्सानीको लागि व्यवस्था गरेको पाइएको छ ।

(छ) लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराएका स्पष्टीकरण तथा सुचनाहरु तथा बैंक व्यवस्थापनले उपलब्ध गराएको Management representation letter का आधारमा बैक व्यवस्थापन वा नेपाल सरकारको सम्बन्धित निकायबाट कारवाही गरी रहेका र वित्तीय विवरणमा सम्मिलत लेखा सम्बन्धी टिप्पणीको अनुच्छेद (३६) मा उल्लेख गरिएका विषयहरु बाहेक संचालक समिति वा प्रतिनिधि वा कुनै कर्मचारीले कानुन विरुद्ध लेखासंग सम्बन्धित कुनैकाम काज गरेको , बैंकको सम्पत्ति हिनामिन गरेको वा बैकलाई जानाजान हानी नोक्सानी गराएको वा निक्षेपकर्ताहरुको हित विपरित हुने काम गरेको व्यहोरा हाम्रो जानकारीमा आएन ।

(ज) संलग्न वित्तीय विवरणको लेखा सम्बन्धी टिप्पणी अन्तर्गत बुदा १३.४ मा उल्लेख भए अनुसार कम्पनी ऐन २०६३ को दफा १४३ उपदफा १ र २ ले तोकेबमोजिमका जानकारीहरु खुलासा गनुपर्नेमा कम्पनीले सो सम्बन्धी जानकारीहरु यस वित्तीय विवरणमा समावेश नगरिएको र सहायक कम्पनीको वित्तीय विवरण समेत संलग्न गरी एकृकित वित्तीय विवरण तयार गरेको पाइएन ।

१०. नियमनकारी ढाँचा अनुसार कैफियत सहितको राय

लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराइएका स्पष्टीकरण तथा सुचनाहरुको आधारमा हाम्रो रायमा, माथि उल्लेखित अनुच्छेद ५ मा औँल्याइएका विषयवस्तुले वित्तीय विवरणको सम्पत्ति, दायित्व, आय तथा व्ययमा पार्ने प्रभाव बाहेक संलग्न वित्तीय विवरण तथा बैकको लेखानीति र लेखासम्बन्धी टिप्पणी अध्ययन गर्दा संलग्न वासलातले कृषि विकास बैक लिमिटेडको आषाढ ३१, २०७४ को वित्तीय स्थिति तथा सोही मितिमा समाप्त भएको वर्षको नाफा नोक्सान हिसाब, नगदप्रवाह विवरण र इक्विटीमा

भएको परिवर्तन सम्वन्धी विवरणले क्रमशः बैकको नाफा नोक्सान, नगद प्रवाह र इक्विटीमा भएको परिवर्तनको नेपाल राष्ट्र बैकले जारी गरेको एकीकृत निर्देशिका बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

CHILIME JALAVIDHYUT COMPANY LTD (GROUP) (2073/74)

We were engaged to audit the consolidated financial statements of Chilime Jalvidyut Company Limited (Group), which comprise of the Consolidated Statement of Financial Position as at 31 Asadh 2074 (15 July 2017), Consolidated Statement of Profit or Loss and Other Comprehensive Income, Consolidated Statement of Changes in Equity, Consolidated Statement of Cash Flows for the financial year then ended and Notes to the Financial Statements, including a summary of significant accounting policies.

This report is made solely to the Group's members, as a body. Our audit work has been undertaken so that we might state to the Group's members those matters we are required to state to them in a Report of the Auditors and for no other purpose. To the fullest extent permitted by law, we do not accept or assume responsibility to anyone other than the Group and the Group's members as a body, for our audit work, for this report, or for the opinion we have formed.

Basis for Disclaimer of Opinion

The total assets of subsidiary companies Sanjen Jalvidyut Co. Ltd, Madhya Bhotekoshi Jalvidyut Co. Ltd, Rauwagadi Hydropower Co. Ltd and Chilime Engineering and Services Co. Ltd (Subsidiary Companies) are carried at NRs.14,170,841,388 on the Group's Consolidated Statement of Financial Position, which represent over 80% of the Group's total assets as at 31 Asadh 2074 (15 July 2017). The total liabilities of the subsidiary companies are carried at NRs. 5,984,479,381 on the Group's Consolidated Statement of Financial Position, which represents over 90% of the Group's total liabilities as at 31 Asadh 2074 (15 July 2017). At the time of issuing our report on the consolidated financial statements, the audits of the Subsidiary Companies were still in progress and we were unable to review the final audited financial statements and audit reports. As a result, we were unable to determine whether any adjustments were necessary in respect of the Group's proportional share of its subsidiaries' assets that it controls, liabilities for which it is responsible, income and expenses for the year, and the elements making up the consolidated statement of changes in equity and the consolidated cash flow statement.

Responsibilities of Management and Those Charged with Governance for the Consolidated Financial Statement

Management is responsible for the preparation of the consolidated financial statement in accordance with Nepal Financial Reporting Standards (NFRS), and for such internal control as management determines is necessary to enable the preparation of consolidated financial statements that are free from material misstatement, whether due to fraud or error. In preparing the consolidated financial statements, management is responsible for assessing Group's ability to continue as a going concern, disclosing, as applicable,

matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the Group or to cease operations, or has no realistic alternative but to do so. Those charged with governance are responsible for overseeing the Group's financial reporting process.

Auditor's Responsibilities for the Audit of the Consolidated Financial Statements

Our responsibility is to conduct an audit of the Group's consolidated financial statements in accordance with Nepal Standards on Auditing and to issue an auditor's report. However, because of the matters described in the Basis for Disclaimer of Opinion section of our report, we were not able to obtain sufficient appropriate audit evidence to provide a basis for an audit opinion on these consolidated financial statements. We are independent of the Group in accordance with the ethical requirements that are relevant to our audit of the consolidated financial statements, and we have fulfilled our other ethical responsibilities in accordance with these requirements.

Disclaimer of Opinion

We do not express an opinion on the accompanying consolidated financial statements of the Group. Because of the significance of the matters described in the Basis for Disclaimer of Opinion section of our report, we have not been able to obtain sufficient appropriate audit evidence to provide a basis for an audit opinion on these consolidated financial statements.

Jalavidyut Lagani Tatha Bikash Company Limited (2073/74)

We have audited the accompanying financial statements of Jalavidyut Lagani Tatha Bikash Company Limited which comprise the statement of financial position as at Ashad 31, 2074 (July 15, 2017) and the related statement of profit or loss, statement of changes in equity and statement of cash flows for the year then ended on that date.

Management's Responsibility for the Financial Statements

Management is responsible for the preparation and fair presentation of these financial statements in accordance with Nepal Accounting Standards. This respnsibility includes; designing, implementing and maintainig internal control relevant to the preparation and fair presentation of financial statements that are free from material misstatement, whether due to fraud or error; selecting and applying appropriate accounting policies; and making accounting estimates that are reasonable in the circumstances.

Auditor's Responsibility

Our responsibility is to express an opinion on these financial statements based on our audit. We conducted our audit in accordance with Nepal Standards on Auditing. Those standards require that we comply with ethical requirements and plan and perform the audit to obtain reasonable assurance about whether the financial statements are free from material misstatement.

An audit involves performing procedures to obtain audit evidence about the amounts and disclosures in the financial statements. The procedures selected depend on our professional judgment, including the assessment of the risks of material misstatement of the financial statements, whether due to fraud or error. In making those risk assessments, the auditor considers internal control relevant to the company's preparation and fair presentation of the financial statements in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of

the Company's internal control. An audit also includes evaluating the appropriateness of accounting policies used and the reasonableness of accounting estimates made by management, as well as evaluating the overall presentation of the financial statements.

We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our opinion.

Basis for Disclaimer of Opinion

The Institute of Chartered Accountants of Nepal (ICAN) changed the applicable financial reporting framework for the company to Nepal Financial Reporting Standards (NFRS) from Nepal Accounting Standards effective from the financial year 2073/74 (2016/2017). Change in financial reporting framework required transition to Nepal Financial Reporting Standards as at 16 July 2016 and presentation of at least three statement of financial position, two statements of comprehensive income, two separate income statements, two statements of cas h flows and two statements of changes in equity and related notes, includig comparative information. However, financial statement of Jalavidyut Lagani Tatha Bikash Company Limited has not been prepared based on transitional provision of Nepal Financil Reporting Standards (NFRS)- 1 which requires identification, restatement, presentation and disclosure of financial information based on new accounting policies as per Nepal Financil Reporting Standards.

The cumulative effect of not restating, presenting and disclosure financial information in compliance with transitional provision of NFRS is uncertain and could be material and pervasive.

Disclaimer of Opinion

Because of signifance of the matters described in the Basis for Disclaimer of Opinion paragraph, we have not been able to obtain sufficient appropriate audit evidence for cumulative effect of not restating financial items and making additional disclosure as required by NFRS to provide a basis for an audit opinion. Accordingly, we do not express an opinion on the financial statements which have not been prepared in consanance with NFRS.

Report on Requirement of Compnay Act 2063 and Other Prevailing Acts

On the basis of our examination and explanations given to use, we woud like to report that:

i. We have obtained all the information and explanations, which were considered necessary for the purpose of our audit.

ii. Company has kept proper books of accounts as required by law, in so far as it appears from our examination of those books of account.

iii. The Statement of Financial Position, Statement of Profit or Loss, Cash Flow Statement, Statement of Changes in Equity dealt with by this report is in agreement with the books of account maintained by the Company.

iv. During our examination of the books of account of the company, we have not come across the cases where the Board of Directos or any member of there or any representative or any office holder or any employee of the Company has acted contrary to the provisions of law orcaused loss or dameage to the Company, and

v. We have not come across any fraudulence on the accounts.

TRISHULI JAL VIDHYUT COMPANY LTD (2073/74)

1. Background

We have audited the accompanying Financial Statements of Trishuli Jal Vidhyut Company Limited which comprise the Balance Sheet as on Asadh 31, 2074 (corresponding to July 15, 2017) and the Income Statement, Statement of Cash Flow and Statement of Changes in Equity for the year ended, and a summary of significant accounting policies and other explanatory information.

2. Management's Responsibility for the Financial Statement

Management is responsible for the preparation and fair presentation of these Financial Statements in accordance with Nepal Accounting Standards. This responsibility includes designing, implementing and maintaining internal control relevant to the preparation and presentation of financial statements that are free from material misstatements, whether due to fraud or error; selecting and applying appropriate accounting policies; and making accounting estimates that are reasonable in the circumstances.

3. Auditor's Responsibility and Audit Procedure

Our responsibility is to express an opinion on these financial statements based on our audit. We conducted our audit in accordance with Nepal Standards on Auditing. Those standards require that we comply with ethical requirements and plan and perform the audit to obtain reasonable assurance about whether the financial statements are free from material misstatement.

An audit involves performing procedures to obtain audit evidence about the amounts and disclosures in the financial statements. The procedures selected depend on the auditor's judgment, including the assessment of the risks of material misstatement of the financial statements, whether due to fraud or error. In making those risk assessment, the auditor considers internal control relevant to the Company's preparation and fair presentation of the financial statements in order to design audit procedures that are appropriate in the circumstances, and not for the purpose of expressing an opinion on the Company's internal control. An audit also includes evaluating the appropriateness of the accounting policies used and the reasonableness of accounting estimates made by the management, as well as evaluating the overall presentation of the financial statements.

We believe that the evidence that we have obtained is sufficient and appropriate to provide a basis for our opinion.

4. Report as per the requirement of the Companies Act, 2063

We report that:

a. We have obtained all information and explanations, which to the best of our knowledge and belief were necessary for the purpose of our audit.
b. In our opinion, proper books of account as required by the law have been kept by the Company so far as it appears from the examination of those books.
c. The Balance Sheet, the Income Statement, the Cash Flow Statement and the Statement of Changes in Equity referred to in this report are in agreement with the books of account maintained by the company.
d. In our opinion and to the best of our information and according to the explanations given to us, and from our examination of the books and records of the Company, we have not come across any cases where the Board of Directors or any member thereof or any employee of the company has acted contrary to the provision of law relating to accounts or committed any misappropriation or caused any loss or damage to the company.
e. In our opinion and to the best of our information and according to the explanations given to us, we have not come across any accounting frauds committed in the company.

5. Qualified Opinion

In our opinion, the financial statements referred to above read together with the notes attached thereon present fairly, in all material respects, the financial position of Trishuli Jalvidhyut Company Ltd. as on Asadh 31, 2074, the result of its operation, its cash flows and

changes in equity position for the period ended on Asadh 31, 2074 ; in accordance with Nepal Accounting Standards and the requirement of the Company Act, 2063.

NALGAD HYDROPOWER COMPANY LIMITED (2073/74)

Report on the Financial Statements

We have audited the accompanying financial statements of NALGAD HYDROPOWER COMPANY LIMITED, which comprise the Statement of Financial Position as at Ashad 31st, 2074 (July 15th, 2017), Statement of Profit or Loss, statement of Other Comprehensive Income, Statement of Changes in Equity and Statement of Cash Flows for the period from Shrawan 1st, 2073 to Ashad 31st, 2074 (July 16th, 2016 to July 15th, 2017), and a Summary of significant Accounting Policies and other explanatory notes.

Management's Responsibility for the Financial Statements

The management is responsible for the preparation and fair presentation of these financial Statements in accordance with Nepal Financial Reporting Standards. This responsibility includes designing, implementing and maintaining internal control relevant to the preparation and presentation of financial statements that are free from material misstatement, whether due to fraud or error; selecting and applying appropriate accounting policies; and making accounting estimates that are reasonable in the circumstances.

Auditor's Responsibility

Our responsibility is to express an opinion on these financial statements based on our audit. We conducted our audit in accordance with Nepal Standards on Auditing. Those Standards require that we comply with ethical requirements and plan and perform the audit to obtain reasonable assurance about whether the financial statements are free of material misstatement.

An audit involves performing procedures to obtain audit evidence about the amounts and disclosures in the financial statements. The procedures selected depend on our professional judgment, including the assessment of the risks of material misstatement of the financial statements, whether due to fraud or error. In making those risk assessments, we consider the internal control relevant to the company's preparation and fair presentation of the financial statements in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of company's internal control. An audit also includes evaluating the appropriateness of the accounting policies used and the reasonableness of accounting estimates made by the management, as well as evaluating the overall presentation of the financial statements.

We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our audit opinion.

Basis for Qualified Opinion

As mention in note 24 of the financial statements in detail, all rights, assets, liabilities of Nalsing Gad Hydroelectricity Project Development Committee has not been transferred and booked in the financial statements of Nalgad Hydropower Company Limited till Ashad end 2074.

Qualified Opinion

In our opinion, except for the effects on the financial statements of the matter described in the basis for qualified opinion paragraph, the accompanying financial statements give a true and fair view, in all material respects, the financial position of NALGAD HYDROPOWER COMPANY LIMITED as at Ashad 31st, 2074 (July 15th 2017) and of its financial performance, changes in equity and cash flows for the period from Shrawan 1st 2073 to Ashad 31st 2074

(July 16th, 2016 to July 15th, 2017) in accordance with Nepal Financial Reporting Standards and in compliance with Companies Act 2063 and other prevailing laws.

निक्षेप तथा कर्जा सुरक्षण कोष (२०७३।७४)

वित्तीय विवरण माथि प्रतिवेदन

हामीले यसै साथ संलग्न श्री निक्षेप तथा कर्जा सुरक्षण कोषको वित्तीय विवरणहरु, सोसंग समाविष्ट आषाढ ३१, २०७४ (जुलाई १५, २०१७) को वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तनको विवरण र नगद प्रवाह विवरण एवं प्रमूख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

कोषले चालु आ.व.को वित्तीय विवरणमा चार भिन्न कोषहरू (कर्मचारी संचयकोष, कर्मचारी कल्याणकारी कोष, कर्मचारी औषधी कोष र कर्मचारी सुरक्षण कोष) सम्बन्धी लेजरहरू समाबेश गरेतापनी उक्त कोषहरुको छुट्टै लेखापरीक्षण गरिएको छैन ।

वित्तीय विवरणहरु उपर व्यवस्थापनको उत्तरदायित्व

नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तिय विवरणहरु तयार गर्ने उत्तरदायित्व व्यवस्थापनमा रहेको हुन्छ । यी उत्तरदायित्व अन्तर्गत वित्तिय विवरण गलत आंकडा रहित, जालसाजी वा सारभूत किसिमले त्रुटिरहित छ भनी वित्तिय विवरण तयार र प्रस्तुतिकरण गर्ने सम्बन्धी आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने कार्य लेखानीतिहरुको छनौट तथा लागू गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने पर्दछन् ।

लेखापरीक्षकको उत्तरदायित्व

वित्तिय विवरणहरु उपर लेखापरीक्षणको आधारमा मन्तव्य व्यक्त गर्नु हाम्रो दायित्व हो । हामीले नेपाल लेखामान, लेखापरीक्षणको सर्वमान्य सिद्धान्तको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । यी मानहरुले हामीलाई व्यवसायिक नैतिकताको पालना गर्न तथा वित्तिय विवरणहरु सारभूत रुपमा त्रुटिरहित भएको मनासिब आश्वासन प्राप्त गर्न, लेखापरीक्षणको योजना बनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउँछन् ।

लेखापरीक्षण अन्तर्गत वित्तिय विवरणमा उल्लेखित रकम र खुलासालाई पुष्टी गर्ने प्रमाण प्राप्त गर्ने सम्बन्धी संपादन कार्यविधि संलग्न हुन्छ । कोषले अवलम्बन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेको महत्तवपूर्ण अनुमान एवं वित्तिय विवरण प्रस्तुतीको समग्र स्थितिको मुल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ । हाम्रो लेखापरीक्षण कार्यविधि तयार गर्दा कोषले वित्तिय विवरण तयार एवं प्रस्तुत गर्ने क्रममा अवलम्बन गरेको आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गरेका छौं ।

प्रतिदावी आधार हरफमा उल्लेखित कुराहरुको महत्वले, हामीले प्रस्तुत वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुरुप तयार भएको बारेमा राय व्यक्त गर्नको लागि पर्याप्त र उपयुक्त आधार प्राप्त गर्न सकेनौं ।

प्रतिदावीका आधार

कोषमा वित्तीय सम्प्रेषण खाका जुलाई १६, २०१६ देखि पहिलेको नेपाल लेखामानबाट नेपाल वित्तीय प्रतिवेदन मानहरु (NFRS) मा परिवर्तन भएका छन् । तर कोषले आफ्ना वित्तीय विवरणहरु परिवर्तित नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) बमोजिम तयार नगरेको साथै नयाँ लेखा सिद्धान्त अनुरुप चाहिने वित्तीय सूचनाको पहिचान, यसको पुनर्लेखन, प्रस्तुती र खुलासा गरेको पाईएन ।

उल्लेखित परिवर्तित प्रतिवेदन मानहरु अनुसारको वित्तीय सूचनाको पूनर्लेखन, प्रस्तुती र खुलासा सम्प्रेषण नगरिएकाले यसको एकीकृत असर अनिश्चित र सारभूत तथा व्यापक हुन सक्छ ।

प्रतिदावी राय

तसर्थ, माथिको प्रतिदावी आधार हरफमा उल्लेखित कुराहरुको महत्व र परिवर्तित नेपाल वित्तीय प्रतिवेदन मानहरु (NFRS) अनुरुप तयार नगरिएको वित्तीय प्रतिवेदन उपर हामी आफ्नो राय प्रस्तुत गर्दैनौं ।

अन्य प्रचलित ऐनले तोकेको कुराहरु उपरको प्रतिवेदन

क. हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानी सोधनी तथा कैफियत तलब गरेका कुराहरुको जवाफ एवं स्पष्टिकरण सन्तोषजनक पायौं, जुन हाम्रो ज्ञान र विश्वासमा लेखापरीक्षणका लागि आवश्यक थियो ।

ख. संलग्न वासलात ,नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण र संलग्न अनुसूचीहरु संस्थाले राखेको हिसाब किताब बहीखाता श्रेष्ता र लेखासँग दुरुस्त रहेका छन् ।

ग. संस्थाले आफ्नो हिसाब-किताब प्रचलित कानून र प्रचलन अनुसार ठिकसँग राखेको छ ।

घ. हाम्रो रायमा र हामीले जानेबुझेसम्म तथा हामीलाई प्राप्त सूचना तथा स्पटिकरण र हामीले लेखापरीक्षण गरेको आधारमा संस्थाको संचालक समितिका वा प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरित लेखा सम्बन्धी कुनै कामकाज वा अनियमित कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्थाको हानी नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन ।

नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुरुप तयार नपारिएको आर्थिक विवरण माथि उल्लेखित प्रतिदावी रायको अधीनमा रही अनुसूची २१ तथा २२ मा उल्लेख भएको प्रमुख लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीले पार्न सक्ने असर बाहेक पहिलेको नेपाल लेखामान अनुरुप छ ।

नेपाल आयल निगम लिमिटेड (२०७३।७४)

१. वित्तीय विवरणको प्रतिवेदन

हामीले नेपाल आयल निगम लिमिटेडको यसै साथ संलग्न ३१ आषाढ २०७४ को वासलात, सोही मितिमा समाप्त आर्थिक वर्षको आय विवरण, इक्विटिमा भएको परिवर्तनको विवरण, नगद प्रवाह विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. व्यवस्थापनको उत्तरदायित्व

नेपाल लेखामान अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत किसिमले त्रुटिरहित, बित्तीय बिवरण तयार गर्ने सम्बन्धी आन्तरीक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने कार्य, लेखा नीतिहरुको छनौट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने पर्दछन् ।

३. लेखापरिक्षकको उत्तरदायित्व

हाम्रो उत्तरदायित्व लेखापरीक्षणको आधारमा ती वित्तीय विवरणहरु उपर राय व्यक्त गर्नु हो । हामीले नेपालको लेखापरीक्षणमान, कम्पनी ऐन, २०६३ तथा लेखापरीक्षण ऐन, २०४८ बमोजिम लेखापरीक्षण कार्य सम्पन्न गरेका छौ । ती मानले हामीलाई व्यावसायिक नैतिकताको पालना गर्ने तथा बित्तीय बिवरणहरु सारभूत रुपमा

त्रुटिरहित रहेको वारेमा मनासिव आश्वासन प्राप्त गर्न लेखापरीक्षणको योजना बनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउँछ ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लेखित रकम र खुलासालाई पुष्टि गर्ने प्रमाण प्राप्त गर्न सम्पन्न गरिने कार्यविधि संलग्न हुन्छ । यसरी छनौट गरिएको कार्यविधि चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रुपमा त्रुटियुक्त प्रस्तुति हुन सक्ने जोखिमको लेखाजोखा सहित हाम्रो व्यावसायिक निर्णयमा आधारित छ । त्यसरी जोखिमको लेखाजोखा गर्ने क्रममा, हामीले कम्पनीको आन्तरीक नियन्त्रण उपर नै राय व्यक्त गर्ने उद्देश्यले नभै, परिस्थितिअनुसार हाम्रो लेखापरीक्षण कार्यविधि तयार गर्दा कम्पनीले वित्तीय विवरण तयार एवं प्रस्तुति गर्नको लागि अवलम्बन गरेका आन्तरीक नियन्त्रण प्रणालीको विश्लेषण गरेका छौं । लेखापरीक्षणमा व्यवस्थापनद्वारा अपनाइएको लेखा सिद्धान्तहरु एवं गरिएका महत्वपूर्ण अनुमानहरुको उपयुक्तताको मूल्याङ्कनका साथै समग्र वित्तीय विवरण प्रस्तुतिको लेखाजोखा समेत समावेश हुन्छ ।

हामीले प्राप्त गरेको लेखापरीक्षण प्रमाणहरु हाम्रो मन्तव्यलाई प्रयाप्त आधार प्रदान गरेको कुरामा हामी विश्वस्त छौं ।

४. सर्त सहितको राय (Qualified Opinion) को आधार

अन्तर शाखा हिसाब अन्तर्गत लिनु पर्ने रु.१,१०,११,६१७९९ र दिनुपर्ने रु.७०,१७,४५७०० को हिसाब मिलान नभई रु.३९,९४,१६०।९९ खुद लिनु पर्ने देखिएकोले सो को असर सम्पत्ति, दायित्व, आम्दानी र खर्चमा कति रकमले पर्ने सो यकिन गर्न नसकिएकोले र यस आर्थिक वर्षमा जग्गा खरिदको लागि गरिएको टेन्डर आहवान पश्चात प्रस्तावित जग्गाहरुको स्वतन्त्र मूल्याङकनकर्ताद्वारा मूल्याङकन नगराई, स्थानिय निकायले सिफारिस गरेको प्रचलित बजार मूल्यसँग सबै भन्दा घटी कबोल गरेको मूल्य तुलना गरी, जग्गा रजिष्ट्रेशन दस्तुर समेत रु. २,०५,६६,४८,३२९।५० मा खरिद गरिएको जग्गाहरुको यर्थाथ मूल्य यकिन गर्ने आधार नभएकोले सर्त सहितको राय व्यक्त गरेका छौं ।

५. लेखापरीक्षकको सर्त सहितको राय

हाम्रो रायमा माथिको दफा ४ मा उल्लेखित सर्त सहितको रायको आधार बाहेक, संलग्न वित्तीय विवरणहरुले नेपाल आयल निगम लि.को २०७४ आषाढ मसान्तको आर्थिक अवस्था तथा सोही मितिमा समाप्त भएको आर्थिक बर्षको संचालन नतिजा र नगद प्रवाह विवरणले नगद प्रवाहको लेखाको सर्वमान्य सिद्धान्त अनुसार समुचित तथा यथार्थ चित्रण गर्दछ ।

६. कम्पनी ऐन, २०६३ ले तोकेका कुराहरु उपरको प्रतिवेदन

हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानी सोधनी तथा कैफियत तलब गरेको कुराहरुको जवाफ एवं स्पष्टिकरण सन्तोषजन पायौं । यस प्रतिवेदनसंग सम्बद्ध वासलात, आय विवरण, तथा नगद प्रवाह विवरण कम्पनी ऐन, २०६३ ले तोके बमोजिम तयार गरिएको छ र उक्त विवरणहरु कम्पनीले राखेको लेखासंग दुरुस्त रहेको छ । कम्पनीले लेखा तथा श्रेस्ताहरु प्रचलित कानून बमोजिम तयार गरेको छ ।
हामीले लेखापरिक्षणको बेला हामीलाई उपलव्ध गराइएका जानकारी एवं स्पष्टिकरणको आधारमा र हामिले परीक्षण गरेका श्रेस्ताबाट कम्पनीको संचालक समिति वा कुनै प्रतिनिधि वा कुनै कर्मचारीले कानून विरुद्ध कामकाज गरेको वा कम्पनीको सम्पत्ती हिनामिना गरेको वा कम्पनीलाई हानी नोक्सानी गरे गराएको पाएनौं ।

Nepal Doorsanchar Company Limited (Nepal Telecom) (2073/74)

We have audited the accompanying Statement of Financial Position of Nepal Doorsanchar Company Limited (Nepal Telecom) as of Asadh 31, 2074 (July 15, 2017), and the Statement of

Profit or Loss and Other Comprehensive Income, Statement of Cash Flow and Statement of Changes in Equity for the year then ended, and Notes to the Financial Statements.

Management's Responsibilities

Management is responsible for the preparation and fair presentation of these financial statements in accordance with Nepal Financial Reporting Standards. This responsibility includes: designing, implementing and maintaining internal control relevant to the preparation and fair presentation of financial statements that are free from material misstatement, whether due to fraud or error; selecting and applying appropriate accounting policies; and making accounting estimates that are reasonable in the circumstances.

Auditor's Responsibilities

Our responsibility is to express an opinion on these financial statements based on our audit. We conducted our audit in accordance with Nepal Standards on Auditing. Those standards require that we comply with ethical requirements and plan and perform the audit to obtain reasonable assurance whether the financial statements are free from material misstatement.

An audit involves performing procedures to obtain audit evidence about the amounts and disclosures in the financial statements. The procedures selected depend on the auditor's judgment, including the assessment of the risks of material misstatement of the financial statements, whether due to fraud or error. In making those risk assessments, the auditor considers internal control relevant to the entity's preparation and fair presentation of the financial statements in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the entity's internal control. An audit also includes evaluating the appropriateness of accounting policies used and the reasonableness of accounting estimates made by management, as well as evaluating the overall presentation of the financial statements. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our audit opinion.

Basis of Opinion:

- The Company has not used professionall qualified valuer for the purpose of revaluation of Property, Plant and Equipment for measurement after recognition. This is not in conformity with the requirements of Accounting Standards.

- The Company has been presenting its interim financial reporting to the public under the requirements of Security Board of Nepal. However such reporting is not in conformity with the reporting requirements of *NAS 34 Interim Financial Reporting.*

Opinion:

In our opinion, based on the information and explanation provided to us and our audit and subject to the matter raised in the preceding Basis of opinion, the financial statements give true and fair view of the financial position as of Asadh 31, 2074 (July 15,2017), and of the results of its operations and cash flows of Nepal Doorsanchar Company Limited (Nepal Telecom) for the year

then ended in accordance with Nepal Financial Reporting Standards and comply with the requirements of the Companies Act 2063.

नेपाल बैंक लिमिटेड (२०७३।७४)

वित्तीय विवरणमाथि प्रतिवेदन

हामीलाई यसै साथ संलग्न **नेपाल बैंक लिमिटेड** को नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनूसार तयार पारिएको वित्तीय विवरणहरु र सोसँग संलग्न गरिएका ३१ आषाढ २०७४ (१५ जुलाई २०१७) को वित्तीय विवरण अवस्था तथा सोही मितिमा समाप्त आर्थिक बर्षको नाफा नोक्सान विवरण, स्वामित्व कोष (Equity) मा भएको परिवर्तन, नगद प्रवाह विवरण तथा महत्वपुर्ण लेखा सम्बन्धी नीति तथा टिप्पणीहरुको सारको लेखापरीक्षण सम्पन्न गर्नको लागि नियूक्ति गरिएको थियो ।

वित्तीय विवरणहरु उपर व्यवस्थापनको उत्तरदायित्य :

वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदन मान अनूसार तयार गर्ने उत्तरदायित्व व्यवस्थापनमा रहेको छ । यी दायित्व अन्तर्गत जालसाजी वा त्रुटिबाट हून सक्ने सारभुत रुपमा त्रूटीपुर्ण रहित वित्तीय विवरण तयार गर्ने तथा प्रस्तूत गर्न आवश्यक आन्तरिक नियन्त्रण प्रणलीको वनावट, कार्यान्वयन र कायम गर्ने उचित लेखा नीतिहरु चयन एवं कार्यान्वयन गर्ने तथा परिस्थिति अनूरुप उचित लेखा सम्बन्धी अनूमान गर्ने दायित्व पनि समावेश हून्छ । व्यवस्थापनले वित्तीय विवरणहरु (NFRS) अनूसार नभई नेपाल राष्ट्र बैकद्धारा जारी निर्देशिका अनूरुप तयार पारेको छ ।

प्रचलित कानुनको अधिनमा रहि नेपाल वित्तीय प्रतिवेदन मान NFRS अनूसार यी वित्तीय विवरणहरु तयार गर्ने तथा सहि प्रस्तूतिकरण गर्ने उत्तरदायित्व व्यवस्थापनमा रहेको छ । यी दायित्व अन्तर्गत जालसाजी वा त्रूटीवाट हून सक्ने सारभुत रुपमा त्रूटीपुर्ण रहित विवरण तयार गर्न तथा प्रस्तूत गर्न आवश्यक आन्तरिक नियन्त्रण प्रणालीको वनावट, कार्यान्वयन र कायम गर्ने, उपयूक्त लेखानीतिहरु को छनौट एवं प्रयोग तथा परिस्थिती अनूरुप उचित लेखा अनूमानको प्रयोग पनि समावेश हून्ट ।

व्यवस्थापनले वित्तीय विवरणहरु NFRS अनूसार नभई नेपाल राष्ट्र बैकद्धारा जारी निर्देशिका अनूरुप तयार पारेको छ ।

लेखापरीक्षकको उत्तरदायित्व :

लेखा परीक्षणको आधारमा वित्तीय विवरणहरु उपर राय व्यक्त गर्नू हाम्रो उत्तरदायित्व हो । हामीले हाम्रो लेखा परीक्षण नेपाल लेखा परीक्षण मान बमोजिम सम्पन्न गरेका छौ । सो लेखापरीक्षणमान अनूसार वित्तीय विवरणहरु सारभूत रुपमा त्रूटीपुर्ण प्रस्तूती रहित छ भन्ने कूरामा उचित रुपमा आश्वस्त हूनको लागि लेखापरीक्षण गर्दा नैतिक आवश्यकताको परिपालन तथा लेखापरीक्षणको योजना तर्जूमा गरी लेखापरीक्षण सम्पन्न गर्नू पर्दछ ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खूलस्त गरिएका कूराहरुको प्रमाण प्राप्त गर्न लेखापरीक्षणका कार्यविधिको साथै वित्तीय विवरणहरु जालसाजी वा त्रूटीवाट सारभुत रुपमा त्रूटीपुर्ण हूने जोखिमको मुल्याङ्कन लेखापरीक्षकको व्यावसायिक निर्णयमा आधारित हून्छ । उक्त जोखिमको मुल्याङ्कन गर्दा सो अवस्थामा उपयूक्त हूने लेखापरीक्षण कार्यविधिको तर्जूमा गर्नको लागि लेखापरीक्षकले निकायको वित्तीय विवरणको तयारी र सहि प्रस्तूतिकरणँसंग सम्बन्धित आन्तरिक नियन्त्रणको प्रभावकारीता माथि विचार व्यक्त नगर्ने गरी आन्तरिक नियन्त्रणको मनन गर्दछ । व्यवस्थापनले प्रयोग गरेको लेखा नीतिको उपयूक्तता

तथा लेखा अनूमानको औचित्यताको साथै विवरणहरुको समग्र प्रस्तूतिकरणँको मुल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हून्छ ।

प्रतिदावी आधार हरफमा उल्लेखित कूराहरुको महत्वले, हामीले प्रस्तूत वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनूरुप तयार भएको बारेमा राय व्यक्त गर्नको लागी पर्याप्त र उपयूक्त आधार प्राप्त गर्न सकेनौ ।

प्रतिदावी रायको आधार

बैक तथा वित्तीय संस्थाहरुमा वित्तीय सम्प्रेषण खाका १७ जूलाई २०१५ देखि, प्रभावकारी रुपमा लागू भएको छ । नेपाल लेखामान, नेपाल वित्तीय प्रतिवेदन मानहरु (NFRS) परिर्वतन भएकाले १७ जूलाई २०१४ देखि हालको वित्तीय सम्प्रेषण खाकालाई नेपाल वित्तीय प्रतिवेदन मानहरुमा (NFRS) परिवर्तन गर्नूपर्ने र कम्तिमा तिन वित्तीय विवरण, दूई विस्तरित आयको विवरण, दूई आयको विवरण, दूई नगद प्रवाहको विवरण, दूई इक्विटी मा भएको परिर्वतनको विवरण प्रस्तूत गर्नू पर्ने, तर यस बैंकले आफ्ना वित्तीय विवरणहरु परिर्वर्तित नेपाल वित्तीय प्रतिवेदन मानहरु (NFRS) बमोजिम तयार नगरिएको साथै नयाँ लेखा सिद्धान्त अनूरुप चाहिने वित्तीय सुचनाको पहिचान, यसको पूर्नलेखन, प्रस्तूती र खूलासापनि गरेको पाईएन ।

उल्लेखित परिवर्तित प्रतिवेदन मानहरु अनूसारको वित्तीय सुचनाको पूर्नलेखन, प्रस्तूत र खूलासा सम्प्रेषणँ नगरिएकाले यसको एकीकृत असर अनिश्चित र सारभुत तथा व्यापक हूनसक्छ ।

प्रतिदाबी राय

तसर्थ, माथिको प्रतिदाबी आधार हरफमा उल्लेखित कूराहरुको महत्व र परिवर्तित प्रतिवेदन मानहरु (NFRS) पहिलोपटक ग्रहण गर्दा चाहिने वित्तीय सुचनाको पूर्नलेखन र थप खूलासा यस बैंकबाट पालना नगरिएकोले, यसबाट पर्न जान सक्ने एकीकृत असरको बारेमा लेखापरीक्षणको सिलसिलामा हामीले प्रर्याप्त प्रमाणहरु संकलन गर्न नसकेकाले, हामी यस बैंकको आ. व. २०१६/१७ को वित्तीय विवरणहरुमा आफ्नो राय प्रस्तूत गर्दैनौ ।

अन्य कानूनी तथा नियमक निकायका आवश्यकता सम्बन्धि प्रतिवेदन

हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानी सोधनी तथा कैफियत तलव गरेका कूराहरुको जवाफ एवं स्पष्टिकरण सन्तोषजनक पायौं, जून हाम्रो ज्ञान र विश्वासमा लेखापरीक्षणका लागि आवश्यक थियो । हाम्रो रायमा यस प्रतिवेदनसँग सम्वद्ध वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण नेपाल राष्ट्र बैंकले तोके बमोजिम तयार भएको छ, कम्पनीले राखेको लेखासँग दुरुस्त रहेको छ र कम्पनीले लेखा तथा श्रेस्ताहरु प्रचलित कानुन बमोजिम तयार गरेको छ । हाम्रो रायमा शाखाको स्वतन्त्र लेखापरीक्षण नभएतापनि शाखाबाट प्राप्त विवरणहरु लेखापरीक्षणको निमित्त आधार थिए ।

कम्पनीको लेखा तथा श्रेस्ताहरुको परीक्षणबाट देखिए अनूसार हाम्रो रायमा कम्पनीले नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन बमोजिम पर्याप्त पुजींकोष तथा सम्पत्तिको अपमुल्यन बापत कोष खडा गरेको छ ।

हामीलाई प्राप्त जानकारी र हामीलाई दिइएको स्पष्टिकरण र लेखापरीक्षणको लागि आवश्यक श्रेस्ताहरुको परिक्षणबाट तल खुलासा गरिएको टिप्पणीहरुबाट वित्तीय बिबरणमा पर्न सक्ने असरको अधिनमा रही, संचालक समिति अथवा कूनै पदाधिकारीले कानुनी व्यवस्थाहरु विपरित वा अनियमित कार्य गरेको वा कम्पनीलाई हानि नोक्सानी गरे गराएको तथा राष्ट्र बैंकको एकीकृत निर्देशनको उल्लङ्घन गरि कम्पनी, निक्षेपकर्ता तथा लगानीकर्ताको हितको सुरक्षण विपरित कार्य गरेको जानकारी हून आएन ।

क) वित्तीय बिबरणको अनुसूची १६ मा प्रस्तुत गरिए बमोजिम २०७४ अषाढ मसान्तमा अन्तर शाखा हिसावमा राफसाफ हुन नसकेको रु २,८८२,८१५ हजार (Debit Balance) रहेको छ, तर सोहि अबधिको लागि अन्तर साखा हिसाब मिलान बिभागले दिएको तथ्यांक अनुसार रु १,८५५,०२९ हजार (Credit Balance) रहेको छ । यसरि बैंकका दुइ बिभागले दिएको तथ्यांकमा रु ४,७३७,८४४ हजार को उल्लेखनिए भिन्नता रहेको छ । अन्तरसाखा हिसाब मिलानको अवस्था कमजोर रहेको, हिसाब मिलान र समायोजन हुन बिगत वर्षहरु देखि बाँकि रहेका रकमहरु समाबेश भइरहेको र त्यस्ता रकमको प्रकृति र आयु बिस्लेषण अबस्थाको बिस्तृत बिबरण तयार पारी चारीत्रीकारण गरि वितिय बिबरणमा हिसाब मिलान नगरे सम्म सोबाट बैंकको वित्तीय बिबरणमा पर्न जान सक्ने असर आँकलन गर्न सकिन्न ।

(ख) बैंकले बिक्रम सम्बत २०४५ साल सम्म बैंकमा आबद्ध हुने र आ ब २०७२।७३ देखि अवकाश लिने कर्मचारीहरुको लागी ७ बर्से पेन्सन योजना आ ब २०७२।७३ देखि सुराबत गरेको छ र सो योजना अन्तर्गत अवकास लिने कर्मचारीहरुलाई भुक्तानी गरिएको एकमुस्ट पेन्सन रकम भुक्तानी गरेको समयमा खर्च नलेखी ७ वर्ष को अवधिमा लेखांकन गर्ने लेखानीति अबलम्बन गरेको पाईयो जुन लेखाको सर्बमान्य सिधान्त अनुरुप नरहेको पाइयो ।

(ग) वित्तीय बिबरणको अनुसूची ३३ मा प्रस्तुत गरिए अनुसार बैंकले सुचिकृत कम्पनिहरुको शेयरमा गरेको लगानीलाई बिक्रीको लागि उपलब्ध लगानी (Available for Sale) अन्तर्गत बर्गिकरण गरेता पनि यस्ता लगानीलाई बजारदर अनुरुप नियमित रुपमा मूल्याङ्कन (Marked to Market on Regular Basis) गरी भिन्नतालाई जगेडा (Reserves) मार्फत समायोजन (Adjust) गर्नुपर्नेमा परल मूल्य (Cost Price) मा लेखांकन गर्ने नीति लिएको छ, जुन नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशिका ४(३)(ग) बिपरित रहेको छ ।

(घ) बैंकले स्वदेशी तथा विदशी बैंकमा रहेको कतिपय खाताहरु को Rconciliation र Statement उपलब्ध गराउन नसकेको हुनाले त्यस्ता बैंक खातामा भएको मौद्जात बापत अषाढ मसान्त २०७४ मा रु ४०,०५१ हजारको नोक्सानी व्यवस्था गरिएको छ । Reconciliation, Balance Confirmation र बैंक मौद्जातबारे सम्पूर्ण बिबरण को अभावमा उपरोक्त रकम असुली हुन सक्नेबारे यकिन गर्न सकिएन ।

(ङ) बैंकले आफ्नो प्रधानकार्यालय तथा साखा कार्यालयहरुमा रहेका स्थिर सम्पतिको बिबरण दुरुस्त राखेको पाइएन । स्थिर सम्पतिको भौतिक परिक्षण समेत नभएको पाईयो र वित्तीय बिबरणमा देखाइएको स्थिर सम्पति को मौद्जात स्थिर सम्पति को बिबरणसंग Reconcile नगरेको पाईयो । बैंकले आयकर ऐन २०५८ मा भएको व्यवस्था अनुरूप ह्रासकट्टी खर्च लेखाङ्कन गरेका छ । जुन नेपाल लेखामान १६ अनूरुप रहेको छैन ।

(च) बैंकको अन्तरिक लेखपरिक्षण बिभागले ६८ शाखाहरुमा गरेको सुन कर्जा अवलोकनको क्रममा धरान शाखामा नकल्ली सुनको धितोमा रु १४०,६४२ हजार बराबरको सुनकर्जा प्रबाह भएको पाईएको हुनाले यस्ता घटनाहरु अन्य बैंकिङ्ग कारोबार तथा कर्जा प्रबाहमा पनि नभएको भनि यकिन गर्न सकिने अवस्था रहेको छैन र हामीले यस्ता घटनाहरुको कारणले वित्तीय विवरणमा परेको प्रभावको आंकलन गरेका छैनौ ।

नेपाल वित्तीय प्रतिवेदन मानहरु (NFRS) अनूसार तयार नपारिएको वित्तीय विवरण उपर, हाम्रो रायको अधिनमा रहि बैंकले तयार गरिएको वित्तीय विवरण सार भूत आधारमा नेपाल राष्ट्र बैकद्धारा वित्तीय विवरण तयार गर्न जारी निर्देशिका अनूरुप छ ।

नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (२०७३।७४)

१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन

हामीले यसैसाथ संलग्न नेपाल स्टक एक्सचेञ्ज लिमिटेडको आषाढ ३१, २०७४ (तदनुसार जुलाई १५, २०१७) को वित्तीय स्थितीको विवरण (वासलात), सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब तथा अन्य व्यापक आयको विवरण, नगद प्रवाह विवरण तथा इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र

तत्सम्बन्धी लेखा नीति तथा लेखा टिपण्णीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्बन्धित ऐन र अन्य नियम, कानुन अभ्यास अनुरुप वित्तीय विवरणहरु तयार पार्ने तथा यथोचित प्रस्तुतीकरण गर्ने जिम्मेवारी नेपाल स्टक एक्सचेञ्ज लिमिटेडको व्यवस्थापनमा रहेको छ । उक्त जिम्मेवारीमा वित्तीय विवरणहरु तयार पार्ने था वित्तीय विवरणहरुको प्रस्तुतीकरणसँग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको खाका तयार गर्ने, कार्यान्वयन गर्ने तथा त्यसको प्रभावकारिता कायम राख्ने कार्यहरु पर्दछन् जस्मा वित्तीय विवरणहरु त्रुटी तथा जालसाजीको कारणले सारभूत रुपमा गलत आँकडारहित छैनन् भन्ने कुरामा विश्वस्त हुने, उपयुक्त लेखा नीतिहरुको छनौट र कार्यान्वयन गर्ने, आवश्यकतानुसार लेखा अनुमानहरु गर्ने कार्यहरु समेत पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरण उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । लेखापरीक्षण नेपालको लेखापरीक्षण मान तथा सामान्य लेखापरीक्षण अभ्यासको आधारमा सम्पन्न गरिएको छ । ती लेखापरीक्षण मान तथा अभ्यास अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडारहित प्रस्तुती गर्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लेखित रकम र खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारेमा पुष्ट्याँइ गर्ने यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिको कारण सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कनसहितको व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी यर्थाथ प्रस्तुतीकरणको लागी आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणलीको उपयुक्तताबारे परीक्षण गरिएको छ, तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तिय विवरण तयार गर्दा प्रयोग गरेको लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तता साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्ने कार्य समेत लेखापरीक्षकको जिम्मेवारी अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. कैफियत सहितको राय व्यक्त गर्ने आधार

नेपाल लेखामान १ "वित्तीय विवरणको प्रस्तुतीकरण" को बुँदा १६ अनुसार प्रचलित सबै वित्तीय प्रतिवेदन मानहरु पूर्ण पालना गरेमा मात्र नेपाल वित्तीय प्रतिवेदन मानको पालना गरी वित्तीय विवरण तयार गरेको मानिने भए पनि संलग्न वित्तीय विवरुणको लेखा टिप्पणी २.१ "अनुपालनाको विवरण" मा उल्लेख गरिए अनुसार कम्पनीको सहायक कम्पनीको वार्षिक वित्तीय विवरण तयार भइ नसकेको र लेखापरीक्षण कार्य समेत समाप्त भइ नसकेकोले नेपाल वित्तीय प्रतिवेदन मान १०: एकीकृत वित्तीय (NFRS 10: Consolidated Fiannclial Statements) को पालना गरी एकीकृत वित्तीय विवरण तयार गरिएको छैन । सहायक कम्पनीको वित्तीय विवरणको अभावमा एकीकृत वित्तीय विवरणको तयार नगरेकोले पर्ने प्रभाव परिमाणणीकरण गर्न सकिएन ।

५. कैफियत सहितको लेखापरीक्षण राय

लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराइएका स्पष्टीकरण तथा सूचनाहरुको आधारमा, हाम्रो रायमा यसै प्रतिवेदनको बुँदा ४ मा उल्लेख भएको व्यहोरा अनुसार वित्तीय विवरणको प्रस्तुतीकरण र खुलासामा पर्ने प्रभाव बाहेक संलग्न वित्तीय स्थितिको विवरणले नेपाल स्टक एक्सचेञ्ज लिमिटेडको आषाढ ३१, २०७४ को वित्तीय स्थिति, तथा सोही मितिमा समाप्त भएको वर्षको नाफा नोक्सान हिसाब तथा अन्य व्यापक आयको विवरण, नगद प्रवाह विवरण र इक्विटीमा भएको परिवर्तन सम्वन्धी विवरणले क्रमशः कम्पनीको नाफा नोक्सान तथा अन्य व्यापक आय, नगद प्रवाह र इक्विटीमा भएको परिवर्तनको नेपाल वित्तीय प्रतिवेदन मान बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

६. कम्पनी ऐन, २०६३ बमोजिमको थप व्यहोरा

कम्पनी ऐन, २०६३ बमोजिम देहायका व्यहोराहरु प्रमाणित गर्दछौं :

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक सूचना र स्पष्टिकरण प्राप्त गर्‍यौं ।

ख) कम्पनी ऐन, २०६३ अनुरुप कम्पनीले आफ्नो कारोबारको यर्थाथ स्थिति स्पष्ट हुने गरी लेखा राखेको छ ।

ग) यसै प्रतिवेदनको बुँदा ४ मा उल्लेख भएकोमा बाहेक संलग्न वासलात, नाफा नोक्सानीको हिसाब र नगद प्रवाह विवरण सारभूल रुपमा प्रचलित कानून बमोजिम निर्धारण गरिएको लेखामान अनुरुप तयार भएको छ र त्यसता विवरणहरु सारभूत रुपमा कम्पनीले राखेको लेखासँग दुरुस्त रहेको छ ।

घ) लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराइएका स्पष्टिकरण तथा सूचनाहरुको आधारमा, सञ्चालक समिति वा प्रतिनिधि वा कुनै कर्मचारीले कानूनविरुद्ध लेखासँग सम्बन्धित कुनै कामकाज गरेको तथा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीको हानी नोक्सानी गरेको व्यहोरा हाम्रो जानकारीमा आएन ।

ङ) लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराइएका स्पष्टिकरण तथा सूचनाहरुको आधारमा, सञ्चालक समिति वा प्रतिनिधि वा कुनै कर्मचारीले कम्पनीमा लेखासम्बन्धी कुनै जालसाजी गरेको व्यहोरा हाम्रो जानकारीमा आएन ।

राष्ट्रिय बीमा संस्थान, जीवन बीमा बिभाग (२०६६।६७)

वित्तीय विवरणहरू उपरको प्रतिवेदन

हामीले राष्ट्रिय बीमा संस्थान, जीवन बीमा बिभागको यसै साथ संलग्न वित्तीय विवरणहरूको लेखापरीक्षण गरेका छौ, जसमा आ.व. २०६७ आषाढ ३२ गतेको वासलात, सोही मितिमा समाप्त वर्षको नाफा नोक्सान हिसाब, आय व्यय हिसाब, नगद प्रवाह विवरण र स्वामित्व अंशमा भएको परिवर्तन विवरण तथा महत्वपूर्ण लेखा नीतिहरू र अन्य व्याख्यात्मक टिप्पणीहरू समावेश रहेका छन् ।

वित्तीय विवरणहरू उपर व्यवस्थापनको उत्तरदायित्व

सान्दर्भिक विद्यमान कानुनहरू (कम्पनी ऐन २०६३, बीमा ऐन २०४९, बीमा नियमावली २०४९, बीमा समितिका निर्देशनहरू तथा नेपाल लेखामान अनुसार यथार्थ र उचित चित्रण गर्ने उल्लेखित वित्तीय विवरणहरू तयार गर्ने तथा तिनका सहि प्रस्तुतिकरण गर्ने उत्तरदायित्व व्यवस्थापनमा रहेको छ । यी दायित्व अन्तर्गत जालसाजी वा त्रुटीबाट हुन सक्ने गहन रूपका त्रुटीरहीत (free from material misstatement) वित्तीय विवरण तयार गर्न तथा प्रस्तुत गर्न आवश्यक आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र कायम गर्नु, उपयुक्त लेखानीतिको छनौट एवं प्रयोग तथा परिस्थिति अनुरूप उचित लेखा अनुमान गर्नु समावेश हुन्छन् ।

लेखापरीक्षकको उत्तरदायित्व

लेखापरीक्षणको आधारमा ती वित्तीय विवरणहरू उपर राय व्यक्त गर्नु हाम्रो उत्तरदायित्व हो । हामीले नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण सम्पन्न गरेका छौं । ती लेखापरीक्षणमान अनुसार वित्तीय विवरणहरू सारभूत रूपमा त्रुटीयुक्त प्रस्तुति रहित छन् भन्ने कुरामा उचित रूपमा आश्वस्त हुनको लागि लेखापरीक्षण गर्दा निर्दिष्ट नैतिकताको (Ethical Requirement) परिपालना तथा लेखापरीक्षणको योजना तर्जुमा गरी लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणहरूमा देखाइएका रकमहरू र तीनको प्रस्तुतीको सम्वन्धमा लेखापरीक्षण प्रमाणहरू प्राप्तगर्ने कार्यविधिहरूको सम्पादन पर्दछन् । यसरी सम्पादन गरिने कार्यविधिहरूको छनौट, आर्थिक विवरणमा जालसाजी वा त्रुटीवाट हुनसक्ने सारभूत गलत प्रदर्शनको मूल्याङ्कन समेत लेखापरीक्षणको व्यवसायीक निर्णयमा भर पर्दछ । जोखिम मूल्याङ्कन गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीतामाथि राय व्यक्त गर्ने उद्देश्यले नभई सो अवस्थामा उपयुक्त हुने लेखापरीक्षण कार्यविधिको तर्जुमा गर्नको लागि लेखापरीक्षकले निकायको वित्तीय विवरणको तयारी र यथार्त प्रस्तुतिकरणसँग सम्बन्धित आन्तरिक नियन्त्रणको मनन गर्दछ । व्यवस्थापनले प्रयोग गरेको लेखानीतिको उपयुक्तता तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरूको समष्टीगत प्रस्तुतिकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

हामी लाई विश्वास लाग्दछकी हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरूले हाम्रो कैफियतसहितको राय व्यक्त गर्नको लागि पर्याप्त र उपयुक्त आधार प्रदान गरेका छन् ।

कैफियतसहितको रायका आधारहरूः

१. बीमा कारोबार सम्बन्धि आम्दानी खर्चहरू यकिन गर्न सकिने अवस्था नभएको:

१.१ बीमा प्रिमियम आम्दानी (अन्डरराइटिंग) को परीक्षणाको लागि ९१ वटा फाइलहरू छनौट गरिएकोमा कुनै पनि फाइलहरू उपलब्ध नगराइएकोले बीमालेख फाईलबाट प्रिमियम आम्दानीको परीक्षण हुन सकेन ।

१.२ हिसाब व्यवस्थित एवं अद्यावधिक नभएको कारणले बीमा प्रिमियम आम्दानी रू.१,५०१,००१,१०३ लाई सम्बन्धित बीमाको प्रकार अनुसार लेखाङ्कन गर्न नसकी अग्रिम भुक्तानी बीमा, बात्सल्य जीवन बीमा र चाइल्ड बीमालाई सुचना प्रविधि र व्यवसाय विभागले उपलब्ध गराएको तथ्यांकको आधारमा लेखाङ्कन गरी बाँकीलाई सावधिक बीमा अन्तर्गत देखाइएको।

१.३ बीमा दाबी भूक्तानीको परीक्षणको लागि कूल २७१ वटा फाइलहरू छनौट गरिएकोमा जम्मा ५९ वटा फाइलहरू मात्र उपलब्ध गराइइको कारणले बीमा दाबी भूक्तानी खर्चको लेखापरीक्षण पूर्णरपमा हुन सकेन ।

१.४ आबश्यक अभिलेखको अभावमा कूल लेखांकित दाबी भुक्तानी रकम रू.१,४२२,५७८,४५९ लाई सम्बन्धित आर्थिक वर्ष २०६६।६७ को वास्तविक दाबी भुक्तानीको आधारमा लेखाङ्कन गर्न नसकी आ.व. २०७०र७१ को दाबी रकमलाई आधारमानी बिभिन्न बिमाको प्रकारमा दाबी भुक्तानी रकम विभाजन गरि देखाइएको छ।

१.५ पुनर्बीमा शूल्क भुक्तानी रकम यथार्थ हिसाब गणना नगरी प्रिमियम आम्दानी प्राप्तिको १.२५ प्रतिशतको दरले रू.१८,७६२,५१४ व्यवस्था गरिएको । साथै पूनर्बीमा कमिशन आयको लेखाङ्कन गरिएको छैन ।

१.६ भुक्तानी हुन बाँकी दाबी बापत व्यवस्था रू.७९८,८४०,६४७ यस आर्थिक वर्ष २०६६।६७ को अन्तमा भुक्तानी हुन बाँकी रहेको यथार्थ दाबी को आधारमा सम्बन्धित बीमाको प्रकारअनुरूप बाँडफाँड गर्नुपर्नेमा आ.व. २०७०र७१ को भुक्तानी हुन बाँकी दाबी बापत व्यवस्थालाई आधारमानी व्यवस्था गरिएको छ ।

१.७ अभिकर्ता कमिशन रू.६२,६४२,४२८ लाई सम्बन्धित बीमाको प्रथम वर्ष र नविकरण वर्षको प्रिमियमको आधारमा गणना गर्नुपर्नेमा प्रिमियम आम्दानीको आधारमा गणना गरिएको छ।

१.८ बीमालेखमा कर्जाबाट आय रू.४९,३४९,५३६ लाई सम्बन्धित बीमाको प्रकार अनुसार लेखाङ्कन नगरी सावधिक जीवन बीमामा देखाइएको छ ।

२. लगानी

२.१ समयावधी सकिएको मुद्दती निक्षेपको रकम हाल सम्म प्राप्त नभएको

कूल मुद्दती निक्षेपमध्ये ४ वटा बैंक तथा वित्तिय संस्थाहरूको मुद्दती खातामा रहेको रू. १०७,५००,००० निक्षेपको समयावधी सकिए पनि उक्त रकमहरू हालसम्म प्राप्त नभएको र के कस्तो अवस्थामा छ सो को जानकारी उपलब्ध हुन नसकेकोले सम्पत्तिको रूपमा यकिन गर्न सकिने अवस्था देखिएन ।

२.२ समयावधि सकिएको मुद्दती निक्षेपमा ब्याज आम्दानी कम प्राप्त भएको

संस्थानको बैंक खाताहरूमा समयावधि समाप्त भइका मुद्दती निक्षेपको रकम ढिला गरी प्राप्त गरिएकोले संस्थानलाई अनुमानीत रू.६,३३०,२६० नोक्सानी पुग्न गएको देखिन्छ । त्यस्तै यस वर्ष मुद्दती निक्षेपको समयवधि सकिएको केहि मुद्दती खातामा व्याज रकम रू.२८८,७२५ ले कम प्राप्त भएको देखिन्छ ।

२.३ लगानीको आधार स्पष्ट नभएको

मुद्दती खाताहरूमा लगानी गर्दा विभिन्न बैंकहरूबाट प्राप्त गर्न सकिने ब्याज दर, लगानीको सुरक्षा तथा लगानीको समयको आधारमा गर्नुपर्नेमा संस्थानले मुद्दती निक्षेप खाताहरूमा लगानी गर्दा आवश्यक विश्लेषण नगरी लगानी गरेको हुँदा संस्थानलाई नोक्सानी भएको हुन सक्ने सम्भावना नकार्न सकिएन ।

३. बैंक मौज्दात तथा अन्य सम्पत्तिको विवरण उपलब्ध नभएको

३.१ बैंक मौज्दात र बैंक हिसाब मिलानको अवस्था यकिन नभएको

संस्थानले जानकारी गराएको प्रधान कार्यालय अन्तर्गतका ३३ वटा बैंकहरू मध्ये ३१ वटा बैंक खाताहरूको हिसाब मिलान गरिएको पाइयो । बाँकी २ वटा बैंकहरूको हिसाब मिलान गरिएको पाइएन । हिसाब मिलान गरिएका बैंकहरूका हिसाब मिलान हुन बाँकी रहेको रकम कूल रू.१०,८७७,५४२,४२० देखिन्छ। उक्त रकम मध्ये आ.ब. २०६९।७० मा प्रधान कार्यलयका बैंक खाता तर्फको हिसाब मिलान हुन बाकी रकम धेरै जसो हिसाब मिलानहुन भई रू १,३२१,३३०,५८८ को मिलान हुन बाकि रहेको छ । हिसाब मिलान नगरिएका बाँकी २ वटा बैंक खाताहरूमा कूल रू.५५७,०४१,८२० ऋणात्मक मौज्दात देखाइएको उचित मान्न सकिने अवस्था छैन । त्यस्तै संस्थानले जानकारी गराएको शाखा कार्यलयहरू अन्तर्गतका १०८ वटा बैंकहरूको रू.५७९,८३३,६९३ बराबरको हिसाब मिलान हुन बाँकी रकम देखिन्छ, यसमा सस्पेन्स् एकाउन्टस् खडा गरी रू.४९,११४ बराबर को ऋणात्मक मौज्दात देखाएको छ ।

साथै संस्थानको प्रधान कार्यालयका बैंक खाताहरू र शाखा कार्यालयका बैंकहरूको बैंक मौज्दात प्रमाणपत्र उपलब्ध नभएको र रू.१,४१४,३२२,९५८ बराबरको विभिन्न बैंक खाताहरूमा ऋणात्मक मौज्दात देखिएको हुँदा बैंक मौज्दातमा देखाइएको जम्मा रकम रू.१,०२२,५७६,२७२ यकिन गर्न सकिने अवस्था देखिँदैन ।

उपरोक्त अवस्थाका कारण सस्थानको बैंक खाताहरूको संख्या र तिनमा रहेका रकमहरू यकिन गर्न सकिएन तथा यससँग सम्बन्धित कारोबार जस्तै लगानीको हिसाब, पुनर्बीमा सँगको हिसाब, कर्जाको हिसाब, अन्य सम्पत्ति, चालु दायित्वको वित्तीय विवरणमा देखाइएको हिसाब यकिन गर्न सक्ने अवस्था देखिँदैन ।

३.२ अन्य सम्पत्तिको विवरण उपलब्ध नभएको

३.२.१ लगानीबाट प्राप्त हुन बाँकी आय

संस्थानले आर्थिक वर्ष २०६५/६६ मा प्राप्त गर्नुपर्ने ब्याज रू.११९,१७९,३५४ देखाएकोमा यस वर्ष रू. १८७,३०५,२७८ थप हुन गई रू.३०६,४८४,६३२ बाँकी रहेको देखाएको छ । प्राप्त गर्नुपर्ने ब्याज रकम धेरै वर्षदेखि बाँकी रहेको, व्यक्तिगत एवं वर्षानुगत विवरण प्राप्त नभएको, सम्बन्धित व्यक्तिबाट समर्थन प्राप्त नभएकाले यकिन गर्न सकिएन ।

३.२.२ पूनर्बीमक सँगको हिसाब मिलान नगरिएको

पुनर्बीमकसँग लिन बाँकी देखाइएको रू.९८,७७६,५५४ को व्यक्तिगत विवरण, समर्थन र वर्षानुगत विवरण उपलब्ध भएन । पुनर्बीमकले मागेको समयमा मात्र भूक्तान गर्ने र सो हिसाबलाई पुनर्बीमकसँग लिन बाँकी देखाउने गरेको पाइयो । संस्थानले पुनर्बीमकसँगको हिसाब धेरै वर्षदेखि मिलान नगरी राखेको पाइएकोले सो रकमको यकिन गर्न सकिएन ।

३.२.३ बीमितसँग लिन बाँकी

बीमा ऐन, २०४९ को दफा २७ अनुसार बीमा शुल्क प्राप्त नगरेसम्म बीमा जोखिम स्वीकार गर्न नहुने र नियमावली, २०४९ को नियम ३६ग अनुसार बीमितले बीमा शुल्क नबुझाएसम्म बीमक र बीमित बीचमा कारोबार भएकै नमानिने स्पष्ट व्यवस्था हुंदाहुदै संस्थानले रू.५,७६२,५९९ बीमा प्रिमियम रकम लिन बाँकी राखी बीमा स्वीकार गरेको उपयुक्त देखिएन । लिन बाँकी रकम को कस सँग हो सो सम्बन्धी व्यक्तिगत विवरण प्राप्त भएन ।

३.२.४ विविध असामी

यस शिर्षक अन्तर्गत रू.२,११९,२९० देखाइएको छ । उक्त रकम पाउनुपर्ने र तिर्नुपर्ने रकमलाई समायोजन गरी देखाएको हुनाले सो रकम वास्तविक भन्दा फरक देखिन्छ । उक्त रकमको आयुगत विवरण प्राप्त नभएको तथा सम्बन्धित पार्टीबाट समर्थन प्राप्त नभएकाले यस्ता आसामी रकमहरूको यथस्टतामा यकिन गर्न सकिएन ।

३.२.५ कर्मचारी पेश्की

यस शिर्षक अन्तर्गत रू.१५७,१२५,९४३ देखाइएको छ । कर्मचारीलाइ दिइएको सम्पुर्ण कर्जा रकम, प्राप्त हुन बाँकी कर्जा, प्राप्त भएको कर्जा खुल्ने आयुगत विवरण उपलब्ध नभएको हुँदा उक्त कर्जा रकमको अवस्था यकिन गर्न सकिएन ।

३.३ बीमालेखको धितोमा कर्जा

यस शिर्षक अन्तर्गत पोलिसी होल्डरलाई दिइएको कर्जा रू.८२०,९२६,८१२ देखाइएको छ । उक्त कर्जा रकम मा के कस्ता ऋणीसँग कहिलेदेखि कति रकम बाँकी छ, असुली स्थिति कस्तो छ र के कति ब्याज बाँकी छ भन्ने विवरण उपलब्ध भएन ।

३.४ अभिकर्तालाई कर्जा

यस शिर्षक अन्तर्गत अभिकर्तालाई दिइएको कर्जा रू.५,१५८,१०३ देखाइएको छ । अभिकर्तालाई प्रदान गरेको उक्त कर्जाको आयुगत तथा अभिकर्ता अनुसारको विवरण प्राप्त हुन सकेन ।

४. चालु दायित्यको तथा व्यवस्थाको विवरण उपलब्ध नभएको

४.१ अभिकर्तालाई दिन बाँकी

अभिकर्तालाई दिन बाँकी रू.२१८,६२०,९७१ देखाइएको छ । यस वर्ष लेखाङ्कन गरिएको अभिकर्ता कमिशनखर्च रू.६२,६४२,४२८ पुरै भुक्तानी हुन बाँकी र गत वर्षको सम्पूर्ण रकम रू.१५,५९,७८,५४३ दायित्व देखाइएको छ । यस बर्ष भुक्तानी गरिएको भएमा कुन खातामा देखाइएको छ सो को विवरण लगायत भुक्तानी हुन बाँकी उक्त रकमको व्यक्तिगत एवं वर्षानुगत विवरण उपलब्ध भएन ।

४.२ निर्जीवन विभागलाई दिन बाँकी

यस विभागले निर्जीवन बीमा विभागलाई रू.४१,०७५६,५३७ दिन बाँकी देखाएइको छ । तर निर्जीवन बीमा विभागले आफ्नो हिसाबमा यस विभागलाई रू.३८६,७१४,१४३ लिन बाँकी देखाएको छ । निर्जीवन बीमा विभागले रू.२४,०४२,२९४ कम देखाएको कारण यस विभागले देखाएको हिसाबको विश्वसनीयता कम भएको छ । उक्त रकम कुन शिर्षक अन्तर्गत पाउनुपर्ने हो सो को आयुगत विस्तृत विवरण प्राप्त हुन सकेन ।

४.३ पूनर्बीमकलाई दिन बाँकी

पूनर्बीमकलाई दिन बाँकी देखाइएको रू.२२६,८९६,६३८ को कुन कुन पुनर्बीमकलाई कहिले देखि दिनुपर्ने भन्ने विवरण उपलब्ध छैन, साथै दिन बाँकी देखाइएको रकमको पुनर्बीमकबाट समर्थन प्राप्त नभएको हुंदा उक्त रकम यकिन गर्न सकिएन ।

४.४ विविध साहु

यस शिर्षक अन्तर्गत रू.४,४५३,५४२ देखाइएको छ । विविध साहुहरूको भुक्तानी भई सकेको तर तिर्नुपर्ने रकमबाट नघटाईएको देखिन्छ । भुक्तानी हुन बाँकी उक्त रकमको व्यक्तिगत एवं वर्षानुगत विवरण उपलब्ध भएन ।

४.५ अग्रिम आयकर, आयकर व्यवस्था

संस्थानको वित्तीय विवरण मा रू.१,३००,४७५,७२० अग्रिम कर दाखिला गरेको देखिन्छ तर सो सम्बन्धी विवरण उपलब्ध भएन । संस्थानको यसवर्ष रू.३,९२१,६७२ तिर्नुपर्ने अग्रिम आयकर कट्टी देखिन्छ । तर सो रकमको विस्तृत विवरण उपलब्ध छैन ।
गत वर्ष रू.१,२४९,००१,३९३ आयकर व्यवस्था गरेकोमा यस वर्ष रू.२१७,७७५,६५८ ले वृद्धि गरी रू.१,४६६,७७७,०५१ देखाएको छ ।

यद्यपी कर फछ्यौंट आयोग र राष्टिय बीमा संस्थान बीच कर वक्यौता फछ्यौंट सम्बन्धमा गरिएको सम्झौता पत्र मिति २०७२र०६र२९ को अनुसार आर्थिक वर्ष २०५९र६० देखि आर्थिक वर्ष २०६७र६८ सम्म आयकर रू.२,२५०,१५०,००० र आर्थिक वर्ष २०६३ असार देखि आर्थिक वर्ष २०६६ असार सम्म मु.अ कर रू. १८,०००,००० निर्धारण गरेको छ ।

संस्थानको जीवन र निर्जीवन विभागले अग्रिम करकट्टी रू.५८८,०१४,६८५ र किस्तावन्दी कर रू.१,५०२,४५७,५२७ गरी जम्मा रू.२,०९०,४७२,२१२ बुझाइ सकेको हुँदा रू.१५९,६७७,७९० बाँकी तिर्नुपर्ने देखिन्छ । जस मध्ये रू.५०,०००,००० निर्जीवन बीमा बीभागले र रू.१०९,६७७,७९० जीवन बीमा विभागले २०७२।१०।२८ मा तिरेको देखियो । तिर्नुपर्ने बाँकी रकम जीवन बीमा विभाग र निर्जीवन बीमा विभागमा बाँडफाँडको आधार वा निर्णय उपलब्ध भएन ।

४.६ तिर्न बाँकी बीमाङ्कीय सेवा शुल्क

यस शिर्षक अन्तर्गत रू.६,७२१,११५ देखाइएको छ । उक्त रकम खुल्ने सम्बन्धित आर्थिक वर्ष, तिर्न बाँकी रहेको कारण उपलब्ध भएन ।

४.७ पेन्सन तथा उपदान व्यवस्था

गत वर्ष कर्मचारीको उपदान तथा निवृत्तिभरण व्यवस्था रू.११५,८१३,८२१ रहेकोमा यस वर्ष रू.३,३१३,९०४ खर्च लेखि रू.११२,४९९,९१७ देखाइएको छ । साथै यस वर्ष पेन्सन तथा उपदान वापत थप व्यवस्था गरेको देखिएन । संस्थानका कर्मचारीलाई अवकाशको समयमा उक्त रकम दिन यथेष्ट भएको आधार देखिएन । साथै उक्त रकमलाई अलग खातामा जम्मा गरेको नदेखिएकाले कोषमा छुट्याएको रकम पनि दायित्व भुक्तानी गर्नुपर्दा उपलब्ध हुनसक्ने आधार देखिएन । संस्थानको कर्मचारी नियमावली, २०५४ अनुसार कर्मचारी लाई उपदान, निवृत्तिभरण, संचित बिदा आदि दायित्व को भुक्तानीको लागि व्यवस्था गरेको रकमको पर्याप्तता यकिन गर्न सक्ने अवस्था देखिएन ।

४.८ कर्मचारी बोनस व्यवस्था

संस्थानले यस शिर्षक अन्तर्गत गत वर्ष रू.२०,४०५,६८२ दायित्व देखाएकोमा यस वर्ष रू.२१,५२८,०५७ दायित्व देखाएको छ । यस आर्थिक वर्षको नाफा यकिन नगरी रू.१,१२२,३७५ कर्मचारी बोनस छुट्याइएको छ । संस्थानको आय व्ययको उचित लेखांकन नभएको अवस्था तथा विभिन्न सम्पत्तिमा सम्भावित नोक्सानीका लागि यथेष्ट खर्च व्यवस्था नगरी बोनस वितरणको लागि ब्यवस्था गर्नु उचित देखिदैन ।

५. कर्जा तथा लगानीबाट आय

संस्थानले कर्जा तथा लगानीबाट आय शिर्षक अन्तर्गत देखाएको निम्नलिखित आम्दानी सम्बन्धी विवरण उपलब्ध नगराएको हुँदा उक्त लेखाङ्कित आम्दानी यकिन गर्न सकिएन ।

लगानी विवरण	**आम्दानी ढरूण**
बैंक तथा वित्तीय संस्थाको कल खातामा लगानीबाट आय	१११,७८६,१४७
पोलिसी होल्डरलाई दिइएको कर्जाबाट आय	४९,३४९,५३६
कर्मचारी कर्जाबाट आय	१२१,६६८
अन्य आय	६१४,१८६
जम्मा	१६१,८७१,५३७

६. जगेडा तथा बचत

संस्थानले यस शिर्षक अन्तर्गत पूँजीगत जगेडा कोष, विशेष जगेडा कोष र विकास जगेडा कोषमा गत वर्षकै क्रमशः रकम रू.९०,५८५, रू.३३,७४६,५५९ र रू.६,५००,००० देखाएको छ । उक्त रकम जगेडा कोषबाट छुट्याउनु पर्ने कारण र सम्बन्धित आर्थिक वर्षखुल्ने विवरण प्राप्त भएन । साथै संस्थानले महाविपत्ति जगेडा कोष खडा गरेको छैन ।

७. लेखा संग सम्बन्धित आधारभूत अभिलेख तथा खाताहरू यथेष्ट रूपमा उपलब्ध नभएको:

लेखा संग सम्बन्धित आधारभुत कागजातहरू व्यवस्थित रूपमा नराख्नु, कारोबार भएकै समयमा क्रमबद्ध रूपमा भौचरहरू पोष्टिङ्ग नगर्नु, बैंक खाता जस्तो हिसाब नियमित तवरले मिलान नगर्नु र लामो समयदेखि नमिलेका हिसाबहरू मिलान एवं समायोजन नगर्नु, पुनर्बीमाको यकिन हिसाब लेखाङ्कन नहुनु, सम्बन्धित पार्टीको समर्थन बिना एकतर्फी हिसाब राख्नु, आदि कारणले विद्यमान लेखा प्रणाली अत्यन्त कमजोर अवस्थामा रहेको देखिन्छ ।

बैंक हिसाब, लगानी हिसाब, स्थिर सम्पत्ति, लिनु, दिनु, आम्दानी, खर्च तथा दायित्व हिसाबका सहायक खाता हरू अद्यावधिक छैनन् । गोश्वारा हिसाबले देखाएका मौज्दात रकमको आधारमा मात्र वित्तीय विवरणहरू तयार पारिएका कारण वित्तीय विवरणहरू समष्टिगतरूपमा विश्वसनीय भएकोमा यकिन गर्न सकिने अवस्था छैन ।

८. **सम्बन्धित कानुनी तथा नियमनकारी व्यवस्थाहरूको पालना नगरिएको**:
एउटै बीमकले जीवन बीमा तथा निर्जीवन बीमा व्यवसाय सञ्चालन गर्न नपाउने व्यवस्था भएता पनि यस वर्षमा दुवै बीमा व्यवसाय सञ्चालन गर्दै आएको, बीमा ऐन अनुरूप चुक्ता पूंजीको व्यवस्था नगरिएको, आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र साधारण सभा गरिसक्नुपर्ने व्यवस्था भएतापनि संस्थानले आर्थिक वर्ष २०६५र६६ देखि साधारण सभा नगरेको, बीमाङ्की मुल्याङ्कन समयमा नगरेको, आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र बीमा समितिको कार्यालयमा पेश गर्नुपर्ने आवश्यक विवरणहरू पेश नगरीएको, बीमा समितिले परिपत्र नं. ३० अनुसार लगानीको एअरमार्क व्यवस्था नगरेको, कर्मचारी अवकाश कोषको लेखा परीक्षण नगरिएको, बिना ब्याजको ऋण कर्मचारीको करयोग्य आयमा समावेश नगरिएको जस्ता व्यवस्थाहरूको पालना नगरिएको देखियो ।

९. संस्थानले हिसाव किताव अध्यावधिक गरि फरफारक गर्ने कार्य हाम्रो लेखापरीक्षणको प्रतिवेदनको मिति सम्म पनि गरिरहेको र आर्थिक बर्ष २०६९।७० को आर्थिक विवरण तैयार गर्दा पूर्णरूपमा मिलान तथा फरफारक भई अध्यवधिक हुने प्रतिबद्दता मिति २०७३।१२।०९ को पत्र बाट बिमा समितिमा पेश गरे अनुरूप कार्य भैरहेको जानकारी गराएको छ । यस आर्थिक बर्षको हिसावमा उपरोक्त कैफियतहरू कायम रहेको र ती कैफियतहरू फरफारक गर्दा संस्थानको वित्तिय विवरणमा पर्न सक्ने असर गहन हुन सक्ने अनुमान गर्न सकिएतापनि हाल यकिन गर्न सकिने अवस्था रहेन ।

कैफियत सहितको राय

हाम्रो रायमा माथि कैफियत सहितको रायको आधार भन्ने अनूच्छेदमा उल्लेख गरिएका विषय बस्तूले गहन असर पार्ने तर हालको अवस्थामा यकिन गर्न नसकिने रकमहरूको कारणले पर्न जाने गहन असर बाहेक वित्तीय विवरणमा प्रस्तुत विवरणहरूले राष्ट्रिय बीमा संस्थान, जीवन बीमा विभागको आषाढ ३२, २०६७ को वित्तीय अवस्था र सो आर्थिक वर्षको संचालन नतिजा एवं नगद प्रवाहको सर्वमान्य लेखा सिद्धान्त अनुरूप सारभूतरूपमा उचित प्रदर्शन गरेको छ ।

अन्य कानून र नियमहरूको व्यवस्था सम्बन्धमा प्रतिवेदन

कैफियत सहितको रायको आधार भन्ने अनूच्छेदमा उल्लेख गरिएको विषय बस्तू बाहेक अन्य अवस्थाहरूमा हामीले हाम्रो ज्ञान र विश्वासको आधारमा लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानी सोधनी तथा कैफियत तलव गरेको कुराहरूको जवाफ एवम् स्पष्टिकरण सन्तोषजनक पायौं ।

कैफियत सहितको रायको आधार भन्ने अनूच्छेदमा उल्लेख गरिएको विषय बस्तू बाहेक अन्य अवस्थाहरूमा संलग्न वासलात, नाफा नोक्सान हिसाब, आय व्यय हिसाब, नगद प्रवाह विवरण र स्वामित्व अंशमा भएको परिवर्तन विवरण बीमा समितिले तोके बमोजिम तयार भएको छ, कम्पनीले राखेको लेखासँग दुरूस्त रहेको छ र कम्पनीले लेखा तथा श्रेस्ताहरू प्रचलित कानून बमोजिम तयार गरेको छ ।

कैफियत सहितको रायको आधार भन्ने अनूच्छेदमा उल्लेख गरिएको विषय बस्तूबाट पर्नसक्ने असर बाहेक हामीलाई प्राप्त जानकारी, दिइएको स्पष्टिकरण र हामीले परीक्षण गरेको श्रेस्ताबाट सञ्चालक समिति अथवा कुनै पदाधिकारीले कानूनी व्यवस्थाहरू विपरित वा अनियमित कार्य गरेको वा कम्पनीलाई हानी नोक्सानी गरे गराएको जानकारी हुन आएन ।

राष्ट्रिय बीमा संस्थान, जीवन बीमा बिभाग (२०६७६८)

वित्तीय विवरणहरू उपरको प्रतिवेदन

हामीले राष्ट्रिय बीमा संस्थान, जीवन बीमा बिभागको यसै साथ संलग्न वित्तीय विवरणहरूको लेखापरीक्षण गरेका छौ, जसमा आ.व. २०६८ आषाढ ३२ गतेको वासलात, सोही मितिमा समाप्त वर्षको नाफा नोक्सान हिसाब, आय व्यय हिसाब, नगद प्रवाह विवरण र स्वामित्व अंशमा भएको परिवर्तन विवरण तथा महत्वपूर्ण लेखा नीतिहरू र अन्य व्याख्यात्मक टिप्पणीहरू समावेश रहेका छन् ।

वित्तीय विवरणहरू उपर व्यवस्थापनको उत्तरदायित्व

सान्दर्भिक विद्यमान कानुनहरू - कम्पनी ऐन २०६३, बीमा ऐन २०४९, बीमा नियमावली २०४९, बीमा समितिका निर्देशनहरू तथा नेपाल लेखामान अनुसार यथार्थ र उचित चित्रण गर्ने उल्लेखित वित्तीय विवरणहरू तयार गर्ने तथा तिनका सहि प्रस्तुतिकरण गर्ने उत्तरदायित्व व्यवस्थापनमा रहेको छ । यी दायित्व अन्तर्गत जालसाजी वा त्रुटीबाट हुन सक्ने गहन रूपका त्रुटीरहीत (free from material misstatement) वित्तीय विवरण तयार गर्न तथा प्रस्तुत गर्न आवश्यक आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र कायम गर्नु, उपयुक्त लेखानीतिको छनौट एवं प्रयोग तथा परिस्थिति अनुरूप उचित लेखा अनुमान गर्नु समावेश हुन्छन् ।

लेखापरीक्षकको उत्तरदायित्व

लेखापरीक्षणको आधारमा ती वित्तीय विवरणहरू उपर राय व्यक्त गर्नु हाम्रो उत्तरदायित्व हो । हामीले नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण सम्पन्न गरेका छौं । ती लेखापरीक्षणमान अनुसार वित्तीय विवरणहरू सारभूत रूपमा त्रुटीयुक्त प्रस्तुति रहित छन् भन्ने कुरामा उचित रूपमा आश्वस्त हुनको लागि लेखापरीक्षण गर्दा निर्दिष्ट नैतिकताको (Ethical Requirement) परिपालना तथा लेखापरीक्षणको योजना तर्जुमा गरी लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणहरूमा देखाइएका रकमहरू र तीनको प्रस्तुतीको सम्वन्धमा लेखापरीक्षण प्रमाणहरू प्राप्तगर्ने कार्यविधिहरूको सम्पादन पर्दछन् । यसरी सम्पादन गरिने कार्यविधिहरूको छनौट, आर्थिक विवरणमा जालसाजी वा त्रुटीवाट हुनसक्ने सारभूत गलत प्रदर्शनको मूल्याङ्कन समेत लेखापरीक्षणको व्यवसायीक निर्णयमा भर पर्दछ । जोखिम मूल्याङ्कन गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीतामाथि राय व्यक्त गर्ने उद्देश्यले नभई सो अवस्थामा उपयुक्त हुने लेखापरीक्षण कार्यविधिको तर्जुमा गर्नको लागि लेखापरीक्षकले निकायको वित्तीय विवरणको तयारी र यथार्त प्रस्तुतिकरणसँग सम्बन्धित आन्तरिक नियन्त्रणको मनन गर्दछ । व्यवस्थापनले प्रयोग गरेको लेखानीतिको उपयुक्तता तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरूको समष्टीगत प्रस्तुतिकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

हामी लाई विश्वास लाग्दछकी हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरूले हाम्रो कैफियतसहितको राय व्यक्त गर्नको लागि पर्याप्त र उपयुक्त आधार प्रदान गरेका छन् ।

कैफियतसहितको रायका आधारहरू:

१. बीमा कारोबार सम्बन्धि आम्दानी खर्चहरू यकिन गर्न सकिने अवस्था नभएको:

१.१ यस वर्षको बीमा प्रिमियम आम्दानी (अन्डरराइटिंग) को परीक्षणाको लागि कुल रू. ५७०,९०७,१२८ प्रिमियम बराबरको ३५७ वटा फाइलहरू छनौट गरिएकोमा रू. २२,६३१,४२९ बराबरको २१ वटा मात्र फाइलहरू उपलब्ध गराइएकोले छनौटमा परेको सम्पूर्ण बीमा प्रिमियम आम्दानीको लेखापरीक्षण गर्न नसकिएको।

१.२ हिसाब व्यवस्थित एवं अद्यावधिक नभएको कारणले बीमा प्रिमियम आम्दानी रू. १,८८१,९५१,४१७ लाई सम्बन्धित बीमाको प्रकार अनुसार लेखाङ्कन गर्न नसकी अग्रिम भुक्तानी बीमा, बात्सल्य जीवन बीमा र चाइल्ड बीमालाई सुचना प्रविधि र व्यवसाय विभागले उपलब्ध गराएको तथ्यांकको आधारमा लेखाङ्कन गरी बाँकीलाई सावधिक बीमामा देखाइएको ।

१.३ बीमा दाबी भूक्तानीको परीक्षणको लागि कूल रू. ७५०,३०४,१५७ बराबरका ३५८ वटा फाइलहरू छनोट गरिएकोमा जम्मा रू. ८,०२०,२३९ बराबरका २६ वटा मात्र फाइलहरू उपलब्ध गराइएको कारणले बीमा दाबी भूक्तानी खर्चको लेखापरीक्षण गर्न नसकिएको ।

१.४ आवश्यक अभिलेखको अभावमा कूल लेखांकित दाबी भुक्तानी रकम रू. १,५२५,१८३,६०९ लाई सम्बन्धित आर्थिक वर्ष २०६७६८ को वास्तविक दाबी भुक्तानीको आधारमा लेखाङ्कन गर्न नसकी आ.व. २०७०/७१ को दाबी रकमलाई आधारमानी बिभिन्न बिमाको प्रकारमा दाबी भुक्तानी रकम विभाजन गरिएको।

१.५ पुनर्बीमा शूल्क भुक्तानी रकम यथार्थ हिसाब गणना नगरी प्रिमियम आम्दानी प्राप्तिको १.२५ प्रतिशतको दरले रू. ३८,२६०,८३६ व्यवस्था गरिएको । साथै पूनर्बीमा कमिशन आयको लेखाङ्कन नगरिएको ।

१.६ भुक्तानी हुन बाँकी दाबी बापत व्यवस्था रू. ३९७,७३३,९३४ यस आर्थिक वर्ष २०६७६८ को अन्तमा भुक्तानी हुन बाँकी रहेको यथार्थ दाबी को आधारमा सम्बन्धित बीमाको प्रकार अनुरूप बाँडफाँड गर्नुपर्नेमा आ.व. २०७०/७१ को भुक्तानी हुन बाँकी दाबी बापत व्यवस्थालाई आधारमानी व्यवस्था गरिएको ।

१.७ अभिकर्ता कमिशन रू. ६२,६८४,७३४ लाई सम्बन्धित बीमाको प्रथम वर्ष र नविकरण वर्षको प्रिमियमको आधारमा गणना गर्नुपर्नेमा प्रिमियम आम्दानीको आधारमा गणना गरिएको ।

१.८ बीमालेखमा कर्जाबाट आय रू. ७१,५९६,१२१ लाई सम्बन्धित बीमाको प्रकार अनुसार लेखाङ्कन नगरी सावधिक जीवन बीमामा देखाइएको ।

२. लगानी

२.१ समयावधी सकिएको मुद्दती निक्षेपको रकम हाल सम्म प्राप्त नभएको

४ वटा बैंक तथा वित्तिय संस्थाहरूको मुद्दती खातामा रहेको रू. १०७,५००,००० निक्षेपको समयावधी सकिए पनि उक्त रकमहरू हालसम्म प्राप्त नभएको र के कस्तो अवस्थामा छ सो को जानकारी उपलब्ध हुन नसकेकोले सम्पत्तिको रूपमा यकिन गर्न सकिने अवस्था देखिएन ।

२.२ समयावधि सकिएको मुद्दती निक्षेपमा ब्याज आम्दानी कम प्राप्त भएको

संस्थानको बैंक खाताहरूमा समयावधि समाप्त भएका मुद्दती निक्षेपको रकम ढिला गरी प्राप्त गरिएकोले संस्थानलाई अनुमानीत रू. १९,१३६,९४४ नोक्सानी पुग्न गएको देखिन्छ । त्यस्तै यस वर्ष मुद्दती निक्षेपको समयवधि सकिएको केहि मुद्दती खातामा व्याज रकम रू. १०५,७१२,९७५ ले कम प्राप्त भएको देखिन्छ।

२.३ लगानीको आधार स्पष्ट नभएको

मुद्दती खाताहरूमा लगानी गर्दा विभिन्न बैंकहरूबाट प्राप्त गर्न सकिने ब्याज दर, लगानीको सुरक्षा तथा लगानीको समयको आधारमा गर्नुपर्नेमा संस्थानले मुद्दती निक्षेप खाताहरूमा लगानी गर्दा आवश्यक विश्लेषण नगरी लगानी गरेको हुँदा संस्थानलाई नोक्सानी भएको हुन सक्ने सम्भावना नकार्न सकिएन ।

३. बैंक मौज्दात तथा अन्य सम्पत्तिको विवरण उपलब्ध नभएको

३.१ बैंक मौज्दात र बैंक हिसाब मिलानको अवस्था यकिन नभएको

संस्थानले जानकारी गराएको प्रधान कार्यालय अन्तर्गतका ३७ वटा बैंकहरू मध्ये ३५ वटा बैंक खाताहरूको हिसाब मिलान गरिएको पाइयो । बाँकी २ वटा बैंकहरूको हिसाब मिलान गरिएको पाइएन । हिसाब मिलान गरिएका बैंकहरूका हिसाब मिलान हुन बाँकी रहेको रकम कूल रू. १७,८०९,६२५,४८९ देखिन्छ । उक्त रकम मध्ये आ.ब. २०६९।७० मा प्रधान कार्यलयका बैंक खाता तर्फको हिसाब मिलान हुन बाकी रकम धेरै जसो हिसाब मिलानहुन भई रू १,३२१,३३०,५८८ को मिलान हुन बाकि रहेको छ । हिसाब मिलान नगरिएका बाँकी २ वटा बैंक खाताहरूमा कूल रू. ६०७,९२७,७८३ ऋणात्मक मौज्दात देखाइएको उचित मान्न सकिने अवस्था छैन । त्यस्तै संस्थानले जानकारी गराएको शाखा कार्यलयहरू अन्तर्गतका ११२ वटा बैंकहरूको रू. १,०२०,११३,०२१ बराबरको हिसाब मिलान हुन बाँकी रकम देखिन्छ, यसमा सस्पेन्स् एकाउन्टस् खडा गरी रू. ४९,११४ बराबर को ऋणात्मक मौज्दात देखाएको छ ।

साथै संस्थानको प्रधान कार्यालयका बैंक खाताहरू र शाखा कार्यालयका बैंकहरूको बैंक मौज्दात प्रमाणपत्र उपलब्ध नभएको र रू. १,७९६,२३९,३१० बराबरको विभिन्न बैंक खाताहरूमा ऋणात्मक मौज्दात देखिएको हुँदा बैंक मौज्दातमा देखाइएको जम्मा रकम रू. १५,६७०,४१० यकिन गर्न सकिने अवस्था देखिँदैन ।

उपरोक्त अवस्थाका कारण सस्थानको बैंक खाताहरूको संख्या र तिनमा रहेका रकमहरू यकिन गर्न सकिएन तथा यससँग सम्बन्धित कारोबार जस्तै लगानीको हिसाब, पुनर्बीमा सँगको हिसाब, कर्जाको हिसाब, अन्य सम्पत्ति, चालु दायित्वको वित्तीय विवरणमा देखाइएको हिसाब यकिन गर्न सक्ने अवस्था देखिँदैन ।

३.२ अन्य सम्पत्तिको विवरण उपलब्ध नभएको

३.२.१ लगानीबाट प्राप्त हुन बाँकी आय

संस्थानले आर्थिक वर्ष २०६६/६७ मा प्राप्त गर्नुपर्ने ब्याज रू. ३०६,४८४,६३२ देखाएकोमा यस वर्ष रू. २६९,९७२,२१९ कमि भइ रू. ३६,५१२,४१३ बाँकी रहेको देखाएको छ । प्राप्त गर्नुपर्ने ब्याज रकम धेरै वर्षदेखि बाँकी रहेको, व्यक्तिगत एवं वर्षानुगत विवरण प्राप्त नभएको, सम्बन्धित व्यक्तिबाट समर्थन प्राप्त नभएकाले यकिन गर्न सकिएन ।

३.२.२ पूनर्बीमक सँगको हिसाब मिलान नगरिएको

पुनर्बीमकसँग लिन बाँकी देखाइएको रू. १००,५००,२१३ को व्यक्तिगत विवरण, समर्थन र वर्षानुगत विवरण उपलब्ध भएन । पुनर्बीमकले मागेको समयमा मात्र भूक्तान गर्ने र सो हिसाबलाई पुनर्बीमकसँग लिन बाँकी देखाउने गरेको पाइयो । संस्थानले पुनर्बीमकसँगको हिसाब धेरै वर्षदेखि मिलान नगरी राखेको पाइएकोले सो रकमको यकिन गर्न सकिएन ।

३.२.३ विविध असामी

यस शिर्षक अन्तर्गत रू. २,७०५,८७० देखाइएको छ । उक्त रकम पाउनुपर्ने र तिर्नुपर्ने रकमलाई समायोजन गरी देखाएको हुनाले सो रकम वास्तविक भन्दा फरक देखिन्छ । उक्त रकमको आयुगत विवरण प्राप्त नभएको तथा सम्बन्धित पार्टीबाट समर्थन प्राप्त नभएकाले यस्ता आसामी रकमहरूको यथस्टतामा यकिन गर्न सकिएन ।

३.२.५ कर्मचारी पेश्की

यस शिर्षक अन्तर्गत रू. १५६,३६३,७५१ देखाइएको छ । कर्मचारीलाई दिइएको सम्पुर्ण कर्जा रकम, प्राप्त हुन बाँकी कर्जा, प्राप्त भएको कर्जा खुल्ने आयुगत विवरण उपलब्ध नभएको हुँदा उक्त कर्जा रकमको अवस्था यकिन गर्न सकिएन । साथै कर्मचारी लाई दिइएको कर्जालाई कर्जा अवधि अनुसार दिर्घकालीन कर्जा, अल्पकालीन कर्जा र पेश्की रकममा वर्गिकरण नगरी सम्पूर्ण रकमलाई कर्मचारी पेश्कीमा देखाउनु उपयुक्त भएन ।

३.३ बीमालेखको धितोमा कर्जा

यस शिर्षक अन्तर्गत पोलिसी होल्डरलाई दिइएको कर्जा रू. १,९१८,८७१,१९१ देखाइएको छ । उक्त कर्जा रकम मा के कस्ता ऋणीसँग कहिलेदेखि कति रकम बाँकी छ, असुली स्थिति कस्तो छ र के कति ब्याज बाँकी छ भन्ने विवरण उपलब्ध भएन ।

३.४ अभिकर्तालाई कर्जा

यस शिर्षक अन्तर्गत अभिकर्तालाई दिइएको कर्जा रू. ६,७३४,०६४ देखाइएको छ । अभिकर्तालाई प्रदान गरेको उक्त कर्जाको आयुगत तथा अभिकर्ता अनुसारको विवरण प्राप्त हुन सकेन ।

४. चालु दायित्यको तथा व्यवस्थाको विवरण उपलब्ध नभएको

४.१ अभिकर्तालाई दिन बाँकी

अभिकर्तालाई दिन बाँकी रू.२५९,५६७,६९१ देखाइएको छ । यस वर्ष लेखाङ्कन गरिएको अभिकर्ता कमिशनखर्च रू. ४०,९४६,७२१ पुरै भुक्तानी हुन बाँकी र गत वर्षको सम्पूर्ण रकम रू. २१८,६२०,९७१ दायित्व देखाइएको छ । यस बर्ष भुक्तानी गरिएको भएमा कुन खातामा देखाइएको छ सो को विवरण लगायत भुक्तानी हुन बाँकी उक्त रकमको व्यक्तिगत एवं वर्षानुगत विवरण उपलब्ध भएन।

४.२ निर्जीवन विभागलाई दिन बाँकी

यस विभागले निर्जीवन बीमा विभागलाई रू. ४२१,९७९,३४९ दिन बाँकी देखाइएको छ । तर निर्जीवन बीमा विभागले आफ्नो हिसाबमा यस विभागलाई रू. ३८१,२४६,६३५ लिन बाँकी देखाएको छ । निर्जीवन बीमा विभागले रू. ४०,७३२,७१४ कम देखाएको कारण यस विभागले देखाएको हिसाबको विश्वसनीयता कम भएको छ । उक्त रकम कुन शिर्षक अन्तर्गत पाउनुपर्ने हो सो को आयुगत विस्तृत विवरण प्राप्त हुन सकेन।

४.३ पूनर्बीमकलाई दिन बाँकी

पूनर्बीमकलाई दिन बाँकी देखाइएको रू. २५०,१६९,३९५ को कुन पुनर्बीमकलाई कहिले देखि दिनुपर्ने भन्ने विवरण उपलब्ध छैन, साथै दिन बाँकी देखाइएको रकमको पुनर्बीमकबाट समर्थन प्राप्त नभएको हुंदा उक्त रकम यकिन गर्न सक्ने अवस्था देखिँदैन ।

४.४ विविध साँहू

यस शिर्षक अन्तर्गत रू. १०,००६,७५३ देखाइएको छ । विविध साहुहरूको भुक्तानी भई सकेको तर तिर्नुपर्ने रकमबाट नघटाईएको देखिन्छ । भुक्तानी हुन बाँकी उक्त रकमको व्यक्तिगत एवं वर्षानुगत विवरण उपलब्ध भएन ।

४.५ अग्रिम आयकर, आयकर व्यवस्था

संस्थानको वित्तीय विवरणमा रू. १,६८३,२५४,०७४ अग्रिम कर दाखिला गरेको देखिन्छ तर सो सम्बन्धी विवरण उपलब्ध भएन । संस्थानको यसवर्ष रू.६,५०९,०७६ तिर्नुपर्ने अग्रिम आयकर कट्टी देखिन्छ । तर सो रकमको विस्तृत विवरण उपलब्ध छैन ।
गत वर्ष रू. १,४६६,७७७,०५१ आयकर व्यवस्था गरेकोमा यस वर्ष रू. २५५,३६१,३९८ ले वृद्धि गरी रू. १,७२२,१३८,४४८.७६ देखाएको छ ।

यद्यपी कर फछ्यौंट आयोग र राष्टिय बीमा संस्थान बीच कर वक्यौता फछ्यौंट सम्बन्धमा गरिएको सम्झौता पत्र मिति २०७२/०६/२९ को अनुसार आर्थिक वर्ष २०५९/६० देखि आर्थिक वर्ष २०६७/६८ सम्म आयकर रू.२,२५०,१५०,००० र आर्थिक वर्ष २०६३ असार देखि आर्थिक वर्ष २०६६ असार सम्म मु.अ कर रू. १८,०००,००० निर्धारण गरेको छ ।

संस्थानको जीवन र निर्जीवन विभागले अग्रिम करकट्टी रू.५८८,०१४,६८५ र किस्ताबन्दी कर

रू.१,५०२,४५७,५२७ गरी जम्मा रू.२,०९०,४७२,२१२ बुझाइ सकेको हुँदा रू.१५९,६७७,७९० बाँकी तिर्नुपर्ने देखिन्छ । जस मध्ये रू.५०,०००,००० निर्जीवन बीमा बीभागले र रू.१०९,६७७,७९० जीवन बीमा विभागले २०७२/१०/२८ मा तिरेको देखियो । तिर्नुपर्ने बाँकी रकम जीवन बीमा विभाग र निर्जीवन बीमा विभागमा बाँडफाँडको आधार वा निर्णय उपलब्ध भएन ।

४.६ तिर्न बाँकी बीमाङ्कीय सेवा शुल्क

यस शिर्षक अन्तर्गत रू.६,७२१,११५ देखाइएको छ । उक्त रकम खुल्ने सम्बन्धित आर्थिक वर्ष, तिर्न बाँकी रहेको कारण उपलब्ध भएन ।

४.७ पेन्सन तथा उपदान व्यवस्था

गत वर्ष कर्मचारीको उपदान तथा निवृत्तिभरण व्यवस्था रू. ११२,४९९,९१७ रहेकोमा यस वर्ष रू. २,९११,३८९ खर्च लेखि रू. १०९,५८८,५२८ देखाइएको छ । साथै यस वर्ष पेन्सन तथा उपदान वापत थप व्यवस्था गरेको देखिएन । संस्थानका कर्मचारीलाई अवकाशको समयमा उक्त रकम दिन यथेष्ट भएको आधार देखिएन । साथै उक्त रकमलाई अलग खातामा जम्मा गरेको नदेखिएकाले कोषमा छुट्याएको रकम पनि दायित्व भुक्तानी गर्नुपर्दा उपलब्ध हुनसक्ने आधार देखिएन । संस्थानको कर्मचारी नियमावली, २०५४ अनुसार कर्मचारी लाई उपदान, निवृत्तिभरण, संचित बिदा आदि दायित्व को भुक्तानीको लागि व्यवस्था गरेको रकमको पर्याप्तता यकिन गर्न सक्ने अवस्था देखिएन ।

४.८ कर्मचारी बोनस व्यवस्था

संस्थानले यस शिर्षक अन्तर्गत गत वर्ष रू. २१,५२८,०५७ दायित्व देखाएकोमा यस वर्ष रू. २२,६४२,७८६ दायित्व देखाएको छ । यस आर्थिक वर्षको नाफा यकिन नगरी रू. १,११४,७२९ कर्मचारी बोनस छुट्याइएको छ । संस्थानको आय व्ययको उचित लेखांकन नभएको अवस्था तथा विभिन्न सम्पत्तिमा सम्भावित नोक्सानीका लागि यथेष्ट खर्च व्यवस्था नगरी बोनस वितरणको लागि व्यवस्था गर्नु उचित देखिदैन ।

५. कर्जा तथा लगानीबाट आय

संस्थानले कर्जा तथा लगानीबाट आय शिर्षक अन्तर्गत देखाएको निम्नलिखित आम्दानी सम्बन्धी विवरण उपलब्ध नगराएको हुँदा उक्त लेखाङ्कित आम्दानी यकिन गर्न सकिएन ।

लगानी विवरण	**आम्दानी (रू)**
बैंक तथा वित्तीय संस्थाको कल खातामा लगानीबाट आय	९४,३८९,२२४
पोलिसी होल्डरलाई दिइएको कर्जाबाट आय	७१,५९६,१२१
कर्मचारी कर्जाबाट आय	३५५,८७४
जम्मा	**१६६,३४१,२१९**

६. जगेडा तथा बचत

संस्थानले यस शिर्षक अन्तर्गत पूँजीगत जगेडा कोष, विशेष जगेडा कोष र विकास जगेडा कोषमा गत वर्षकै क्रमश: रकम रू.९०,५८५, रू.३३,७४६,५५९ र रू.६,५००,००० देखाएको छ । उक्त रकम जगेडा कोषबाट छुट्याउनु पर्ने कारण र सम्बन्धित आर्थिक वर्षखुल्ने विवरण प्राप्त भएन । साथै संस्थानले महाविपत्ति जगेडा कोष खडा गरेको छैन ।

७. लेखा संग सम्बन्धित आधारभूत अभिलेख तथा खाताहरू यथेष्ट रूपमा उपलब्ध नभएको:

लेखा संग सम्बन्धित आधारभुत कागजातहरू व्यवस्थित रूपमा नराख्नु, कारोबार भएकै समयमा क्रमबद्ध रूपमा भौचरहरू पोष्टिङ्ग नगर्नु, बैंक खाता जस्तो हिसाब नियमित तवरले मिलान नगर्नु र लामो समयदेखि नमिलेका हिसाबहरू मिलान एवं समायोजन नगर्नु, पुनर्बीमाको यकिन हिसाब लेखाङ्कन नहुनु, सम्बन्धित पार्टीको समर्थन बिना एकतर्फी हिसाब राख्नु, आदि कारणले विद्यमान लेखा प्रणाली अत्यन्त कमजोर अवस्थामा रहेको देखिन्छ ।

बैंक हिसाब, लगानी हिसाब, स्थिर सम्पत्ति, लिनु, दिनु, आम्दानी, खर्च तथा दायित्व हिसाबका सहायक खाता हरू अद्यावधिक छैनन् । गोश्वारा हिसाबले देखाएका मौज्दात रकमको आधारमा मात्र वित्तीय विवरणहरू तयार पारिएका कारण वित्तीय विवरणहरू समष्टिगतरूपमा विश्वसनीय भएकोमा यकिन गर्न सकिने अवस्था छैन ।

८. **सम्बन्धित कानुनी तथा नियमनकारी व्यवस्थाहरूको पालना नगरिएको**:
एउटै बीमकले जीवन बीमा तथा निर्जीवन बीमा व्यवसाय सञ्चालन गर्न नपाउने व्यवस्था भएता पनि यस वर्षमा दुवै बीमा व्यवसाय सञ्चालन गर्दै आएको, बीमा ऐन अनुरूप चुक्ता पूंजीको व्यवस्था नगरिएको, आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र साधारण सभा गरिसक्नुपर्ने व्यवस्था भएतापनि संस्थानले आर्थिक वर्ष २०६५/६६ देखि साधारण सभा नगरेको, बीमाङ्की मुल्याङ्कन समयमा नगरेको, आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र बीमा समितिको कार्यालयमा पेश गर्नुपर्ने आवश्यक विवरणहरू पेश नगरीएको, बीमा समितिले परिपत्र नं. ३० अनुसार लगानीको एअरमार्क व्यवस्था नगरेको, कर्मचारी अवकाश कोषको लेखा परीक्षण नगरिएको, बिना ब्याजको ऋण कर्मचारीको करयोग्य आयमा समावेश नगरिएको जस्ता व्यवस्थाहरूको पालना नगरिएको देखियो ।

९. संस्थानले हिसाव किताव अध्यावधिक गरि फरफारक गर्ने कार्य हाम्रो लेखापरीक्षणको प्रतिवेदनको मिति सम्म पनि गरिरहेको र आर्थिक बर्ष २०६९।७० को आर्थिक विवरण तैयार गर्दा पूर्णरूपमा मिलान तथा फरफारक भई अध्यवधिक हुने प्रतिबद्दता मिति २०७३।१२।०९ को पत्र बाट बिमा समितिमा पेश गरे अनुरूप कार्य भैरहेको जानकारी गराएको छ । यस आर्थिक बर्षको हिसावमा उपरोक्त कैफियतहरू कायम रहेको र ती कैफियतहरू फरफारक गर्दा संस्थानको वित्तिय विवरणमा पर्न सक्ने असर गहन हुन सक्ने अनुमान गर्न सकिएतापनि हाल यकिन गर्न सकिने अवस्था रहेन ।

कैफियत सहितको राय

हाम्रो रायमा माथि कैफियत सहितको रायको आधार भन्ने अनुच्छेदमा उल्लेख गरिएका विषय बस्तुले गहन असर पार्ने तर हालको अवस्थामा यकिन गर्न नसकिने रकमहरुको कारणले पर्न जाने गहन असर बाहेक वित्तीय विवरणमा प्रस्तूत विवरणहरुले राष्ट्रिय बीमा संस्थान, जीवन बीमा विभागको आषाढ ३२, २०६८ को वित्तीय अवस्था र सो आर्थिक वर्षको संचालन नतिजा एवं नगद प्रवाहको सर्वमान्य लेखा सिद्धान्त अनुरूप सारभूतरूपमा उचित प्रदर्शन गरेको छ ।

अन्य कानून र नियमहरूको व्यवस्था सम्बन्धमा प्रतिवेदन

कैफियत सहितको रायको आधार भन्ने अनुच्छेदमा उल्लेख गरिएको विषय बस्तु बाहेक अन्य अवस्थाहरूमा हामीले हाम्रो ज्ञान र विश्वासको आधारमा लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानी सोधनी तथा कैफियत तलव गरेको कुराहरूको जवाफ एवम् स्पष्टिकरण सन्तोषजनक पायौं ।

कैफियत सहितको रायको आधार भन्ने अनूच्छेदमा उल्लेख गरिएको विषय बस्तू बाहेक अन्य अवस्थाहरूमा संलग्न वासलात, नाफा नोक्सान हिसाब, आय व्यय हिसाब, नगद प्रवाह विवरण र स्वामित्व अंशमा भएको परिवर्तन विवरण बीमा समितिले तोके बमोजिम तयार भएको छ, कम्पनीले राखेको लेखासँग दुरूस्त रहेको छ र कम्पनीले लेखा तथा श्रेस्ताहरू प्रचलित कानून बमोजिम तयार गरेको छ ।

कैफियत सहितको रायको आधार भन्ने अनूच्छेदमा उल्लेख गरिएको विषय बस्तूबाट पर्नसक्ने असर बाहेक हामीलाई प्राप्त जानकारी, दिइएको स्पष्टिकरण र हामीले परीक्षण गरेको श्रेस्ताबाट सञ्चालक समिति अथवा कुनै पदाधिकारीले कानूनी व्यवस्थाहरू विपरित वा अनियमित कार्य गरेको वा कम्पनीलाई हानी नोक्सानी गरे गराएको जानकारी हुन आएन ।

राष्ट्रिय बीमा संस्थान, जीवन बीमा बिभाग (२०६८।६९)

वित्तीय विवरणहरू उपरको प्रतिवेदन

हामीले राष्ट्रिय बीमा संस्थान, जीवन बीमा बिभागको यसै साथ संलग्न वित्तीय विवरणहरूको लेखापरीक्षण गरेका छौ, जसमा आ.व. २०६९ आषाढ ३१ गतेको वासलात, सोही मितिमा समाप्त वर्षको नाफा नोक्सान हिसाब, आय व्यय हिसाब, नगद प्रवाह विवरण र स्वामित्व अंशमा भएको परिवर्तन विवरण तथा महत्वपूर्ण लेखा नीतिहरू र अन्य व्याख्यात्मक टिप्पणीहरू समावेश रहेका छन् ।

वित्तीय विवरणहरू उपर व्यवस्थापनको उत्तरदायित्व

सान्दर्भिक विद्यमान कानुनहरू - कम्पनी ऐन २०६३, बीमा ऐन २०४९, बीमा नियमावली २०४९, बीमा समितिका निर्देशनहरू तथा नेपाल लेखामान अनुसार यथार्थ र उचित चित्रण गर्ने उल्लेखित वित्तीय विवरणहरू तयार गर्ने तथा तिनका सहि प्रस्तुतिकरण गर्ने उत्तरदायित्व व्यवस्थापनमा रहेको छ । यी दायित्व अन्तर्गत जालसाजी वा त्रुटीबाट हुन सक्ने गहन रूपका त्रुटीरहीत (free from material misstatement) वित्तीय विवरण तयार गर्न तथा प्रस्तुत गर्न आवश्यक आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र कायम गर्नु, उपयुक्त लेखानीतिको छनौट एवं प्रयोग तथा परिस्थिति अनुरूप उचित लेखा अनुमान गर्नु समावेश हुन्छन् ।

लेखापरीक्षकको उत्तरदायित्व

लेखापरीक्षणको आधारमा ती वित्तीय विवरणहरू उपर राय व्यक्त गर्नु हाम्रो उत्तरदायित्व हो । हामीले नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण सम्पन्न गरेका छौं । ती लेखापरीक्षणमान अनुसार वित्तीय विवरणहरू सारभूत रूपमा त्रुटीयुक्त प्रस्तुति रहित छन् भन्ने कुरामा उचित रूपमा आश्वस्त हुनको लागि लेखापरीक्षण गर्दा निर्दिष्ट नैतिकताको (Ethical Requirement) परिपालना तथा लेखापरीक्षणको योजना तर्जुमा गरी लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणहरूमा देखाइएका रकमहरू र तीनको प्रस्तुतीको सम्वन्धमा लेखापरीक्षण प्रमाणहरू प्राप्तगर्ने कार्यविधिहरूको सम्पादन पर्दछन् । यसरी सम्पादन गरिने कार्यविधिहरूको छनौट, आर्थिक विवरणमा जालसाजी वा त्रुटीवाट हुनसक्ने सारभूत गलत प्रदर्शनको मूल्याङ्कन समेत लेखापरीक्षणको व्यवसायीक निर्णयमा भर पर्दछ । जोखिम मूल्याङ्कन गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीतामाथि राय व्यक्त गर्ने उद्देश्यले नभई सो अवस्थामा उपयुक्त हुने लेखापरीक्षण कार्यविधिको तर्जुमा गर्नको लागि लेखापरीक्षकले निकायको वित्तीय विवरणको तयारी र यथार्त प्रस्तुतिकरणसँग सम्बन्धित आन्तरिक नियन्त्रणको मनन गर्दछ । व्यवस्थापनले प्रयोग गरेको लेखानीतिको उपयुक्तता तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरूको समष्टीगत प्रस्तुतिकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

हामी लाई विश्वास लाग्दछकी हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरूले हाम्रो कैफियतसहितको राय व्यक्त गर्नको लागि पर्याप्त र उपयुक्त आधार प्रदान गरेका छन् ।

कैफियतसहितको रायका आधारहरू:

१. बीमा कारोबार सम्बन्धि आम्दानी खर्चहरू पूर्ण यकिन गर्न नसकिएको:

१.१ यस वर्षको बीमा प्रिमियम आम्दानी (अन्डरराइटिंग) को परीक्षणाको लागि कुल रू. ९२,४५२,७७३ प्रिमियम बराबरको १४२ वटा फाइलहरू छनौट गरिएकोमा रू. ९०,०२९,८२९ बराबरको १३८ वटा फाइलहरू उपलब्ध गराइएका ।

१.२ हिसाब व्यवस्थित एवं अद्यावधिक नभएको कारणले बीमा प्रिमियम आम्दानी रू. २,३०७,४४४,७७४ लाई सम्बन्धित बीमाको प्रकार अनुसार लेखाङ्कन गर्न नसकी अग्रिम भुक्तानी बीमा, बात्सल्य जीवन बीमा र चाइल्ड बीमालाई सुचना प्रविधि र व्यवसाय विभागले उपलब्ध गराएको तथ्यांकको आधारमा लेखाङ्कन गरी बाँकीलाई सावधिक बीमामा देखाइएको।

१.३ बीमा दाबी भूक्तानीको परीक्षणको लागि कूल रू. ९७,६४९,१०६ बराबरका १५० वटा फाइलहरू छनोट गरिएकोमा जम्मा रू. २२,९२६,८९६ बराबरका ९० वटा मात्र फाइलहरू उपलब्ध गराइएको।

१.४ आवश्यक अभिलेखको अभावमा कूल लेखांकित दाबी भुक्तानी रकम रू. १,८१४,४०९,९७९ लाई सम्बन्धित आर्थिक वर्ष २०६८।६९ को वास्तविक दाबी भुक्तानीको आधारमा लेखाङ्कन गर्न नसकी आ.व. २०७०/७१ को दाबी रकमलाई आधारमानी बिभिन्न बिमाको प्रकारमा दाबी भुक्तानी रकम विभाजन गरिएको।

१.५ पुनर्बीमा शूल्क भुक्तानी रकम यथार्थ हिसाब गणना नगरी प्रिमियम आम्दानी प्राप्तिको १.२५ प्रतिशतको दरले रू. २८,८४३,०६० व्यवस्था गरिएको । साथै पूनर्बीमा कमिशन आयको लेखाङ्कन नगरिएको ।

१.६ भुक्तानी हुन बाँकी दाबी बापत व्यवस्था रू. ६३१,४२४,२०३ यस आर्थिक वर्ष २०६८।६९ को अन्तमा भुक्तानी हुन बाँकी रहेको यथार्थ दाबी को आधारमा सम्बन्धित बीमाको प्रकार अनुरूप बाँडफाँड गर्नुपर्नेमा आ.व. २०७०/७१ को भुक्तानी हुन बाँकी दाबी बापत व्यवस्थालाई आधारमानी व्यवस्था गरिएको ।

१.७ अभिकर्ता कमिशन रू. ६५,९०७,४६६ लाई सम्बन्धित बीमाको प्रथम वर्ष र नविकरण वर्षको प्रिमियमको आधारमा गणना गर्नुपर्नेमा प्रिमियम आम्दानीको आधारमा गणना गरिएको ।

१.८ बीमालेखमा कर्जाबाट आय रू. ९७,४२६,९८० लाई सम्बन्धित बीमाको प्रकार अनुसार लेखाङ्कन नगरी सावधिक जीवन बीमामा देखाइएको ।

२. लगानी

२.१ समयावधी सकिएको मुद्दती निक्षेपको रकम हाल सम्म प्राप्त नभएको

४ वटा बैंक तथा वित्तिय संस्थाहरूको मुद्दती खातामा रहेको रू. १०७,५००,००० निक्षेपको समयावधी सकिए पनि उक्त रकमहरू हालसम्म प्राप्त नभएको र के कस्तो अवस्थामा छ सो को जानकारी उपलब्ध हुन नसकेकोले सम्पत्तिको रूपमा यकिन गर्न सकिने अवस्था देखिएन ।

२.२ समयावधि सकिएको मुद्दती निक्षेपमा ब्याज आम्दानी कम प्राप्त भएको

यस वर्ष मुद्दती निक्षेपको समयवधि सकिएको केहि मुद्दती खातामा व्याज रकम रू. ११,०१८,१४४ ले कम प्राप्त भएको देखिन्छ ।

२.३ लगानीको आधार स्पष्ट नभएको

मुद्दती खाताहरूमा लगानी गर्दा विभिन्न बैंकहरूबाट प्राप्त गर्न सकिने ब्याज दर, लगानीको सुरक्षा तथा लगानीको समयको आधारमा गर्नुपर्नेमा संस्थानले मुद्दती निक्षेप खाताहरूमा लगानी गर्दा आवश्यक विश्लेषण नगरी लगानी गरेको हुँदा संस्थानलाई नोक्सानी भएको हुन सक्ने सम्भावना नकार्न सकिएन ।

३. बैंक मौज्दात तथा अन्य सम्पत्तिको विवरण उपलब्ध नभएको

३.१ बैंक मौज्दात र बैंक हिसाब मिलानको अवस्था यकिन नभएको

संस्थानले जानकारी गराएको प्रधान कार्यालय अन्तर्गतका ४० वटा बैंकहरू मध्ये ३८ वटा बैंक

खाताहरूको हिसाब मिलान गरिएको पाइयो । बाँकी २ वटा बैंकहरूको हिसाब मिलान गरिएको पाइएन। हिसाब मिलान गरिएका बैंकहरूका हिसाब मिलान हुन बाँकी रहेको रकम कूल रू. २३,६८२,०७०,०३४ देखिन्छ । उक्त रकम मध्ये आ.ब. २०६९।७० मा प्रधान कार्यलयका बैंक खाता तर्फको हिसाब मिलान हुन बाकी रकम धेरै जसो हिसाब मिलानहुन भई रू १,३२१,३३०,५८८ को मिलान हुन बाकि रहेको देखिन्छ ।हिसाब मिलान नगरिएका बाँकी २ वटा बैंक खाताहरूमा कूल रू. ४११,०५६,५८८ ऋणात्मक मौज्दात देखाइएको उचित मान्न सकिने अवस्था छैन । त्यस्तै संस्थानले जानकारी गराएको शाखा कार्यलयहरू अन्तर्गतका ११२ वटा बैंकहरूको रू. १,०९६,५२०,८३० बराबरको हिसाब मिलान हुन बाँकी रकम देखिन्छ, यसमा सस्पेन्स् एकाउन्टस् खडा गरी रू. ४९,११४ बराबर को ऋणात्मक मौज्दात देखाएको छ ।

साथै संस्थानको प्रधान कार्यालयका बैंक खाताहरू र शाखा कार्यालयका बैंकहरूको बैंक मौज्दात प्रमाणपत्र उपलब्ध नभएको र रू. २,१५१,०६८,०९३ बराबरको विभिन्न बैंक खाताहरूमा ऋणात्मक मौज्दात देखिएको साथै संस्थानको वासलातमै खुद बैक मैज्दात रू. १३९,२१७,४८९ ऋणात्मक मौज्दात देखिएकोले बैंक मौज्दात यकिन गर्न सकिने अवस्था देखिँदैन ।

उपरोक्त अवस्थाका कारण सस्थानको बैंक खाताहरूको संख्या र तिनमा रहेका रकमहरू यकिन गर्न सकिएन तथा यससँग सम्बन्धित कारोबार जस्तै लगानीको हिसाब, पुनर्बीमा सँगको हिसाब, कर्जाको हिसाब, अन्य सम्पत्ति, चालु दायित्वको वित्तीय विवरणमा देखाइएको हिसाब यकिन गर्न सक्ने अवस्था देखिँदैन ।

३.२ अन्य सम्पत्तिको विवरण उपलब्ध नभएको

३.२.१ लगानीबाट प्राप्त हुन बाँकी आय

संस्थानले आर्थिक वर्ष २०६७/६८ मा प्राप्त गर्नुपर्ने ब्याज रू. ३६,५१२,४१३ देखाएकोमा यस वर्ष रू. २१८,३४१,१३८ बृद्धि भई रू.२५४,८५३,५५१ बाँकी रहेको देखाएको छ । प्राप्त गर्नुपर्ने ब्याज रकम धेरै वर्षदेखि बाँकी रहेको, व्यक्तिगत एवं वर्षानुगत विवरण प्राप्त नभएको, सम्बन्धित व्यक्तिबाट समर्थन प्राप्त नभएकाले यकिन गर्न सकिएन ।

३.२.२ पूनर्बीमक सँगको हिसाब मिलान नगरिएको

पुनर्बीमकसँग लिन बाँकी देखाइएको रू. १००,५००,२१३ को व्यक्तिगत विवरण, समर्थन र वर्षानुगत विवरण उपलब्ध भएन । पुनर्बीमकले मागेको समयमा मात्र भूक्तान गर्ने र सो हिसाबलाई पुनर्बीमकसँग लिन बाँकी देखाउने गरेको पाइयो । संस्थानले पुनर्बीमकसँगको हिसाब धेरै वर्षदेखि मिलान नगरी राखेको पाइएकोले सो रकमको यकिन गर्न सकिएन ।

३.२.३ बीमितसँग लिन बाँकी

बीमा ऐन, २०४९ को दफा २७ अनुसार बीमा शुल्क प्राप्त नगरेसम्म बीमा जोखिम स्वीकार गर्न नहुने र नियमावली, २०४९ को नियम ३६ग अनुसार बीमितले बीमा शुल्क नबुझाएसम्म बीमक र बीमित बीचमा कारोबार भएकै नमानिने स्पष्ट व्यवस्था हुंदाहुँदै संस्थानले रू. २७,७३७,३२४ बीमा प्रिमियम रकम लिन बाँकी राखी बीमा स्वीकार गरेको उपयुक्त देखिएन । लिन बाँकी रकम को कस सँग हो सो सम्बन्धी व्यक्तिगत विवरण प्राप्त भएन ।

३.२.३ विविध असामी

यस शिर्षक अन्तर्गत रू. २,७०२,२१८ देखाइएको छ । उक्त रकम पाउनुपर्ने र तिर्नुपर्ने रकमलाई समायोजन गरी देखाएको हुनाले सो रकम वास्तविक भन्दा फरक देखिन्छ । उक्त रकमको आयुगत तथा अन्य विवरण प्राप्त नभएको तथा सम्बन्धित पार्टीबाट समर्थन प्राप्त नभएकाले यस्ता आसामी रकमहरूको यथस्टतामा यकिन गर्न सकिएन ।

३.२.५ कर्मचारी पेश्की

यस शिर्षक अन्तर्गत रू. २०९,२५५,८८४ देखाइएको छ । कर्मचारीलाई दिइएको सम्पुर्ण कर्जा रकम, प्राप्त हुन बाँकी कर्जा, प्राप्त भएको कर्जा खुल्ने आयुगत विवरण उपलब्ध नभएको हुँदा उक्त कर्जा रकमको अवस्था यकिन गर्न सकिएन । साथै कर्मचारी लाई दिइएको कर्जालाई कर्जा अवधि अनुसार दिर्घकालीन कर्जा, अल्पकालीन कर्जा र पेश्की रकममा वर्गिकरण नगरी सम्पूर्ण रकमलाई कर्मचारी पेश्कीमा देखाउनु उपयुक्त भएन ।

३.३ बीमालेखको धितोमा कर्जा

यस शिर्षक अन्तर्गत पोलिसी होल्डरलाई दिइएको कर्जा रू. २,०६१,७९१,३०२ देखाइएको छ । उक्त कर्जा रकम मा के कस्ता ऋणीसँग कहिलेदेखि कति रकम बाँकी छ, असुली स्थिति कस्तो छ र के कति ब्याज बाँकी छ भन्ने विवरण उपलब्ध भएन ।

३.४ अभिकर्तालाई कर्जा

यस शिर्षक अन्तर्गत अभिकर्तालाई दिइएको कर्जा रू. ६,३५४,६८९ देखाइएको छ । अभिकर्तालाई प्रदान गरेको उक्त कर्जाको आयुगत तथा अभिकर्ता अनुसारको विवरण प्राप्त हुन सकेन ।

४. चालु दायित्यको तथा व्यवस्थाको विवरण उपलब्ध नभएको

४.१ अभिकर्तालाई दिन बाँकी

अभिकर्तालाई दिन बाँकी रू. २६०,५२८,००६ देखाइएको छ । भुक्तानी हुन बाँकी उक्त रकमको व्यक्तिगत एवं वर्षानुगत विवरण उपलब्ध भएन।

४.२ निर्जीवन विभागलाई दिन बाँकी

यस विभागले निर्जीवन बीमा विभागलाई रू. ४२३,४६०,१५९ दिन बाँकी देखाएइको छ । तर निर्जीवन बीमा विभागले आफ्नो हिसाबमा यस विभागलाई रू. ३७५,८८२,३५३ लिन बाँकी देखाएको छ । निर्जीवन बीमा विभागले रू. ४७,९७०७०३ कम देखाएको कारण यस विभागले देखाएको हिसाबको विश्वसनीयता कम भएको छ । उक्त रकम कुन शिर्षक अन्तर्गत पाउनुपर्ने हो सो को आयुगत विस्तृत विवरण प्राप्त हुन सकेन।

४.३ पूनर्बीमकलाई दिन बाँकी

पूनर्बीमकलाई दिन बाँकी देखाइएको रू. २७९,०१२,४५५ को कुन पुनर्बीमकलाई कहिले देखि दिनुपर्ने भन्ने विवरण उपलब्ध छैन, साथै दिन बाँकी देखाइएको रकमको पुनर्बीमकबाट समर्थन प्राप्त नभएको हुंदा उक्त रकम यकिन गर्न सक्ने अवस्था देखिँदैन ।

४.४ विविध साहु

यस शिर्षक अन्तर्गत रू. १७,४४९,४१५ देखाइएको छ । विविध साहुहरूको भुक्तानी भई सकेको तर तिर्नुपर्ने रकमबाट नघटाईएको देखिन्छ । भुक्तानी हुन बाँकी उक्त रकमको व्यक्तिगत एवं वर्षानुगत विवरण उपलब्ध भएन ।

४.५ अग्रिम आयकर, आयकर व्यवस्था

संस्थानको वित्तीय विवरण मा रू. १,९९५,२०९,३८९ अग्रिम कर दाखिला गरेको देखिन्छ तर सो सम्बन्धी विवरण उपलब्ध भएन । संस्थानको यसवर्ष रू. ७,०२१,८०४ तिर्नुपर्ने अग्रिम आयकर कट्टी देखिन्छ । तर सो रकमको विस्तृत विवरण उपलब्ध छैन ।
गत वर्ष रू. १,७३३,६१५,७८१ आयकर व्यवस्था गरेकोमा यस वर्ष रू. २६०,४०६,११८ ले वृद्धि गरी रू. १,९९४,०२१,८९९ देखाएको छ ।

यद्यपी कर फछ्यौंट आयोग र राष्टिय बीमा संस्थान बीच कर वक्यौता फछ्यौंट सम्बन्धमा गरिएको सम्झौता पत्र मिति २०७२/०६/२९ को अनुसार आर्थिक वर्ष २०५९/६० देखि आर्थिक वर्ष

२०६७/६८ सम्म आयकर रू.२,२५०,१५०,००० र आर्थिक वर्ष २०६३ असार देखि आर्थिक वर्ष २०६६ असार सम्म मु.अ कर रू. १८,०००,००० निर्धारण गरेको छ ।

संस्थानको जीवन र निर्जीवन विभागले अग्रिम करकट्टी रू.५८८,०१४,६८५ र किस्ताबन्दी कर रू.१,५०२,४५७,५२७ गरी जम्मा रू.२,०९०,४७२,२१२ बुझाइ सकेको हुँदा रू.१५९,६७७,७९० बाँकी तिर्नुपर्ने देखिन्छ । जस मध्ये रू.५०,०००,००० निर्जीवन बीमा बीभागले र रू.१०९,६७७,७९० जीवन बीमा विभागले २०७२/१०/२८ मा तिरेको देखियो । तिर्नुपर्ने बाँकी रकम जीवन बीमा विभाग र निर्जीवन बीमा विभागमा बाँडफाँडको आधार वा निर्णय उपलब्ध गराइएन ।

४.६ तिर्न बाँकी बीमाङ्कीय सेवा शुल्क

यस शिर्षक अन्तर्गत रू. ६,१६०,२०८ देखाइएको छ । उक्त रकम खुल्ने सम्बन्धित आर्थिक वर्ष, तिर्न बाँकी रहेको कारण उपलब्ध भएन ।

४.७ पेन्सन तथा उपदान व्यवस्था

गत वर्ष कर्मचारीको उपदान तथा निवृत्तिभरण व्यवस्था रू. १०९,५८८,५२८ रहेकोमा यस वर्ष रू. ६,४२१,००४ खर्च लेखि रू. १०३,१६७,५२४ देखाइएको छ । साथै यस वर्ष पेन्सन तथा उपदान वापत थप व्यवस्था गरेको देखिएन । संस्थानका कर्मचारीलाई अवकाशको समयमा उक्त रकम दिन यथेष्ट भएको आधार देखिएन । साथै उक्त रकमलाई अलग खातामा जम्मा गरेको नदेखिएकाले कोषमा छुट्याएको रकम पनि दायित्व भुक्तानी गर्नुपर्दा उपलब्ध हुनसक्ने आधार देखिएन । संस्थानको कर्मचारी नियमावली, २०५४ अनुसार कर्मचारी लाई उपदान, निवृत्तिभरण, संचित बिदा आदि दायित्व को भुक्तानीको लागि व्यवस्था गरेको रकमको पर्याप्तता यकिन गर्न सक्ने अवस्था देखिएन ।

४.८ कर्मचारी बोनस व्यवस्था

संस्थानले यस शिर्षक अन्तर्गत गत वर्ष रू. २२,६४२,७८६ दायित्व देखाएकोमा यस वर्ष रू. २३,७४८,५९८ दायित्व देखाएको छ । यस आर्थिक वर्षको नाफा यकिन नगरी रू. १,१०५,८१२ कर्मचारी बोनस छुट्याइएको छ । संस्थानको आय व्ययको उचित लेखांकन नभएको अवस्था तथा विभिन्न सम्पत्तिमा सम्भावित नोक्सानीका लागि प्रचलित लेखा सिद्धान्त अनुसार यथेष्ट खर्च व्यवस्था नगरी बोनस वितरण गर्नु उचित देखिएन ।

५. कर्जा तथा लगानीबाट आय

संस्थानले कर्जा तथा लगानीबाट आय शिर्षक अन्तर्गत देखाएको निम्नलिखित आम्दानी सम्बन्धी विवरण उपलब्ध नगराएको हुँदा उक्त लेखाङ्कित आम्दानी यकिन गर्न सकिएन ।

लगानी विवरण	**आम्दानी (रू)**
बैंक तथा वित्तीय संस्थाको कल खातामा लगानीबाट आय	९१,१३१,६४७
पोलिसी होल्डरलाई दिइएको कर्जाबाट आय	९७,४२६,९८०
कर्मचारी कर्जाबाट आय	४४३,२४९
जम्मा	**१८९,००१,८७६**

जगेडा तथा बचत

संस्थानले यस शिर्षक अन्तर्गत पूँजीगत जगेडा कोष, विशेष जगेडा कोष र विकास जगेडा कोषमा गत वर्षकै क्रमश: रकम रू.९०,५८५, रू.३३,७४६,५५९ र रू.६,५००,००० देखाएको छ । उक्त रकम जगेडा कोषबाट छुट्याउनु पर्ने कारण र सम्बन्धित आर्थिक वर्षखुल्ने विवरण प्राप्त भएन । साथै संस्थानले महाविपत्ति जगेडा कोष खडा गरेको छैन ।

७. लेखा संग सम्बन्धित आधारभूत अभिलेख तथा खाताहरू यथेष्ट रूपमा उपलब्ध नभएको:

लेखा संग सम्बन्धित आधारभुत कागजातहरू व्यवस्थित रूपमा नराख्नु, कारोबार भएकै समयमा क्रमबद्ध रूपमा भौचरहरू पोष्टिङ्ग नगर्नु, बैंक खाता जस्तो हिसाब नियमित तवरले मिलान नगर्नु र लामो समयदेखि नमिलेका हिसाबहरू मिलान एवं समायोजन नगर्नु, पुनर्बीमाको यकिन हिसाब लेखाङ्कन नहुनु, सम्बन्धित पार्टीको समर्थन बिना एकतर्फी हिसाब राख्नु, आदि कारणले विद्यमान लेखा प्रणाली अत्यन्त कमजोर अवस्थामा रहेको देखिन्छ ।

बैंक हिसाब, लगानी हिसाब, स्थिर सम्पत्ति, लिनु, दिनु, आम्दानी, खर्च तथा दायित्व हिसाबका सहायक खाता हरू अद्यावधिक छैनन् । गोश्वारा हिसाबले देखाएका मौज्दात रकमको आधारमा मात्र वित्तीय विवरणहरू तयार पारिएका कारण वित्तीय विवरणहरू समष्टिगतरूपमा विश्वसनीय भएकोमा यकिन गर्न सकिने अवस्था छैन ।

८. **सम्बन्धित कानुनी तथा नियमनकारी व्यवस्थाहरूको पालना नगरिएको**:
एउटै बीमकले जीवन बीमा तथा निर्जीवन बीमा व्यवसाय सञ्चालन गर्न नपाउने व्यवस्था भएता पनि यस वर्षमा दुवै बीमा व्यवसाय सञ्चालन गर्दै आएको, बीमा ऐन अनुरूप चुक्ता पूंजीको व्यवस्था नगरिएको, आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र साधारण सभा गरिसक्नुपर्ने व्यवस्था भएतापनि संस्थानले आर्थिक वर्ष २०६५/६६ देखि साधारण सभा नगरेको, बीमाङ्की मुल्याङ्कन समयमा नगरेको, आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र बीमा समितिको कार्यालयमा पेश गर्नुपर्ने आवश्यक विवरणहरू पेश नगरीएको, बीमा समितिले परिपत्र नं. ३० अनुसार लगानीको एअरमार्क व्यवस्था नगरेको, कर्मचारी अवकाश कोषको लेखा परीक्षण नगरिएको, बिना ब्याजको ऋण कर्मचारीको करयोग्य आयमा समावेश नगरिएको जस्ता व्यवस्थाहरूको पालना नगरिएको देखियो ।

९. संस्थानले हिसाव किताव अध्यावधिक गरि फरफारक गर्ने कार्य हाम्रो लेखापरीक्षणको प्रतिवेदनको मिति सम्म पनि गरिरहेको र आर्थिक बर्ष २०६९।७० को आर्थिक विवरण तैयार गर्दा पूर्णरूपमा मिलान तथा फरफारक भई अध्यवधिक हुने प्रतिबद्दता मिति २०७३।१२।०९ को पत्र बाट बिमा समितिमा पेश गरे अनुरूप कार्य भैरहेको जानकारी गराएको छ । यस आर्थिक बर्षको हिसावमा उपरोक्त कैफियतहरू कायम रहेको र ती कैफियतहरू फरफारक गर्दा संस्थानको वित्तिय विवरणमा पर्न सक्ने असर गहन हुन सक्ने अनुमान गर्न सकिएतापनि हाल यकिन गर्न सकिने अवस्था रहेन ।

कैफियतसहितको राय
हाम्रो रायमा माथि कैफियत सहितको रायको आधार भन्ने अनुच्छेदमा उल्लेख गरिएका विषय बस्तुले गहन असर पार्ने तर हालको अवस्थामा यकिन गर्न नसकिने रकमहरुको कारणले पर्न जाने गहन असर बाहेक वित्तीय विवरणमा प्रस्तूत विवरणहरुले राष्ट्रिय बीमा संस्थान, जीवन बीमा विभागको आषाढ ३१, २०६९ को वित्तीय अवस्था र सो आर्थिक वर्षको संचालन नतिजा एवं नगद प्रवाहको सर्वमान्य लेखा सिद्धान्त अनुरूप सारभूतरूपमा उचित प्रदर्शन गरेको छ ।

अन्य कानूनी र नियमहरूको व्यवस्था सम्बन्धमा प्रतिवेदन
कैफियत सहितको रायको आधार भन्ने अनुच्छेदमा उल्लेख गरिएको विषय बस्तु बाहेक अन्य अवस्थाहरूमा हामीले हाम्रो ज्ञान र विश्वासको आधारमा लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानी सोधनी तथा कैफियत तलव गरेको कुराहरूको जवाफ एवम् स्पष्टिकरण सन्तोषजनक पायौं ।

कैफियत सहितको रायको आधार भन्ने अनूच्छेदमा उल्लेख गरिएको विषय बस्तू बाहेक अन्य अवस्थाहरूमा संलग्न वासलात, नाफा नोक्सान हिसाब, आय व्यय हिसाब, नगद प्रवाह विवरण र स्वामित्व अंशमा भएको परिवर्तन विवरण बीमा समितिले तोके बमोजिम तयार भएको छ, कम्पनीले राखेको लेखासँग दुरूस्त रहेको छ र कम्पनीले लेखा तथा श्रेस्ताहरू प्रचलित कानून बमोजिम तयार गरेको छ ।

कैफियत सहितको रायको आधार भन्ने अनूच्छेदमा उल्लेख गरिएको विषय बस्तूबाट पर्नसक्ने असर बाहेक हामीलाई प्राप्त जानकारी, दिइएको स्पष्टिकरण र हामीले परीक्षण गरेको श्रेस्ताबाट सञ्चालक समिति अथवा कुनै पदाधिकारीले कानूनी व्यवस्थाहरू विपरित वा अनियमित कार्य गरेको वा कम्पनीलाई हानी नोक्सानी गरे गराएको जानकारी हुन आएन ।

Butwal Dhago Karkhana Ltd. (2073/74)

Report on Financial Statements

We have audited the accompanying Balance Sheet of M/S Butwal Dhago Karkhana Ltd. as of 31 Ashadh, 2074 (15 July 2017), Statement of Profit or Loss, Cash Flow Statement, Statement of Changes in Equity for the year then ended, and a summary of Significant Accounting Policies and other explanatory notes.

Management's Responsibilities:

Management is responsible for the preparation and fair presentation of these financial statements in accordance with Nepal Financial Reporting Standard. This responsibility includes; designing, implementing and maintaining internal control relevant to the preparation and fair presentation of financial statements that are free from material accounting policies; and making accounting estimates that are reasonable in the circumstances.

Auditor's Responsibilities

Our responsibility is to express an opinion on theses financial statements based on our audit. We conducted our audit in accordance with Nepal Standards on Auditing. Those standards require that we plan and perform the audit to obtain reasonable assurance about whether the financial statements are free of material misstatement.

An audit involves performing procedures to obtain audit evidence about the amounts and disclosures in the financial statements. The procedures selected depend on the auditor's judgment, including the assessment of the risks of material misstatement of the financial statements, whether due to fraud or error. In making those risk assessments, the auditor considers internal control relevant to the entity's preparation and fair presentation of the financial statements in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an accounting policies used and the reasonableness of accounting estimates made by management, as well as evaluating the overall presentation of the financial statements. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our audit opinion.

Basis for Qualified Opinion

Please note that the company has been suffering losses for last many years with the company having negative net worth of NRs. 1,39,30,75,645 (Previous fiscal year 2072-73 Rs. 1,36,13,08,178) and as at the year end the company has negative working capital of NRs105,93,69,172 (Previous fiscal year Rs. 94,88,44,489). Furthermore due to various reasons the company has not been in operation since March 2008. Therefore we have significant doubt that the company will continue as a going concern.

Opinion

In our opinion, based on the information and explanations provided to us and our audit, except for our doubt about company's ability to continue as going concern as explained in the preceding

paragraph. Basis for Qualified Opinion, the financial statements give true and fair view of the financial position as on 31 Ashadh 2074(15 July 2017), and of the results of its operations and cash flows of Butwal Dhago Karkhana Ltd. for the year ended in accordance with Nepal Accounting Standards and comply with the Companies Act 2063.

Vidhyut Utpadan Company Limited (2073/74)

Report on the Financial Statements

We have audited the accompanying financial statements of Vidhyut Utpadan Company Limited, which comprise the statement of financial position as at Ashad 31, 2074 (15 July 2017), the statement of Profit and Loss Account, Statement of changes in equity and the statement of cash flows for the year then ended, and a summary of significant accounting policies and other explanatory notes.

Management's Responsibility for the Standalone Financial Statements

The Company's Management is responsible for the preparation and fair presentation of these financial statements in accordance with Nepal Financial Reporting Standards. This responsibility includes: designing, implementing and maintaining internal control relevant to the preparation and fair presentation of financial statements that are free from material misstatement, whether due to fraud or error; selecting and applying appropriate accounting policies; and making accounting estimates that are reasonable in the circumstances.

Auditor's Responsibility

Our responsibility is to express an opinion on these financial statements based on our audit. We conducted our audit in accordance with Nepal Standards on Auditing. Those standards require that we comply with ethical requirements and plan and perform the audit to obtain reasonable assurance whether the financial statements are free from material misstatement.

An audit involves performing procedures to obtain audit evidence about the amounts and disclosures in the financial statements. The procedures selected depend on our professional judgment, including the assessment of the risks of material misstatement of the financial statement, whether due to fraud or error. In making those risk assessments, we consider internal control relevant to the company's preparation and fair presentation of the financial statements in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the company's internal control. An audit also includes evaluating the appropriateness of accounting policies used and the reasonableness of accounting estimates made by management, as well as evaluating the overall presentation of the financial statements.

We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our audit opinion.

Opinion

In our opinion, the accompanying financial statements give a true and fair view, in all material respects, of the financial position of Vidhyut Utpadan Company Limited as at Ashad 31, 2074 (15 July, 2017) and of the result of its financial performance and its cash

flows for the year then ended in accordance with Nepal Financial Reporting Standards and The Company Act 2063.

Report on other Legal and Regulatory Requirements

On the basis of our examination, we woud like to report that:

1. We have obtained all the information and explanations which to the best of our knowledge and belief were necessary for the purpose of our audit.
2. In our opinion, proper books of accounts as required by law have been kept by the company so far as it appears from our examination of those books..
3. The financial statements, the statement of Profit and Loss, the statement of Cash Flows and the Statement of Changes in Equity dealt with by this report are in agreement with the books of account.
4. To the best of our information and according to the explanations given to us, neither the board of directos nor any employee of the company have acted contrary to the legal provisions relating to the accounts nor committed any misappropriation causing loss or damage to the Company.
5. The Company has not formed Audit Committee as required by section 164 of Companies Act during the fiscal year.

साझा स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेड (२०७२।७३)

१. हामीले साझा स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेडको ३१ आषढ २०७३ को वासलात, सोही मितिमा समाप्त भएको वर्षको आय विवरण तथा नगद प्रवाह विवरणको लेखा परिक्षण सम्पन्न गरेका छौँ । वित्तिय विवरणहरु प्रतिको उत्तरदायित्व व्यवस्थापनमा रहेको छ । व्यवस्थापनले तयार गरेका ति वित्तिय विवरणहरु उपर लेखापरिक्षणको आधारमा आफ्नो राय जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

२. नेपाल लेखापरिक्षण मान तथा प्रचलित सिद्धान्तको आधारमा लेखापरिक्षण सम्पन्न गरिएको छ । वित्तिय विवरण सारभूत रुपमा गलत आँकाडा रहित छ भन्ने कुरामा विश्वस्त हुनका लागि लेखापरिक्षण योजना तयार गरी तदानुसार लेखापरिक्षण सम्पन्न गर्नुपर्दछ । वित्तिय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको नमुना परिक्षण समेत लेखापरिक्षणमा समावेश हुन्छ । संस्थाले अवलम्वन गरेका लेखा नीति, व्यवस्थापनले गरेका महत्वपूर्ण अनुमान एवं वित्तिय विवरणको प्रस्तुतिको समग्र थितिको मुल्यांकन पनि लेखापरिक्षणमा समावेश हुन्छ । यस लेखा परिक्षणले हाम्रो रायलाई प्रर्याप्त आधार प्रदान गरेको कुरामा हामी विश्वस्त छौँ ।

३. हामी देहाय बमोजिम प्रतिवेदन पेश गर्दछौँ :

क) हामीले लेखा परिक्षणको सन्दर्भमा आवश्यक ठानी सोधनी गरेको कुराहरुको जावाफ तथा स्पष्टीकरणहरु सन्तोषजनक रुपमा पायौँ ।

ख) वासलात, आय विवरण तथा नगद प्रवाह विवरण सहकारी ऐन २०४८ बमोजिम तयार भएका छन् । प्रस्तुत वित्तिय विवरणहरु संस्थाले राखेको हिसाब किताबहरुसंग दुरुस्त छन् ।

ग) हाम्रो रायमा संस्थाले आफ्नो श्रेस्ता तथा हिसाब किताब प्रचलित कानुन तथा प्रचलन बमोजिम राखेको छ ।

घ) हाम्रो रायमा संस्थाबाट प्राप्त विवरणहरु लेखापरिक्षणका निमित्त पर्याप्त छन् ।

ङ) हाम्रो रायमा, हामीले प्राप्त गरे सम्मको सूचना, स्पष्टीकरण र संस्थाको हिसाब किताबको लेखापरिक्षण गर्दा संचालक समिति वा अन्य कुनै कर्मचारीले लेखा सम्बन्धी कानुनी व्यवस्था विरुद्ध काम काज गरेको वा संस्थालाई हानी नोक्सानी पुऱ्याएको वा संस्थाको कोषको हिनामिना गरेको हाम्रो जानकारीमा आएको छैन ।

४. हाम्रो रायमा, संलग्न वित्तिय विवरणहरु लेखासँग सम्बद्ध टिप्पणीहरुको साथ अध्ययन गर्दा, २०७३ आषाढ मसान्तको वित्तिय स्थिति र सो मितिमा अन्त भएको आर्थिक वर्षको सञ्चालन नतिजाको यथार्थ चित्रण गर्दछ ।

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड (२०७३।७४)

१. हामीले **सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड**को (यस पछि 'कम्पनी' भनिएको) यसै साथ संलग्न २०७४ आषाढ मसान्त (१५ जुलाई २०१७) को आर्थिक अवस्थाको विवरण, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा वा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

२. वित्तीय विवरणहरु प्रति व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस, सारभुत किसिमले त्रुटीरहित वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने कार्य, लेखा नीतिहरुको छनौट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखासम्बन्धी महत्वपूर्ण अनुमान गर्ने दायित्व समेत समावेश रहेको हुन्छ ।

३. लेखापरीक्षकको जिम्मेवारी

नेपाल लेखापरीक्षणमान बमोजिम वित्तीय विवरणहरुको लेखापरीक्षण सम्पन्न गरी त्यस उपर राय व्यक्त गर्नु हाम्रो जिम्मेवारी हो । राय व्यक्त गर्न अस्विकार गरीएको अनुच्छेदमा उल्लेखित कारणल गर्दा, हामीले नेपाल वित्तीय प्रतिवेदनमान अनुसार तयार गरेको वित्तीय विवरणहरु उपर पर्याप्त एवं उपयुक्त आधार प्राप्त गर्न सकेनौ ।

४. राय व्यक्त गर्न अस्विकार गरीएको आधार

सरकारी स्वामित्वका निकायलाई लागु हुने वित्तीय प्रतिवेदनको ढाँचा साविकको नेपाल लेखामानबाट २०७३ श्रावण १ देखि नेपाल वित्तीय प्रतिवेदनमानमा परिवर्तन भएको छ । वित्तीय प्रतिवेदनमानको ढाँचा परिवर्तन हुँदा संक्रमणकालीन व्यवस्था अनुरुप तुलनात्मक जानकारी सहित २०७२ आषाढ मसान्त र कम्तिमा तिनवटा आर्थिक अवस्थाको विवरण, दूइवटा नाफा वा नोक्सानको विवरण, दूई आयको विवरण, दूईवटा नगद प्रवाहको विवरण, दूइवटा इक्विटीमा भएको परिर्वतनको विवरण र सम्बन्धित टिप्पणी आवश्यक पर्दछ । वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमान १ को संक्रमणकालीन व्यवस्था अनुरुप तयार गरिएको छैन । सो व्यवस्था अनुरुप नयाँ लेखानीतिहरुका आधारमा वित्तीय सुचनाको पहिचान, पूर्नस्थापना, प्रस्तुतिकरण र खुलासा आवश्यक पर्दछ ।

नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप वित्तीय सुचनाको पूर्नस्थापना, प्रस्तुतिकरण र खुलासाको सञ्चित असर अनिश्चित साथै सारभुत र व्यापक हुन सक्दछ ।

४. राय व्यक्त गर्ने अस्विकार गरीएको

राय व्यक्त गर्न अस्विकार गरीएको आधार' अनुच्छेदमा उल्लेखित विषयवस्तुको सारगर्भिताको कारण, हामीले नेपाल वित्तीय प्रतिवेदनमान अनुसारको वित्तीय विवरणहरु उपर राय व्यक्त गर्नका लागी

पर्याप्त एवं उपयुक्त आधार प्राप्त गर्न सकेनौ । त्यसकारण नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप तयार नभएको वित्तीय विवरणहरु उपर हामी राय दिदैनौं ।

५. कम्पनी ऐन, २०६३ तथा धितोपत्र सम्बन्धी ऐन, २०६३ को आबश्यकता सम्बन्धी प्रतिवेदन

हाम्रोद्वारा सम्पन्न गरिएको परीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौं कि :

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफहरु सम्पूर्ण रुपमा पाएका छौं ।

ख) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाब किताब बहिखाता घ) श्रेष्ता र लेखासँग दुरुस्त रहेका छन् ।

ग) हाम्रो रायमा कम्पनीका हिसाबकिताब ऐन बमोजिम ठीकसँग राखिएका छन् ।

घ) लेखापरीक्षणको सिलसिलामा पाएसम्मको सूचना एवं हामीलाई दिइएको जानकारी र स्पष्टिकरण तथा संस्थाको हिसाब किताबको परीक्षणको आधारमा कम्पनीको संचालक समितिका वा त्यसका सदस्य वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून बिपरित कार्य गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीलाई हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।

ङ) कम्पनीको लेखा सम्बन्धी कुनै जालसाजी भएको, कम्पनीको श्रेष्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन ।

लेखापरीक्षण गरिएका संगठित संस्था, समिति, अन्य संस्था र जिल्ला विकास समितिहरुकोविवरण

अनुसूची १क

१	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	०
२	अर्थ मन्त्रालय	८
	आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड	१
	कर्मचारी सञ्चयकोष	१
	नागरिक लगानी कोष	३
	नेपाल धितोपत्र बोर्ड	१
	नेपाल राष्ट्र बैंक	१
	राष्ट्रिय वाणिज्य बैंक लिमिटेड	१
३	आपूर्ति मन्त्रालय	३
	नेपाल खाद्य संस्थान	१
	नेशनल ट्रेडिङ्ग लिमिटेड	२
४	उद्योग मन्त्रालय	५
	औद्योगिक व्यवसाय विकास प्रतिष्ठान	१
	जनकपुर चुरोट कारखाना लिमिटेड	३
	नेपाल औषधि लिमिटेड	१
५	ऊर्जा मन्त्रालय	३
	तनहुँ हाइड्रोपावर लिमिटेड	१
	नेपाल विद्युत प्राधिकरण	२
६	कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय	१
	कानून किताब व्यवस्था समिति	१
७	कृषि विकास मन्त्रालय	२
	कृषि सामग्री कम्पनी लिमिटेड	१
	राष्ट्रिय वीउ विजन कम्पनी लिमिटेड	१
८	खानेपानी तथा सरसफाइ मन्त्रालय	३
	काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन वोर्ड	१
	नेपाल खानेपानी संस्थान	२
९	गृह मन्त्रालय	
१०	जनसंख्या तथा वातावरण	
११	परराष्ट्र मन्त्रालय	
१२	पशु विकास मन्त्रालय	२
	दुग्ध विकास संस्थान	१
	नेपाल पशु चिकित्सा परिषद्	१
१३	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	१
	गुठी संस्थान	१
१४	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	४
	नेपाल रेल्वे कम्पनी लिमिटेड	४
१५	महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय	०
१६	युवा तथा खेल्कुद मन्त्रालय	०
१७	रक्षा मन्त्रालय	०

१८	वन तथा भू–संरक्षण मन्त्रालय	४
	जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड	२
	द टिम्बर कर्पोरेसन अफ नेपाल लिमिटेड	१
	वन पैदावर विकास समिति	१
१९	वाणिज्य मन्त्रालय	१
	नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड	१
२०	विज्ञान तथा प्रविधि मन्त्रालय	०
२१	शहरी विकास मन्त्रालय	२
	राष्ट्रिय आवास कम्पनी लिमिटेड	२
२२	शान्ति तथा पूर्णनिर्माण	०
२३	शिक्षा मन्त्रालय	२
	जनक शिक्षा सामग्री केन्द्र लिमिटेड	२
२४	श्रम तथा रोजगार मन्त्रालय	
२५	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	७
	तारा गाउँ विकास समिति	१
	नेपाल नागरिक उड्डयन प्राधिकरण	२
	नेपाल पर्यटन बोर्ड	३
	नेपाल वायुसेवा निगम	१
२६	संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय	
२७	सहकारी तथा गरिबी निवारण मन्त्रालय	१
	राष्ट्रिय सहकारी विकास बोर्ड	१
२८	सामान्य प्रशासन मन्त्रालय	०
२९	सिचाई मन्त्रालय	०
३०	सूचना तथा सञ्चार मन्त्रालय	७
	गोरखापत्र संस्थान	२
	नेपाल टेलिभिजन	२
	नेपाल दूरसंचार प्राधिकरण	१
	प्रेस काउन्सिल नेपाल	१
	राष्ट्रिय समाचार समिति	१
३१	स्वास्थ्य मन्त्रालय	०
		५६